# देवकुमारी थापाका कथामा बालजीवनको सन्दर्भ

शोधप्रबन्ध

**सिक्किम विश्वविद्यालय**

**भाषा अनि साहित्य सङ्कायअन्तर्गत विद्यावारिधि (पिएच डी)**

**उपाधिका निम्ति प्रस्तुत**


शोधार्थी

**दिपेन तामाङ**

नेपाली विभाग

सिक्किम विश्वविद्यालय


जुलाई २०१९

# देवकुमारी थापाका कथामा बालजीवनको सन्दर्भ

शोधप्रबन्ध

**सिक्किम विश्वविद्यालय**

**भाषा अनि साहित्य सङ्कायअन्तर्गत विद्यावारिधि (पिएच डी)**

**उपाधिका निम्ति प्रस्तुत**

**२०१९**


**शोध निर्देशक**

डा कविता लामा

सह प्राध्यापक

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

**शोधार्थी**

दिपेन तामाङ

पिएच डी- 15/Ph.D/NEP/01

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

सिक्किम विश्वविद्यालय
(भारतके संसदके अधिनियमद्वारा स्थापित केन्द्रीय विश्वविद्यालय)
SIKKIM UNIVERSITY
*[A central university established by an Act of Parliament of India in 2007]*

O/C

No.LIB. Plagiarism /59/2017 Dated 09-02-2017

To

The Head
Department of Nepali
Sikkim University

Sub: Anti-Plagiarism Test

Dear Sir,

Kindly refer to your letter dated 09/02/2017 on the subject referred above.

I may inform you that the present ant-plagiarism software (URKUND) being used by Sikkim University distributed by INFLIBNET does not support Nepali and Hindi languages.

Therefore, the MPhil and PhD dissertations written in Hindi and Nepali cannot be tested for plagiarism.

Yours sincerely,

ASChandel
( A S Chandel)
Librarian

Copy for information to:

1. The Controller of Examinations, Sikkim University
2. The Dean, School of Languages and Literature
3. In-charge, Department of Hindi

६ माइल, सामदुर, पीओ तादुङ-७६७१०२, गान्तोक, सिक्किम, भारत
फोन : ०३५९२-२५१०६७, २५१४६८, फ्याक्स-२५१८६५
6th Mile, Samdur, P.O. Tadong 737102, Gangtok, Sikkim, India
Phone : 03592-251067, 251468, Fax : 03592-251865
Website : www.cus.ac.in

6 माइल, सामदुर, तादोंग -737102
गंगटोक, सिक्किम, भारत
फोन-03592-251212, 251415, 251656
टेलीफैक्स -251067
वेबसाइट - www.cus.ac.in

सिक्किम विश्वविद्यालय
SIKKIM UNIVERSITY
(भारत के संसद के अधिनियम द्वारा वर्ष 2007 में स्थापित और नैक (एनएएसी) द्वारा वर्ष 2015 में प्रत्यायित केंद्रीय विश्वविद्यालय)
(A central university established by an Act of Parliament of India in 2007 and accredited by NAAC in 2015)

6th Mile, Samdur, Tadong -737102
Gangtok, Sikkim, India
Ph. 03592-251212, 251415, 251656
Telefax: 251067
Website: www.cus.ac.in

## प्रतिबद्धता पत्र

सिक्किम विश्वविद्यालय भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा विद्यावारिधि उपाधिका लागि 'देवकुमारी थापाका कथामा बालजीवनको सन्दर्भ' शीर्षकमा तयार गरिएको यो शोधप्रबन्ध मेरो मौलक कार्य हो। शोध निर्देशक डा कविता लामाको कुशल निर्देशनमा यस कार्यलाई परिणतिमा पुऱ्याएको हुँ। यस कार्यका लागि मैले विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी त्यसलाई आधिकारिक तथा प्राज्ञिक रूपमा प्रयोग गरेको छु। प्रस्तुत शोधप्रबन्धको कुनै अंशलाई कुनै प्रयोजन तथा उपाधिका लागि अन्यत्र कुनै ठाउँमा आजसम्म मैले प्रयोग गरेको छैन। उक्त प्रतिबद्धता विरूद्ध यदि कुनै प्रमाण भेटिएमा त्यसको सम्पूर्ण जिम्मेवारी स्वयम् हुनेछु।

शोधार्थी

दिपेन तामाङ

दिपेन तामाङ
पञ्जीकरण सङ्ख्या 15/Ph.D/NEP/01
नेपाली विभाग
सिक्किम विश्वविद्यालय।

(डा. कविता लामा)
Associate Professor
Department of Nepali
Sikkim University

पुष्प शर्मा
(डा० पुष्प शर्मा)
अध्यक्ष
Head
नेपाली विभाग
Department of Nepali
सिक्किम विश्वविद्यालय
Sikkim University

# सिक्किम विश्वविद्यालय
(भारत के संसद के अधिनियम द्वारा स्थापित केंद्रीय विश्वविद्यालय)
# SIKKIM UNIVERSITY
(A central university established by an Act of Parliament of India in 2007)

**DR. KABITA LAMA,** ASSOCIATE PROFESSOR, DEPARTMENT OF NEPALI
DEAN, School of Languages & Literature
Sikkim University


## शोध निर्देशकको अग्रसारण

"देवकुमारी थापाका कथामा बालजीवनको सन्दर्भ" शीर्षकमा प्रस्तुत शोधप्रबन्ध नेपाली विभाग, सिक्किम विश्वविद्यालय पिएचडीका शोधार्थी पञ्जीकृत संख्या 15/PhD/NEP/01, श्री दिपेन तामाङले मेरो निर्देशनमा रही बढो परिश्रमपूर्वक तयार पारेका हुन्। यो शोधप्रबन्ध यिनको मौलिक शोधकार्यको परिणाम हो। यस शोधप्रबन्ध लेखन क्रममा यिनले शोधविधि तथा सिक्किम विश्वविद्यालयद्वारा जारी गरिएको नियमावलीको यथोचित पालन गर्दै आफू लगनशील रही चार वर्षको अवधिभित्र तयार पार्न सक्षम भएका हुन् भन्ने कुरा प्रमाणित गर्छु। यस शोधप्रबन्धको उचित मूल्याङ्कनका निम्ति सिक्किम विश्वविद्यालयको सम्बन्धित निकाय समक्ष अग्रसारित गर्छु।

कविता लामा

शोध निर्देशक

सह प्राध्यापक, नेपाली विभाग

संकाय प्रमुख, भाषा अनि साहित्य संकाय

सिक्किम विश्वविद्यालय।




6th Mile, Samdur, Tadong -737102, Gangtok, Sikkim, India
Mob. : +91 98320 66182 / 97758 41185
Email : klama@cus.ac.in
website : www.cus.ac.in

## कृतज्ञता ज्ञापन

मानव जीवन ईश्वरको सुन्दरतम् सिर्जना हो। बालजीवन मानव जीवनको सुन्दर र स्वर्णिम क्षण हो। यो मान्छेको व्यक्तित्व निर्माणको घडेरी हो।

बालजीवन व्यक्तिको यस्तो अवस्था हो, जहाँबाट ऊ अघि बढ्दै बढ्दै जान्छ तर पछि फर्कन सक्तैन। आफूले गुमाएका बालजीवनका स्वर्णिम पलहरू पुनः निर्माण गर्न सक्तैन। आफूले गरेका भूलहरू संशोधन गर्न सक्तैन। एक प्रकारले बालजीवन बग्दै जाने खोलाको सङ्गलो पानीजस्तै हो।

बालक काँचो माटो अथवा तरल पदार्थ दुवै हुन्। उसलाई जस्तो आकार-आकृतिको वर्तनमा राखिन्छ, त्यसले त्यस्तै रूप धारण गर्छ। उसको जीवनमा बाह्य-आन्तरिक परिवेशको पनि उतिकै महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। यही बाह्य-आन्तरिक परिवेशबाट प्राप्त प्रेरणा र प्रभावस्वरूप नै उसको जीवनको मार्ग निर्माण हुँदै जान्छ। बालबालिकाले पाएका प्रेरणा र विभिन्न प्रभावहरूबाट उसको जीवन सन्दर्भ कसरी निर्मित हुन्छन् ती विविध पक्षहरूलाई देवकुमारी थापाका कथामा हेर्ने, अध्ययन-विश्लेषण गर्ने यस शोधप्रबन्धले प्रयास गरेको छ।

१ अगस्त २०१५ देखि सिक्किम विश्वविद्यालयको नेपाली विभागमा प्रविष्टि पाएपछि १६ मई २०१६ को दिन मेरो शोध विषय पञ्जीकृत भएको हो। यसभन्दा पूर्व उत्तर बङ्ग विश्वविद्यालयको नेपाली विभागबाट 'भारतीय नेपाली बालकथा'माथि एमफिल गरिसकेकाले बालसाहित्यमाथि नै शोधकार्य गर्ने मेरो इच्छा थियो। यसै क्रममा बालसाहित्यमाथि शोध प्रारूप तयार गरिए तापनि अन्तमा 'देवकुमारी थापाका कथामा बालजीवनको सन्दर्भ' मेरो शोध शीर्षकमा नेपाली विभागको बोर्ड अव् स्टडिजले अनुमोदन गर्‍यो। यसपछि उक्त विषयलाई म न्याय दिन सक्छु के ? भन्ने मनको एक कुनामा त्रास

रह्यो, तथापि देवकुमारी थापाबारे मैले एमफिल गर्दाकै समयमा स्थूल रूपमा अध्ययन गरेकाले गर्दा अलिकति आँट पनि आयो।

आदरणीय गुरुवर प्रो प्रतापचन्द्र प्रधानको निर्देशनमा मैले तिन वर्ष धेरै कार्य गरें। यस अवधिभित्र उहाँबाट धेरै कुरा सिक्ने र जान्ने मौका पाएँ। धेरै व्यस्त समयबाट पनि उहाँले मप्रति सदैव सकारात्मक व्यवहार गर्नु भयो, लेखेका कुराहरूलाई नहिच्किचाई संशोधन गरिदिनु भयो। यसका लागि उहाँप्रति आन्तरिक हृदयबाट नै कृतज्ञ छु।

गुरुवर प्रो प्रतापचन्द्र प्रधानको सेवा निवृत्त भएपछि नेपाली विभागले मलाई आदरणीय गुरुमा डा कविता लामाको निर्देशनमा पुनः आबन्टन गरिदियो। त्यसपछि उहाँले यस कार्यप्रति 'तपाईं सक्नु हुन्छ, तपाईं खट्नु हुन्छ' भनेर जहिल्यै मभित्र एउटा ऊर्जा थपिदिनु भयो। शिथिल बन्दै गएको मेरो मनलाई त्यही उर्जाले होसटेमा हैंसे मिल्यो। फलतः मभित्र पुनः ऊर्जा भरिएर आयो।

यसका निम्ति आदरणीय गुरुवर प्रो प्रतापचन्द्र प्रधान अनि गुरुमा डा कविता लामा दुवैप्रति सदैव ऋणी रहनेछु।

बामे सर्दै गरेको बालकलाई हात पक्रेर सहारा दिए जस्तो गरेर शोधकार्यको बाटोमा हिंड्न सिकाउनु हुने आदरणीय गुरुवर प्रो मोहनप्रसाद दाहाल, 'विषयप्रतिको अध्ययनलाई नछोड्नु' भन्नु हुने आदरणीय गुरुवर प्रो घनश्याम नेपालगायत नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालयका सम्पूर्ण गुरुजन, नेपाली विभाग, सिक्किम विश्वविद्यालयका सम्पूर्ण गुरुजनप्रति पनि म अन्तर हृदयबाट नै कृतज्ञता ज्ञापन गर्दछु।

यस शोध लेखन क्रममा धेरै मान्य लेखक तथा सङ्घ-संस्थाहरूबाट पनि मलाई धेरै सहयोग प्राप्त भएको छ। व्यक्तिगत रूपमा आदरणीय राजकुमार महानन्दर, प्रमोद

प्रधान, बालकृष्ण पोखरेल, दधिराज सुवेदी, पूजा श्रेष्ठ, लक्ष्मी उप्रेती (नेपाल)-लाई धेरै धेरै धन्यवाद दिन चाहन्छु। कविर बस्नेत, धनकुमार देवान, कमल भण्डारीलाई पनि धन्यवाद दिँदछु।

यस अतिरिक्त यस शोधकार्यमा विभिन्न पुस्तकालय जस्तै, नेपाली विभाग, दार्जिलिङ सरकारी महाविद्यालयको पुस्तकालय, साउथफिल्ड कलेजको केन्द्रिय पुस्तकालय, सिक्किम विश्वविद्यालयको केन्द्रिय पुस्तकालय, त्रिभुवन विश्वविद्यालयको केन्द्रिय पुस्तकालय, मदन पुरस्कार पुस्तकालयबाट असङ्ख्यौं पुस्तक तथा सन्दर्भ ग्रन्थहरू प्रयोग गरेँ। यी सबै पुस्तकालयहरूप्रति पनि धन्यवाद दिन चाहन्छु। प्रयोग गरिएका कतिपय पुस्तकहरूमा लेखकको नाम, प्रकाशक, प्रकाशन साल, पृष्ठ सङ्ख्याबारे स्पष्टीकरण नदिएका हुनाले पादटिप्पणीमा सोहीअनुसार राखिएको जनाउँदछु।

आवश्यक परेको खण्डमा सहयोग गरिदिनुहुने दाजु सुमन बान्तवा अनि सधैं मनमा नयाँ उत्साह र उमङ्ग भरिदिनुहुने प्रिय दाजु सुरज धड्कनलाई आजीवन बिर्सन सक्तिनँ। यसका साथै दाजु निरज राई, सुरेन्द्र चामलिङ तथा भाइहरूमा सुचन प्रधान, निर्मल निरौला र मनोज लिम्बू अनि सदैव साथीजस्तो भएर सँगसँगै हिँडिरहने बहिनीद्वय सरस्वती मिश्र र शारदा छेत्रीलाई पनि सम्झेको छु।

गुरुजनबाहेक सबैभन्दा ऋणी म आफ्नी छोरी फियोनसाङको साथ र सहयोगसित छु। उसको बालरहर, बालइच्छा विरूद्ध जानी जानी कैयौँपल्ट गएको छु। आफ्नी छोरीको कलकलाउँदो मुहार, रहरलाग्दो बालक्रीडादेखि धेरैचोटि टाढा भएको छु। उसको अनमोल बालजीवनको साटो पाठको बालपात्रको बालजीवन हेर्न बाध्य भएको छु। 'आप्पा मसँग खेल्नुहोस् न, आप्पा कथा भन्नुहोस् न' भन्दा कैयौँपल्ट उसलाई आमापट्टि फर्काइ पठाएको छु। दाम्लोले झैं मन बाँधेको छु। योभन्दा धेरै तिक्त अनुभूति

मसँग अरू के हुन सक्छ र ?

छोरीकी आमा, मेरी श्रीमती देविका छेत्रीलाई नसम्झिी रहन सक्तिनँ। विवाहइतर कालमा तिन महिनाको काखे छोरी तथा घर-परिवारको सम्पूर्ण जिम्मेवारी लिएर पढ्नाका निम्ति सुगम बाटो बनाई दिएर मप्रति ठुलो सहयोग गरेकी छन्। यस्तो सहयोग र प्रेममय वातावरणको सिर्जना गरी नदिएको भए यो शोधकार्य पूर्ण हुने थिएन। यसका लागि प्रिय देवुलाई असीम मायाका साथ धन्यवाद दिँदछु।

प्रत्यक्ष-परोक्ष रूपमा पढ्नका लागि, केही गर्नाका लागि सधैँ साथ दिनुहुने र परिवारको मूल खाम्बो भएर उभिदिनुहुने माइला आसेङप्रति पनि म धन्यवाद ज्ञापन गर्दछु।

बालकको प्रथम पाठशाला र गुरु उसका आमा-बाबा र घर हुन्छ। यही प्राथमिक पाठशालाबाट शिक्षा दिनुहुने मेरा प्राथमिक गुरु आमा-आप्पाप्रति म सदैव नतमस्तक रहनेछु। यसका साथसाथै प्राथमिक तहदेखि विश्वविद्यालय तहसम्म अध्ययन क्रममा भेटिएका सम्पूर्ण गुरुजनमा म सदैव ऋणी रहनेछु।

अन्तमा, शोध लेखनका हरेक अध्यायलाई आद्योपान्त रूपमा हेरिदिएर संशोधन गर्नाका साथै सठिक परामर्श, अभिभावकीय सहयोग तथा कुशल मार्गनिर्देशन प्रदान गरिदिनुहुने आदरणीय गुरुमा डा कविता लामाप्रति पुनः धन्यवाद तथा कृतज्ञता अर्पण गर्दछु।

विनीत

दिपेन तामाङ
पञ्जीकरण सङ्ख्या 15/Ph.D/NEP/01
नेपाली विभाग
सिक्किम विश्वविद्यालय।

# सङ्केताक्षरसूची

अनु. — अनुवादक

डा — डाक्टर

तृ सं — तृतीय संस्करण

दो सं— दोस्रो संस्करण

न सं — नवौं संस्करण

पाँ सं— पाँचौं संस्करण

प्रा लि — प्राइभेट लिमिटेड

पृ. — पृष्ठ

वि सं— विक्रम सम्वत

सम्पा. — सम्पादक

सो सं — सोह्रौ संस्करण

## विषय सूची


| विषय | पृष्ठ सङ्ख्या |
|---|---|
| भावहरणको प्रमाण पत्र | क |
| प्रतिबद्धता पत्र | ख |
| शोध निर्देशकबाट अग्रसारण | ग |
| कृतज्ञता ज्ञापन | घ-छ |
| सङ्केताक्षारसूची | ज |
| **पहिलो अध्याय** | ०१-०९ |

**१ शोध परिचय**

१.१ शोध शीर्षक

१.२ शोध परिचय

१.३ समस्याकथन

१.४ उद्देश्यकथन

१.५ पूर्वकार्यको समीक्षा

१.६ शोध विधि

१.६.१ अध्ययन विश्लेषणको सैद्धान्तिक आधार

१.६.२ तथ्य सङ्कलन विधि

१.७ शोधको औचित्य

१.८ शोधको सीमाङ्कन

**दोस्रो अध्याय** **१०-६५**

**२ नेपाली बालकथा र बालजीवनको सन्दर्भ**

२.१ नेपाली बालकथाको परिचय

२.२ परिभाषाका आधारमा बालकथा

२.२.१ बालकथाको अर्थ

२.२.२ बालकथाको परिभाषा

२.३ बालकथाको वर्गीकरण

२.३.१ विषयवस्तुका आधारमा

२.३.२ तत्त्वका आधारमा

२.३.३ संरचनाका आधारमा

२.३.४ विशेषताका आधारमा

२.३.५ उमेरसमूहका आधारमा

२.३.६ स्रोतका आधारमा

२.४ बालक र बालपरिवेश

२.४.१ बालकको अर्थ

२.४.२ बालकको परिचय

२.४.३ बालपरिवेशको परिचय

२.४.४ बालपरिवेशको वर्गीकरण

२.४.४.१ आन्तरिक परिवेश

२.४.४.२ बाह्य परिवेश

२.५ बालजीवनको परिचय

२.६ बालजीवनको वर्गीकरण

२.६.१ उमेरसमूहका आधारमा

२.६.२ प्रवृत्तिका आधारमा

२.७ निष्कर्ष

**तेस्रो अध्याय** **६६-१२५**

**३ नेपाली कथामा देवकुमारी थापाको आगमनपूर्व बालजीवन सन्दर्भित कथाको विकास परम्परा**

३.१ आधुनिक नेपाली कथाको पृष्ठभूमि

३.२ देवकुमारी थापाको आगमनपूर्व अन्यान्य नेपाली कथामा बालजीवनको प्रयोग स्थिति

३.३ देवकुमारी थापापूर्वका केही प्रमुख आधुनिक नेपाली बालजीवन सन्दर्भित कथाको संक्षिप्त विश्लेषण

३.३.१ रूपनारायण सिंहका 'अन्नपूर्णा' र 'पुष्पराग' कथा

३.३.२ अच्छा राई 'रसिक'को 'रगत' कथा

३.३.३ गनुसिंह गुरूङको 'परमत्याग' कथा

३.३.४ नीलम प्रधानको 'सङ्केत' कथा

३.३.५ शिवकुमार राईका 'बाबु-छोरा' र 'जरजेटको सारी' कथा

३.३.६ बालकृष्ण समको 'तलतल' कथा

३.३.७ लक्ष्मीप्रसाद देवकोटाको 'उनको मने' कथा

३.३.८ गोविन्दबहादुर मल्लका 'लक्ष्मीपूजा' र 'निन्द्रा आएन' कथा

३.३.९ काजीमान कन्दङ्वाको 'रनमायाको आँसु' कथा

३.३.१० हृदयचन्द्रसिंह प्रधानको 'व्रतबन्ध' कथा

३.४ नेपाली कथामा देवकुमारी थापाको आगमन

३.४.१ देवकुमारी थापाका कथाको परिचय

३.४.१.१ विषयगत आधार

३.४.१.२ संरचनागत आधार

३.४.१.३ प्रवृत्तिगत आधार

३.४.१.४ शैलीगत आधार

३.४.२ देवकुमारी थापाका प्रकाशित कथा सङ्ग्रहको विश्लेषणात्मक अध्ययन

३.४.२.१ एकादशी

३.४.२.२ झझल्को

३.४.२.३ सेतो बिरालो

३.४.२.४ टपरी

३.४.२.५ भोक तृप्ति

३.४.२.६ प्रलय प्रतीक्षा

३.४.२.७ देवकुमारी थापाका प्रतिनिधि कथा

३.५ निष्कर्ष

**चौथो अध्याय** **१२६-२२०**

**४ देवकुमारी थापाका कथाहरूमा प्रतिविम्बित बालजीवन**

४.१ देवकुमारी थापाका कथाको वर्गीकरण

४.१.१ बालजीवन सन्दर्भित कथाको स्वरूप

४.१.१.१ स्थूल पक्ष

४.१.१.२ सूक्ष्म पक्ष

४.१.२ बालजीवन सन्दर्भित कथाको विशेषता
४.१.२.१ बालमनोविज्ञान
४.१.२.२ सामान्य बालजीवनको चित्रण
४.१.२.३ समसामयिकता
४.१.२.४ विषयगत विविधता
४.१.२.५ पात्रगत विविधता
४.१.२.६ परिवेशगत विविधता
४.१.२.७ शैलीगत विविधता
४.२ बालजीवन सन्दर्भित कथाको वर्गीकरण
४.२.१ बालपात्रको प्रत्यक्ष उपस्थिति
४.२.२ बालपात्रको परोक्ष उपस्थिति
४.२.३ संस्मरणात्मक शैलीद्वारा बालपात्रको उपस्थिति
४.३ देवकुमारी थापाका बालजीवन सन्दर्भित कथाहरूको अध्ययन-विश्लेषण
४.३.१ कथामा अनुकरण
४.३.२ कथामा जिज्ञासा वा उत्सुकता
४.३.३ कथामा प्रेम
४.३.४ कथामा क्रोध
४.३.५ कथामा घृणा
४.३.६ कथामा ईर्ष्या
४.३.७ कथामा भय र लाज
४.३.८ कथामा हर्ष
४.३.९ कथामा स्पर्धा

४.३.१० कथामा दुःख

४.३.११ कथामा झुट र आदत

४.३.१२ कथामा चिन्तन

४.३.१३ कथामा निर्देश

४.३.१४ कथामा नैतिक चेतना

४.३.१५ कथामा कल्पना

४.३.१६ कथामा भोक

४.३.१७ कथामा खेल

४.३.१८ कथामा प्रदर्शनवृत्ति

४.३.१९ कथामा पलायनवृत्ति

४.३.२० कथामा रचनात्मक प्रवृत्ति

४.३.२१ कथामा बाल अपराध

४.३.२२ कथामा इच्छाशक्ति

४.३.२३ कथामा पारिवारिक स्थिति

४.३.२४ कथामा सामाजिक स्थिति

४.३.२५ कथामा आर्थिक स्थिति

४.३.२६ कथामा बाल भाषा

४.४ निष्कर्ष

**पाँचौं अध्याय** २२१-२२९

**५ उपसंहार तथा निष्कर्ष**

५.१ उपसंहार

५.२ निष्कर्ष

**सन्दर्भसूची** २३०-२३४

# पहिलो अध्याय

## १ शोध परिचय

### १.१ शोध शीर्षक

यस शोधको शीर्षक 'देवकुमारी थापाका कथामा बालजीवनको सन्दर्भ' रहेको छ।

### १.२ शोध परिचय

यो शोधकार्य देवकुमारी थापाका कथामा केन्द्रित रहेको छ। देवकुमारी थापाका कथा भन्नाले नेपाली कथा बुझिन्छ। नेपाली साहित्यमा देवकुमारी थापाको योगदान मुख्यतः बालकथा र प्रौढकथा दुवै क्षेत्रमा रहेको पाइन्छ। बालकथा बालसाहित्यको एउटा मुख्य विधा मानिन्छ अनि प्रौढकथा एउटा स्वतन्त्र विधा मानिन्छ, तथापि बालकेन्द्रित बालकथा र प्रौढकथामाझ केही विशेषतागत भिन्नता रहेको पाइन्छ। बालकथा बालकहरूका लागि लेखिएका भए पनि त्यस्ता कथामा बालजीवन प्रतिविम्बित नभएको हुन पनि सक्दछ। बालजीवन मानव जीवनको एक मुख्य चरण हो र यसै चरणमा मान्छेको व्यक्तित्वको मूल विकास पनि हुन्छ। यसलाई व्यक्तिको भावी जीवनको रूपरेखा तयार हुने महत्त्वपूर्ण समय पनि मान्न सकिन्छ।

वस्तुतः देवकुमारी थापाका कथाहरूमा प्रतिविम्बित बालजीवनको स्थिति के-कस्तो छ त्यसलाई हेर्नाका निम्ति बालक, बालकथा र बालजीवन सन्दर्भित कथाको अवधारणा स्पष्ट बुझ्ने यस शोध अध्ययनको मूल उद्देश्य रहेको छ। बालक, बालकथा र बालजीवन सन्दर्भित कथाको बालजीवनसित केही विशेषतागत सान्निध्य रहेको हुन्छ, जब कि थापाका बालकथामा मात्र बालजीवनको सन्दर्भ स्पष्ट रूपमा प्रतिविम्बित भएको पाइँदैन। यसकारण उनका प्रकाशित प्रौढकथा सङ्ग्रहहरूलाई यहाँ विशेष अध्ययनको सामग्री

बनाइएको छ। यस शोध अध्ययनको निम्ति बालमनोविज्ञानलाई विशेष आधार बनाइएको छ। प्रस्तुत शोधकार्य सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागबाट विद्यावारिधि उपाधि प्राप्त गर्ने प्रयोजनको निम्ति गरिएको हो।

## १.३ समस्याकथन

यस शोधकार्यमा देवकुमारी थापाका कथामा बालजीवनको सन्दर्भ हेर्नु नै एउटा ठुलो समस्या देखिएको छ। यस शोधका निम्नलिखित समस्याहरू देखिएका छन्-

क) बालजीवन भन्नाले के बुझिन्छ र यसलाई कथामा कसरी हेर्न सकिन्छ ?

ख) नेपाली कथामा बालजीवनको सन्दर्भलाई कुन कुन आधारमा राखेर हेर्न सकिन्छ ?

ग) बालजीवनको सन्दर्भलाई अध्ययन गरिने कथाको परिवेश कस्तो हुनुपर्छ ?

घ) बालजीवनको सन्दर्भको अध्ययन गर्न अन्यान्य कुन कुन दृष्टि हुन सक्छन् ?

## १.४ उद्देश्यकथन

क) बालजीवनको अवधारणा स्पष्ट पार्दै नेपाली कथामा प्रयुक्त बालजीवनको सन्दर्भ बुझ्ने विभिन्न आयामहरू खोजेर अध्ययन गर्नु।

ख) नेपाली कथामा बालजीवनको सन्दर्भको अध्ययन गर्ने आधारहरू खोजेर निकाल्नु।

ग) बालजीवनको सन्दर्भलाई अध्ययन गरिने कथामा चित्रित परिवेश सुनिश्चित गर्नु।

घ) बालजीवनको सन्दर्भलाई अध्ययन गरिने विभिन्न दृष्टिहरूको खोजी गरी तीबाट बालजीवन सन्दर्भलाई अझ नजिकबाट बुझ्नु। अन्यान्य आधारहरू खुट्ट्याएर निकाल्नु।

## १.५ पूर्वकार्यको समीक्षा

देवकुमारी थापा नेपाली साहित्यका एकजना कथाकार हुन्। उनलाई नेपाली कथाकार अतिरिक्त बालसाहित्यकारका रूपमा पनि चिनिन्छ। निबन्धकार, जीवनीकार, कवि, समालोचक तथा सम्पादकका रूपमा पनि उनले महत् योगदान दिएकी छन्। उनका हालसम्म पन्ध्रवटा पुस्तकहरू प्रकाशित भइसकेका छन्। उनको व्यक्तित्व तथा कृतित्वबारे अधिकांश आलोचक-समालोचकहरूले धेरै पुस्तक तथा लेखादि प्रकाशित गरेका छन्। तीमध्ये उनको 'भविष्य निर्माण' शीर्षक कथाको चर्चा अधिक गरिएको पाइन्छ। यस बाल मनोवैज्ञानिक कथाद्वारा नै उनी नेपाली साहित्यमा चर्चित बन्न पुगेकी छन्। उक्त कथा नै बालजीवनको सन्दर्भमाथि लेखिएको उनको पहिलो कथा पनि मानिन्छ। उनको नेपाली साहित्यप्रति रहेको यस योगदानलाई सम्मान गर्दै वनिता प्रकाशन, काठमाडौंले उनको विशेषाङ्कसमेत प्रकाशमा ल्याइसकेको छ। त्रिभुवन विश्वविद्यालयबाट पनि उनीमाथि शोधकार्य भएको पाइन्छ। आजसम्मको जानकारीअनुसार प्रस्तुत शोध शीर्षकमा कुनै प्राज्ञिक अध्ययन अनुसन्धान भएको पाइँदैन। देवकुमारी थापाको कथा लेखनमाथि प्रकाशित पुस्तक तथा लेखहरूलाई आधार गरी पूर्वकार्यको समीक्षा निम्न प्रकारले गरिएको छ-

### (क) पुस्तकका आधारमा

राम पौडेलको *आधुनिक नेपाली कथामा बालमनोविज्ञान* (वि सं २०६३) पुस्तकमा मनोविज्ञानको पृष्ठभूमि प्रस्तुत गर्दै बालमनोविज्ञानको सैद्धान्तिक सन्दर्भलाई प्रस्तुत गरिएको छ। यसका साथै बालपात्रयुक्त आधुनिक नेपाली कथा र कथाकारको परिचय प्रस्तुत गरेर प्रतिनिधि नेपाली कथाकारहरूका कथाहरूको बाल मनोवैज्ञानिक अध्ययन-विश्लेषण कार्य गरिएको छ। यसै क्रममा देवकुमारी थापाका 'बाबाजस्तै', 'मेरो आफ्नै',

'भविष्य निर्माण', 'पदच्युत', 'रहर', 'कुकुरको छाउरो', 'रिट्टेको प्रश्न', 'दुई रूप', 'कथा' र 'देखेका कुरा' आदि कथाहरूको संक्षिप्त अध्ययन गर्ने कार्य पनि गरिएको छ।

नरेन्द्र चापागाईंले आफ्नो *केही सृष्टि : केही दृष्टि* (वि सं २०४३) पुस्तकमा देवकुमारी थापाका दुईवटा कथा सङ्ग्रह र उनको कथाकारितालाई प्रस्तुत गरेका छन्। यसमा *टपरी* र *भोक तृप्ति* दुईवटा कथा सङ्ग्रहभित्रका चालिसवटा कथाहरूको व्याख्या-विश्लेषणका आधारमा थापाको कथाकारितालाई दर्शाउने कोसिस गरिएको छ। ती चालिसवटा कथाहरूमध्ये 'पदच्युत', 'रहर', 'कुकुरको छाउरो', 'रिट्टेको प्रश्न', तथा 'दुई रूप'जस्ता बाल मनोवैज्ञानिक कथाहरू समाविष्ट गरिएको भए तापनि त्यसको मनोवैज्ञानिक आधारबाट व्याख्या-विश्लेषण भने गम्भीरतापूर्वक गरिएको छैन। दुवै सङ्ग्रहका सम्पूर्ण कथाहरूको संक्षिप्त व्याख्यात्मक प्रस्तुति दिने कार्य गरिएको छ। यीबाहेक चापागाईंले थापाका अन्य कथा सङ्ग्रह *प्रलय प्रतीक्षा* (वि सं २०४४)-*को* 'भूमिका' *तथा देवकुमारी थापाका प्रतिनिधि कथा* (वि सं २०५१) कथा सङ्ग्रहको सम्पादन कार्य गरेर थापाको कथाकारिताबारे प्रकाश पार्ने प्रयास गरेका छन्।

दधिराज सुवेदीको *अध्ययन र मूल्याङ्कन* (वि सं २०६१) पुस्तकमा थापालाई एक आदर्श, निष्ठावान्, सुदृढ, सुस्पष्ट तथा शालिन व्यक्तित्वका साथै उनका सामाजिक, शैक्षिक तथा साहित्यिक योगदानबारे चर्चा गरिएको पाइन्छ।

सुशीला भट्टको *केही कृति : केही स्वीकृति* (वि सं २०७४) पुस्तकमा 'श्रीमती देवकुमारी थापा र उनको कथाकारिता : संक्षिप्त अध्ययन' शीर्षक लेखमा भट्टले थापाका साहित्यिक तथा सामाजिक व्यक्तित्वका साथै उनका कथाहरूमा वर्णित पात्रहरूलाई बाल, युवा, नारी, पुरुष तथा प्रौढपात्रका रूपमा चिनाउँदै थापाको कथाकारिताको मूल्याङ्कन गर्ने कोसिस गरेका छन्।

रामदयाल राकेशले *नेपाली समालोचना विभिन्न आयाम* (वि सं २०६०) पुस्तकमा 'प्रसिद्ध कथाकार देवकुमारी थापासँग अन्तरङ्ग अन्तरक्रिया' शीर्षक लेख दिएर थापाका जीवनसम्बन्धी, कथासम्बन्धी तथा समकालीन साहित्य लेखनसम्बन्धी विचारधारालाई उद्घृत गर्दै थापाको सर्वाङ्गीन जीवन दृष्टिलाई संक्षेपमा प्रस्तुत गरेका छन्।

लक्ष्मी उप्रेतीको *नेपालका नारी कथाकार : प्रवृत्ति  र प्रतिनिधि कथा* (वि सं २०६८) कृतिमा नेपालका विभिन्न समयक्रममा देखापरेका नेपाली कथाकार तथा उनीहरूको कथागत प्रवृत्तिको चर्चा गर्दै थापाको पनि कथागत प्रवृत्तिको संक्षिप्त चर्चा गरेकी छन्।

दयाराम श्रेष्ठले आफ्नो पुस्तक *नेपाली कथा र कथाकार* (वि सं २०७०) *पुस्तकमा* थापालाई मनोविज्ञानवादी धाराका अभियन्ता तथा स्वच्छन्दतावादका अनुयायीका रूपमा चिनाउनका साथै मान्छेको अन्तर्वृत्ति वा मनोवृत्तिको अनुसन्धान कार्यमा कुशल व्यक्तित्वको रूपमा चिनाउने प्रयास गरिएको पाइन्छ।

विश्वनाथ भट्टराईको *साहित्यिक प्रतिभा र मूल्याङ्कन* (वि सं २०४६) कृतिमा पनि देवकुमारी थापाको कथाकारिताबारे चर्चा गरिएको छ। बालकथाको माध्यमबाट उनले बालकको स्वाभाविक प्रवृत्तिको मूल्याङ्कन तथा बालकको बाह्य मनोदशाको चित्रण गर्नामा सफल रहेको भट्टराईले बताएका छन्। यसै गरी *प्रलय प्रतीक्षा* कथा सङ्ग्रहभित्रका कथाहरूको प्रभावपरक व्याख्या-विश्लेषण पनि गरिएको छ।

यस अतिरिक्त प्रमोद प्रधानले *नेपाली बालसाहित्यको इतिहास* (वि सं २०६१) तथा *नेपाली बालवाङ्मय परिचयकोश* (वि सं २०६५) पुस्तकहरूमा थापाका बालसाहित्यसम्बन्धी कृतिहरूको सूचनात्मक प्रस्तुति दिएका छन्। नेपाली बालसाहित्य

समाजद्वारा प्रकाशित *नेपाली बालसाहित्यको सय वर्ष* (सन् २००७) पुस्तकमा पनि उनको व्यक्तित्व र कृतित्वको संक्षिप्त चर्चा-परिचर्चा गरिएको पाइन्छ।

**(ख) पत्र-पत्रिकाका आधारमा**

लक्ष्मी उप्रेतीद्वारा सम्पादित *वनिता* वर्ष ३, पूर्णाङ्क ९-१० (वि सं २००२) *देवकुमारी थापाको व्यक्तित्व र कृतित्व* विशेषाङ्कको नामले प्रकाशित भएको पत्रिका थापाको जीवनवृतमा केन्द्रित रहेको देखिन्छ। यसमा देवकुमारी थापाका व्यक्तित्व र कृतित्वबारे विभिन्न लेखकहरूका एकसय छवटा लेख तथा संस्मरणहरू समाविष्ट गरिएका छन्। विभिन्न साहित्यकार एवम् हितैषीहरूद्वारा थापाको साहित्यिक योगदान र व्यक्तित्वमाथि विशेष प्रकाश पारिएको यस विशेषाङ्कले थापाका जीवनका विविध पाटालाई समेटिएको छ भने उनका कथामा प्रतिविम्बित बालपात्रको प्रसङ्गलाई पनि संक्षेपमा चर्चा गरिएको छ।

लक्ष्मी उप्रेतीकै सम्पादनमा *वनिता,* वर्ष १५, पूर्णाङ्क ५०, (वि सं २०६९) प्रकाशित भएको पाइन्छ। उनले पुनः 'देवकुमारी थापाको जीवनी विशेष' शीर्षकमा यस पत्रिकाको प्रकाशन गराएकी छन्। पहिलो विशेषाङ्कको तुलनामा यो विशेषाङ्क धेरै अनुसन्धानात्मक तथा प्राज्ञिक रहेको छ। यसमा थापाका जीवनका विविध आयाम तथा विचारहरूलाई गहनतापूर्वक प्रस्तुत गरिएको छ।

वनराज रिजालको सम्पादकत्वमा प्रकाशित *नवप्रज्ञापन* पत्रिकामा लक्ष्मी उप्रेतीले देवकुमारी थापालाई उनको कृतिगत आधारबाट बालसाहित्यकार, कवि, निबन्धकार वा संस्मरणकार, समालोचक र कथाकारका रूपमा चिनाउने प्रयास गरेकी छन्।

**(ग) शोधकार्यका आधारमा**

रजिता शर्माले *देकुमारी थापाका प्रतिनिधि कथाको विश्लेषण* (वि सं २०५७) शीर्षकमा त्रिभुवन विश्वविद्यालयबाट शोध पत्र तयार पारेकी छन्। यस शोधकार्यमा *देवकुमारी थापाका प्रतिनिधि कथा सङ्ग्रह*भित्रका सैंतीसवटा कथाहरूलाई मात्र अध्ययनको आधार बनाइएको छ। यसमा थापाको जीवनी, व्यक्तित्व, कथाको विकासक्रम तथा वर्गीकरण गरेर चयनित कथाहरूको संक्षिप्त रूपमा विषयगत अध्ययन-विश्लेषण गरिएको छ।

गायत्री श्रेष्ठले पनि वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवनबाट *देवकुमारी थापाको व्यक्तित्व र कृतित्वको विश्लेषण* (वि सं २०४६) शीर्षकमा शोधकार्य गरेकी छन्। यस शोधकार्यमा थापाका वंशपरम्परा, शैक्षिक तथा साहित्यिक पृष्ठभूमिलाई प्रकाशमा ल्याउँदै नेपाली कथा साहित्यमा उनको साहित्यिक स्थान निर्धारण गर्ने प्रयत्न गरेकी छन्। यसै अध्ययनमा कथागत प्रवृत्तिका आधारमा थापालाई विविध व्यक्तित्वका रूपमा परिचित गराउने कोसिस गरिएको छ।

त्रिभुवन विश्वविद्यालयबाट *नेपाली बालसाहित्यको सर्वेक्षण* (वि सं १९८८) शीर्षक सर्वेक्षणात्मक प्रतिवेदनमा चूडामणि बन्धु र अन्य लेखकको सह लेखनबाट नेपाली बालसाहित्यको सर्वेक्षणात्मक अध्ययन प्रस्तुत गरिएको छ। यस अनुसन्धनात्मक प्रतिवेदनमा नेपाली बालसाहित्यको सर्वेक्षण गरी बालबालिकाको उमेर वर्गीकरणलाई संक्षेपमा प्रकाश पारिएको छ। यसमा बालसाहित्य र प्रौढसाहित्य, बालसाहित्य र पाठ्यपुस्तकबिचको विभेद केलाउने कोसिस गरिएको छ।

## १.६ शोधविधि

### १.६.१ अध्ययन विश्लेषणको सैद्धान्तिक आधार

प्रस्तुत शोधकार्य निगमनात्मक शोध पद्धतिको आधारमा गरिनाका साथै विश्लेषणात्मक पद्धतिलाई पनि अपनाइएको छ। यसका प्राविधिक पक्षका लागि *नेपाली लेखन शैली* (सन् २०१०)-लाई आधार मानिएको छ भने पादटिप्पणी तथा सन्दर्भग्रन्थ लेखनका लागि चूडामणि बन्धुको *अनुसन्धान तथा प्रतिवेदन लेखन* (सन् २०१३)-लाई आधार बनाइएको छ। शोध लेखनमा सिक्किम विश्वविद्यालयद्वारा जारी गरिएको नियमावलीलाई पनि आधार गरी शोध अध्ययन गरिएको छ।

### १.६.२ तथ्य सङ्कलन विधि

प्रस्तुत शोधकार्यमा आवश्यक तथ्याङ्कहरू द्वितीय स्रोतका आधारमा गरिएको छ। द्वितीय स्रोतअन्तर्गत पुस्तकालयीय अध्ययनबाट विषयसँग सम्बन्धित पाठ्यसामग्रीहरू प्रयोग गरिएको छ भने विद्युतीय स्रोतबाट पनि आवश्यक अध्ययन सामग्रीहरू सङ्कलन गरिएको छ।

नेपाली विभाग, दार्जिलिङ सरकारी महाविद्यालयको विभागीय पुस्तकालय, साउथफिल्ड कलेजको पुस्तकालय, उत्तर बङ्ग विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, मदन पुरस्कार पुस्तकालय, नेपाल आदिबाट आवश्यक सामग्रीहरू सङ्कलन गरिएको छ भने सम्बन्धित व्यक्ति विशेषहरूबाट तथ्य सङ्कलन गरिएको जानकारी यहाँ गराइन्छ।

## १.७ शोधको औचित्य

उल्लिखित पूर्वकार्यको समीक्षा तथा प्राप्त सन्दर्भ सामग्रीको आधारमा प्रस्तुत शोधकार्यले समेट्ने विषयमाथि अन्य शोधार्थी तथा लेखकहरूद्वारा अध्ययन-अनुसन्धान कार्य भएको पाइँदैन। तसर्थ यस शोध विषय 'देवकुमारी थापाका कथामा बालजीवनको सन्दर्भ' ले यो अध्ययन-विश्लेषण गर्नु औचित्यपूर्ण देखिन्छ।

## १.८ शोधको सीमाङ्कन

देवकुमारी थापाका प्रकाशित पन्ध्रवटा पुस्तकमध्ये कथाका पुस्तकहरू अनि त्यसमा पनि बालकथा र प्रौढकथा मुख्य रहेको देखिए तापनि बालकथा मात्र प्रस्तुत शोधकार्यको सीमाभित्र परेका छैनन्। उनका *एकादशी* (सन् १९५४), *सेतो बिरालो* (सन् १९६४), *झझल्को* (सन् १९६८), *टपरी* (सन् १९७०), *भोक तृप्ति* (वि सं २०४१), *प्रयल प्रतीक्षा* (वि सं २०४४) र *देवकुमारी थापाका प्रतिनिधि कथा* (वि सं २०५१) सातवटा प्रौढकथा सङ्ग्रहहरू यस अध्ययन सीमाभित्र परेका छन्। यी सातवटा कथा सङ्ग्रहहरूभित्र सङ्कलित कथाहरूमा बालजीवनको सन्दर्भलाई मनोवैज्ञानिक पक्षको आधारमा अध्ययन-विश्लेषण गरिने यस शोधको सीमा रहेको छ।

## दोस्रो अध्याय

## २ नेपाली बालकथा र बालजीवनको सन्दर्भ

### २.१ नेपाली बालकथाको परिचय

बालकथा बालसाहित्यको लोकप्रिय विधा हो। नेपाली साहित्यका क्षेत्रमा कथा साहित्यको जुन विशिष्टता तथा लोकप्रियता रहेको छ सोहीअनुरूप बालकथाको पनि आफ्नै लोकप्रियता कायम रहेको पाइन्छ। कथा बालकको होस् वा वयस्कको आफ्नो विशिष्ट संरचना र गहन मूल्यवत्ताका कारण लोकप्रिय हुन्छ।[1] यसकारण जुन साहित्यलाई अहिले बालकथा भनेर मानिएको छ, यो साहित्य आधुनिक साहित्ययात्राको नवीनतम प्राप्ति हो।[2] यसलाई विधागत रूपमा आधुनिक साहित्ययात्राको नवीनतम प्राप्ति मानिए तापनि नेपाली बालकथाको पूर्वाधार भने पौराणिक, धार्मिक, ऐतिहासिक तथा बौद्ध जातक कथाहरू नै हुन्।

बालकथाको प्राचीनता मानवीय सभ्यताको मौखिक परम्परासित सम्बद्ध रहेको देखिन्छ। पूर्व तथा पश्चिम दुवै जगत्मा बालकथाको उद्भव आफ्ना सन्ततिलाई रमाइलो पारामा जीवनोपयोगी सन्देश दिने उद्देश्य परिपूर्तिको सन्दर्भमा भएको पाइन्छ।[3] परिवारका ठुला विशेष बाजे-बजैहरूले फुर्सदको समयमा सुनाउने गरेका लोकाश्रित तथा पौराणिक कथाका नायक-नायिकाको बहादुरी, साहसी तथा चमत्कारीपूर्ण घटनाहरूबाट नै नेपाली बालकथाको उद्भव भएको पाइन्छ।

---

[1] राजकिशोर सिंह, सन् २०१४, 'हिन्दी बाल कहानी के सामाजिक सरोकार', उषा यादव र राजकिशोर सिंह (सम्पा.), *हिन्दी बाल साहित्य और बाल विमर्श,* नई दिल्ली : सामयिक प्रकाशन, पृ. १९३

[2] शिवहरि बगाले, वि सं २०६१, *नेपाली बालकथामा जनकप्रसाद हुमागाईको योगदान,* स्नातकोत्तर लघु शोध पत्र, काठमाडौं : रत्नराज्यलक्ष्मी क्याम्पस, पृ. १२

[3] शारदा अधिकारी, वि सं २०६६ 'बालसाहित्यको सैद्धान्तिक स्वरूप : संक्षिप्त परिचय', रामबाबु सुवेदी (सम्पा.), *बालसाहित्य,* अङ्क १८, काठमाडौं : नेपाल बालसाहित्य समाज, पृ. ३०

## २.२ परिभाषाका आधारमा बालकथा

### २.२.१. बालकथाको अर्थ

'बाल' र 'कथा' शब्दको सामासिक रूप नै बालकथा हो। शब्दकोशीय अर्थअनुसार 'बाल' शब्दले बालबालिका र 'कथा' शब्दले मानिसको सिर्जनशील प्रतिभाद्वारा प्रस्फुटित साहित्यिक अभिव्यक्तिलाई बुझाउँछ। कथाप्रति बालकको सर्वाधिक रुचि र आकर्षण हुनाले बालकमा यसको लोकप्रियता धेरै रहेको पाइन्छ। बालकथामा बालकको अनुराग धेर रहनाका मूल आधार मनोवैज्ञानिक रुचिलाई मान्न सकिन्छ। यस रुचिलाई भावुक तत्त्व पनि मानिन्छ।[४] यसैकारण बालकहरू कथा सुन्नमा धेरै आल्हादित बन्छन्।

### २.२.२ बालकथाको परिभाषा

नेपाली बालकथाको परिभाषासम्बन्धी विभिन्न विद्वान्हरूले आफ्ना आफ्ना धारणा व्यक्त गरेको पाइन्छ। तीमध्ये केही परिभाषाहरूलाई निम्न रूपमा हेर्न सकिन्छ-

चूडामणि बन्धुअनुसार- बालबालिकाहरूलाई स्वस्थ्य मनोरञ्जन, उपयोगी शिक्षा, व्यावहारिक ज्ञान र नयाँ नयाँ सूचना दिने कथा नै बालकथा हो। यसमा पाठकको मानसिक स्तर, उमेर तथा भाषाजस्ता कुराको विचार गरिन्छ।[५]

रञ्जुश्री पराजुलीअनुसार- बालमस्तिष्कले ग्रहण गर्न सक्ने खालका रमाइला विषयको एउटा प्रमुख घटनालाई समातेर त्यसैको सेरोफेरोमा केन्द्रित रहेको आख्यानलाई बालकथा भनिन्छ।[६]

---

[४] हरिकृष्ण देवसरे, सन् १९६९, *हिन्दी बालसाहित्य एक अध्ययन,* नई दिल्ली : आत्मराम एन्ड सन्स, पृ. २५८

[५] बगाले, 'नेपाली', पृ. १२

नेपाली बालसाहित्यका इतिहासकार प्रमोद प्रधानले आफ्नो पुस्तक *नेपाली बालसाहित्यको इतिहास*मा बालसाहित्यविद् मनोरमा जफाको बालकथासम्बन्धी परिभाषालाई यसरी लिएका छन्- कथा भनेको रङ्गीविरङ्गी मोतीहरूको यस्तो माला हो, जुन एउटा सुखद प्रभाव दिनको लागि उनिएको हुन्छ।[७]

महादेव अवस्थीअनुसार- बालकका निम्ति वा बालकलाई लक्ष्य गरी भनिएको, कथिएको वा रचिएको कथा नै बालकथा हो।[८]

दैवज्ञराज न्यौपानेअनुसार- सहज र सुन्दर भाषामा बालबालिकाको मनोविनोदलाई ख्याल गर्दै उनीहरूको खेल्ने र रमाउने तरिकाले लेखेको नैतिक एवम् चारित्रिक विकासलाई सहयोग पुऱ्याउने कथा नै बालकथा हो।[९]

यस प्रकार नेपाली बालकथाको परिभाषासम्बन्धी सबैले आफ्ना आफ्ना बहुमूल्य तथा सान्दर्भिक धारणा तथा विचारहरू प्रस्तुत गरेका छन्। उल्लिखित परिभाषाहरूबाट नेपाली बालकथाको परिभाषा यही र यति नै हो भन्ने निचोड रूप दिन सकिँदैन। बालक र उसको जीवनमा बालकथाको भूमिका भने महत्त्वपूर्ण रहेको हुन्छ। वस्तुतः बालकथामा कुनै देशकाल तथा परिस्थितिअनुरूप मानवीय तथा मानवेतर पात्रहरू र ती पात्रहरूका जीवनमा घटित घटनाहरूलाई कल्पनाशक्तिको सहायताले भाषिक चातुर्यका साथ प्रस्तुत गरिएको हुन्छ। कथामा वर्णित त्यस्ता घटना प्रक्रियाबाट बालकले मनोरञ्जनका साथै व्यावहारिक तथा नैतिक ज्ञान प्राप्त गर्दछ। तिनीहरूले यसबाट केही सिक्दछन्, नयाँ नयाँ

---

[६] रञ्जुश्री पराजुली, वि सं २०६८, *नेपाली बालसाहित्यको नालीबेली,* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा लि, पृ. २५

[७] प्रमोद प्रधान, वि सं २०६२, *नेपाली बालसाहित्यको इतिहास,* दो सं, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा लि, पृ. ८६

[८] महादेव अवस्थी, वि सं २०६५, *बालसाहित्यका विधा र तिनको लेखन-प्रक्रिया,* काठमाडौं : एकता बुक्स, पृ. १२

[९] बगाले, 'नेपाली', पृ. १२

सपना देख्दछन्। ...तिनीहरूको मानसिक क्षितिजको विस्तार हुँदछ।[10] बालकथाले बालकमा कल्पनाशक्तिको विकास गर्दछ, जसको विकसित रूप किशोरावस्थासम्म परिलक्षित हुँदछ। यसबाट प्राप्त सन्देश, उपदेश तथा ज्ञान-विज्ञानका कुराहरूबाट बालकले आफ्नो जीवनलाई प्रतिविम्बित गर्दछ। आफ्ना अनुभूतिहरूको अभिव्यक्तिसमेत गर्दछ। वैज्ञानिक दृष्टिबाट कथामा वर्णित घटना, चरित्र, परिवेश आदि पक्षको समीक्षा पनि गर्दछ।[11] अब के हुन्छ ? र कस्तो हुन्छ ? जस्ता कथामा पाइने कौतुहलताप्रति तिनीहरू जिज्ञासु बन्दछन्। बालकथाको यही पक्ष नै त्यसको सफलता निर्धारण गर्ने कसी हो। यस सन्दर्भमा अरस्तुले भनेका छन्- बालकमा रहेको जिज्ञासालाई कथाको माध्यमबाट शान्त गराउन सकिन्छ।[12]

## २.३ बालकथाको वर्गीकरण

नेपाली बालकथालाई विभिन्न आधारमा राखेर वर्गीकरण गर्न सकिन्छ, जो निम्नलिखित छन्-

### २.३.१ विषयवस्तुका आधारमा

विषयवस्तुका आधारमा बालकथाको वर्गीकरण गर्ने क्रममा विद्वान्हरूमा मतैक्य रहेको पाइँदैन। बालकथामा अनेक थरीका विषयवस्तु हुन सक्तछ। यी विविध विषयवस्तुमध्ये केहीलाई मूल रूपमा प्राचीन तथा नवीन विषयवस्तुका रूपमा लिन सकिन्छ। प्राचीन विषयवस्तुअन्तर्गत विशेष धार्मिक, पौराणिक, ऐतिहासिक, लोकाख्यानमूलक तथा बौद्ध जातक विषयवस्तुका बालकथाहरू आउँछन्। सामाजिक, मनोवैज्ञानिक, पर्यावरणीय तथा

[10] देवसरे, 'हिन्दी', पृ. २५८

[11] संगीता गुप्ता, सन् २००२, *हिन्दी बालसाहित्य की विविध विधाएँ,* विद्यावारिधि शोधप्रबन्ध, उत्तर प्रदेश : बुन्देलखण्ड विश्वविद्यालय, पृ. १७५

[12] अच्युतशरण अर्याल, वि सं २०४५, *नेपाली बालसाहित्यको रूपरेखा,* स्याङ्जा : डिल्लीप्रसाद अर्याल, वालिङ ४, भीमटारी, पृ. १६

वैज्ञानिक विषयका बालकथाहरू समसामयिक अथवा नवीन विषयवस्तुका बालकथाहरूको रूपमा देखा पर्छन्। यी विविध विषयवस्तुका आधारमा बालकथाको वर्गीकरण निम्न प्रकारले गर्न सकिन्छ-

### २.३.१.१ पौराणिक, धार्मिक, ऐतिहासिक तथा बौद्ध जातक विषयक बालकथा

*वेद, पुराण, उपनिषद्, रामायण, महाभारत, बौद्ध जातक कथाहरू, हितोपदेश, पञ्चतन्त्र, सिंहासन बत्तीसी, बेताल पच्चिसी, बृहतकथा, कथासरित्सागर, बृहत्कथामञ्जरी, ओल्ड टेस्टामेन्ट* (यहुदीहरूको धर्मग्रन्थ) तथा *न्यु टेस्टामेन्ट* (बाइबल) प्रभृति ग्रन्थहरूको विषयवस्तु नै प्रारम्भिक नेपाली बालकथाको मुख्य विषयगत आधार मान्न सकिन्छ। मनोरञ्जनका साथै नैतिक शिक्षा दिनमा यस्ता ग्रन्थहरूको विषय क्षेत्र अपनाइएको पाइन्छ। वस्तुतः आजपर्यन्त बालकथाको सिर्जना यसैको आधारमा प्रतिविम्बित भइरहेको पाइन्छ।

### २.३.१.२ लोक प्रचलित बालकथा

लोक प्रचलन अर्थात् लोक परम्परामा जीवित लोककथाहरूलाई विषयवस्तु बनाएर बालकथाको सिर्जना गर्ने क्रम यथावत छँदैछ। आजको आधुनिक बालकथाको विकास हुनुभन्दा अघि आफ्ना बाजे-बजैका काखमा वा अगेनाका वरिपरि बसेर सुनाउने र सुनिइने गरेका लोकाश्रित यस्ता कथाहरू एक पुस्तादेखि अर्का पुस्तामा हस्तान्तरित हुँदै आएका पाइन्छन्। कथा कुथुङ्ग्री भन्ने वा सुन्ने पौराणिक परम्पराको निरन्तरता नै मौखिक साहित्यले जीवित राखेको मौखिक दस्तावेज हो, जो आज पनि त्यतिकै ताजा र अमर

छ।[१३] त्यसकारण लोककथा लोक जीवनको बहुमूल्य सम्पदा र सांस्कृतिक एकताको द्योतक हो।

### २.३.१.३ सामाजिक बालकथा

प्राणी जगत्मा घटेका कुनै घटना वा दैनन्दिन जीवनमा घटित साना साना घटनालाई विषयवस्तु बनाएर लेखिएको बालकथालाई सामाजिक बालकथा मान्न सकिन्छ। यस किसिमका कथाको परिवेश समाज नै मुख्य रूपमा हुन्छ। मनोवैज्ञानिक दृष्टिकोणमा बालकले यस्ता कथामा चित्रित घटना र पात्रलाई आफ्नै प्रतिविम्बन ठान्दछ। यस सन्दर्भमा डब्लु एम रायबर्नको भनाई छ- बालकथाको सम्बन्ध बालकको आफ्नो जीवनसित हुनुपर्छ। बालकको चारै दिशामा घटित भइरहेका अनि आफ्नो दैनिक जीवनमा बालक कुन वस्तुको सम्पर्कमा देखिन्छ यी सबै आधारमा कथा निर्मित हुनुपर्छ।[१४] यस्तै सामाजिक विषयवस्तुप्रति बालक स्वाभाविक रूपले सम्बद्ध हुन्छ, तथापि बालकले केवल त्यही रूपमा वस्तुलाई स्वीकार गर्दछ, जुन रूपमा ग्रहण गर्ने क्षमता उसमा विद्यमान हुँदछ।[१५]

### २.३.१.४ मनोवैज्ञानिक बालकथा

नेपाली मनोवैज्ञानिक बालकथाको प्रारम्भ आधुनिक कालमा आएर मात्र हुन थालेको हो। यसभन्दा पूर्व बालकलाई केन्द्र गरी लेखिएका बाल मनोवैज्ञानिक बालकथाको विकास त्यति हुन सकेको छैन। पश्चिममा यस किसिमका बालकथालाई अधिक महत्त्व दिइएको पाइए तापनि पूर्वमा भने आवश्यकताभन्दा कम महत्त्व दिएको देखिन्छ। मनोवैज्ञानिक बालकथामा कुनै पनि घटनाद्वारा पात्रहरूमा परेका प्रभाव-दुष्प्रभावलाई केलाउने काम

---

[१३] देविका राई, सन् २०१४, *भारतीय नेपाली बालकथाको विकास परम्परा,* स्नातकोत्तर लघु शोध पत्र, सिक्किम : नेपाली विभाग, सिक्किम विश्वविद्यालय

[१४] श्रीप्रसाद, सन् १९८५, *हिन्दी बालसाहित्य की रूपरेखा,* इलाहावाद : लोकभारती प्रकाशन, पृ. १५२

[१५] हरिकृष्ण देवसरे, सन् २००८, *बालसाहित्य के सरोकार,* दिल्ली : यश प्रकाशन, पृ. ३४

गरिएको हुन्छ। परिवेशअनुसार बालपात्रलाई लिएर उसको मानसिकतामा परेको प्रभाव-दुष्प्रभावबारे लेखिएका मनोवैज्ञानिक बालकथाहरू बालकहरूले पढ्न अत्यन्त रुचाउँछन्।

### २.३.१.५ पर्यावरणीय बालकथा

पौराणिक, धार्मिक, ऐतिहासिक तथा सामाजिक विषयवस्तुका तुलनामा पर्यावरणीय विषयक बालकथाको विकास नेपाली बालसाहित्यको क्षेत्रमा मन्द गतिमा भएको देखिन्छ। मानव जीवनमा पर्यावरणको महत्त्वपूर्ण भूमिका रहेकाले पर्यावरणीय विषयलाई आधार बनाएर बालकहरूमा सचेतता जगाउन आवश्यक छ। हावा-पानी, रूख-पात, जलवायु आदि पर्यावरणीय विषयबाट मानव जीवन कसरी चलायमान छ ? यसबाट मानिसले कसरी जीवन्तता प्राप्त गर्दछ ? भन्ने विषयहरूलाई पर्यावरणीय बालकथाको माध्यमबाट बालकहरूलाई जानकारी गराइन्छ। पर्यावरणीय बालकथाले बालकमा गम्भीर प्रभाव पार्नुका साथै पर्यावरणीय संरक्षणमा थप सहयोग गर्न बल पुऱ्याउँदछ।[१६] यस प्रकारको कथाहरूमा मानवेतर पात्रको मानवीकरण गरी प्राकृतिक उद्भित तथा पशु-पंक्षीका माध्यमबाट पर्यावरणीय संरक्षणसम्बन्धी जागरूक बन्ने सन्देश दिइएको हुन्छ।

### २.३.१.६ वैज्ञानिक बालकथा

विज्ञानसँग सम्बन्धित तथा अन्धविश्वासको वैज्ञानिक खण्डन गर्ने दृष्टिकोण बोकेका कथाहरू वैज्ञानिक बालकथाअन्तर्गत पर्दछन्। आधुनिकपूर्वका बालकथा मुख्य दन्त्य तथा परीकथाका रूपमा रहेको पाइन्छ। परीकथाले बालकलाई धेरै कल्पनाशील बनाउँछ र यसैको परिवर्तित तथा विकसित रूप विज्ञानसँग सम्बद्ध रहेको मानिन्छ। फलस्वरूप वैज्ञानिक बालकथाको विकासमा परीकथाको औचित्य अधिक रहेको हुन्छ। यसको मुख्य

[१६] बगाले, 'नेपाली', पृ. २२

भूमिका बालकमा कल्पनाशक्तिको विकास गर्नाका साथै तिनीहरूलाई सिर्जनात्मक तथा वैज्ञानिक दृष्टिकोण राख्नतिर अभिप्रेरित गर्दछ। सत्य र ज्ञानको सम्प्रेषण हुँदछ।..रूढिलाई परख गर्ने दृष्टि दिँदछ अनि भ्रान्तिहरूको भयबाट मुक्ति दिँदछ।[१७] यसले समाजमा केवल विज्ञानको प्रचार-प्रसार मात्र नगरेर सामाजिक परिवर्तन गर्न अनि भविष्यको गोरेटो पनि निर्माण गर्दछ।[१८]

### २.३.२ तत्त्वका आधारमा

आख्यानात्मक संरचनाको दृष्टिले आख्यान र बालाख्यानको लेखनगत तथा विधागत तत्त्व समान किसिमको देखिन्छ। आधुनिक कालमा आएर बालाख्यानअन्तर्गत रहेका बालकथाको तत्त्वमा भने केही नवीनता थपिएको छ। साधारणतः कथाको तत्त्व भन्नाले कथावस्तु, कथानक, कथोपकथन, पात्र, उद्देश्य, भाषा-शैली आदि बुझिन्छ। साहित्यशास्त्रमा प्रौढकथाका यी तत्त्वहरूलाई अनिवार्य तत्त्व मानिन्छ। अनिवार्य तत्त्व भनेको कुनै वस्तुको गठनमा चाहिने अनिवार्य तत्त्व हो, उपकरणचाहिँ कुनै वस्तुको गठनमा ऐच्छिक रूपमा प्रयोग गरिने कुरा हो।[१९] बालकथाको लेखनगत उद्देश्य आधुनिक कथा साहित्यभन्दा पृथक् र औचित्यपूर्ण रहेकाले यसका तत्त्वहरूलाई स्थूल र सूक्ष्म गरी दुई वर्गमा विभाजित गर्न सकिन्छ। स्थूल पक्षमा बालकथाका अनिवार्य तत्त्वहरू र सूक्ष्म पक्षमा बालकथामा ऐच्छिक रूपमा प्रयोग गरिने तत्त्वहरूलाई राख्न सकिन्छ। यस किसिमले बालकथाको कथावस्तु, कथानक, कथोपकथन, पात्र, उद्देश्य, भाषा-शैली स्थूल पक्षका अनिवार्य तत्त्व हुन्। मनोरञ्जन, उत्सुकता, ज्ञानसंवर्धन,

---

[१७] त्रिभुवन नाथ शुक्ल र श्रीकृष्ण चन्द्र तिवारी, सन् २००९, *भारतीय बालसाहित्य की भूमिका,* उत्तर प्रदेश : अमन प्रकाशन, पृ. १०९

[१८] अभिनेषकुमार जैन, सन् २००९, *हिन्दी बालसाहित्य प्राचीन एवं आधुनिक दृष्टि,* दिल्ली : नीरज बुक सेन्टर, पृ. ११८

[१९] मोहनराज शर्मा, वि सं २०६३, *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* दो सं, काठमाडौं : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, पृ. ३८१

कल्पनासंवर्धन, बालमनोविज्ञान आदि सूक्ष्म पक्षका ऐच्छिक तत्त्वहरू हुन्। आधुनिक कालमा कथामा कसैले चरित्रको चित्रणमा जोड दिन्छन्, कसैले विचारको घनत्व र व्याख्यालाई, कसैले शिल्प शैलीलाई त कतिले इत्तिवृत्तलाई[20] जोड दिन्छन्। बालकथाको संरचनामा प्रयुक्त स्थूल र सूक्ष्म तत्त्वलाई पनि यसरी विभाजित गरेर हेर्न सकिन्छ-

### २.३.२.१ बालकथाको स्थूल पक्ष

#### (क) कथावस्तु

आधुनिक कथा साहित्यभन्दा बालकथामा कथावस्तुको सर्वाधिक महत्त्व रहेको हुन्छ। बालकथा मूलतः कुनै दृष्टिकोण, धारणा वा सन्देशमूलक हुनाले यसमा समायोजित विषयले बालकलाई तदानुरूप प्रभावित पार्दछ। विशेषतः नकारात्मकभन्दा सकारात्मक निष्कर्षको संवाहक रहेका बालकथाले अन्धविश्वासको खण्डन, नैतिक ज्ञानको परिपूर्ति तथा सत् पक्षको विजयजस्ता विषयहरूलाई प्रमुख कथ्यका रूपमा लिइएको हुन्छ। प्राचीन एवम् आधुनिक विषयवस्तुलाई समयानुकूल परिस्थितिमा ढालेर गरिएको सिर्जना समय सापेक्षित हुन्छ। त्यसकारण कथाको विषय समय सापेक्ष, आकर्षक र उपयोगी हुन्छ।[21] त्यस्ता कथालाई कतिजनाले कतिपटक पढ्छ वा पढ्यो भन्ने कुरा नै त्यसको विषयवस्तुगत सफलता हो। कथामा यो गुण लेखकद्वारा नै उत्पन्न गर्न सकिन्छ। ऊ कस्तो विषयको चयन गर्छ अनि कस्तो प्रकारले त्यसको निर्वाह गर्छन् तथा त्यसलाई कति प्रभावशाली बनाउँछन्।[22]

---

[20] घनश्याम नेपाल, सन् २००५, *आख्यानका कुरा,* दो सं, सिलगढी : एकता बुक हाउस प्रा लि, पृ. ३१

[21] विनयकुमार कसजू, वि सं २०६३, *बालकथा लेखन,* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा लि, पृ. १२

[22] देवसरे, 'हिन्दी', पृ. २५९-६०

**(ख) कथानक**

कथावस्तुको चयनपछि कथानकको चयन बालकथाको अर्को सबैभन्दा महत्त्वपूर्ण तथा चुनौतिपूर्ण तत्त्व हो। कथाका तत्त्वहरूमध्ये कथानक स्थूल तत्त्व हो। यो कथाभरि नै व्याप्त हुन्छ।[२३] कथामा कथानकको अपरिहार्यता रहे पनि बालकथामा उमेरगत हिसाबको कथानकको सिर्जना आवश्यक रहन्छ। सबै उमेरका बालकहरूलाई एकै किसिमको कथानक भएका कथा मनोवैज्ञानिक दृष्टिबाट ग्राह्य हुँदैन। त्यसमा घटनाहरूको क्रमबद्धता महत्त्वपूर्ण पक्ष हुन्छ। घटना दुईभन्दा बढी र परस्पर सम्बन्धित हुन आवश्यक हुन्छ। घटना सहज र स्वाभाविक हुनुपर्छ। घटनाहरूको त्यस्तो शृङ्खला निर्माण गर्ने प्रक्रिया नै कथानक गठनको प्रक्रिया हो।[२४] कथानक निर्माणका लागि क्रियाव्यापार र द्वन्द्वले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। घटनाहरूको शृङ्खलित रूप यसैद्वारा संचालित हुन्छ। पात्रहरूले गरेका, बोलेका, सोचेका कुराबाट नै क्रियाव्यापार प्रवाहित हुन्छ। त्यसैमा द्वन्द्व वा सङ्घर्ष परिव्याप्त हुन्छ। यी सबैका शृङ्खलित रूपमा कथाको आदि, मध्य र अन्तको संयोजन विद्यमान हुन्छ।

**(ग) कथोपकथन**

कथोपकथनलाई संवाद भनिन्छ।[२५] संवाद पनि बालकथाको अर्को उतिकै महत्त्वपूर्ण तत्त्व हो। कथामा प्रयुक्त घटना र त्यस घटनालाई रोचक बनाउनमा संवादले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। पात्रहरूले कुरा गरेको समयको घटना स्पष्ट हुनाका साथै पात्रहरूको उपस्थिति, तिनीहरूको गतिविधि, विचार तथा अनुभूतिलाई स्पष्ट बनाउनका

---

[२३] लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारी, वि सं २०६९, *नेपाली कथाको इतिहास,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. १३

[२४] नेपाल, 'आख्यानका', पृ. ३२

[२५] गौतम र अधिकारी, 'नेपाली', पृ. १६

लागि पनि संवादको महत्त्व[२६] रहन्छ। संवादहीन बालकथा बालकहरूमा त्यति प्रभावकारी बन्दैन। बालकथामा वर्णानात्मक शैलीको साटो छोटो, छरितो, स्वाभाविक र स्थितिअनुकूलका संवाद धेरै रोचक र प्रभावकारी हुन्छ। यसले कथावस्तुलाई अघि बढाउनु र पात्रको चरित्र चित्रण गर्नामा सहयोग गर्दछ। कठिन र बोल्न असजिलो तथा अप्रचलित शब्दले संवादमा प्रतिकूल स्थितिको सिर्जना गर्छ।[२७]

**(घ) पात्र**

बालकथाको अर्को आवश्यक तत्त्वमध्ये पात्र एक हो, जो बाल पाठकका लागि विशेष भूमिकामा रहेको हुन्छ। कथामा सहभागिता जनाउन आउने व्यक्तिलाई नै पात्र वा सहभागी भनिन्छ र यो चरित्रका रूपमा आएको हुन्छ।[२८] यथार्थ वा काल्पनिक घटनामा आधारित भए तापनि बालकथामा पात्र अनिवार्य तत्त्व मानिन्छ। अतः जुन तत्त्वका माध्यमद्वारा घटनाहरू हुन्छन् र विकसित बन्दछन् त्यस तत्त्वलाई पात्र भनिएको छ।[२९] बालकथामा पात्र मानव र मानवेतर दुवै किसिमको हुन्छ। आधुनिक बालकथामा पात्र स्वाभाविक, परिचित र वास्तविक जगत्मा विद्यमान रहेको हुनालाई महत्त्व दिइन्छ, जुन पात्रमाथि पाठकको सहानुभूति पनि होस्। उसका समस्या पाठकलाई आफ्नै समस्याजस्तो लागोस् र समस्या समाधान गर्न मन लागोस्।[३०] ती पात्रहरूको चरित्र उसको क्रियाकलाप, वार्तालाप र लेखकीय कथन वा व्याख्याद्वारा निर्देशित हुन्छ। सम्भवतः बालकथामा परिमित पात्र अपेक्षित हुन्छ।

---

[२६] कसजू, 'बालकथा', पृ. १४

[२७] अचुतशरण अर्याल, वि सं २०५८, *नेपाली बालसाहित्यको अध्ययन*, विद्यावारिधि शोधप्रबन्ध, काठमाडौं : त्रिभुवन विश्वविद्यालय, पृ. ४२-४३

[२८] गौतम र अधिकारी, 'नेपाली', पृ. १४

[२९] नेपाल, 'आख्यानका', पृ. ५१

[३०] कसजू, 'बालकथा', पृ. २१

**(ङ) उद्देश्य**

कुनै पनि साहित्यिक सिर्जना कुनै निश्चित प्रयोजन वा उद्देश्य केन्द्रित हुन्छ। बालकथाको सन्दर्भमा अझ यसको प्रयोजन धेरै महत्त्वपूर्ण देखिन्छ। पाश्चात्य बालसाहित्यमा विद्वान्हरू बालकथाको सिर्जनात्मक उद्देश्य बालकलाई केवल मनोरञ्जनको रसानुभूति गर्नुसम्म मात्र हो भन्ने तर्क राख्छन्। पूर्वीय विद्वान्हरू मनोरञ्जनका साथै नैतिक शिक्षा र ज्ञान सञ्चार गर्नातिर अभिप्रेरित देखिन्छन्। यस दृष्टिकोणका आधारमा यी दुवै क्षेत्रका बालकथाको उद्देश्यमा निश्चित असमानता रहेको प्रस्ट देखिन्छ, तरै पनि मनोरञ्जन, शिक्षा, आनन्द, लोककल्याण र यथार्थको प्रकटीकरणजस्ता पक्षलाई कथा सिर्जनाको प्रमुख उद्देश्य मानिन्छ।[३१] बालकथाको मुख्य भूमिका बालकलाई मार्गनिर्देशन गर्न, ज्ञान-बुद्धिको विकास-बिस्तार गर्न तथा सत्-असत् विचारको समर्थन-खण्डन गर्नामा निहित हुन्छ। यही पक्ष नै बालकथाको कालजयी पक्ष हो। बाल्यावस्थामा दिएको यही संस्कारले बालकको सम्पूर्ण जीवनक्रमलाई प्रभावित गर्दछ।

**(च) भाषाशैली**

कुनै पनि व्यक्तिको भाव वा विचारलाई व्यक्त गर्ने माध्यम भाषा हो। भाषालाई अभिव्यक्ति गर्ने विभिन्न ढङ्ग र तरिका शैली हो।[३२] यस आधारमा बालकथामा भाषाशैलीको एक छुट्टै गरिमा रहेको हुन्छ। सामान्यतः बालकथामा भाषाको प्रयोगमा सजीवता र स्वाभाविकता हुनु नितान्त आवश्यक देखिन्छ। शब्द र वाक्यको छनोटमा विभिन्नता देखिए तापनि मूलतः बालकथाको भाषा बुनोट छोटो-छरितो हुन वाञ्छनीय देखिन्छ। लामा-लामा वाक्यको प्रयोगभन्दा छोटा, चुट्किला तथा रसयुक्त भाषिक प्रयोग (उखानको पनि प्रयोग)-ले बालकथा रोचक एवम् प्रभावकारी बन्छ। यसका साथै

---

[३१] गौतम र अधिकारी, 'नेपाली', पृ. १७

[३२] बगाले, 'नेपाली', पृ. १८

बालकथाको सिर्जनामा बाल उमेरको ज्ञान हुनु आवश्यक हुन्छ। सरलता, सरसता, सुस्पष्टता वाक्यको प्रयोगमा लेखिएका बालकथा बालकका लागि ग्राह्य हुँदछ। शैलीका आधारमा बालकथामा संवाद शैली, आत्मकथात्मक शैली र प्रश्नोत्तर शैलीको प्रयोग उपयोगी मानिन्छ।[३३] यस्ता शैलीको विकास प्राचीन कालदेखि आजपर्यन्त भइरहेको छ।

### २.३.२.२ बालकथाको सूक्ष्म तत्त्व

बालकथाको सूक्ष्म तत्त्वलाई पनि विभिन्न भागमा वर्गीकरण गर्न सकिन्छ। यसमा निम्नलिखित तत्त्वहरू समाविष्ट हुन आउँछन्-

**(क) मनोरञ्जन**

बालकथाको सूक्ष्म तत्त्वमध्ये 'मनोरञ्जन' एक मुख्य तत्त्व हो। माथि भनिएअनुसार पाश्चात्य बालकथाको उद्देश्य पूर्णतः मनोरञ्जनसित र पूर्वीय बालकथाको उद्देश्य नैतिक शिक्षा र मनोरञ्जनसित सम्बन्धित छ। वस्तुतः मनोरञ्जन दुवै साहित्यक्षेत्रमा अपरिहार्य तत्त्वका रूपमा स्वीकृत छ। सोझो अर्थमा बालकथाको सफलता मनोरञ्जनबाट निर्दिष्ट हुँदछ। बालकथाको सिर्जनामा मनोरञ्जनात्मक पक्षको जति बढी प्रयोग गरिएको हुन्छ, त्यो कथा त्यति नै सफल मानिन्छ। बोझिलो, नैतिक शिक्षा दिने किसिमको बालकथाभन्दा रोचक, आनन्द र मनोरञ्जन प्रदान गर्ने बालकथा धेरै प्रभावकारी हुन्छ। यस सन्दर्भमा राजकिशोर सिंह लेख्छन्- कथा यति रोचक होस् कि बालक त्यसलाई सुरुदेखि अन्तसम्म पढेर मात्र छाडोस् अनि याद पनि राखोस्। यसैमा बालकथाको सार्थकता निहित छ। मनोरञ्जनका लागि कथामा प्रभावकारी प्रारम्भ, पात्र सुहाउँदा नाम र क्रियाव्यापार, सुरुचिपूर्ण भाषिक प्रयोग तथा कौतूकपूर्ण परिवेशको सिर्जना आवश्यक हुन्छ।

[३३] देवसरे, 'हिन्दी', पृ. २६५

**(ख) उत्सुकता**

बालकथाको दोस्रो सूक्ष्म तत्त्व 'उत्सुकता' हो। उत्सुकताबिनाको बालकथा महत्त्वहीन मानिन्छ। यदि कथानकमा रोचकता तथा उत्सुकता वृद्धि गर्ने तत्त्व छैन भने श्रोता बालकको ध्यान केन्द्रित हुँदैन।[३४] अब के होला ? र कस्तो होला ? जस्ता कौतूकपूर्ण घटनाको समायोजन बालकथाको सिर्जनामा महत्त्वपूर्ण हुन्छ। यस्ता कौतूहलताले बालपाठकको ध्यान केन्द्रित भई बस्दछ। विशेष बालकथाको प्रारम्भदेखि नै पात्रमा रहेको समस्या वा द्वन्द्वको माध्यमबाट उत्सुकतालाई बढाएर समाधानतर्फ लगिएको हुन्छ। रहस्यपूर्ण, रोमाञ्चक तथा साहसिक कथाहरू उत्सुकताकै कारणले बढी सम्प्रेषणीय हुन्छ। यदि बाल श्रोता वा पाठकले कथामा आउने घटनाप्रति उत्सुकता प्रकट गर्दैन भने सम्झिनु पर्छ कथा ठिकसँग बनिएको छैन।[३५]

**(ग) ज्ञानसंवर्धन**

प्राचीन भारतीय साहित्यदेखि नै सिर्जनाको प्रयोजन ज्ञानात्मकतासित सम्बन्धित छ। यसकारण बालकथाको सिर्जनात्मक उद्देश्य पनि बालकलाई ज्ञान प्रदान गर्नुसित सम्बन्धित छ। पौराणिक, धार्मिक, ऐतिहासिक धर्मग्रन्थहरूमा आधारित कथाहरूले बालकमा नैतिक ज्ञान, आदर्शवादी विचार तथा ती कथामा प्रतिविम्बित घटना तथा चरित्र विषयका ज्ञान दिनमा महत्त्वपूर्ण भूमिका ओगटेको छ। बालकको सुषुप्त अवस्थामा रहेको ज्ञानशक्ति, अनन्त सम्भावना तथा जिज्ञासालाई जागृत गर्नामा यस्ता कथाहरू अमूल्य मानिन्छन्। आधुनिक कालमा लेखिँदै आएका नवीनतम विषयवस्तुका कथाहरूले बालकलाई विश्व परिवेशको सूचना तथा ज्ञान दिइरहेको छ। यसका साथै सामाजिक परिवेशका सामान्य घटनादेखि विज्ञानको उन्नति-अवनति, परिवर्तित जीवनमूल्य,

---

[३४] देवसरे, 'बालसाहित्य', पृ. ४६

[३५] देवसरे, 'हिन्दी', पृ. २५९

पर्यावरणजस्ता विषयहरूप्रति सचेतता प्रदान गर्दछ। वस्तुतः बालकथाले आज मनोरञ्जन तथा नैतिक शिक्षालाई मात्र आफ्नो परिमित क्षेत्र बनाएको छैन। समय सापेक्ष जीवनमूल्यको चित्रण; खास गरेर बालकहरूको परिचित परिवेश र अनुकूल परिस्थितिको चित्रण आजका बालकथाको आग्रह रहेको छ। ती विषयसँग सम्बन्धित विश्वजनीन कुराहरूप्रति ज्ञानको दिग्दर्शन गराउन बालकथाको अनिवार्य विषय बनेको छ। आजका बालकहरू अबोध छैनन्, वैज्ञानिक दृष्टिबाट उनीहरू विवेकशील र तर्कशील बनेका छन्। आजका बालकहरू सामान्य ज्ञानले शान्त बन्दैनन्, तर्कपूर्ण तथा वैज्ञानिक तरिकाले उनीहरूको जिज्ञासालाई शान्त पार्न नै बालकथाद्वारा सम्भव देखिन्छ।

**(घ) कल्पनासंवर्धन**

बालक स्वभावगत कल्पनाशील प्राणी हुन्। तिनीहरूमा कल्पनाशीलताको अनन्त सम्भावना व्याप्त हुँदछ। त्यही कल्पनाशीलताका कारण तिनीहरू विश्व विचरण गर्दै कुनै कथाको नायक-नायिका जस्तो बन्दछन्, प्रतिकूल पात्रसँग युद्धमा विजय हासिल गर्दछन् इत्यादि।

बालकमा कल्पनाशक्तिको विकास गर्नामा बालकथाको महत्त्वपूर्ण स्थान रहेको हुन्छ। कल्पनाशक्तिको विकासले बालकको प्रतिभा र विलक्षणताको वृद्धि हुन्छ।[३६] यस सन्दर्भमा परीकथालाई मुख्य विषय मानिन्छ। परीकथाले बालकलाई कल्पनाशील हुनामा मद्दत पुऱ्याउँछ भन्ने एकथरीका विद्वान्हरूको विचार छ। समकालीन बालकथामा अर्काथरीका विद्वान्हरूले यसको विरोध गर्दछन्। उनीहरू यसले बालकमा पछि गएर नैराश्यको स्थिति सिर्जना गर्दछ भन्ने मान्दछन्। परीकथाहरू वैज्ञानिक परिकल्पनालाई साकार तुल्याउनमा सहायक सिद्ध हुन्छ[३७] भनेर पहिलो थरीकाले समर्थन गर्दै परीकथाको

---

[३६] सिंह, 'हिन्दी', पृ. १९५
[३७] जैन, 'हिन्दी', पृ. १११

विकसित रूप नै विज्ञानलाई मान्छन्। त्यसरी समर्थन गर्नामा तिनीहरूले यस्ता बालकथाद्वारा बालकमा कल्पनाशक्तिको विकास द्रूत गतिमा हुन्छ भन्ने मान्छन्। बालकमा टाढासम्म विस्तीर्ण संसारलाई देख्ने क्षमता आउँछ। केही नयाँ सोच्न र नयाँ गर्नामा उत्साहित हुन्छ[३८] भन्ने मान्दछन्।

**(ङ) बालमनोविज्ञान**

समसामयिक बालकथामा बालमनोविज्ञान एउटा महत्त्वपूर्ण घटक भएर आएको छ। पारम्परिक बालकथामा बालमनोविज्ञान प्रायः निषेधित नै देखिन्थ्यो। ती लेखन मूलतः मनोरञ्जन, नैतिक शिक्षा र ज्ञान प्रदान गर्नामा सीमित थिए। पात्रहरू प्रायः काल्पनिक संसारका थिए। यथार्थ भए पनि बालकको मनोविज्ञानबाट टाढा थिए, तर समसामयिक बालकथामा बालकको उपस्थिति गराएर उसको मनोविज्ञानलाई केलाउने कथाको अपेक्षा बढ्दै गएको छ। बालपात्रले सोचेका, भोगेका र गरेका कुरा, समस्या र चुनौतिहरू बालपाठकलाई आफ्नै जीवनमा घटित घटनाको समतुल्य देखाउनमा यस्तो कथाको प्रारम्भ भएको देखिन्छ। यस्ता कथाहरूमा मनोविज्ञानको गुढ ग्रन्थिहरूको समावेश आवश्यक छैन, तर बालकका इच्छा-आकाङ्क्षा, ईर्ष्या, घृणा, प्रेम, करूणा, क्रोध, उत्साह आदि भावनाहरूको सजीव व्यञ्जना[३९] भने महत्त्वपूर्ण हुन्छ।

### २.३.३ संरचनागत आधारमा

आख्यानात्मक संरचना र बालकथाको लेखनगत संरचनात्मक तत्त्वमा शब्दगत भिन्नता नदेखिए तापनि प्रस्तुति, भाषा र शैलीको आधारमा स्पष्ट भिन्नता रहेको पाइन्छ। बालकथामा विषयवस्तुलाई सरल ढङ्गमा, सरस भाषाको प्रयोग र प्रभावोत्पादक शैलीबाट प्रस्तुत गरिएको हुन्छ। राजकिशोर सिंह लेख्छन्- बालकलाई यस्ता कथाहरूले नै बाँधी

---

[३८] सिंह, 'हिन्दी', पृ. १९५

[३९] सिंह, 'हिन्दी', पृ. १९५

राख्दछ, जसमा घटनाहरू क्रमबद्ध होस्, अनावश्यक बिस्तार नहोस्, आदि, मध्य र अन्तमा सन्तुलन होस् तथा कौतूहल निरन्तर विद्यमान होस्।[४०] महादेव अवस्थीले लमाइको आयामका दृष्टिले लघुतम, मानक लघु, लामा र निकै लामा गरी चार थरीका[४१] बालकथाको वर्गीकरण गरेका छन्। आयामका दृष्टिले जे-जस्ता भए तापनि संरचनात्मक आकारमा छोटो हुनु बालकथाको मुख्य विशेषता मानिन्छ।

### २.३.४ विशेषताका आधारमा

बालकथाको विशेषता यस्तो र यति नै हो भन्न पनि यसको स्वरूप निर्धारण गर्न जतिकै कठिन छ। मनोरञ्जन, कौतूहल, भाषिक सरलता तथा कथामा अन्तर्निहित सद्विचार तथा ज्ञान बालसाहित्यको आधारभूत आवश्यकताहरू हुन्।[४२] बालकथाका सिर्जनामा बालसाहित्यको यी आधारभूत तत्त्वहरूको भूमिका पनि संश्लिष्ट हुन्छन्। आजका बालक नै भविष्यका कर्णधार हुन् भन्ने पारम्परिक मान्यताको पोषणमा बालकथाको औचित्य महत्त्वपूर्ण रहेको छ। बालकथाको प्राचीनताले यसै कुरोको पुष्टि गर्दै आएको छ। बालकहरूलाई मनोरञ्जन गराउनका साथै नैतिक शिक्षा एवम् ज्ञानको अभिवृद्धि गराउने पूर्वीय साहित्यको जुन परम्परा छ, त्यसैमा सर्जकहरू आजपर्यन्त लागि परेका छन्। पौराणिक, धार्मिक, ऐतिहासिक तथा बौद्ध जातक कथाहरूको पुनर्लेखन पूर्णतः ती परम्परासित जडित छ। आधुनिककालीन बालकथा समसामयिक विषयवस्तु, अझ बालकको जीवन र मनोविज्ञानसित तादात्म्य स्थापित गर्नातिर अग्रसरित रहेकाले प्राचीन र आधुनिककालीन बालकथाको स्वरूप र विशेषतामा नवीनता थपिएको छ। यी दुवै प्राचीन र आधुनिक बालकथाको स्वरूपका आधारमा यसका मुख्य विशेषताहरूलाई निम्नप्रकारले हेर्न सकिन्छ-

---

[४०] सिंह. 'हिन्दी', पृ. १९३
[४१] अवस्थी, 'बालसाहित्यका', पृ. १२
[४२] जैन, 'हिन्दी', पृ. १११

**(क) मनोरञ्जनात्मकता**

बालकथाको सबैभन्दा प्रमुख विशेषता भनेको नै 'मनोरञ्जनात्मकता' हो। पूर्वीय तथा पाश्चात्य बालकथाको सर्वप्रमुख उद्देश्य नै बालकलाई मनोरञ्जन प्रदान गर्नु हो। कथा पढेर वा सुनेर बालक जति मनोरञ्जन प्राप्त गर्दछ, त्यति धेरै अन्य कुनै साहित्यिक विधाबाट प्राप्त गर्न सक्तैन। बालकथाबाट उसले धेरै मनोरञ्जनको अपेक्षा राख्दछ। उनीहरूलाई कथा पढ्दा-पढ्दै पट्यार लागे कथा पढ्दैन। अतः बालकलाई मनोरञ्जन दिनका लागि कथामा घटनाको प्रधानता, तथ्यपरकता, स्वाभाविकता, अनुकूल पात्र र पात्र सुहाउँदो नाम, वेशभूषा र क्रियाव्यापार तथा सजीव परिवेशको रोचक प्रस्तुतिको भूमिका महत्त्वपूर्ण हुन्छ।

**(ख) सन्देश/उपदेश सूत्र**

मनोरञ्जनकै उद्देश्यमा केन्द्रित भए तापनि बालकथा कुनै न कुनै रूपमा एउटा सन्देशको संवाहक बनेको हुन्छ। अझ पूर्वीय बालकथाले त सोझो नैतिक चेतनातर्फ नै इङ्गित गरिरहेको कुरा प्रष्ट देखिन्छ। पाठले बोकेको वा दिन खोजेको सन्देश वा उपदेशमा नै बालकको भावी जीवन रैखिक ढाँचामा अघि बढ्दछ। बालकथामा निहित आदर्श बन्नुपर्छ, ठुलालाई सम्मान गर्नुपर्छ, सानालाई प्रेम गर्नुपर्छ, दीन दुःखीलाई माया गर्नुपर्छ र यसो गरे उस्तो फल पाइन्छ इत्यादि कुराहरू नै प्रत्यक्ष-परोक्ष रूपमा सन्देशका रूपमा प्रकटित हुन्छ। यसले बालकलाई भविष्यमा आदर्शवान् तथा सच्चरित्रवान् बन्नमा सूत्रकै काम गरिरहेको हुन्छ। अतः बालकको चारित्रिक विकास गराउनु बालकथाको अर्को मुख्य विशेषता हो।

**(ग) ज्ञानको अभिवृद्धि**

ज्ञानात्मकता बालकको बौद्धिक विकाससित सम्बन्धित हुन्छ अर्थात् बालकथाको एउटा विशेषताको रूपमा यसले बालकको चारित्रिक विकासका साथै बौद्धिक विकासमा महत्त्वपूर्ण स्थान ओगटेको हुन्छ। मूलतः बालकथाले बालकलाई बाह्य र आन्तरिक दुई पक्षबाट ज्ञान सञ्चार गर्दछ। बाह्य पक्षअन्तर्गत चराचर प्राणी जगत्देखि ज्ञान-विज्ञानका सम्पूर्ण कुराहरू आउँदछन्। आन्तरिक पक्षअन्तर्गत कथामा अन्तर्निहित व्यावहारिक तथा भाषाज्ञानका कुरा आउँदछ। कथामा व्याप्त यी दुवै पक्षले बालकमा ज्ञानात्मकताको अभिवृद्धि गर्दछ।

**(घ) वास्तविकताको प्रस्तुति**

यो विशेषतः आधुनिककालीन बालकथासित सम्बन्धित छ। प्राचीनकालीन बालकथा यस विशेषताबाट प्रायः विमुख थिए। आधुनिक कालमा आइपुगेर मात्रै बालकथा बालजीवन केन्द्रित भएको हो। बालकको वास्तविक जीवनसित घुलमिल हुन थालेको हो। आधुनिककालीन बालकथाको सबैभन्दा मुख्य विशेषता भनेकै बालजीवनको वास्तविकताको उद्घाटन हो, जसमा सम्पूर्ण घटनाचक्र बालकलाई केन्द्रबिन्दु बनाएर अग्रसरित हुन्छ।[४३] वस्तुतः कथामा चित्रित बालपात्रद्वारा अनुभूत गरिएका अभिव्यक्तिहरू स्वयम् बालपाठकले अनुभूत गर्न सक्छन् भन्ने मनोवैज्ञानिक दृष्टिमा आजका बालकथाहरू लेखिँदैछन्। तसर्थ कथामा पात्र तथा परिवेश सुपरिचित राखिँदैछ, जसले पात्रको मनोविज्ञान पक्षलाई बढी प्राथमिकता दिइएको पाइन्छ।

[४३] श्रीप्रसाद, 'हिन्दी', पृ. २११

### २.३.५ उमेरसमूहका आधारमा

उमेरगत आधारमा बालकथालाई विभाजन गर्न अघि बालकको वयसीमा निर्धारण गर्नु प्रासाङ्गिक ठहर्दछ। वय सीमाका आधारमा बालकलाई साधारणतः शिशु, बाल र किशोर अवस्थाको सीमाभित्र समाविष्ट गरिन्छ। यी तिन अवस्थाभित्र कैथरीन डनलपले रिदमिक पिरियड (लयपूर्ण अवस्था), इम्याजेनेटिभ पिरियड (काल्पनिक अवस्था), हिरोइक पिरियड (साहसिक अवस्था) र रोमान्टिक पिरियड (स्वच्छन्दात्मक अवस्था)[४४] र ती पिरियड अथवा अवस्थाअनुसार उनले बालकथाको वर्गीकरण गर्ने कार्य गरेकी छन्। कैथरीनको वर्गीकरणअनुसार रिदमिक पिरियडले शिशुअवस्था (जन्मदेखि ३ वर्षसम्म), इम्याजेनेटिभ र हिरोइक पिरियडले बाल्यावस्था (५ देखि ८ र ९ देखि १२ वर्षसम्म) र रोमान्टिक पिरियडले किशोरावस्था (१२ देखि १८ वर्षसम्म)-को अवस्था र ती अवस्थामा रहेका बालकहरूको रुचि तथा मानसिकतालाई प्रतिनिधित्व गर्दछ। मनोवैज्ञानिक दृष्टिले शिशुअवस्थामा कथाको औचित्य उति नदेखिएकाले बाल्यावस्थाका दुई वर्ग (५ देखि ८ र ९ देखि १२ वर्षसम्म)-का बालकहरूमा पहिलो वर्गकालाई प्राणी जगत्सम्बन्धी काल्पनिक कथाहरू रुचिकर हुँदछन् भने दोस्रो वर्गकालाई मानव जगत्का सत्यमा आधारित साहसिक बालकेन्द्रित कथाहरू धेरै ग्राह्य हुँदछन्। त्यसरी नै किशोरावस्थाका वा रोमान्टिक पिरियडका बालकहरूलाई समस्यामूलक, प्रेम-प्रणयमूलक तथा भावनात्मक किसिमका कथाहरू रुचिकर बन्दछन्। यसैको आधारमा बालकथाको सिर्जना गर्नु उपयुक्त हुँदछ।

[४४] क. देवसरे, 'हिन्दी', पृ. २६०
ख. अर्याल, 'नेपाली', पृ. १६

### २.३.६ स्रोतका आधारमा

स्रोतका आधारमा बालकथालाई परम्परागत र आधुनिक गरी दुई भागमा विभाजित गरेर हेर्न सकिन्छ। मूलतः पौराणिक, लोकाश्रित तथा धार्मिक ग्रन्थहरूमा अन्तर्निहित कथाहरू परम्परागत बालकथाअन्तर्गत पर्दछन्। वस्तुतः परम्परागत बालकथाको विषयवस्तु धार्मिक, पौराणिक, ऐतिहासिक तथा लोककथाश्रित रहेका छन्। नैतिकता, उपदेशात्मकता र ज्ञानका पक्षमा जोड दिने किसिमका छन्। अतः एउटै धारा वा प्रवाहमा संरचित छन्। आधुनिक बालकथा भने समसामयिक विषयवस्तुसित सम्बन्धित हुन्छ। यसले मनोरञ्जनका साथ विज्ञान पक्षलाई अपनाएको हुन्छ। नयाँ शिल्प, शैली, संरचनात्मक घटक तथा बालमनोविज्ञानलाई मूल रूपमा समेटेको हुन्छ। आधुनिक बालकथामा बालकको मनोविज्ञान तथा व्यवहारलाई मुख्य रूपमा लिइएको हुन्छ। यस सन्दर्भमा हरिकृष्ण देवसरेको भनाई छ- मनोवैज्ञानिक तथा व्यावहारिक पृष्ठभूमिमा हामीलाई यस्तो कथा चाहिन्छ, जो आजको धरातलमा आजको बालपात्रलाई लिएर उसको स्वास्थ्य एवम् सुखी जीवन निर्माणको लागि रचिएको होस्। यति सरल होस् कि बालकलाई सुगमता ग्राह्य होस् तथा यति मनोरञ्जक होस् कि राक्षस अनि जादूगरहरूको कथालाई भूल्न सकोस् अनि उसको दैनिक जीवनमा सामञ्जस्य स्थापित गर्न सकोस्।[४५]

## २.४ बालक र बालपरिवेश

### २.४.१ बालकको अर्थ

'बालक' तत्सम शब्द हो। *नेपाली बृहत शब्दकोश*[४६]अनुसार बालक भन्नाले (क) केटाकेटी, बालक, नानी, शिशु, बालख, (ख) छोरो, पुत्र, (ग) नासमझ व्यक्ति भन्ने

---

[४५] देवसरे, 'बालसाहित्य', पृ. ३७

[४६] वासुदेव त्रिपाठी (सम्पा.), वि सं २०७२, *नेपाली बृहत् शब्दकोश,* न सं, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. ९०५

बुझिन्छ। *प्रयोगात्मक नेपाली शब्दकोश*[४७]मा पनि बालक शब्दको अर्थ (क) सानो बच्चो, शिशु, (ख) मानिसको पुरुष शिशु, (ग) कम उमेरको, कलिलो, केटाकेटी, (घ) अनजान, नासमझ, अबोध बालक भनेर दिइएको छ। शब्दकोशीय अर्थअनुसार बालक भन्नाले कलिलो, कोमल तथा अबोध पुरुष शिशु अथवा स्त्री शिशु दुवैलाई बुझाइएको पाइन्छ। अझ नेपाली समाजमा 'बाल' र 'बाला'जस्ता शब्दहरू पनि प्रचलनमा रहेका छन्। यी शब्दहरूले भने स्पष्ट रूपमा बालबालिकाको लैङ्गिक भेदतर्फ इङ्गित गरेको पाइन्छ।

### २.४.२ बालकको परिचय

सामान्यतः लैङ्गिक आधारमा बालक र बालिका शब्दले सामाजिक स्थितिमा पुलिङ्ग र स्त्री लिङ्गीय व्यक्ति विशेषको अर्थ द्योतन गर्दछ। बालमनोविज्ञानले प्रवृत्तिगत तथा विशेषतागत आधारमा बालक र बालिकामाझ केही पृथक्ता रहेको हुन्छ भन्ने निष्कर्ष निकाल्दछ। जीवविज्ञानले पनि शारीरिक संरचनागत आधारमा यी दुईमाझ केही नैसर्गिक फरकपन रहेको मान्दछ, तथापि प्रस्तावित शोधकार्यमा भने बालक शब्दले कुनै लैङ्गिक पृथक्तालाई आधार मानेको छैन। दुवै लिङ्गीय व्यक्तित्वलाई बालक शब्दले समानुपातिक रूपमा परिचित गराएको छ।

वर्डस्वर्थले आफ्नो 'माई हार्टस् लिप्स् अप' (सन् १८०२) शीर्षक कवितामा बालकलाई पुरुषहरूको पिता हो भनेका छन्।[४८] आधुनिक युगमा बालकलाई अधिक महत्त्व दिन थालेपछि बालकप्रतिको व्यवहार र अवधारणामा धेरै परिवर्तन आउन थाले। यस सन्दर्भमा गिजुभाई बधेकाको भनाई प्रासाङ्गिक हुन आउँछ- जब बालक बालक नरहेर मान्छे बन्दछ त्यस समय नै ऊ कुरूप बन्दछ। कुरूप मान्छेको अर्थ नै हुन्छ

---

[४७] हेमङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, वि सं २०६६, *प्रयोगात्मक नेपाली शब्दकोश*, तृ सं, काठमाडौं : विद्यार्थी प्रकाशन, पृ. ७१५

[४८] निलञ्जना र रिमी बी च्याटर्जी, सन् २००९, *रिडिङ चिल्ड्रेन*, नई दिल्ली : ओरियन्ट ब्लाकस्वन प्रा लि, पृ. ०१

कुरूप बालक।[४९] बालक र वयस्क मान्छेमाझको पृथक्तालाई यस भनाइले गम्भीर तरिकाले प्रस्तुत गर्दछ। बालकको वास्तविक परिचय नै उसको कोमलता, स्वतन्त्रता, अबोध आदि जस्ता नैसर्गिक पक्षहरूमा चिन्हित छ। अझ, यसभन्दा अपार अनुभूतिमा बालकको परिचय व्याप्त रहेको हुन्छ। बधेका पुनः लेख्छन्- बालकले त पलपल जीवनशास्त्र अनि मानवशास्त्र सिद्धान्तलाई व्यक्त गरिरहन्छ।[५०]

### २.४.३ बालपरिवेशको परिचय

'बाल' र 'परिवेश' शब्दको मेलबाट 'बालपरिवेश' शब्दको निर्माण भएको छ। 'बाल' शब्दले बालबालिका र 'परिवेश'ले वरिपरिका वातावरण र परिस्थिति[५१] भन्ने अर्थ बुझाउँछ। अतः बालपरिवेशले बालकको जीवन वरिपरिका वातावरण र परिस्थिति भन्ने अर्थ दिन्छ। बालक के-कस्तो वातावरणमा जन्मिएको छ ?, हुर्किएको छ ? तथा त्यसमा अनुकूल-प्रतिकूल के-कस्तो परिस्थितिको सिर्जना भएको छ ? अथवा त्यसबाट कसरी प्रभावित भएको छ ? भन्ने प्रश्नहरू नै बालपरिवेशले अभिव्यञ्जित गर्दछ। अझ, बालकका कार्यव्यापार, व्यवहार, मानसिक प्रभावहरूको समुच्चय रूप नै बालपरिवेश हो भन्न सकिन्छ। आख्यानमा भने परिवेशले इत्तिवृत्तको क्रम र प्रकृतिलाई परिभाषित गर्ने तथा पात्रका बाह्याचरण एवम् बाह्यपरिवेशलाई विशिष्टता प्रदान गर्ने प्रकृति, मानवीय सम्बन्ध एवम् सामाजिक-आर्थिक पृष्ठभूमि आदि भन्ने बुझाउँछ।[५२]

### २.४.४ बालपरिवेशको वर्गीकरण

परिवेशलाई मुख्यतः दुईवटा पक्षमा विभाजित गरी हेर्न सकिन्छ- आन्तरिक र बाह्य। प्राणीको शरीरभित्र जुन शक्तिले काम गर्छ त्यो उसको 'आन्तरिक परिवेश' हो अनि जुन

---

[४९] गिजुभाइ बधेका, सन् २००२, *बाल जगतकी उषा,* दिल्ली : आस्था प्रकाशन, पृ. ५४

[५०] बधेका, 'बाल', पृ. ५८

[५१] अधिकारी र भट्टराई, 'प्रयोगात्मक', पृ. ५९४

[५२] नेपाल, 'आख्यान', पृ. ९३-९४

शक्तिहरूको दबाव (जसलाई विज्ञानीय भाषामा उत्तेजना भनिन्छ) प्राणीमा बाह्य जगत्‌बाट हुन्छ त्यो उसको 'बाह्य परिवेश' हो।[५३] यसैको आधारमा बालपरिवेशलाई पनि मुख्यतः दुई भागमा विभाजन गर्न सकिन्छ- (१) आन्तरिक बालपरिवेश र (२) बाह्य बालपरिवेश।

आन्तरिक बालपरिवेश बालकको अन्तर्मन अथवा अन्तर्लोकको चित्रण पक्षसँग सम्बन्धित हुन्छ भने बाह्य बालपरिवेश उसका पारिवारिक, सामाजिक तथा आर्थिक पक्षसँग सम्बन्धित रहेको हुन्छ। अतएव, आन्तरिक बालपरिवेशमा बालकको मूल स्वभावमा देखा पर्ने प्रेम, घृणा, क्रोध, भय, ईर्ष्या, हर्ष, दुःख आदि संवेगहरू तथा अनुकरण, उत्सुकता, निर्देश आदि प्रवृत्तिहरू आउँछन्। बाह्य बालपरिवेशअन्तर्गत उसका पारिवारिक, सामाजिक तथा आर्थिक स्थिति आउँछ।

### २.४.४.१ आन्तरिक बालपरिवेश

आन्तरिक बालपरिवेशलाई यहाँ बालकको प्रवृत्तिगत आधारबाट नभएर स्वभावगत आधारबाट चिनाउने प्रयास गरिएको छ। प्रवृत्तिगत आधारका कुरा पछिल्लो उपशीर्षकमा गरिने छ। बाल मनोवैज्ञानिकहरूले बालकमा प्रायः सातवटा प्रेम, घृणा, क्रोध, भय, ईर्ष्या, हर्ष र दुःख संवेगहरूलाई मूल रूपमा राखेर हेरेका छन्। वाट्सनले प्रेम, क्रोध र भय तिनवटा संवेगलाई मात्र मूल संवेग मानेका छन्। फ्रायडले यी संवेगहरूका चर्चा विभिन्न स्थितिलाई आधार गरी हेरेका छन्।

सहज क्रिया बालकको जन्मजात प्रकृति हो। नैसर्गिक आदत तथा मूल प्रवृत्तिहरू पनि बालकको जन्मसँगै उसको साथमा आएका हुन्छन्। त्यसरी नै विभिन्न संवेगको छाप पनि उसको व्यक्तित्व निर्माणमा अघिदेखि नै परेको हुन्छ। यसै मूल प्रवृत्ति अनि नैसर्गिक

[५३] मधुकर, सन् १९५४, *नवीन मनोविज्ञान*, पृ. ०३

आदतहरूमा परिवर्तन आउँदै बालकको जीवनको विकास हुँदै जान्छ।[५४] यहाँ, बालकको आन्तरिक परिवेशमा मुख्य भूमिकामा आउने ती संवेगहरूको चर्चा गरिने छ, जसले उसको अन्तर्मन तथा अन्तर्लोकको भावनात्मक पक्षहरूको उद्घाटन गर्दछ र उसको स्वभावगत परिचयको द्योतन गर्दछ। आन्तरिक बालपरिवेशका विभिन्न संवेगहरूलाई निम्न रूपमा हेर्न सकिन्छ-

**(क) प्रेम**

'प्रेम' बालकमा पाइने पहिलो र मूल संवेग मानिन्छ। बालकमा प्रेमको भावना जन्म भएको केही दिनपछि अङ्कुरित हुन थाल्छ। शारीरिक तथा मानसिक रूपले यस अवस्थामा बालकहरू अत्यन्त असहाय रहन्छन्। आफ्नो पूर्ण हेरचाहका निम्ति ऊ पूर्णतः अरू व्यक्तिप्रति निर्भर रहेको हुन्छ। यस अवस्थामा जसको रक्षा तथा प्रेमपूर्ण व्यवहार तथा सहयोग उसले प्राप्त गर्दछ, उसप्रति नै बालकको प्रेमको भावना जागृत हुन्छ। यस प्रकारको प्रेमपूर्ण व्यवहार र रक्षात्मक सहयोगको भावना प्रदर्शित गर्नेहरूमा सर्वप्रथम उसका आमा-बाबाको स्थान हुन्छ। यसकारण सबैभन्दा पहिला बालकमा आफ्ना आमा-बाबाप्रति नै प्रेम उत्पन्न हुँदछ।[५५] प्रारम्भिक अवस्थामा बालकमा रहेको यस प्रकारको भावना उसको अवस्थासँगसँगै विकसित र परिवर्तित हुँदै जान्छ। परिवारका अन्य सदस्य, वरिपरिका समवयस्क साथी-सङ्गी तथा कुनै वस्तुप्रति पनि उसको प्रेम भावना बढ्दै जान्छ। यही प्रेम भावनाले गर्दा ऊ आफ्ना आमा-बाबाबाट, साथी-सङ्गीबाट वा कुनै निर्जीव वस्तुबाट छुट्टिन मान्दैन। कुनै वैकल्पिक साधन वा वस्तुसित उसले सहजै सम्झौता गर्न सक्दैन। यसकारण बालकको अन्तर्मनमा उत्पन्न भएका यस्ता प्रेम भावनालाई कुनै शर्तबिना सुल्झाउनु अभिभावकीय संरक्षण तथा उत्तरदायित्वका कुरा

[५४] लालजी राम शुक्ल, सन् २००३, *बालमनोविज्ञान*, काशी : नागरी प्रचारिणी सभा, पृ. ०५
[५५] जगदानन्द पाण्डेय, सन् १९५६, *बालमनोविज्ञान*, पृ. ९०

ठहर्दछ, किनभने जुन बालकको प्रेम आफ्ना आमा-बाबुसम्म मात्र सीमित रहन्छ, उसले अरूलाई प्रेम गर्न जान्दैन, परिणामस्वरूप ऊ असामाजिक बन्दछ।[५६]

लैङ्गिक आधारबाट पनि बालकको प्रेमलाई महत्त्वपूर्ण मानिन्छ। कुनै पनि बालकलाई प्रेम समलिङ्गीसँग मात्र नभएर विषमलिङ्गी बालकसँग पनि गर्न अभिभावकहरूले सिकाउनु पर्ने मनोवैज्ञानिकहरू ठान्छन्। यसैलाई फ्रायडले यौन मनोविकासको सिद्धान्तबाट प्रस्तुत गरेका छन्।

**(ख) घृणा**

घृणाको भाव बालकमा प्रेमसँगसँगै गाँसिएर बसेको हुन्छ, किनभने प्रेमको प्रतिकूल स्थितिमा घृणा रहेको हुन्छ भन्ने मनोवैज्ञानिकहरूको भनाई छ। 'घृणा' मूल प्रवृत्ति विकर्षणसँग सम्बन्धित हुन्छ। बालकमा घृणाको भाव जन्मजात स्वभावको रूपमा आएको पाइए तापनि यसको प्रतिक्रिया विशेष व्यक्ति, वस्तु तथा परिस्थितिमा मात्र गरिन्छ। यो पनि बालकको उमेरसितै परिवर्तित हुँदै जाने कुरा हो। जुन वस्तु वा व्यक्तिप्रति बालकको प्रेम रहेको हुन्छ, त्यसमा कुनै किसिमको नकारात्मक प्रभावको सिर्जना हुँदा घृणा जन्मिन्छ। बालकले कहिलेकाहीँ आफ्ना परिवारका सदस्यहरूमध्ये कसैलाई आफ्नो आदर्श मानेको हुन्छ र त्यस व्यक्तिको कुनै प्रकारको अनैतिक व्यवहार देख्यो भने उसमा प्रेमको साटो तात्क्षणिक घृणाको भाव प्रादुर्भाव हुन्छ। यसैकारण बालकको अघि अभिभावक, शिक्षकहरूले अनैतिक आचरणहरू देखाउनु हुँदैन भन्ने मनोवैज्ञानिकहरूको मान्यता छ। यस्ता अनैतिक व्यवहारले बालकको स्वभावमा गहिरो प्रभाव पर्नाका साथै त्यसले उसको मानसिक स्थितिलाई पनि विचलित गर्छ।

---

[५६] पाण्डेय, 'बालमनोविज्ञान', पृ. ९०

**(ग) क्रोध**

बालकको आन्तरिक परिवेशमा क्रोधको स्थान र भूमिका पनि महत्त्वपूर्ण रहेको हुन्छ। केही मनोवैज्ञानिकहरूले यसलाई मूल संवेग मान्दछन्। यसलाई 'विभत्स'-को नामबाट पनि अभिव्यक्त गरिन्छ।[५७] बालकमा प्रारम्भिक अवस्थादेखि नै क्रोध विद्यमान रहेको हुन्छ। प्रेमजस्तै क्रोधको भावना पनि बालकमा उमेरको विकाससितै वृद्धि हुँदै जान्छ। शिशुअवस्थाभन्दा बाल्यावस्था र बाल्यावस्थाभन्दा किशोरावस्थामा बालकको क्रोधको वस्तु र परिस्थिति बेग्लाबेग्लै हुन जान्छ। मनोवैज्ञानिक जेरसिल्डले ती परिस्थितिहरूको चर्चा गरेका छन्, जसले बालकलाई क्रोधित बनाउँदछ। जस्तै, खेलौनाको निम्ति झगडा हुनामा, मन नपरेका लुगा लगाउनु परेमा, इच्छाअनुसारको कार्य गर्न नपाएमा, इच्छाहरूको पूर्तिमा बाधा पर्न गएमा, मन परेका चिज अरूले खोसी दिएमा, अरू बालकबाट मार-पिट तथा गाली खानु परेमा आदि।[५८] बालक प्रायः त्यस समय क्रुद्ध वा क्रोधित बन्छ, जतिबेला उसको काममा कुनै प्रकारको बाधा वा अड्चन परिस्थिति उत्पन्न हुन्छ।

यस अतिरिक्त शरीर कडा पार्नु, कराउनु, रूनु, भुँइमा लडीबडी गर्नु, मुख फर्काउनु, लुगा-फाटा च्यात्नु, बर्बराउनु, आफैलाई पिट्नु, आँखा रातो पार्नु, थुक सुक्नु, औंठ काँप्नु, शरीर काँप्नु, हृदयको गति बढ्नु जस्ता प्रक्रियाले बालकको क्रोधको भावनालाई अभिव्यक्त गर्दछ। कुनै वस्तु खोसिदिनु, लुगा-फाटा लगाई दिनु, खेलकूद गर्ने स्थान नदिनु, एक्लै छोडिदिनु, इच्छा प्रतिकूल नियमको पालन गर्न लगाउनु इत्यादि क्रियाकलापले बालकलाई क्रोधित बनाउँछ। यसबाहेक अनेकन् कारणहरू पनि हुन्छन्, जसले बालकलाई क्रोधित पार्दछ। क्रोधित बालकले धेरैजसो आफ्नो क्रोध विभिन्न

[५७] पाण्डेय, 'बालमनोविज्ञान', पृ. ९०

[५८] http://hi.vikaspedia.in/InDG, १० दिसम्बर, समय : दिउँसोको २ बजेर ३० मिनटमा

माध्यमबाट प्रदर्शित गर्दछ वा नजिकको सम्बन्धमा रहेको व्यक्तिप्रति पोख्ने गर्दछ।[५९] यसकारण बालकलाई उसको प्रिय वस्तु, रुचिकर व्यवहार तथा इच्छित कार्य गर्नामा बाधा उत्पन्न गर्नु हुँदैन। यदि त्यसबाट बालकलाई कुनै प्रकारको हानि हुने सम्भावना रहेको छ भने पनि त्यसमा वैकल्पिक साधन र वस्तुलाई राखेर उसको ध्यान केन्द्रित गर्नुपर्छ।

**(घ) भय**

'भय' पनि सबै प्राणीमा विद्यमान एक मूल संवेग नै हो। भयको स्थिति मूलतः सुरक्षा भावको निम्ति रहेको हुन्छ। भयको पनि सत्ता क्रोधको जस्तै सबै प्राणीमा स्थायी रूपमा रहेको हुन्छ, यद्यपि भय सबै बालकमा एक समान रूपमा रहँदैन। बालकको उमेरअनुसार भयको कारण र वस्तुस्थितिमा पनि परिवर्तन आउँदै जान्छ। ३ वर्षसम्मका बालकहरू कर्कश स्वर, अपरिचित व्यक्ति, रौंयुक्त (कुकुर-बिरालो) पशु आदिसँग अधिक भयभीत रहन्छन् भने उही बालक ५ वर्षभन्दा माथि अवस्थामा पुग्दा यी वस्तु, प्राणीहरूसँग सम्बन्ध स्थापित गर्न थाल्छन्। बालकमा भयको सिर्जना कहिले र कुन कुन कारणले हुन्छ ? भन्ने कुराको अध्ययनका निम्ति जेरसिल्ड तथा होल्मसले बालकहरूमा गरेको प्रयोगअनुसार बालक साँप, बिच्छु, कुकुर आदि जीवसँग अत्यधिक डराउँछ। त्यसपछि अन्धकारमय कोठा, ऊचाँइ भएको स्थान, अपरिचित व्यक्ति तथा कर्कश शब्दसँग डराउँछ।[६०]

---

[५९] जोन बोल्बी, सन् २०१५, *एटयाच्मेन्ट थ्योरी, सेपरेशन एनजाइटी एन्ड मौर्निङ*, ई बुक, इन्टेरनेशनल साइकोथ्योरापी इन्स्टिटचूट, पृ. २६

[६०] पाण्डेय, 'बालमनोविज्ञान', पृ. ९६

डराउनु बालकपनको एउटा प्राकृतिक चरित्र हो।...डरकै कारण बालकमा लजाउने स्वभावको विकास हुँदै जान्छ।[६१] जब बालकको चञ्चलतालाई कराएर-डराएर रोक्दछौँ तब उसको मनमा हर एक नयाँ वस्तुप्रति एक किसिमको अज्ञात भयको सिर्जना हुन्छ। यसले उसको स्वाभाविक क्रियात्मक प्रवृत्तिहरूमा अवरोध हुन थाल्छ।[६२] भयदेखि बालकलाई टाडा राखेर त्यससँग जुझ्न नदिनुमा विशेष गरेर उसको घर-परिवारका सदस्यहरूकै भूमिका मुख्य रूपमा रहेको हुन्छ, जसको कारणले गर्दा बालकमा हीनताग्रन्थिको विकास हुँदै जान्छ। फलस्वरूप बालकमा नामर्दपन, डरपोकपन तथा बोध्यपन जस्ता अवगुणहरू सिर्जना हुन जान्छ, जसले उसको मनलाई निर्बल बनाउँछ अनि स्वयम्लाई बलहीन बनाउँदछ।[६३]

**(ङ) ईर्ष्या**

बालकको आन्तरिक मनोलोकमा ईर्ष्याको ठुलो स्थान र महत्त्व रहेको हुन्छ। बालकमा जब छिपछिपे ज्ञानको विकास हुन थाल्छ तबदेखि नै उसको आन्तरिक मनमा ईर्ष्यात्मक भाव उत्पन्न हुन्छ। ईर्ष्याको आरम्भ प्रायः २ देखि ५ वर्षको आयुदेखि सुरु हुन्छ।[६४]

'ईर्ष्या' मानसिक जीवनको पहिलो संवेग हो।[६५] मूलतः ईर्ष्या कुनै व्यक्तिप्रतिको क्रोधात्मक स्थितिप्रतिको भावना हो। पारिवारिक तथा सामाजिक स्थितिअनुकूल बालकको अन्तर्लोकमा ईर्ष्याको भाव जन्मिन्छ र प्रायः यो उसको प्रिय वस्तु तथा व्यक्तिप्रति केन्द्रित रहन्छ। व्यक्तिमा पनि विशेष गरेर आफूभन्दा ठुला, जसबाट उसले अधिक सहयोग र सुविधा पाइरहेको हुन्छ उसप्रति अधिक ईर्ष्या गर्छ। यस्तोमा उसले अरूलाई

---

[६१] बारबारा ब्राकले काटर, सन् २००९, *दि सेक्रेट चाइल्हुड,* नई दिल्ली : ओरियन्ट ब्लाकस्वन प्रा लि, पृ. १५

[६२] शुक्ल, 'बालमनोविज्ञान', पृ. ०३

[६३] बधेका, 'बाल', पृ. ३३

[६४] http://hi.vikaspedia.in/InDG, १० दिसम्बर, समय : दिउँसोको २ बजेर ३० मिनटमा

[६५] राम पौडेल, वि सं २०६३, *आधुनिक कथामा बालमनोविज्ञान,* प्रकाशक स्वयम्, पृ. २३०

धेरै माया गरेको सम्झिन्छ। आमा-बाबा वा परिवारका अन्य सदस्यहरूको यस प्रकारको व्यवहारलाई बालक पक्षपात गरेको मानिलिन्छ। आफूभन्दा २ वर्ष साना शिशु जन्मिँदा सिग्मन्ड फ्रायडले यस्तै ईर्ष्याका अनुभव गरेका कुरा उल्लेख गरेका छन्। यसो हुनाको कारण आफूले पाउने माया बाँडिन्छ भन्ने उनको तर्क रहेको छ। कहिलेकाहीँ आफ्ना दिदी-बहिनी, दाजु-भाइमाझमा पनि ईर्ष्या रहेको हुन्छ। बालकहरू प्रायः आफ्नो प्रिय मान्छेको ध्यान आफूतिर आकृष्ट गर्न चाहन्छ। यदि यस्तो स्थितिमा उसको चाहनामा कसैले कुनै प्रकारको अवरोध सिर्जना गर्ने गर्छ भने त्यहीँबाट उसको आन्तरिक हृदयमा ईर्ष्याले ठाउँ ओगट्दै जान्छ।

**(च) हर्ष**

हर्षले प्रसन्न हुनु भन्ने अर्थ दिन्छ। 'हर्ष' तथा 'प्रसन्नता' हाँस्नुसित सम्बन्धित संवेग हो। मानिस किन हाँस्तछ ? र यसको कारण के हो ? भन्ने प्रश्नको उत्तरमा अनेकौं अनुसन्धान र प्रयोगहरू भए, तर यसको खास कारण र प्रवृत्ति यही नै हो भन्ने ठिक पत्तो लागेको छैन। सबैको भनाई छ कि खुशी भएपछि मानिस हाँस्तछ, बस् ! [६६] बालकमा हर्ष तथा प्रसन्नता अभिव्यक्त गर्ने साधन र सीमा फरक फरक हुन्छन्। मुसुमुसु मुस्कुराउनु, गलल हाँस्नु, थप्पडी बजाउनु, इत्रिनु आदि क्रियाहरूबाट बालकले हर्ष अभिव्यक्त गर्दछ। साना बालकको मन जब हर्षित हुन्छ प्रायः शारीरिक भावभङ्गीबाट उसले त्यसको प्रदर्शन गर्दछ। जब जब बालक बढ्दै जान्छ त्यतिबेला उसको हर्षलाई अभिव्यक्ति गर्ने शैली पनि बदलिँदै जान्छ। त्यस समय उसले शारीरिक चेष्टाभन्दा खुल्ला हाँसोबाट हर्ष अभिव्यक्त गर्छ वा साथी-सङ्गीलाई धाप मार्छ, अङ्गालो मार्छ। अरूलाई जिस्क्याउनु पाउँदा, होच्याएर बोल्नु पाउँदा तथा कुनै कुरामा अरूभन्दा आफूलाई अब्बल एवम् श्रेष्ठतम रूपमा पाउँदा बालकको हृदयमा हर्षको भाव सञ्चार हुन्छ। ब्रेकनराइड्ज अनि

[६६] दीर्घमान श्रेष्ठ र हरिप्रसाद अर्जेल, वि सं २०२६, *बालमनोविज्ञान,* काठमाडौं : रत्न पुस्तक भण्डार, पृ. ५३

विन्सेटको भनाइअनुसार कुनै पनि चिज जसले उसलाई अरूभन्दा श्रेष्ठ हुने भावना जागृत गर्दछ भने बालक हर्षित हुन्छ।[६७] यसका अतिरिक्त बालक स्वभावगत अन्वेषणात्मक प्रवृत्तिको भएकाले उसले खोजी रहेको कुरामा आफूलाई अधिक मात्रामा सफलता हात लाग्दा उसको आन्तरिक मन प्रफुल्लित बन्दछ र सोही प्रकारको व्यवहार प्रदर्शन पनि गर्दछ।

**(छ) दुःख**

'दुःख' पनि बालकको आन्तरिक परिवेशको एउटा मुख्य संवेग नै हो। स्वाभाविक रूपले बालक प्रायः दुःखी हुँदैन। कोमल तथा चञ्चल प्रवृत्तिको कारण पनि बालक आफ्नो दुःखलाई क्षणमै बिर्सिन्छ। अभिभावक तथा परिवारका अन्य सदस्यहरूले जिस्क्याएर, चलाएर दुःखी पार्ने कार्य गरे पनि ती दुःख क्रोधसँगसँगै मिसिएर पुनः हराउँदै जान्छ र ऊ स्वाभाविक अवस्थामा फर्किएर आउँछ। यसकारणले प्रेम, घृणा, भय, क्रोध, ईर्ष्या तथा हर्षभन्दा दुःखको भाव बालकमा कम नै देखिन्छ, तर कहिलेकाहीँ बालकको जीवनमा भने शोकको गहिरो प्रभाव परेको हुन्छ। धेरै मनोवैज्ञानिकहरूका भनाइअनुसार बालकहरूमा शोकको संवेग त्यतिबेला हुन्छ, जब उसको बाल्यावस्थामा नै आफ्ना आमा-बाबको मृत्यु हुन्छ वा उसलाई अभिभावकदेखि छुट्ट्याइन्छ वा उसको अघि अभिभावकले आत्महत्याको प्रयास गर्छन्। यस अवस्थामा भने बालकमा नराम्रो प्रभाव परेको हुन्छ, जसले उसको भावी जीवनलाई पनि प्रभावित तुल्याइएको हुन्छ। जोन बोल्बीले बालकमा रहने शोक भिन्न भिन्न उमेरमा भिन्न भिन्न प्रकारको क्लासमेटजस्तै हुन्छ र त्यसको प्रतिक्रिया पनि भिन्न भिन्न हुन्छ भनेका छन्।[६८]

---

[६७] http://hi.vikaspedia.in/InDG, १० दिसम्बर, समय : दिउँसोको २ बजेर ३० मिनटमा

[६८] बोल्बी, 'एट्याच्मेन्ट', पृ. ३६

### २.४.४.२ बाह्य परिवेश

पाश्चात्य मनोवैज्ञानिकहरूले वातावरण जनित प्रभाव बालकको जीवनमा हेर्नाका निम्ति थुप्रै प्रकारका प्रयोगात्मक अध्ययनहरू गरिसकेका छन्। यसमा बाह्य परिवेशले बालकको जीवनमा के-कस्ता प्रभावहरू पार्न सक्छन् भन्ने तथ्यको उद्घाटन गरेको पाइन्छ। यस किसिमका प्रयोग तथा अध्ययनको विषयवस्तु तथा पक्षहरू धेरै हुन सक्छन्, तर बाह्य बालपरिवेशका रूपमा यहाँ बालकको जीवनलाई प्रभावित पार्ने पारिवारिक, सामाजिक तथा आर्थिक स्थितिलाई मात्र मूल रूपमा लिइएको छ। बालकको जीवनसँग सम्बन्धित देखिन आउने यी स्थितिहरूलाई नै बालकको बाह्य परिवेशको रूपमा चिनाउने प्रयास गरिएको छ।

**(क) पारिवारिक स्थिति**

बालकको बाह्य परिवेशमा सर्वप्रथम उसको घर-परिवार आउँछ। मनोवैज्ञानिक, शिक्षक अनि समाजशास्त्रीहरूका भनाइअनुसार एउटा बालकको सामाजिक विकासमा घर-परिवारको भूमिका मुख्य रूपमा रहेको हुन्छ। घर-परिवारले नै बालकको व्यक्तित्व विकासमा सहयोग पुऱ्याउँछ। जोन बोल्बीको संलग्नताको सिद्धान्तले परिवारको यसै भूमिकामाथि प्रकाश पार्दछ। उनको यस सिद्धान्तको मूल विषय नै परिवारको भूमिकालाई प्रकाश पार्नु हो। परिवारका सदस्य र अपरिचित व्यक्तिमाझको भिन्नता छुट्ट्याउन सक्नु नै 'संलग्नताको सिद्धान्त' हो। अपरिचित व्यक्तिले जति नै राम्रो व्यवहार गरे पनि, परिचित व्यक्तिले जति नै दण्ड दिए पनि बालकहरू परिचित व्यक्तिलाई नै रुचाउँछन्।[६९] अतः जो व्यक्ति परिचित छन् ऊसँगै बालक धेरै नजिकको सम्बन्धमा रहन्छ।

[६९] बोल्बी, 'एट्याच्मेन्ट', पृ. ११

बालकलाई आफ्नो नजिकको मान्छेसँग अलग गरे ऊ चिन्तित हुन्छ। यसो गर्नाले खतराजनक स्थितिको सिर्जना पनि हुन्छ।[७०]

बालकलाई एक कुशल व्यक्तिको रूपमा स्थापित गर्नु-नगर्नु अधिकांश उसका आमा-बाबाको व्यवहारमा निर्भर गर्दछ। शिक्षित तथा बालमनोविज्ञानसित परिचित आमा-बाबाले आफ्नो बालकको शारीरिक तथा मनोवैज्ञानिक आवश्यकता कुशल ढङ्गले बुझ्दछन् अनि त्यसको परिपूर्ति पनि समुचित ढङ्गले गर्न सक्दछन्।[७१] अभिभावकको अधिक माया तथा अधिक तिरस्कारमा हुर्किने बालकको व्यक्तित्व विकास सफल ढङ्गले हुँदैन। अभिभावकको माया तथा सुरक्षामा रहेको अनुभव गर्ने बालक निडर भएर बस्न सक्छ तर यसको प्रतिकूल स्थितिमा भने ऊ खेल्न छोड्छ र रिसाउन थाल्छ।

पारिवारिक सम्बन्ध सुगम बनाउन अभिभावक र बालकमाझको सुझबुझको आवश्यकता हुन्छ। कोहीबेला आमा-बाबा तथा परिवारका अन्य सदस्यहरूले बालकसँगै बसेर समय बिताउनु आवश्यक छ। रमाइला क्षणहरू सँगै बसेर बिताउनु पर्छ। केही कुरामा बुझाबुझ नभए अभिभावकले चाँडै त्यो कुरा सुल्झाउने कोसिस गर्नुपर्छ।[७२] एउटा बालकलाई असल संस्कार दिनका निम्ति अभिभावकले पनि असल संस्कार पाएको हुनुपर्छ।[७३] प्रारम्भमा बालकको वातावरण आमा-बाबा तथा परिवारका अन्य सदस्यहरूसम्म नै सीमित रहेको हुन्छ र उसलाई त्यहीअनुसारको व्यवहारको प्रभाव पर्छ। हिन्दीका बाल मनोवैज्ञानिक जगदानन्द पाण्डेयले बालकको पारिवारिक स्थितिमा विशेष गरेर निम्नलिखित स्थितिहरूका चर्चा गरेका छन्-

---

[७०] बाल्बी, 'एट्याच्मेन्ट', पृ. ०४

[७१] इला बी देसाइ, सन् १९७२, *स्टडी अव् चाइल्ड लाइफ इन एन अर्बन कम्युनिटि ह्वित रेफरेनस् टू मेटरनल एटिट्युड* (अ साइकोलोजिकल एनालाइसिस), विद्यावारिधि शोधप्रबन्ध, गुजरात : सदर पटेल युनिभर्सिटी, पृ. ०८

[७२] देसाइ, 'स्टडी', पृ. १२

[७३] जोन सी कोल्म्यान (सम्पा.), सन् १९८७, *वर्किङ हुइत ट्रबल्ट एडोल्टसेन्ट्स,* ई बुक, इन्टरनेशनल साइकोथ्योरापी इन्स्टीटयूट, पृ. ५४

**(अ) आवश्यकताभन्दा धेरै अभिभावकीय माया र सुरक्षा-** यस किसिमको व्यवहारमा बालक बारम्बार अरूप्रति निर्भर रहिरहन्छ। फलस्वरूप उसमा आत्महीनताको भावको विकास हुन्छ, जसले उसको व्यवहारलाई समाज प्रतिकूल स्थितिमा पुऱ्याउँछ।

**(आ) तिरस्कारमय व्यवहार प्रदर्शन-** यस किसिमको पारिवारिक स्थितिमा आमा-बाबा आफ्नो बालकप्रति पूर्णतः तिरस्कारभाव राख्दछन् अनि आवश्यकताभन्दा बढी कराउँछन्, कुट्छन्, जसको कारण बालकमा असुरक्षा तथा हीनभावका कारण आशङ्का, असमर्थता आदि भावहरू अङ्कुरित हुन जान्छ। यस्तो परिवेशको कारण नै बालक प्रायः अपराधी बन्न पुग्छ।

**(इ) अनुकूल-प्रतिकूल व्यवहार स्थिति-** यस किसिमको व्यवहारमा आमा-बाबा अनि बालकमाझ एकजनाले प्रेम गर्दा अर्कोले घृणा र तिरस्कार गर्दछ। यस्तो परिवेशमा हुर्किने बालकको जीवन धेरै कष्टकर हुँदछ, किनभने यस्तो स्थितिमा उसले आफूलाई कहिल्यै सुरक्षित पाउँदैन।

**(ई) सामान्य व्यवहार प्रदर्शन-** यस किसिमको पारिवारिक परिवेशमा आवश्यकताभन्दा बढी न प्रेम भाव झल्किन्छ न तिरस्कारपूर्ण भाव नै झल्किन्छ। यस्तो पारिवारिक स्थितिमा हुर्किने बालकको सामाजिक विकास धेरै सुन्दर तरिकाले विकसित हुँदै जान्छ। प्रोत्साहनको बेलामा प्रोत्साहन, दण्डको बेलामा दण्ड मिल्नाको कारण ऊ एक आदर्श सामाजिक प्राणी बन्न सक्तछ।

बालकको पारिवारिक स्थितिअनुकूलका वीरता, धैर्य, उपकारिता, स्वालम्बन आदि गुणहरू बालकले आफ्नो बाल्यावस्थामा प्राप्त गर्न सके भने उसको जीवन सोही प्रकारले राम्रो बन्दै जान्छ। यदि यसको प्रतिकूल स्थितिको सिर्जना भयो भने उसले पारिवारिक

दुर्गुणहरूलाई पनि अपनाउँदै जान्छ। यसकारण बालकको जीवनमा परिवारका सदस्यहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ।

**(ख) सामाजिक स्थिति**

बालकले जब शिशुअवस्थाबाट बाल्यावस्थातिर जीवन व्यतित गर्न थाल्छ तबदेखि नै ऊ सामाजिक क्रियाकलापप्रति सहभागी बन्दै जान्छ र समाजबाट उसले नैतिक मूल्य-मान्यताका कुराहरू सिक्दै जान्छ। यस प्रकारको सामाजिक सिकाइका लागि सर्वप्रथम रोबर्ट सियर्सले सामाजिक सिकाइका सिद्धान्त (सोसियल लर्निङ थ्योरी)-को प्रतिपादन गरे, जसमा बालकको मनोवृत्ति, व्यवहार र सांस्कृतिक पक्षमा अभिभावकको भूमिका कस्तो हुन्छ भन्ने बारे चर्चा गरे। यसै अवधारणालाई बढाएर पछि अल्बर्ट बान्डुराले आफ्नो सिद्धान्तलाई सामाजिक संज्ञानात्मक सिद्धान्त (सोसियल कग्नेटिभ थ्योरी) नयाँ नाम दिए।[७४]

मानिस एक सामाजिक प्राणी हो, यसकारण मानिसले समाजसँग सम्पर्क तथा सम्बन्ध स्थापित गरी आवश्यक परेअनुसार व्यवहार गर्छन्। बालक पनि सामाजिक प्राणी भएकाले सामाजिक व्यवस्था जस्तो प्रकारको छ सोही प्रकारले उसले सामाजिक व्यवहारको प्रदर्शन गर्छ। समाजका रीतिरिवाज, धर्म, संस्कृति आदि अनुरूप नै उसले आफ्नो व्यवहारको प्रदर्शन गर्दै जान्छ। उसलाई यस्ता सामाजिक नियम-कानून, मूल्य-मान्यता आदिका ज्ञान घरबाट अथवा आफ्ना आमा-बाबा, दाजु-भाइ, दिदी-बहिनी तथा साथीहरूबाट प्राप्त हुन्छ, तथापि उसलाई सामाजिक त्यतिबेला मात्र भन्न सकिन्छ,

[७४] एमोरी लूस बाल्डविन, सन् २००४, *दि रिलेसनसिप अव् चिल्ड्रेनन्स् हाउसहोल्ड वर्क टू मेजर्स अव् चिल्ड्रेन्स् प्रोसोसियल बिहेवियर्य एन्ड पोजिटिभ सेल्फ-परसेप्सन्स्*, स्नातकोत्तर लघु शोध पत्र, कलेज पार्क : युनिभर्सिटि अव् मेरील्यान्ड, पृ. १६

जतिबेला ऊ समाजको मूल्य-मान्यतालाई अपनाउन थाल्छ।[७५] ओग्वर्नको भनाइअनुसार सामाजिक हुनु भनेको बालकले समूहको सर्त वा कुराहरू मान्नु वा अपनाउनु हो।[७६] अतः सामाजिक रीतिथिति, मूल्य-मान्यता प्रतिकूल स्थितिमा भए बालकको सामाजिक विकास पनि त्यस्तै प्रकारको हुन्छ, जसको कारण बालक पूर्ण रूपमा सामाजिक बन्न सक्तैन अथवा सामाजिक नीति-नियम पालन गर्न सक्तैन।

सानामा बालकमा आफ्नो वातावरणको गहिरो र प्रभावकारी असर परेको हुन्छ। पारिवारिक तथा सामाजिक परिवेशको राम्रो-नराम्रो प्रभाव उसको जीवनमा परेको हुन्छ। परिचित व्यक्तिसँग अधिक सान्निध्यमा रहनाको कारणले उसले भनेका कुरा तथा गरेका सामाजिक व्यवहारहरू बालकले छिट्टै मान्छ र गर्छ। यस प्रकारले परिचित व्यक्तिहरूद्वारा बालकको मनोविज्ञान बुझेर उसलाई सुधार्ने बालकको व्यावहारिक चिकित्सामा पनि लागु भएको देखिन्छ।[७७] यसकारण घर-परिवार तथा वरिपरिका मानिसहरूले बालकको मनोभावनाअनुकूल व्यवहारको प्रदर्शन गर्नुपर्छ।

घर-परिवार र वरिपरिका परिवेशबाहेक बालकको सामाजिक स्थितिमा विद्यालयको स्थान र प्रभाव पनि महत्त्वपूर्ण रहेको हुन्छ। बालकको निम्ति विद्यालय त्यो स्थान बन्दछ, जहाँ सफलता अनि असफलतालाई परिभाषित गर्दछ। यसकारण शिक्षक तथा स्कुलका अधिकारीहरूको मुख्य कर्तव्य बन्छ कि स्कुलको परिवेश छात्रलाई सकारात्मक दृष्टिकोण बनाउनमा मद्दत मिल्न सक्ने होस् अनि आफैलाई सक्षम तथा मूल्यवान् व्यक्तित्वको रूपमा देख्न सकोस्।[७८] स्वीस मनोवैज्ञानिक जीन पियाजेको विकासको

---

[७५] रूनुमी देवी, सन् २००२, *इम्प्याक्ट अव् होम इन्भाइरोमेन्ट अन दि सोसियल डेभलोपमेन्ट अव् चिल्ड्रेन बिटह्विन अव् एज ग्रुप अव् ३-६ इयर्स,* आसम : गौहाटी युनिभर्सिटी, पृ. ०१

[७६] देवी, 'इम्प्याक्ट', पृ. ०४

[७७] सिड्नी बिजोय र विलियम एच रेड, सन् १९७५, *बिहेवियर थ्येरापी फर चिल्ड्रेन,* ई बुक, इन्टेरनेशनल साइकोथ्योरापी इन्स्टिटच्यूट, पृ. ०९

[७८] रोबिन्सन, सन् २०१५, *चाइल्डहुड एन्ड ग्रोइङअप,* तितुचिरापली : भारती दर्शन युनिभर्सिटी, पृ. ५०

संज्ञानात्मक सिद्धान्त (कग्नेटिभ थ्योरी अव् डेभ्लोपमेन्ट)-मा मान्छेले कसरी जानकारी सङ्कलन गर्दछ, व्यवस्थित गर्दछ तथा यो प्रक्रिया कसरी विकसित हुँदछ भन्ने कुरालाई नै देखाउँछ।

**(ग) आर्थिक स्थिति**

बालकको जीवनमा बाह्य परिवेशका रूपमा पारिवारिक, सामाजिकलगायत आर्थिक स्थितिको पनि प्रभाव प्रत्यक्ष-परोक्ष रूपमा परेको हुन्छ। घर-परिवारको आर्थिक स्थिति के-कस्तो किसिमको छ त्यसले कतै न कतै बालकको मानसिक स्थितिमा असर पारेको हुन्छ। कतिपय मनोवैज्ञानिकहरू बालकको जीवनमा परिवारको आर्थिक स्थितिबाट कुनै प्रकारको असर परेको हुँदैन भन्ने मान्छन्। बालकको व्यक्तित्व विकासमा यसको भूमिका नगण्य मान्छन्। अर्काथरीका मनोवैज्ञानिकहरूको ठहर छ कि यदि बालकको आर्थिक वातावरण सन्तोषप्रद भएन भने उसको व्यक्तित्व विकास पनि कुशल ढङ्गमा विकास हुन सक्तैन। अतः बालकको जीवनमा आर्थिक स्थितिको प्रभावबारे विद्वान्हरूको दुई किसिमको मत रहेको पाइन्छ। पहिलो मतका अनुयायीहरूको धारणाअनुसार- बालकको मूल व्यक्तित्व विकास उसका आमा-बाबु तथा परिवारका अन्य सदस्य तथा समाजबाट नै प्रभावित भएर हुने भएकाले उसको जीवनमा परिवारको आर्थिक स्थितिको कुनै असर रहँदैन। दोस्रो मतका अनुयायीहरूको धारणा छ कि बालकको आर्थिक वातावरण सन्तोषजनक रह्यो भने उसको व्यक्तित्व विकास पनि राम्रोसँग भएर जान्छ।[७९]

मनोवैज्ञानिकहरूका उपर्युक्त धारणाबारे गम्भीरतापूर्वक घोत्लिँदा तथा कुनै पनि परिवार तथा समाजिक परिवेशतर्फ दृष्टिगोचर गर्दा के देखिन्छ भने बालकको जीवनमा आर्थिक स्थितिको प्रभाव गहिरो र कसिलो रूपमा परेको नै हुन्छ। स्वाभाविक रूपले बालक जिज्ञासाप्रिय हुन्छ। उसको यो जिज्ञासाको परिपूर्ति सदैव कुनै व्यवहार र कुराबाट

[७९] पाण्डेय, 'बालमनोविज्ञान', पृ. २७३

मात्र सम्भव हुँदैन। कुनै वस्तुप्रति रहेको उसको इच्छाको परिपूर्ति त्यस वस्तुको प्राप्तिबाट नै हुन्छ र त्यो इच्छित वस्तु सदैव पैसाबिना पाइने हुँदैन। यसकारणले गर्दा पनि आर्थिक अवस्था कमजोर हुने परिवारका बालकले अनेक प्रकारका इच्छाहरूको दमन गर्नु पर्दछ। यी इच्छाहरूको दमन कहिलेकाहीँ आमा-बाबाबाट फकाएर, कराएर, हिर्काएर पनि हुने गर्दछ। आमा-बाबा तथा परिवारका अन्य सदस्यहरूका यस्तो व्यवहारको जवाबमा बालकले थुप्रै प्रकारका असामाजिक व्यवहारहरूको प्रदर्शन पनि गर्न सक्तछ।[८०]

यस अतिरिक्त आर्थिक कमजोरीको कारणबाट बालकले आपराधिक कार्यहरू पनि गर्ने गर्छ। बाल अपराधमा आर्थिक स्थितिको नै हात हुँदैन तथापि यसले यस्तो वातावरणको सिर्जना गर्छ, जसले बालकलाई अपराध गर्नातिर प्रोत्साहित तुल्याउँदछ। जति अन्वेषण तथा अनुसन्धान भएका छन् त्यसबाट पुष्टि के भएको छ भने दरिद्रता अनि अपराधमाझ प्रत्यक्ष-परोक्ष घनिष्ट सम्बन्ध रहेको हुन्छ।[८१] यसबाट के निष्कर्ष प्राप्त गर्न सकिन्छ भने आर्थिक स्थितिले बालकको व्यक्तित्व विकासमा कुनै न कुनै रूपमा प्रभाव पारेको हुन्छ। बालकहरूमा चोरी गर्ने, झुट बोल्ने, घरदेखि भाग्ने, अनुचित व्यवहार गर्ने प्रायः परिवारको आर्थिक स्थितिकै प्रभावस्वरूप देखापर्छ। आर्थिक स्थितिबाट सम्पन्न परिवारका बालकमा यस किसिमको असामाजिक व्यवहारहरू कम मात्रमा देखमा आउँछन्।

## २.५ बालजीवनको परिचय

अतीतदेखि वर्तमान र वर्तमानदेखि भविष्य कालसम्म अथवा सृष्टिदेखि संसारको अस्तित्व रहेसम्म बालजीवन विद्यमान रहिरहन्छ। प्रत्येक प्राणी जगत्का सन्दर्भमा बालजीवनको

---

[८०] पाण्डेय, 'बालमनोविज्ञान', पृ. २७४
[८१] पाण्डेय, 'बालमनोविज्ञान', पृ. ३१

अस्तित्व र भूमिका चिरस्थायी रहिरहेको हुन्छ। बालजीवनकै सन्दर्भबाट व्यक्तिको भविष्यका आधारहरू तयार पारिन्छन्, त्यसैले आजका बालकलाई भोलिका राष्ट्रका कर्णधार कहलाइन्छ। भारत देश होस् वा अन्य कुनै राष्ट्र, त्यहाँका संविधान तथा कानून व्यवस्थाअनुकूल बालजीवनको महत्त्वलाई स्वीकार गर्दछ। पहिलाको तुलनामा आज बालजीवनलाई अधिक महत्त्व दिइने गरेको पाइन्छ।

बालजीवन जन्मदेखि लिएर बालकको परिपक्वतासम्म सीमित हुन्छ, किनभने बालजीवनको अन्त परिपक्वताको आगमनबाट नै हुन्छ अनि प्रायः सबै प्रकारको शक्तिहरूको विकास यसै अवधिमा हुन्छ। बालमनोविज्ञानले यही अवस्था अथवा किशोरावस्थासम्मको अध्ययन गर्दछ। त्यसपछिको अध्ययन सामान्य मनोविज्ञानले गर्दछ।[८२] नैसर्गिक रूपले बालक कोमल, स्वच्छन्द र अबोध हुन्छ। स्वाभाविक रूपले कोमल अनि निर्दोष हुनाको कारणले बालकको बालजीवनका प्रत्येक पक्षको वृद्धिमा ध्यान दिनु आवश्यक देखिन्छ। गिन्जवर्क तथा गोटर्डसनको भनाइमा बालकहरू एकदमै कोमल अवस्थाबाट पार भइरहेको हुन्छ र त्यस समय तिनीहरूको सोचाई, योजना तिनीहरूको इच्छा तथा आकाङ्क्षामा निर्भर रहन्छ। अतः यो एक बहुमूल्य समय हो, जसमा बालक भयदेखि मुक्त रहनु पर्दछ, हिंसाबाट सुरक्षित रहनु पर्दछ अनि दुरूपयोग र शोषणबाट सुरक्षित राखिनु पर्दछ। समाजशास्त्री डायना गिटिन्स बताउँछन्- बालजीवन एक सामान्य अनि अमूर्त शब्द हो, जसको उपयोग वयस्कद्वारा गैर वयस्कको रूपमा परिभाषित गरिएको स्थितिलाई सन्दर्भित गर्नाका लागि गरिन्छ।[८३] वास्तविक रूपमा बालक वयस्कहरूको जीवनशैलीमा बाँच्न सक्तैन। उसलाई उसैको जीवनशैलीमा बाँच्न दिनुपर्छ, किनभने ऊ आफ्नो ढङ्ग र आफ्नो रङ्गले बाँच्न पाएन भने उसको जीवनको कुनै अर्थ

---

[८२] पाण्डेय, 'बालमनोविज्ञान', पृ. ०३

[८३] केट्रिना पेकोरोभा, सन्  २०१४, *दि थिम अव् चाइल्डहुड इन ओलिभर ट्वइस्ट*, स्नातक लघु शोध पत्र, मोसर्क युनिभर्सिटि, पृ. ०८

रहँदैन। यस सन्दर्भमा रूसोको भनाई प्रासाङ्गिक हुन आउँछ। उनी भन्छन्- बालकलाई एउटा मानिस बनाउनअघि बालक हुन दिनुपर्छ।[८४] ठुलाहरूले बालकको भावनाहरू कोहीबेला नबुझेर बालकलाई तिनीहरूको इच्छानुसार ढाल्न चाहन्छन्, तर बालकले जहिले पनि आफ्नै ढङ्गमा जिउने आग्रह अदृश्य रूपमा गरिरहेको हुन्छ।[८५] फोहोर-मैला खेल्नु, अटेरी गर्नु, अल्छी गर्नु, लोभी बन्नु, मतलबी हुनु, झगडालु बन्नु, सैतानी गर्नुदेखि लिएर रचनात्मक कार्य गर्नु, काल्पनिक संसारमा विचरण गर्नु, जिज्ञासापूर्ण भावाभिव्यक्ति दिनु, अनुकरणात्मक बन्नु इत्यादि स्वभावगत प्रवृत्तिहरू बालजीवनलाई परिभाषित गर्ने पक्षहरू हुन्।

## २.६ बालजीवनको वर्गीकरण

बालजीवनलाई बुझ्नाको निम्ति यसलाई मुख्यतः दुई वर्गमा विभाजित गरेर हेर्न सकिन्छ- (१) उमेरसमूहका आधारमा र (२) प्रवृत्तिका आधारमा। यी दुई आधारबाट बालकको बालजीवनमा के-कस्ता किसिमका स्वभाव तथा विशेषताहरू रहेका हुन्छन् त्यसबारे जान्न सहज हुनेछ।

### २.६.१ उमेरसमूहका आधारमा

उमेरसमूहका आधारबाट बालजीवनलाई हेर्दा बालकको उमेरको विशेष महत्त्व रहेको हुन्छ। सिग्मन्ड फ्रायड, अलफ्रेड एड्लर तथा मेलिन क्लाइन आदि मनोविश्लेषकहरूले बालकको शैशवावस्था तथा बाल्यावस्थालाई अधिक महत्त्व दिएका छन्। यस आधारबाट मानिसको मनःस्थितिमा उमेरसँगै हुने परिवर्तन अनि मानसिक प्रक्रिया, विशेषता तथा प्रवृत्तिहरूको अध्ययन गर्दछ। यसलाई मनोविज्ञानकै एक शाखाको रूपमा लिइन्छ, जसअन्तर्गत बालमनोविज्ञान, किशोरमनोविज्ञान, तरूणमनोविज्ञान, वयस्कमनोविज्ञान आदि

---

[८४] देवी, 'इम्प्याक्ट', पृ. ०७

[८५] काटर, 'दि सेक्रेट', पृ. ०२

पर्दछन्। ल स विगोत्स्कीले यसलाई विकासका एक निश्चित युग, चक्र वा सिँढी तथा एक विशेष अपेक्षापूर्ण अवधि मानेका छन्।[८६]

मनोवैज्ञानिकहरूले बालकको उमेरसमूहलाई विभिन्न आधार वा स्तरमा वर्गीकरण गरेर त्यस स्तरमा उसका मानसिक तथा बौद्धिक विकास के-कसरी हुन्छ भन्ने देखाएको पाइन्छ। जीन पियाजेको संज्ञानात्मक सिद्धान्तमा बालकको बौद्धिक विकासलाई (१) संवेदीकरण अवधि (जन्मदेखि १८-२४ महिना), (२) पूर्वपरिचालन अवधि (२ वर्षदेखि ७ वर्षसम्म), (३) ठोस परिचालन अवधि (७ वर्षदेखि ११), (४) औपचारिक परिचालन अवधि (११ वर्षभन्दा माथि) भनेर देखाएका छन्। एरिक एरिक्सनको मनो-सामाजिक सिद्धान्तमा मानिसको जीवन विकासक्रमलाई आठ स्तरमा राखेका छन् र जन्मदेखि ६५ वर्षसम्म छुट्ट्याइएको छ, जसमा- (१) विश्वास बनाम अविश्वास (जन्मदेखि १ वर्षसम्म), (२) स्वायत्तता बनाम लज्जा अनि सन्देह (१ देखि ३ वर्षसम्म), (३) पहल बनाम अपराध (३ देखि ५ वर्षसम्म), (४) उद्योग बनाम हीनता ( ५ देखि ११ वर्षसम्म), (५) परिचय बनाम भ्रमको भूमिका (११ देखि १८ वर्षसम्म), (६) घनिष्टता बनाम पृथकीकरण (१८ देखि ३५ वर्षसम्म), (७) उत्पति बनाम स्थगित (३५ देखि ६५ वर्षसम्म) र (८) निष्ठा बनाम निराशा (६५ देखि माथि)। फ्रायडको मनो-यौवन विकासले (१) नार्सिससको अवस्था, (२) मुखीय अवस्था, (३) गुदीय अवस्था, (४) लैङ्गिक अवस्था र (५) लुप्त अवस्था गरी वर्गीकरण गरेको छ। फ्रायडको विचारमा जीवनको आग्रह वा मूल विचार नै यौन भएकाले यी अवस्थाहरूले त्यसै यौन पक्षको वकालत गर्दछ। यसबाहेक लोरेन्स कोहलवर्गको नैतिक विकासको सिद्धान्त, गोल्डस्टीनको भावनात्मक विकासको सिद्धान्त आदिले पनि बालजीवनलाई विभिन्न उमेरसमूहका आधारमा तथा प्रवृत्तिका आधारमा वर्गीकरण गरेको पाइन्छ। यस किसिमका वर्गीकरणलाई हेर्दा प्रायतर मनोवैज्ञानिकहरूमा एकरूपता देखिँदैन, तथापि

---

[८६] ...*आयुवर्ग एव शिक्षा मनोविज्ञान,* मास्को : प्रगति प्रकाशन, पृ. ८४

सर्वमान्य मनोवैज्ञानिक वर्गीकरणका रूपमा शिशुअवस्था, बाल्यावस्था र किशोरावस्था गरी बालकको उमेर विभाजन गरेको पाइन्छ। हुन त सबैलाई 'बाल' शब्दले जनाउँछ तापनि सबैको उमेर र अवस्था उस्तै हुँदैन। ५ वर्षसम्मकालाई शिशु, त्यसपछि १० वर्षसम्मकालाई बालक र त्यसपछि १५ वर्षसम्मकालाई र त्यसपछि २१ वर्षसम्मकालाई पनि किशोर भनी सामान्य वर्गीकरण गर्न सकिन्छ। किशोरावस्थालाई पनि १० देखि १४ वर्षसम्म पूर्व किशोरावस्था, १४ देखि १७ वर्षसम्म मध्य किशोरावस्था र १७ देखि २१ वर्षसम्मलाई उत्तर किशोरावस्था गरी वर्गीकरण गर्न सकिन्छ भन्ने चुडामणि बन्धुको भनाई छ।[८७]

### (क) शिशुअवस्था (जन्मदेखि ३ वर्षसम्म)

अघिअघि शिशुअवस्था जन्मदेखि ५ वर्ष वा ७ वर्षसम्म मानिन्थ्यो। धेरै जसो मनोवैज्ञानिकहरूले यसै उमेरसमूहलाई वर्गीकरणका आधार लिएका छन्। भारत राष्ट्रकै सन्दर्भमा पनि ५ वर्षसम्मको बालकलाई पाठशाला भर्ना गरिँदैनथ्यो, तर आज यसै भारत देशमा लगभग ३ वर्ष उमेरका बालकहरूलाई स्कुल भर्ना गरिन्छ। अतः समयको बद्लिँदो मागअनुसार बालकको उमेरको वर्गीकरणमा पनि नौलोपन देखिइनु स्वाभाविक नै मानिन्छ। यसैको आधारमा यहाँ शिशुअवस्थालाई जन्मदेखि ३ वर्षसम्म भनेर व्याख्या गरिएको छ, जसलाई विद्वान्हरूले आरम्भिक बाल्यावस्था मानेका छन्। यो त्यो अवस्था हो, जसमा बालकको सामान्य-असामान्य व्यवहारको विकास हुन्छ भनेर फ्रायड बताउँछन्। मिल्टनले यसैलाई मानिसको जीवनको प्रारम्भ अथवा दिनको बिहानी मान्छन्।[८८] यस अवस्थामा बालकको मानसिक विकासको गति द्रूत हुन्छ र गुणात्मक परिवर्तन पनि हुन्छ। यसै अवस्थादेखि बालकले आफ्नो वरिपरिका मानिसहरूसँग

---

[८७] चुडामणि बन्धु, सन् २०१६, 'नेपाली भाषामा किशोर साहित्य र पठनको स्थिति', शैलेन्द्रप्रकाश नेपाल (सम्पा.), *बालसाहित्य*, काठमाडौं : नेपाल बालसाहित्य समाज, पृ. १२०

[८८] देवी, 'इम्प्याक्ट', पृ. ०६

पारस्परिक सम्बन्ध स्थापित गर्न थाल्छ र त्यहीँबाट उसले आफ्नो बोलचाल तथा भाषाको विकास पनि गर्दछ। यस अवस्थामा उसलाई वयस्कको भूमिका, उसको प्रभाव एवम् स्वयम्को ज्ञान निश्चित रूपमा भने हुँदैन।[८९] वस्तुतः यो यस्तो काल हो, जसलाई शिक्षणकाल भन्दा अत्युक्ति हुँदैन। बालकले भाषा, कौशल, आदत आदि यसै कालमा छँदा सिक्दछ।[९०]

**(ख) बाल्यावस्था (३ देखि १२ वर्षसम्म)**

शिशुअवस्था पार गरेपछि बालकको बाल्यावस्था प्रारम्भ हुन्छ। यस उमेरका बालकको विकास नयाँ नयाँ सामाजिक स्थितिमा हुन्छ र उसको आत्मनिर्भरतामा उत्तरोत्तर वृद्धि हुन्छ। यसलाई मनोवैज्ञानिकहरू दुई वर्गमा विभाजित गरेर हेर्छन्- (१) पूर्व बाल्यावस्था र (२) उत्तर बाल्यावस्था। यसो गरिनाको मुख्य कारण ३ देखि ७ अथवा ७ देखि १२ वर्षसम्मका बालकको उमेरमा, बौद्धिक क्षमतामा, मानसिक विकासमा तथा शारीरिक विकासमा एकरूपता देखिँदैन। बालकको यो अवस्था परिवर्तनशील अवस्थाको रूपमा रहेको हुन्छ।

**(१) पूर्व बाल्यावस्था (३ देखि ७ वर्षसम्म)**

यस अवस्थामा बालकको सामाजिक व्यवहार जस्तो हुन्छ, त्यो उसको शिशुअवस्थाबाट नै विकसित हुँदै आएको हुन्छ। शिशुअवस्थामा आफ्नो ज्ञान, वयस्कको भूमिका तथा प्रभावको ज्ञान नभएका बालकले यस अवस्थाको आरम्भदेखि नै वयस्कसित नयाँ सम्बन्ध स्थापित गर्न थाल्दछ। यहीँबाट उसले परिचित-अपरिचित व्यक्तिमाझको भिन्नता, राम्रो-नराम्रोपनको चेतना, साथी-सङ्गीप्रतिको झुकाउको अनुभव गर्न थाल्दछ। यसै अवस्थादेखि बालक स्कुल जान लाग्छ र त्यहाँ उसले साथीहरूसित मित्रताको सम्बन्ध गाँस्न थाल्छ।

---

[८९] ...'आयुवर्ग', पृ. ०६

[९०] पाण्डेय, 'बालमनोविज्ञान', पृ. ०१

मर्फीअनुसार यस उमेरका बालकहरू सामुदायिक हुनु रुचाउँछन् अनि आफ्ना साथीहरूप्रति सहानुभूति पनि राख्दछन्। यसबेला तिनीहरूमा लडाईं-झगडाको भावना पनि विद्यमान हुँदछ।[९१] यसै अवस्थादेखि बालकमा सांवेगिक विकास अझ विस्तृत रूपले हुन थाल्दछ। ३ देखि ७ वर्षको आयुमाझ मानसिक क्षमता पूर्णतः प्रतिविम्बित हुँदछ, किनभने भाषाको विकास अनि कल्पनाले बालकलाई नयाँ तरिकाबाट सोच्ने तथा खेल्नेमा सक्षम बनाउँदछ।[९२] बालक जति सानो हुन्छ उति उसले अधिक व्यावहारिक प्रयोगहरूका सहारा लिन्छ अनि जति ऊ बढ्दै जान्छ उति एन्द्रिक विम्बमूलक अनि फेरि तार्किक रीतिहरूको प्रयोग गर्दै जान्छ। यसकारण यस उमेरका बालकले आफ्नो अघि उत्पन्न हुने समस्याहरूलाई तिन रीतिद्वारा नियमन गर्न सक्तछन्- (क) एन्द्रिक क्रियामूलक रीति (ख) एन्द्रिक विम्बमूलक रीति अनि (ग) सङ्कल्पनामा आधारित तार्किक चिन्तन रीति।[९३] पूर्व बाल्यावस्थाबाट नै बालकमा अनुकरण, प्रतिस्पर्धा, सहयोग, सहानुभूति, आक्रमकता आदि जस्ता प्रवृत्तिहरूको विकास हुन थाल्छ। उसको सामाजिक विकास आफ्नो घर-परिवारबाट नै प्रारम्भ भए तापनि उसको साथी-सङ्गी तथा तिनीहरूसित अन्तर्क्रिया गर्ने व्यवहारको विकास पनि यसै अवस्थादेखि प्रारम्भ भएर उत्तर बाल्यावस्थातिर बढ्दछ।

**(२) उत्तर बाल्यावस्था (७ देखि १२ वर्षसम्म)**

पूर्व बाल्यावस्थाबाट विकसित बालकको सामाजिक व्यवहार उत्तर बाल्यावस्थामा क्रमिक रूपले विकसित हुँदै जान्छ। यस अवस्थामा बालक प्रायः समूहगामी बन्न इच्छुक हुन्छ, समूहभित्र बसेर अन्तर्क्रिया पनि गर्दछ, त्यसैले यस अवस्थालाई 'टोली अवस्था' पनि

---

[९१] पाण्डेय, 'बालमनोविज्ञान', पृ. ११६

[९२] रोबिन्सन, 'चाइल्डहुड', पृ. ४५

[९३] ...'आयुवर्ग', पृ. ८०

भनिन्छ।[९४] यस अवस्थामा बालक सबै सामाजिक-असामाजिक व्यवहारको प्रदर्शन गर्न थाल्दछ। यस अवस्थाका बालक आफ्नै उमेरका बालकसित सामूहिक खेल अनि सामूहिक जीवनमा नै समय व्यतित गर्दछ। ७ वर्ष वा त्यसभन्दा पछिका बालकहरू ठुलाहरूसँग बात गर्न रुचाउँदैनन्। तिनीहरू ठुलादेखि पृथक रहन चाहन्छन्। जति जति उमेर बढ्दै जान्छ उति उति तिनीहरूमा सामुदायिक रूपमा रहने भावनाको प्रबलता पनि बढ्दै जान्छ, जसले गर्दा सामुदायिक खेल तथा कार्यमा उसको रुचि अत्यधिक बढ्दै जान्छ।[९५]

उत्तर बाल्यावस्थाका बालकमा जिज्ञासा तथा उत्सुकता पनि अधिक मात्रामा बढ्दै जान्छ। यस अवस्थाका बालकहरू कहिलेकाहीँ वस्तुको बारेमा सामान्य जानकारीबाट सन्तुष्ट हुँदैनन्। कुनै पनि वस्तु किन त्यस्तो छ ? कसरी बनिएको छ? किन बनाइएको हो ? आदि जस्ता जिज्ञासाहरू उसको बालमनमा रहिरहन्छ। यस्तो जिज्ञासा पूर्व बाल्यावस्थाका बालकमा पनि विद्यमान हुन्छ, तर उसलाई सामान्य तरिकाले सन्तुष्ट पार्न सकिन्छ। यस अवस्थाका बालक भने सामान्य उत्तरबाट सन्तुष्ट बन्न सक्तैन। आजका ७ वा १० वर्षीय बालक अघिका समवयस्कका तुलनामा केही अधिक पूर्ण, विस्तृत तथा सठिक उत्तर माग्दछ। आजका यस अवस्थाका बालकको बौद्धिक क्षमता धेरै ठुलो र व्यापक छ।[९६] बालकमा स्पर्धा तथा प्रतिद्वन्द्विता यसै उमेरावस्थादेखि अधिक मात्रमा बढ्दै जान्छ। यसै अवधिदेखि बालकमा लैङ्गिक चेतनाको प्रादुर्भाव पनि अधिक हुन्छ। प्राकृतिक रूपले उसले शरीरमा असजिलोपनको अनुभूति पनि गर्न थाल्छ। फलस्वरूप केटा मान्छे केटाहरूको समूहमा अनि केटी मान्छे केटीहरूको समूहमा बस्न-रम्न चाहन्छन् तथा घर-परिवारदेखि टाडिन चाहन्छन्। यो पलायनवृत्ति किशोरावस्थामा अझ

---

[९४] http://hi.vikaspedia.in/InDG, १० दिसम्बर, समय : दिउँसोको २ बजेर ३० मिनटमा

[९५] पाण्डेय, 'बालमनोविज्ञान', पृ. ११९

[९६] ...'आयुवर्ग', पृ. १३५

व्यापक बन्दै जान्छ अनि उसको सांवेगिक लक्षणहरूको विषयवस्तु पनि फराकिलो देखिँदै जान्छ। यसका साथै उसका इच्छा, आकाङ्क्षा, कल्पनाशक्ति, बौद्धिक क्षमता आदिको स्तर पनि बिस्तारै बढ्दै जान्छ।

**(ग) किशोरावस्था (१२ देखि २१ वर्षसम्म)**

धेरै मनोवैज्ञानिकहरूले किशोरावस्थालाई पनि पूर्व किशोरावस्था, मध्य किशोरावस्था र उत्तर किशोरावस्थामा राखेर हेरेका छन्। चूडामणि बन्धुले पनि १० देखि १४, १४ देखि १७ र १७ देखि २१ वर्षभित्रका बालकहरूलाई यसै अवस्थामा राखेर हेरेका छन्। सोभियत संघमा १४ वर्षको आयुमा युवा कम्युनिष्ट लीगमा भर्ती हुन सक्तछ। १६ वर्षको आयुमा पासपोर्टधारी बन्दछ अनि १८ वर्षको उमेरमा मताधिकार तथा विवाह अधिकार पाउँदछ तथा फौजदारी कानून पनि लागू हुन थाल्दछ।[९७] भारतको संविधानले पनि १८ वर्षको उमेरलाई मताधिकारको रूपमा तथा वैवाहिक कानूनको रूपमा लिएको छ।

माह्लरको भनाइअनुसार जब एउटा बालक किशोर अवस्थाको पहिलो खुड्किलोमा चढ्छ तब उसले बालकपनको कतिपय चीजहरू छोड्छ। अभिभावकको निर्भरताबाट टाढिएर यस अवस्थामा उसलाई परिवारभन्दा बाहिरी संसारको साथमा रहने इच्छा लाग्छ, नयाँ नयाँ कुराको रुचि जाग्छ।[९८] यो अवस्था यौनको आगमनको साथसाथै सुरु हुन्छ र यस अवस्थामा उसको नैतिक तथा सामाजिक मान्यताहरूको सामान्य दिशा पनि निर्धारित हुन्छ। बाल्यावस्था र प्रौढावस्थामाझको शारीरिक, बौद्धिक, नैतिक तथा सामाजिक विकासको मुख्य अन्तर्वस्तु एवम् विशिष्ट लक्षण यसै अवस्थामा प्रतिविम्बित भएकाले यस अवस्थालाई सन्धिकाल, कठिन वय, सङ्कटकाल आदि नामबाट जानिन्छ। यी नामबाट जीवनको एक स्थितिदेखि अर्को स्थितिमा हुने सङ्क्रमण सम्बन्धित विकासप्रक्रिया कति

---

[९७] ...'आयुवर्ग', पृ. १०७

[९८] कोल्मेन, 'वर्किङ', पृ. ४२

जटिल अनि महत्त्वपूर्ण हुन्छ भन्ने थाहा पाइन्छ।[९९] यस अवस्थामा तिनीहरूका मनमा मनोवैज्ञानिक क्रान्ति चलिरहेको हुन्छ। तिनीहरूको अघि एउटा यस्तो संसार हुन्छ, जुन संसारमा अब ऊ आफै अभिभावकको देखरेखबिना बाँचेको हुन्छ। अब उसले आफैलाई कस्तो व्यक्तित्वको छु भनेर अरूको दृष्टिबाट देख्ने छ। यही अवस्थामा सामाजिक मूल्यको खोजी गर्दा युवाहरूले धेरै समस्याको सामना पनि गर्नुपर्छ।[१००] यस अवस्थामा बालकले स्वयम्लाई स्वतन्त्र राख्न चाहेकाले अथवा परिवारदेखि स्वतन्त्र हुन चाहेकाले उसको परिवारसँगको सम्बन्ध पहिलाभन्दा भिन्न हुन्छ। उसले परिवारको भन्दा बाहिरी कुराको समर्थन रुचाउँछ। कसैलाई आदर्श व्यक्ति मानेर ऊजस्तै हुने इच्छा राख्छ।[१०१] यस अवस्थामा बालकका मन अत्यन्त भावनात्मक र काल्पनिक किसिमको हुन्छ। ऊभित्र थरी थरीका भावना तथा विचारहरूको सामञ्जस्य रहन्छ। कल्पनामा पनि त्यही भावना थरी थरीका सामञ्जस्यसित रहेको हुन्छ, त्यसैले गर्दा यस अवस्थाका बालकमा भावनात्मक प्रबलता अधिक हुन्छ।

### २.६.२ प्रवृत्तिका आधारमा

बालजीवनलाई हेर्ने अर्को आधार भनेको प्रवृत्तिगत आधार हो। यस आधारबाट हेर्दा बालकमा वंशानुगत तथा वातावरणीय दुवै पक्षबाट प्रभाव परेको पाइन्छ। वंशानुगत भनेको बालकको जन्मजात अर्थात् पिता-पूर्खाहरूमा विद्यमान प्रवृत्ति हो। वातावरणीयमा बाह्य परिवेशबाट प्रभावित भएर देखा परेको प्रवृत्ति रहेको हुन्छ। यी दुईको बेग्ला बेग्लै प्रभाव पार्ने कारक तत्त्वहरू हुन्छन्, तथापि बालकमा जन्मजात जुन किसिमको सहज क्रिया हुन्छ, त्यहीअनुरूप मूल प्रवृत्ति पनि उसको जन्मसितै विकसित भएर आएको

[९९] ...'आयुवर्ग', पृ. १४०

[१००] एरिक एच एरिक्सन, सन् १९९५, *चाइल्हुड एन्ड सोसाइटी,* लन्डन : भिनटेज रेनडोस हाउस, पृ. २३४-२३६

[१०१] अगाथा एच बोब्ली, *मोडर्न चाइल्ड साइकोलोजी,* लण्डन : हचिन्सन युनिभर्सिटी लाइब्रेरी, पृ. ९९

हुन्छ। पछि वातावरणको प्रभावले त्यसमा केही थपघट भने अवश्य हुन्छ। बालकको मूल प्रवृत्तिबारे पनि मनोवैज्ञानिकहरूको साझा विचार पाइँदैन। यहाँ वंशानुगत र वातावरणीयमध्ये कुन कुन प्रवृत्ति बालकको मनोविकासमा सहकार्यात्मक भूमिकामा हुन्छन् ती विषयलाई विस्तृत रूपमा केलाउनका साटो सामान्य रूपले बालकमा देखा पर्ने खास खास प्रवृत्तिहरूको मात्र चर्चा गरिएको छ।

**(क) अनुकरण**

मानिस अनुकरणशील प्राणी हो। शिशुअवस्थादेखि नै बालकमा अनुकरणात्मक प्रवृत्ति विद्यमान रहेको हुन्छ र त्यो प्रौढावस्थासम्म पनि रहिरहन्छ। अर्को शब्दमा मानिस जीवनभरि अनुकरण गरेर नै बाँचिरहन्छ। सोविलियम जेम्स लेख्छन्- अनुकरण गर्नु अनि अविष्कार गर्नु यो मानव जातिको दुई खुट्टा हो, जसमा ऊ सधैं हिँडी बस्छ।[१०२]

सोझो अर्थमा, अनुकरण भन्नु नै 'नक्कल' हो, त्यसैले बालक जहिल्यै अरूको नक्कल गर्न चाहन्छ चाहे त्यो सकारात्मक होस् वा नकारात्मक। यसकारण बालजीवनमा अनुकरणको महत्त्व अधिक हुन्छ। बालकमा यस प्रकारको अनुकरण गर्ने शक्ति भएन भने वातावरणको केही काम हुँदैन। यही प्रवृत्तिले गर्दा बालकलाई सामाजिक स्थितिअनुकूल बनाउन सकिन्छ भन्ने मनोवैज्ञानिकहरूको विचार छ। अनुकरण तिन प्रकारका हुन्छन्- (क) कार्यसम्बन्धी, (ख) विचारसम्बन्धी तथा (ग) भावसम्बन्धी। यसमा पनि अर्काको नक्कल गर्नुलाई बाह्य वा शारीरिक नक्कल भन्दछ। विचारमा अनुकरण हुँदा निर्देश र भावमा अनुकरण गर्नेलाई सहानुभूति भन्दछ।[१०३] यसकारण मनोवैज्ञानिकहरू मूलतः पहिलो र दोस्रोलाई अनुकरणका मूल प्रकार मान्दछन्। पहिलो थरीका अनुकरण शिशुदेखि बाल्यावस्थासम्म अधिक रहेको हुन्छ। घर-परिवार तथा

[१०२] शुक्ल, 'बालमनोविज्ञान', पृ. ७२

[१०३] श्रेष्ठ र अर्जेल, 'बालमनोविज्ञान', पृ. ५७

वरिपरिका मानिसहरूले जुन कार्यहरू गर्छन्, बालकले सोही प्रकारको अनुकरण गर्न थाल्छ। आमाले सारी लगाएको देखे बालकले पनि सकी नसकी लगाउने कोसिस गर्छ। दोस्रो, अरूले गरेको कार्यलाई हतपत नगरेर त्यसमा एकक्षण विचार गर्छ अनि लाभप्रद भए मात्र गर्छ नभए गर्दैन। यो प्रवृत्ति बालकमा अलिक परिपक्वता आएपछि देखिन थाल्छ।

**(ख) उत्सुकता**

बालकमा जसरी अरूको नक्कल गर्ने प्रवृत्ति देखिन्छ, उसरी नै ऊभित्र कुनै विषयप्रतिको चासो पनि रहेको देखिन्छ। ऊ सधैं आफूभन्दा ठुलाले गरेको कामको अनुकरण गर्न खोजी रहन्छ र त्यही प्रक्रियामा ऊ सधैं नयाँ नयाँ कुरा सिक्न उत्सुक भई रहन्छ। अतः बालकको ज्ञान अत्यन्त परिमित हुन्छ। यस ज्ञानको वृद्धिको लागि उत्सुकताले कार्य गर्दछ। जति जति उत्सुकता बढ्दै जान्छ ऊभित्र ज्ञानको क्षेत्र पनि विस्तारित हुँदै जान्छ। यसकारण पनि बालकको कुनै कुरा वा वस्तुप्रति जान्ने उत्सुकतालाई दमन गर्नु हुँदैन। उसको उत्सुकतालाई अभिभावकले कहिलेकाहीँ कराएर, हप्काएर, कुटेर दमन गर्ने गर्छन्, तर यसो गर्नाले उसको ज्ञानको वृद्धिको गति अवरूद्ध हुन्छ, जसले उसको मानसिक विकासमा प्रतिघात गर्छ। अतः मनोवैज्ञानिकहरूको विचार छ कि बालकलाई ती वस्तु वा कुराको सम्यक् ज्ञान दिइनु पर्छ, किनभने बालकले त्यही कुरा याद गर्न चाहन्छ वा सक्दछ, जसको विषयमा उसलाई जान्ने उत्सुकता हुन्छ। बालकमा प्रायः उत्सुकता त्यतिबेला देखापर्छ जब उसले कुनै विषयको बारेमा अथवा त्यससँग मिल्दोजुल्दो विषयको बारेमा जान्दछ।[१०४]

अभिभावकहरूले कहिलेकाहीँ बालकलाई आज यो गर, त्यो गर भन्ने हुकुम दिएको जस्तो व्यवहार गर्छन्। वास्तवमा बालकलाई कुनै वस्तुलाई स्पर्श गर्नु अथवा

[१०४] शुक्ल, 'बालमनोविज्ञान', पृ. ५८

अह्राएको कार्य पुरा गर्नाले मात्र उसको व्यक्तित्वको विकास सम्भव हुँदैन। अभिभावकद्वारा उसलाई अह्राइएका काम गरिन्छ तर त्यसको परिणाम के हुन्छ भन्नेबारे उसलाई जान्ने उत्सुकता सधैं रहिरहन्छ। अभिभावकप्रतिको त्रासले बालक प्रायः यस किसिमको प्रश्न सोधन हिच्किचाउँछ। गोल्ड स्टीनको भावनात्मक विकासको सिद्धान्तले बालकले यस्तै उत्सुकताबाट भावनात्मक सिद्धान्तको निर्माण गर्दछ भन्ने बुझाउँछ।

**(ग) रचनात्मक प्रवृत्ति**

बालकमा यो प्रवृत्ति मूल रूपमा अथवा जन्मजात रूपमा आएर उमेरसँगै विकसित हुँदै जाने प्रवृत्ति हो। शिशुअवस्थाका बालकहरूले प्रायः कुनै रचनात्मकभन्दा बढी ध्वंशात्मक प्रवृत्तिको प्रदर्शन गर्दछ। यस सन्दर्भमा मनोवैज्ञानिकको विचार छ- बालकले त्यसरी ध्वंशात्मक प्रवृत्तिलाई अङ्गाल्नु पनि एक प्रकारले त्यस वस्तुलाई भत्काएर, च्यातेर आफूले चाहेजस्तो अर्को रूप दिने प्रयास गर्नु नै हो। वास्तविक रूपमा बालकले त्यस वस्तुभित्र के छ ? त्यो कसरी बनिएको छ ? जस्ता उत्सुकताले नै कुनै वस्तुलाई भत्काउने, च्याल्ने गर्दछ। एउटा उदाहरण यहाँ राख्न सकिन्छ- आमाले भन्छिन्- 'बिजया त्यहाँ बसी बसी किन भाँडा पछारेकी ?' छोरी भन्छे- 'आमा मैले भाँडा पछारेकी होइन। म त यसको आवाज सुनिरहेकी छु।'[१०५] बालकको सोचाइ, दृष्टिकोण वयस्कभन्दा पृथक् हुनाले अभिभावकले पनि बालकको रचनात्मक प्रवृत्तिलाई उकास्न सक्दो सुगम र स्वस्थ्य तरिकाले ऊप्रति व्यवहार गर्नु पर्दछ। उसलाई सकारात्मक हिसाबले रचना गर्ने सिप र वस्तुहरू जुटाई दिनु पर्दछ। कागज, काठ, लुगा आदिबाट कुनै नयाँ वस्तु बनाई दिएर उसलाई प्रोत्साहित गरे बालकले पनि अवश्य आफ्नो नीजि विचारशक्तिबाट अर्को नौलो वस्तुको सिर्जना गर्न सक्तछ। यस प्रकारको क्रियाकलापले उसको रचनात्मक प्रवृत्तिको विकास हुँदछ।

---

[१०५] बधेका, 'बाल', पृ. ३६

### (घ) स्पर्धा

स्पर्धात्मक प्रवृत्ति ईर्ष्याको भावसँग सम्बन्धित हुन्छ। बालकमा यो प्रवृत्ति पनि अन्य प्रवृत्तिहरू जस्तै जन्मसम्मत् प्रवृत्ति नै हो। बालकमा स्पर्धा मूल रूपमा आन्तरिक र बाह्य रूपबाट हुने गर्दछ। आन्तरिक स्पर्धालाई आत्मस्पर्धाको रूपमा लिन सकिन्छ र बाह्य स्पर्धालाई सामूहिक स्पर्धाको रूपमा लिन सकिन्छ। बालकले स्पर्धात्मक प्रवृत्तिको प्रदर्शन प्रायः आफूभन्दा ठुलाहरूप्रति गर्ने गर्दछ। आफूलाई अरूको तुलनामा कमजोर छु भन्ने भावबोधले बालकमा यस प्रवृत्तिको विकास हुन्छ। एक प्रकारले बालकमा रहेको हीनताग्रन्थिले यस प्रवृत्तिलाई उकास्ने काम गरेको हुन्छ। बालकलाई ज्ञानी, बाठो, चनाखो तथा असल बनाउनमा यसले मुख्य कार्य गरेको हुन्छ। आफूलाई मन परेको मान्छेले वा आफ्नो नजिकको मान्छेले आफ्नै साथी-सङ्गी, दिदी-बहिनीप्रति झुकाउ देखाए भने बालकमा ईर्ष्या जन्मिन्छ। यसले द्वन्द्व प्रवृत्तिलाई पनि विकास गर्दछ। अतः स्पर्धाको ठाउँमा खालि ईर्ष्या र डाह मात्र रह्यो भने बालकको विकासमा नकारात्मक प्रभाव पर्न जान्छ।

### (ङ) कामवृत्ति

बालकको कामवृत्ति फ्रायडको मनोविश्लेषणसँग सम्बन्धित छ। फ्रायडले यौनलाई जीवनको मूलाधार मानेका छन्। यसै कामवृत्तिका आधारमा उनले बालकको जीवनलाई वर्गीकरण गरेका छन्। उनको मत छ- बालकको प्रेम आफ्नो आमाप्रति उसरी नै रहेको हुन्छ, जसरी उसको प्रेमिकाप्रति रहेको हुन्छ।[१०६] अतएव, बालकको यो वृत्ति उसको कामुकतासित सम्बन्धित रहेको हुन्छ। चित्तविश्लेषकहरूले बालकमा रहेको प्रेम र कामवृत्तिलाई एकै थरीका मानेका छन्, किनभने कामवृत्ति भनेको नै अरूप्रति आकर्षित हुनु हो, तथापि यी दुईमाझ केही अन्तर भने अवश्य रहेको हुन्छ। कामवृत्तिको प्रारम्भिक

---

[१०६] शुक्ल, 'बालमनोविज्ञान', पृ. ७०

अवस्थालाई नै फ्रायडले नार्सिससको अवस्था मानेका छन्। यसमा बालकले आफूलाई अरूभन्दा बढी प्रेम गर्न थालेको हुन्छ। जसै बालकको उमेरमा वृद्धि हुँदै जान्छ उसको कामवृत्तिमा पनि परिवर्तन आउँदै जान्छ। यसै क्रममा बालकको प्रेम उसलाई स्याहारसुसार गर्ने व्यक्तिप्रति, समवयस्कप्रति र विपरीत लिङ्गी व्यक्तिप्रति आकर्षित हुँदै अघि बढ्छ भन्ने फ्रायडको मत छ। यसै कुरा जोन बोब्लीको संलग्नताको सिद्धान्तमा पनि प्रयोग भएको देखिन्छ।

**(च) निर्देश**

बालकमा देखा पर्ने अर्को महत्त्वपूर्ण प्रवृत्ति 'निर्देश प्रवृत्ति' हो। यसमा अरूले गरेका, अह्राएका, सिकाएका कुराहरू बालकले सोझै अपनाउने गर्छ। रामजी शुक्लले यसलाई आन्तरिक अनुकरण भनेका छन्। अरूद्वारा निर्देशित भाव तथा विचारहरूलाई बालक आफ्नो सम्झिन्छ अनि तदानुरूप आचरण पनि गरिहाल्छ। उसलाई ज्ञान पनि हुँदैन कि यो भावना तथा विवेचना उसको नभएर अरू कसैको नै हो।[१०७] यस प्रकारको प्रवृत्ति बालकमा अधिक मात्रामा रहेको पाइन्छ। यस प्रवृत्तिलाई सम्मोहन क्रियामा विशेष प्रयोग गरिन्छ।

निर्देशका तिन प्रकार छन्- (१) आत्मनिर्देश, (२) व्यक्ति निर्देश र (३) समूह निर्देश। आत्मनिर्देशमा बालक प्रायः आफ्नै विचारहरूबाट प्रभावित रहन्छ। अकारण कुराबाट बालक आफै कोहीबेला डराउने गर्छ र त्यो डर उसको मानसिक स्थितिमा स्थायी रूपमा रहिरहन्छ। जबसम्म त्यो स्थायित्व हट्दैन बालकको स्वाभाविक आचरण देखा पर्दैन। चाहे असल होस् वा खराब बालकमा नचाहिँदा भावहरू जन्मिदिए भने त्यो नै उसको लागि आत्मनिर्देशन बन्न जान्छ।[१०८] व्यक्ति निर्देशमा जहिल्यै बालक अरूप्रति

---

[१०७] शुक्ल, 'बालमनोविज्ञान', पृ. ८०

[१०८] श्रेष्ठ र अर्जेल, 'बालमनोविज्ञान', पृ. ६२

अनुग्राही रहन्छ। अरूलाई श्रद्धा गरेर आदर्श पात्र मान्छ र उसले अह्राएका कार्यहरू कुनै हिच्किचाहटबिना नै गर्दछ। यसमा बालकले आफ्नोभन्दा धेरै अरूको विचारहरूप्रति विश्वास गर्दछ। यसमा पनि प्रायः आफूभन्दा ठुला ज्ञानी, शक्तिशाली, धनी व्यक्तिहरूका कुराप्रति विश्वास राख्दछ। समूह निर्देशमा एक व्यक्तिभन्दा अधिक व्यक्तिद्वारा पारित वा मानिलिएका कुराहरू आउँछन्, जसलाई बालकले सहृदय अपनाउँछ। यस प्रवृत्तिको विकास बालक सामाजिक हुन थालेपछि देखा पर्न थाल्छ। समूहमा बस्न थालेपछि नै उसको आत्म निर्देश समूह निर्देशनको रूपमा विकसित तथा परिवर्तित हुन्छ। एक्लो आफ्नो विचारबाट फुत्किएर ऊ सामूहिक विचारतिर लाग्छ र प्रभावित भई उसले कार्य पनि सम्पन्न गर्दछ।

## २.७ निष्कर्ष

वस्तुतः नेपाली बालकथाको आफ्नो छुट्टै अर्थ, परिभाषा, स्वरूप, विशेषता आदि रहेको पाइँदैन। पाश्चात्य तथा पूर्वीय बालसाहित्य तथा बालकथाको उद्भव, विकास परम्परा तथा चरित्रसँग केही सामीप्यमा, केही दूरीमा भने अवश्य नेपाली बालकथाको स्थिति रहेको पाइन्छ। त्यही स्थितिअनुकूल नेपाली विद्वान्हरूले आफ्ना आफ्ना किसिमले नेपाली बालकथाको पारिभाषिक दृष्टिकोणको निर्माण गरेका छन्। सोही प्रकारले नेपाली बालकथाको लेखन, संवर्धन गर्ने कार्य पनि गरेका छन्। समयको मागअनुसार बालकहरूलाई जीवनोपयोगी बालकथाहरूको सिर्जना गरिरहेका छन्। परिवेशकेन्द्रित भएर नयाँ नयाँ शिल्पशैलीको प्रयोग, विषयगत विविधता, मनोविज्ञानाश्रित बालकथाको सिर्जना हुन थालेको छ। हाम्रा बाजे-बजै तथा परिवारका ठुलाहरू आज यति अनुभवशून्य तथा भौतिकवादी भइसकेका छन् कि पहिले उनीहरूका कथाहरूमा जुन सम्वेदना, कोमलता, स्नेह अनि मिठासको साथ कल्पनाको उँचाइ हुँदथ्यो ती सबै प्रायः दुर्लभ बनिसकेको छ। बाजे-बजै तथा अभिभावकहरूबाट काल्पनिक नायक-नायिकाकाको चरित्रको माध्यमबाट

सुनाइने गरेका त्यस्ता कथाहरू सुनाउने परम्परा आज लोप हुँदै गइरहेको छ। बाजे-बजै तथा अभिभावकहरू आज यति व्यस्त बन्दै गइरहेको प्रमाण प्राप्त छ कि उनीहरूमा आफ्ना बालकहरूलाई कथा सुनाउने पर्याप्त समय छैन। यसकारण आधुनिक युगमा बालकथा एउटा यस्तो पाठ भइसकेको छ, जो पुस्तक, पत्र-पत्रिकाका साथै प्राविधिक सञ्चार माध्यममा श्रव्य र दृश्यका रूपमा अवतरित छ।

बालक एउटा तरल पदार्थजस्तो हो, जसलाई जस्तो भाँतिको भाँडा-वर्तनमा हालिन्छ, त्यसले त्यस्तै आकार लिन्छ। जोन लकले 'एसे कन्सर्निङ ह्यूमेन अन्डर्सटयान्डिङ' लेखमा जन्मिँदा मानिसको दिमाग एकदमै खाली हुन्छ र सामाजिक व्यवहारको कारण ऊ धेरै कुराहरू सिक्तै जान्छ भन्ने विचार प्रकट गरेका छन्। यसको निम्ति उनले खाली स्लेट वा नलेखेको कागज भन्ने अर्थमा ल्याटिन भाषाको 'टेबुलारासा' शब्दको प्रयोग गरेका छन्। बालकको पारिवारिक तथा सामाजिक परिवेश जस्तो किसिमको निर्माण भएको छ, त्यस्तै किसिमको उसको व्यक्तित्व विकास हुँदै जान्छ। यसै पनि विद्वान्हरू बालकलाई काँचो माटोसँग तुलना गर्छन्। अतः काँचो माटोलाई मुछेर जे-जस्तो आकृतिमा सजाउन चाहन्छ, त्यसले त्यस्तै रूप धारण गर्छ। यो काँचो माटो अथवा तरल पदार्थमा जुन तत्त्वहरूको सम्मिश्रण हुन्छ, जसले त्यसको गुण-विशेषतालाई बुझाउँछ सोही किसिमले बालकको गुण-विशेषता उसको आन्तरिक परिवेशकेन्द्रित विभिन्न संवेग तथा प्रवृत्तिहरूले बताउँदछ। भाँडावर्तन तथा अन्य उपयोगी बाह्य वस्तुहरूले बालकको बाह्य परिवेशकेन्द्रित पक्षलाई बुझाउँछ अर्थात् बालकको जीवनलाई सठिक तरिकाले बुझ्न उसको आन्तरिक र बाह्य परिवेशको अध्ययन अनिवार्य हुन जान्छ।

बालकको उमेरअनुसार जीवनलाई वर्गीकरण गर्ने क्रममा मनोवैज्ञानिकहरूले जसरी आफ्ना आफ्ना धारणाअनुरूप बालजीवनको विकासात्मक प्रक्रियाको उल्लेख गरेका छन्,

त्यो पूर्णतः सत्यताको बिन्दुमा पुग्न सकेको छैन। सबैले आफ्ना आफ्ना अध्ययनका आधारमा यस किसिमको अवधारणा बनाएका छन्। वास्तवमा बालजीवन के हो ? र कस्तो हुन्छ ? भन्ने प्रश्नको अन्तिम निष्कर्ष दिन कसैले सकेका छैनन्। मनोवैज्ञानिकहरूमाझ यस प्रकारको मतभेद देखिनु विशेष प्रत्येक राष्ट्रको ऐतिहासिक तथा सांस्कृतिक पृष्ठभूमिको कारण हो। अझ, युग-युग र स्थान विशेषमा बालजीवनलाई अलग अलग तरिकाले हेरिने गरेको पनि पाइन्छ। आज पनि एकै उमेरका बालकका मानसिक, बौद्धिक तथा शारीरिक विकास राष्ट्रैपिच्छे पृथक् पृथक् देखिन आउँछ। यसकारणले गर्दा प्रत्येक उमेरवर्गका बालकको आन्तरिक र बाह्य परिवेश समानुपातिक रूपमा हुँदैन। मनोवैज्ञानिकहरूको भनाई नै छ, सहरीया बालकको तुलनामा ग्रामीण बालकको बौद्धिक विकास कम मात्रामा भएको हुन्छ। यस आधारबाट बालकमा देखा पर्ने प्रमुख विशेषताहरूले उसको बालजीवनलाई सामान्य रूपमा उद्घाटन गर्ने कोसिस मात्र गरेको छ, यद्यपि बालकको यसै अवस्थाबाट उसको भविष्यको घडेरी निर्माण हुने कुरामा भने कुनै सन्देह छैन। यहाँ एउटा उदाहरण लिन सकिन्छ, जसमा उमेरगत आधारबाट तिनीहरूको रुचिका क्षेत्र र विषयवस्तुलाई प्रतिनिधित्व गर्दछ। यसमा बालकहरूलाई खुल्ला प्रश्न गरिएको थियो र भविष्यमा के हुन्छौं भनेर सोधिएको थियो। यसमा ३ देखि ५ वर्षका बालकहरूले कथामा भएका नायक-नायिका हुने जस्ता इच्छा गरिएका उत्तर दिएका थिए। ६ देखि ८ वर्षका बालकहरूले लैङ्गिक भूमिकाअनुसार केटाले केटाकै र केटीले केटीकै काम रोजेका थिए। ९ देखि १३ वर्षका बालकहरूले समाजमा कुन कामको महत्त्व छ वा त्यस समयमा कुन काम राम्रो छ भन्ने उत्तर दिएका थिए। १४ देखि माथिका बालकहरू अरूभन्दा भिन्न आफू बन्ने जस्ता उत्तर दिएका थिए।[१०९] यसले के पुष्टि गर्छ भने प्रत्येक स्तरमा पुग्दा बालकले आफ्नो जीवनलाई नयाँ नयाँ ढङ्ग र

[१०९] भेनेसा गेल मोल्टन, सन् २०१६, *चिल्ड्रेन्स् एसपिरिएसन एन्ड इमोसनल एन्ड विहेविरल प्रोब्लेम्स्,* विद्यावारिधि शोधप्रबन्ध, फेकल्टी अव् पोलिसी एन्ड सोसाइटी डिपार्टमेन्ट अव् साइकोलोजी एन्ड ह्यूमन डेभलोपमेन्ट, पृ. २३

शैलीबाट विकसित गर्दै लैजान्छ। यही विकासप्रक्रियामा एउटा बालकको बालजीवन प्रतिविम्बित हुन्छ।

बालजीवनमा देखा पर्ने मूल प्रवृत्तिहरूबारे विद्वान्हरूले अलग अगल विचार पोखेका छन्। कसैले तिन, कसैले सात तथा कसैले चौधवटा बालकका प्रवृत्तिहरूको सङ्ख्या बताएको पाइन्छ। विभिन्न उमेरअनुसार बालकमा विभिन्न प्रवृत्तिको प्रादुर्भाव हुनाको कारण उसको मूल प्रवृत्ति सङ्ख्या यति नै हो भनेर किटान गर्न गाह्रो देखिन्छ। मूल प्रवृत्तिहरू बालकको जन्मजात प्रवृत्ति मानिएका छन्। अनुकरण, उत्सुकता, रचनात्मक प्रवृत्ति, स्पर्धा, कामवृत्ति, निर्देश आदिका साथै खाद्य अनुसन्धान प्रवृत्ति, पलायनवृत्ति, द्वन्द्व प्रवृत्ति, विनित प्रवृत्ति आदि पनि यसै प्रवृत्तिमार्फत् आउँछन्। यी मूल प्रवृत्तिहरूको बालजीवनमा विशेष भूमिका र स्थान रहेको पाइन्छ, तथापि प्रस्तुत शोधप्रबन्धमा देवकुमारी थापाका कथामा प्रतिविम्बित बालजीवनको सन्दर्भअनुसार आन्तरिक तथा बाह्य परिवेशअनुकूलका पक्षहरूलाई आधार बनाएर नै बालजीवनलाई हेरिएको छ।

## तेस्रो अध्याय

# ३ नेपाली कथामा देवकुमारी थापाको आगमनपूर्व बालजीवन सन्दर्भित कथाको विकास परम्परा

## ३.१ आधुनिक नेपाली कथाको पृष्ठभूमि

आधुनिक नेपाली कथाको पृष्ठभूमिमा प्राथमिककालीन तथा माध्यमिककालीन गद्याख्यानको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ। शक्तिवल्लभ अर्यालको *महाभारत विराटपर्व,* भानुदत्तको *हित्तोपदेश मित्रलाभ,* रामभद्र उपाध्यायको *लक्ष्मीधर्म संवाद,* लक्ष्मीनारायण जोशीको *महाज्ञान मुद्रा कथाहा,* भवानीदत्त पाँडेको *मुद्राराक्षस,* अज्ञातको *पिनासको कथा, दशकुमारचरित, मुन्सीका तीन आहान*जस्ता प्राथमिककालीन गद्याख्यानका विशिष्ट नमूनाहरू हुन्। यसै प्राथमिककाकीन गद्याख्यानको समृद्ध ढुकुटीबाट माध्यमिक गद्याख्यानले आफ्नो विकासका निम्ति बलियो आधार र प्रेरणास्रोत भेटेको पाइन्छ।[११०] माध्यमिककालीन *सुखावर्ण, वीरसिक्का, लालहीरा, शुकबहत्तरी, मधुमालती* आदिजस्ता गद्याख्यानहरू मुद्रित रूपमा प्रकाशमा आएको पाइन्छ। अतः माध्यमिककालीन गद्याख्यानले सोझै मुद्रण व्यवस्थासँग सम्बन्ध स्थापित गरेको पाइन्छ। मुद्रण युगमा प्रेवश गरे पनि यो कार्य केवल ऐतिहासिक बन्यो, खास रूपमा प्रायोगिक बन्न सकेन।[१११] यसै अवधिदेखि प्रकाशित पत्र-पत्रिकाको भने आधुनिक नेपाली कथाको पृष्ठमूमिमा महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ।

नेपाली साहित्यमा *शारदा* पत्रिकाको प्रकाशनकाललाई धेरै विद्वान्हरूले आधुनिक नेपाली कथाको प्रारम्भबिन्दु मानेका छन्। यसभन्दा अघि माध्यमिक कालको प्रथम

---

[११०] अविनाश श्रेष्ठ, वि सं २०६४, *आधुनिक भारतीय नेपाली कथा,* ललितपुर : साझा प्रकाशन, पृ. ३०

[१११] हरिप्रसाद शर्मा, वि सं २०६७, *कथाको सिद्धान्त र विवेचना,* दो सं, काठमाडौं : साझा प्रकाशन, पृ. १३७

चरणमा प्रकाशित भएको *गोरखापत्र* (समाचारप्रधान) पत्रिकाको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ। यस पत्रिकामा प्रकाशित कथामा संस्कारको पूर्ण स्वीकृति र सामाजिक स्थिति परिवर्तनको अप्रत्यक्ष आकाङ्क्षा देखिन्छ।[११२] यसपछि क्रमशः *सुन्दरी, माधवी, गोर्खाली, चन्द्रिका* र *गोर्खा संसार* आदि पत्र-पत्रिकाहरू प्रकाशित भएको पाइन्छ। यीमध्ये देहरादुनबाट प्रकाशित *गोर्खा संसार* पत्रिकाले माध्यमिककालिक चेतनाको अन्त्य र आधुनिक चेतनाको उदय गराउन सफल रहेको देखिन्छ। उक्त पत्रिकामा सन् १९२६ मा रूपनारायण सिंहको 'परिवर्तन' र 'अन्नपूर्णा' तथा 'लाहुरे' उपनामधारी सूर्यविक्रम ज्ञवालीको 'देवीको बलि' शीर्षक कथाहरू प्रकाशित भएका पाइन्छन्। यी कथाहरूले नेपाली कथाको माध्यमिक कालको अन्ततिर नै आधुनिक चेतनाको बीजारोपण गरिसकेको पाइन्छ। यस कालको नेपाली कथामा जुन गत्यात्मकता आयो त्यसको पृष्ठभूमिमा नेपालीहरूको बौद्धिक, सामाजिक र सांस्कृतिक चेतनालाई राख्न सकिन्छ।...माध्यमिक कालको उत्तरार्धमा संस्कृत परम्पराबाट मुक्त हुने जुन प्रयास भएको देखिन्छ, त्यो मध्यकालको विघटन हुने कालको सङ्केत थियो।[११३]

नेपाली साहित्यमा *गोर्खा संसार* पत्रिकाको ऐतिहासिक भूमिका छ। यसै पत्रिकामा समसामयिक सामाजिक समस्याअन्तर्गत अशिक्षा र गरिबीका परिणाम, जातीय पहिचानको सङ्कट, पारिवारिक विघटन, स्वार्थपूर्ण व्यवहार आदि विषयका कथाहरू छापिएका छन्।[११४] रूपनारायण सिंहको यही पत्रिकामा प्रकाशित 'अन्नपूर्णा' कथाले नेपाली कथामा आधुनिकताको थालनी गरिसकेको कतिपय समीक्षकहरू मान्छन्, तर मोहनराज शर्माले कथाका संरचनात्मक घटकहरूको अभावको कमीको कारण यसलाई आधुनिक नेपाली

---

[११२] शर्मा, 'कथाको', पृ. १४०

[११३] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, वि सं २०५६, *नेपाली साहित्यको संक्षिप्त इतिहास,* पाँ सं, काठमाडौं : साझा प्रकाशन, पृ. ८०

[११४] दयाराम श्रेष्ठ, वि सं २०७०, *नेपाली कथा र कथाकार,* काठमाडौं : नेपाल प्रज्ञान प्रतिष्ठान, पृ. २९

कथाको संज्ञा दिइनु हुँदैन भन्ने विचार पोख्छन्।[११५] दयाराम श्रेष्ठ 'सम्भव'ले सिंहको कथामा माध्यमिककालीन स्वच्छन्दतावादी प्रवृत्ति नै मूल रूपमा आएका कुरा स्वीकार्छन्। आधुनिक काललाई माध्यमिक कालबाट सदा सर्वथा पृथक् गर्ने प्रवृत्ति नै यथार्थवाद भएकाले सिंहका कथामा स्वच्छन्दतावाद नै मूल प्रवृत्तिको रूपमा रहेको मान्छन्। अतः नेपाली कथामा आधुनिकताको बीजारोपण *गोरखापत्र* र *गोर्खा संसार* पत्रिकामा प्रकाशित भएका कथाहरूबाट भए तापनि दुवै पत्रिकाका कथाहरू पूर्णतः यथार्थवादी थिएनन्। ती कथाहरू सामाजिक खराबीहरूबाट उत्पन्न समस्या र जटिल स्थितिमा भने अवश्य केन्द्रित थिए।[११६] माध्यमिककालीन स्वच्छन्दतावादी प्रवृत्तिको व्यतिरेकमा यथार्थपरक अभिव्यक्ति, विषय, घटना र शैलीबाट नेपाली कथामा आधुनिकता भित्रिनु अत्यन्त सान्दर्भिक देखिन्छ तापनि नेपाली कथामा आधुनिकताको प्रारम्भ भने यथार्थवादी धाराबाट नै भएको पाइन्छ।[११७] यसको प्रतिनिधि कथा *शारदा* पत्रिकामा प्रकाशित गुरुप्रसाद मैनालीको 'नासो' कथालाई मान्न सकिन्छ। यस कथाबाट नै नेपाली कथा परम्परामा आधुनिक कालको प्रारम्भ हुन्छ। यसै कथाबाट नेपाली कथामा यथार्थवादको श्रीगणेश हुन्छ। यो समयभन्दा पहिले लेखिएका १०/०५ वटा कथाहरूद्वारा कुनै प्रगतिको बोध हुँदैन। ती लेखकहरूबाट फाटफुटे उद्योग थिए, तर *शारदा*ले भने कथाहरूको एउटा चलन नै चलाएको र भारतमा पनि आधुनिक रीतिले लेखिएका कथाहरूको प्रचार यही शताब्दीदेखि भएको पाइन्छ।[११८] यसै पत्रिकामा विश्वेश्वरप्रसाद कोइरालाको 'चन्द्रवदन' (वि सं १९९२) शीर्षक कथा पनि प्रकाशित भएको पाइन्छ। यस कथाको प्रकाशनसितै आधुनिक नेपाली कथामा मनोविश्लेषणवादी प्रवृत्तिको प्रादुर्भाव पनि हुन जान्छ। यसपछि बालकृष्ण समको 'तलतल'जस्तो बालमनोविश्लेषवादी कथा पनि

[११५] श्रेष्ठ, 'आधुनिक', पृ. ३४-३५

[११६] श्रेष्ठ, 'नेपाली', पृ. २९

[११७] गौतम र अधिकारी, 'नेपाली', पृ. ५४

[११८] सूर्यविक्रम ज्ञवाली, वि सं २०६९, *कथा कुसुम,* सो सं, दार्जिलिङ :साहित्य सम्मेलन, पृ. ०२

यसै पत्रिकामा प्रकाशित हुन्छ। वस्तुतः आधुनिककालीन नेपाली कथाको पृष्ठभूमिका रूपमा प्रवृत्तिगत दुई धाराको समानान्तर रूपमा विकास भएको पाइन्छ। मैनाली, सम, कोइरालालाई हामी यसै आधुनिक युगचेतनाको प्रसार गर्ने अग्रपथिकका रूपमा पाउँछौं। यस समय एकातिर आधुनिक ढाँचाका शिक्षा पाएका अङ्ग्रेजबाज नवरीति प्रवर्तनका उत्साही साहित्यानुरागी नेपाली साहित्यका निम्ति केही गर्नै पर्छ भन्ने भावनाले प्रेरित भई रौसिएका थिए भने अर्कातिर हिन्दी साहित्यबाट प्रेरणा पाउने चेतन व्यक्ति पनि जाँगरिला हुँदै थिए।[११९]

आधुनिक नेपाली कथाको सापेक्षताको केन्द्रमा यथार्थवादलाई र त्यसपछि परिधीय स्थितिमा क्रमशः (१) राजनैतिक सामाजिक चेतनाको जागरण, (२) लेखन पद्धतिको विकासमा यन्त्रयुगप्रति बढी सचेष्टता (३) आधुनिक सञ्चार माध्यमप्रति तीव्र सचेतता (४) स्वअर्जित शिल्पसौन्दर्यप्रति अनुष्ठान आदिलाई पाउन सकिन्छ।[१२०] यथार्थवादी प्रवृत्तिका कथाहरूमा निम्न तथा मध्यमवर्गीय जनजीवनको चित्रण, सामाजिक विकृति, विसङ्गति, मूल्य-मान्यता तथा संस्कार आदिको अभिव्यक्ति गरिएको पाइन्छ। वैज्ञानिक उन्नतिको विश्वव्यापी प्रभाव, परम्परागत मूल्य-मान्यता, संस्कार तथा रूढ आदर्शहरूको भत्सर्ना आधुनिक नेपाली यथार्थवादी कथाले अङ्गाल्दै गएका पाटाहरू देखिन्छन्। सामाजिक तथा सांस्कृतिक पहिचानका लागि यस कालमा लेखकहरू काल्पनिक संसारदेखि यथार्थतिर अभिप्रेरित भएका पाइन्छन्। यसै स्थितिमा नेपाली कथाले आधुनिकताको पृष्ठभूमि तयार गरेको पाइन्छ।

वस्तुतः *शारदा* पत्रिका नै आधुनिक नेपाली कथाको पृष्ठभूमिस्वरूप उभिएको पाइन्छ। सामाजिक, मनोवैज्ञानिक, ऐतिहासिक, पौराणिक तथा लोकाख्यानमूलक प्रवृत्तिका कथाहरू यसै पत्रिकामा प्रकाशित हुन थालेको पाइन्छ। आधुनिकताका सबै लक्षणहरू

---

[११९] ईश्वर बराल (सम्पा.), वि सं २०४८, *झ्यालबाट,* पाँ सं, काठमाडौं : साझा प्रकाशन, पृ. १०४

[१२०] श्रेष्ठ र शर्मा, 'नेपाली', पृ. ८१

यसै पत्रिकामा प्रकाशित नेपाली कथाहरूले अवलम्बन गरेको देखिन्छ, यसैले आधुनिक नेपाली कथाको निकै ठुलो भाग यस पत्रिकासँग सम्बद्ध छ। गुरुप्रसाद मैनाली, बालकृष्ण सम, विश्वेश्वरप्रसाद कोइराला, पुष्करशमशेर जबरा, हृदयचन्द्रसिंह प्रधान, भवानी भिक्षु, लक्ष्मीप्रसाद देवकोटा, गोविन्दबहादुर गोठाले, केशवराज पिँडाली, विजय मल्ल, शिवकुमार राई, दौलत विक्रम विष्ट, रमेश विकल, रूपनारायण सिंह आदिका कथाहरू यसै पत्रिकामा प्रकाशित भएका पाइन्छन्।[१२१]

*शारदा* पत्रिकाको प्रकाशनपछि *उद्योग* (वि सं १९९२), *उदय* (सन् १९३७), *परिवर्तन* (वि सं १९९४), *गोर्खा* (सन् १९४४), *खोजी* (सन् १९१५), *साहित्यस्रोत* (वि सं २००४), *युगवाणी* (वि सं २००५), *भारती* (सन् १९४९), *प्रभात* (सन् १९५०) तथा *प्रगति* (वि सं २०10) पत्रिकाहरूको प्रकाशन र योगदान पनि आधुनिककालीन नेपाली कथामा मुख्य रूपमा रहेको पाइन्छ। यसका अतिरिक्त विश्वयुद्धको परिणाम, नेपालको जनक्रान्ति र भारतीय स्वतन्त्र सङ्ग्रामको चापबाट हुर्किंदै गएर आधुनिक नेपाली कथाको पृष्ठभूमि तयार भएको छ। यसै पृष्ठभूमिलाई टेकेर आधुनिक नेपाली कथामा देवकुमारी थापाको आगमन भएको पाइन्छ।

## ३.२ देवकुमारी थापाको आगमनपूर्व अन्यान्य नेपाली कथामा बालजीवनको प्रयोग स्थिति

अधिकांश बालजीवन सन्दर्भित (सम्बद्ध) कथाको आधारभूमि भनेको बालइतर लिखित कथा साहित्य नै हो। यसको सम्बन्ध नेपाली बालकथासँग एकाधिक रूपमा आधुनिक कालमा आइपुगेर रहेको पाइए तापनि यसलाई{ प्रौढकथा साहित्यको एक उपकथाको रूपमा लिन सकिन्छ। बालजीवन सन्दर्भित कथाको स्वरूप तथा विशेषताबारे नेपाली साहित्यमा निश्चित अवधारणा बनिसकेको पाइँदैन। बालजीवन सन्दर्भित कथा मूलतः बालकथा र प्रौढकथा दुवै हुन सक्ने देखिन्छ, तथापि बालकथाको आफ्नो सैद्धान्तिक

[१२१] शर्मा, ‘कथाको’, पृ. १४६

अवधारणा बनिसकेकाले यसलाई प्रौढकथाको उपकथाको रूपमा मानिलिनु नै उपयुक्त देखिन्छ।

बालमनोविश्लेषणवादी प्रवृत्तिका कथाको स्वरूपले बालजीवनसम्बद्ध कथाको स्वरूपमा सघाउ पुऱ्याएको छ तापनि बालजीवनसम्बद्ध कथालाई बाल मनोवैज्ञानिक कथाकै प्रतिरूप मान्न सकिँदैन। बाल मनोवैज्ञानिक कथालाई स्पष्टतः बालकथाको विकसित रूप पनि मान्न सकिँदैन। बालकको उपस्थिति, बालजीवनको बाह्य-आन्तरिक पक्षको उद्घाटन, बालकसित सम्बद्ध घटना आदिको प्रत्यक्षीकरण भए तापनि यी दुवैमा पाठकीय सन्दर्भ भिन्न हुन्छ। बालकथाको लक्षित पाठक बालक स्वयम् हुन्छ र बालजीवनसम्बद्ध कथाको लक्षित पाठक बालकमात्र नभएर सबै उमेरका व्यक्तिहरू हुन्छन्। बालजीवन सन्दर्भित कथाले बालकको मनोविज्ञान पक्षसँग मात्र तादात्म्य राख्दैन, यसले बालजीवनको सामान्य प्रसङ्गसमेतलाई समेट्दछ। विषयगत, प्रवृत्तिगत र शैलीगत विविधतासितै यसमा सुनिश्चित संरचनात्मक परिपाटीको पनि अवलम्बन गरिएको हुन्छ। अतः बालजीवनसम्बद्ध कथामा बालजीवनको स्थूल र सूक्ष्म दुवै पक्षको चित्रण गरिएको हुन्छ। यस्ता कथामा बालपात्र प्रमुख, सहायक र गौण तिनै किसिमका हुन्छन्, तर सबै कथामा बालकको मनोविज्ञानलाई प्रकाशमा ल्याइएको हुनु पर्ने आवश्यकता छैन। वस्तुतः बाल मनोवैज्ञानिक कथा र बालजीवन सन्दर्भित कथामाझ स्वरूपगत तथा विशेषतागत केही पार्थक्य पाइन्छ। बाल मनोवैज्ञानिक कथा एउटा प्रौढद्वारा लेखिन्छ र यसमा बालकको विषयमा भनेका कुरामा अर्को अभिभावकीय मनोवृत्तिमाथि ध्वन्यात्मक वा ऋणात्मक प्रभाव पार्ने खुबी हुनै पर्छ।[१२२] बालजीवन सन्दर्भित कथा पनि प्रौढद्वारा लेखिएको भए तापनि यसमा त्यस्तो कुनै किसिमको विशेषता हुनु अनिवार्य देखिँदैन।

[१२२] पौडेल, 'आधुनिक', पृ. १२२-१२३

नेपाली कथा साहित्यका यस्ता बालजीवन सन्दर्भित कथाहरू मूलतः धार्मिक तथा पौराणिक आख्यान कृतिहरूबाट प्रभावित भएको देखिन्छ। धार्मिक, पौराणिक तथा ऐतिहासिक आख्यानहरू नै नेपाली बालजीवन सन्दर्भित कथाको पृष्ठभूमिका रूपमा रहेको देखिन्छ। त्यस्ता आख्यानहरूमा प्रयुक्त बालपात्रीय कथा किस्सा तथा बालजीवनको प्रतिविम्बलाई मिथकीय आधार मान्न सकिन्छ। यसका साथै प्राथमिककालीन, माध्यमिककालीन तथा लोकाख्यानमूलक रचनाहरूमा प्रतिविम्बित बालपात्रको प्रयोग र जीवनस्थितिले पनि आधुनिककालीन नेपाली कथा साहित्यलाई प्रभाव पारेको देखिन्छ। आदर्श, नैतिकता, उपदेशात्मकता तथा सन्देशात्मकता जस्ता विशेषताहरूसित बाँचेका त्यस्ता ग्रन्थहरूमा बालकको अलौकिक जीवन दर्शन तथा भक्तिभावपूर्ण व्यवहार समेतलाई प्रदर्शित गरिएको पाइन्छ। यस्तै धार्मिक, पौराणिक आख्यानहरूको अनुवाद कार्य, भाषा-साहित्यको विकास, छापाखानाको बिस्तार तथा पत्र-पत्रिकाको प्रकाशनले आधुनिक नेपाली कथा साहित्यको स्वरूपलाई निर्दिष्टता प्रदान गर्नाका साथै आधुनिक नेपाली कथाको प्रादुर्भावबाट नेपाली बालजीवनसम्बद्ध कथाको स्वरूप पनि तयार हुन थालेको पाइन्छ।

यहाँ देवकुमारी थापाको आगमनपूर्व बालजीवन सन्दर्भित नेपाली कथाको स्थिति र प्रयोग के-कस्तो थियो ? भन्ने भए तापनि प्राथमिककालीन तथा माध्यमिककालीन नेपाली कथाको प्रवृत्तिलाई{ सम्मुखीन राखेर हेर्ने कार्य गरिएको छैन, तथापि माध्यमिक कालको अन्ततिर आधुनिकताको पूर्वसङ्केत गर्ने कथा र पत्रिकाको भने पछिल्लो उपशीर्षकमा चर्चा गरिने छ। थापाको आगमन आधुनिक कालमा भएकाले त्यसभन्दा पूर्वका आधुनिक नेपाली कथाको परिदृश्यमा बालजीवन सन्दर्भित कथाको स्थिति र प्रयोगलाई यस शोधकार्यमा अध्ययन गरिएको छ।

सन् १९५६ सालमा देवकुमारी थापाले *रामको कथा* शीर्षक बालकथा सङ्ग्रह प्रकाशित गरेकी छन्। यो कथाकृति नै उनको बालकथा यात्राको पहिलो नमूना कृति हो। सन् १९५४ सालमा प्रकाशित *एकादशी* कथा सङ्ग्रहचाँहि उनको प्रौढ कलमले लेखेको पहिलो कथा सङ्ग्रह हो। *एकादशी* कथा सङ्ग्रहको प्रकाशनपछि उनका अन्य बालसाहित्यिक कृति र कथा सङ्ग्रहको प्रकाशन निरन्तर रूपले हुँदै आएको पाइन्छ। उनको *एकादशी* कथा सङ्ग्रहको प्रकाशनदेखि भने बालजीवनको सन्दर्भसित जडित कथाहरूको प्रकाशन पुस्तककारमा हुन थालेको पाइन्छ। यसभन्दा पूर्व बालजीवन सन्दर्भित कथाको प्रारम्भ रूपनारायण सिंहको 'अन्नपूर्णा' शीर्षक कथाबाट भएको पाइन्छ। नेपाली कथा साहित्यको सन्दर्भमा बालजीवन सन्दर्भित कथाको स्थिति र प्रयोगको चर्चा वाञ्छनीय भएको कारण थापाको प्रस्तुत कथा सङ्ग्रहलाई मूल बिन्दुको रूपमा राखिएको छ र यस सङ्ग्रहको प्रकाशनपूर्वका कथाहरूलाई हेर्ने कोसिस गरिएको छ। यसमा विभिन्न पत्र-पत्रिका तथा पुस्तकमा प्रकाशित बालजीवन सन्दर्भित कथाको परिचय दिने कार्य गरिएको छ भने केही प्रमुख नेपाली कथाकारहरूको कथालाई नमुनाको रूपमा छनोट गरी विश्लेषण गरिएको छ।

माथि उल्लिखित सन्दर्भले नेपाली बालजीवनसम्बद्ध कथाको थालनी माध्यमिक कालको अन्त र आधुनिक कालको पूर्वार्द्धतिर भएको भन्ने सङ्केत दिन्छ। देहरादुनबाट प्रकाशित *गोर्खा संसार* (सन् १९२६)-को प्रकाशनबाट यसको थालनी भएको पाइन्छ। यसै पत्रिकामा सर्वप्रथम बालजीवन सन्दर्भित आधुनिककालीन नेपाली कथाको प्रकाशन भएको छ। यसको प्रामणिक तथ्य सोही पत्रिकाको वर्ष १, घाम १६ मा प्रकाशित रूपनारायण सिंहको 'अन्नपूर्णा' शीर्षक कथालाई मान्न सकिन्छ। रूपनारायण सिंहको 'परिवर्तन' र 'अन्नपूर्णा' लगायत 'लाहुरे' उपनामधारी सूर्यविक्रम ज्ञवालीको 'देवीको बलि', अच्छा राई 'रसिक'को 'रगत', रामसिंह गोर्खाको 'एउटा गरिब सार्कीकी छोरी'जस्ता बालजीवनमा केन्द्रित कथाहरू यसै प्रत्रिकामा प्रकाशित भएको पाइन्छन्।

यीमध्ये सिंहको 'अन्नपूर्णा' कथाले एकातिर परम्परागत कथाशिल्पलाई छाडी स्वच्छन्दतालाई समेटेर आधुनिकताको पूर्ण सङ्केत दिएको छ भने यस्तो प्रौढकथामा सर्वप्रथम बालपात्रलाई समावेश पनि गराएको छ।[१२३]

नेपाली कथा साहित्यमा बालजीवनसम्बद्ध कथाको स्थितिबारे चर्चा गर्दा रूपनारायण सिंहपछि गुरुप्रसाद मैनालीको नाउँ आउँछ। उनको पहिलो प्रकाशित कथा 'नासो' (शारदा, वि सं १९९२)-लाई पहिलो आधुनिक नेपाली कथाको संज्ञा दिइएको छ। प्रकाशन कालका दृष्टिले रूपनारायण सिंहको 'अन्नपूर्णा' (सन् १९२६) मैनालीको 'नासो' (वि सं १९९२) कथाभन्दा अघि नै प्रकाशित भएको पाइन्छ। नेपाली समाजको याथार्थिक जीवनस्थितिको प्रस्तुति दुवै कथाबाट भएको छ। प्रकाशन कालका दृष्टिले जेठो-कान्छो देखिएका यी दुवै कथामा बालजीवनको सन्दर्भलाई बेग्लाबेग्लै किसिमले उठाइएको छ। एकजनाले टुहुरो हुन परेपछि पारिवारिक रूपमा बालकहरूले भोग्नु पर्ने समस्या तथा परिस्थितिलाई प्रस्तुत गरेका छन् भने अर्काले वंशानुगत बिस्तारका लागि छोरोको जन्मलाई आवश्यक मानेर त्यसलाई धर्मशास्त्रीय सन्दर्भबाट प्रस्तुत गरिएको छ। आलोच्य दुई कथाको मर्म बुझ्नु हो भने एकले बालजीवनको प्रस्तुतिलाई आधुनिकतातर्फ डोहोऱ्याएको छ भने अर्काले उही परम्परागत बाल चरित्रसम्बन्धी धार्मिक आख्यानको भावभूमिलाई आत्मसात गरेको छ। बालजीवनको तुलनात्मक आधारबाट पनि सिंहकृत कथाका बालकहरू र मैनालीको कथाको बालकमा स्पष्ट भिन्नता देखिन्छ। उद्देश्यगत आधार दुवै कथाको सामाजिक यथास्थितिको चित्रणतर्फ रहेको पाइन्छ तापनि बालजीवनको प्रस्तुतिमा सिंहको कथा मैनालीको कथाभन्दा मनोवैज्ञानिक रूपले केही सफल देखिन्छ। सिंह बालमनोविज्ञानको नजिकै पुग्न सकेका छैनन् तापनि असचेत रूपमा बालमनोविज्ञानका केही विशेषतालाई उनको यस कथाले समेट्न खोजेको छ। मैनालीको 'नासो' (वि सं १९५०) शीर्षक कथा सङ्ग्रहमा सङ्गृहीत धेरैजसो कथाहरूमा

---

[१२३] पौडेल, 'आधुनिक', पृ. ९८

भने बालजीवनको प्रतिविम्बन गरिएको छ। बालजीवनको सन्दर्भमा उनले ल्याउन चाहेका मनोवैज्ञानिक सचेतता उनको 'अभागी' (वि सं २०२०) शीर्षक कथाको प्रकाशनबाट मात्र आरम्भ भएको पाइन्छ।

गुरुप्रसाद मैनालीले नेपाली साहित्यका क्षेत्रमा भित्र्याएको सामाजिक आदर्शोन्मुख यथार्थवादी प्रवृत्तिको अनुसरणबाट आधुनिक नेपाली कथा साहित्यको विकास भएको पाइन्छ। यसै प्रवृत्तिअनुकूल लेखिएका कथाहरूमा प्रत्यक्ष-परोक्ष रूपमा बालजीवनको सन्दर्भको उठान पनि हुँदै आएको छ। *शारदा* पत्रिकामा प्रकाशित अन्य कथाहरूमा बालकृष्ण समका 'पराइघर' (वि सं १९९२) र 'तलतल' (वि सं १९९३), विश्वेश्वरप्रसाद कोइरालाको 'चन्द्रवदन' (वि सं १९९२), 'बिहा' (वि सं १९९५) र 'स्कूल मास्टर' (वि सं २००६), बोधविक्रम अधिकारीको 'बाबु छोराको गन्थन' (वि सं १९९२), बद्रीप्रसाद आचार्यको 'अनाथ बालिका' (वि सं १९९३), गजेन्द्रबहादुर शाहको 'निर्धनता' (वि सं १९९३), श्यामराजाको 'अभिलाषा' (वि सं १९९४), राजनारायण सुकुलको 'द्यौता' (वि सं १९९४), गङ्गाविक्रमको 'भ्रम' (वि सं १९९५), लक्ष्मीप्रसाद देवकोटाका 'उनको मने' (वि सं १९९६) र 'तारा' (वि सं २००१), कृष्णजी मल्लको 'बच्ची' (वि सं १९९६), तारिणीप्रसाद कोइरालाको 'आमाको हृदय' (वि सं १९९६), श्री सरोजको 'भिखमङ्गिनी' (वि सं १९९६), चक्रपाणि शर्माको 'उर्मिला' (वि सं १९९७), गोविन्दबहादुर गोठालेका 'त्यसको भाले' (वि सं १९९७), 'परमेश्वर छन्' (वि सं १९९७) 'निन्द्रा आएन' (वि सं १९९७) तथा 'लक्ष्मीपूजा' (वि सं १९९७), शङ्कर कोइरालाका 'सानी छोरी' (वि सं २००५) र 'फाउन्टेन पेन' (वि सं २००६), कृष्णप्रसाद चापागाईंका 'दाङका थारू' (वि सं २००८) र 'बेसमझ' (वि सं २०१०) आदि प्रकाशित भएका छन्, जसले बालजीवनको स्थूल र सूक्ष्म पक्षतिर विशेष ध्यान दिइएको पाइन्छ।

उल्लिखित कथाहरूमा बालकृष्ण समको 'तलतल', लक्ष्मीप्रसाद देवकोटाका 'उनको मने' र 'तारा' तथा गोविन्दबहादुर गोठालेका 'त्यसको भाले', 'निन्द्रा आएन' र 'लक्ष्मीपूजा' शीर्षक कथाहरू पूर्णतः बाल मनोवैज्ञानिक कथाहरू हुन्। अन्य कथाहरूमा बालपात्र प्रसङ्गवश आएका छन्, तथापि यी कथाहरूले बालबालिकाको नैसर्गिक प्रवृत्तिहरूलाई विविध रूपबाट संक्षेपमा समेट्ने सत्प्रयास भने गरेको देखिन्छ। सामाजिक यथार्थपरक कथानकसित सम्बद्ध उक्त कथाहरूले बालजीवनको प्रतिविम्बको प्रस्तुति मात्र गरेका छैनन्, बरु उमेरगत आधारमा बाल्यावस्थामा रहेका पात्रहरूको सामाजिक संरचनामूलक जीवनस्थितिलाई पनि प्रस्तुत गरेको छ। कलिलै उमेरमा वैवाहिक जीवन बिताउनसम्म मात्र होइन, आर्थिक समस्याका शिकार भएकाले मृत्युको सम्मुखीन पुगेका घटनाहरू समेतलाई यहाँ प्रस्तुत गरिएको छ। यस दृष्टिकोणले हेर्दा यी कथाहरूमा देखिएका बालपात्रहरूका शारीरिक, मानसिक र बौद्धिक विकास बालमनोविज्ञानअनुकूल भएको देखिँदैन।

आधुनिक कालका पूर्वार्धतिर लेखिएका नेपाली कथाहरूले यस्तै सामाजिक जीवनस्थितिको चित्रण गरेको छ। गुरुप्रसाद मैनालीको 'नासो', विश्वेश्वरप्रसाद कोइरालाको 'बिहा' आदि कथा यस्तै किसिमका कथाका नमूनाहरू हुन्। 'नासो' कथाकै दुलही (लक्ष्मी) उमेरगत आधारमा बाह्र वर्षकी बालक देखिन्छे। सानै उमेरमा ऊ विवाहिता भएर पन्ध्र-सोह्र वर्षकी उमेरमा आमा बन्न पुगेकी छे। उमेरगत आधारमा हेर्नु हो भने यस कथाका आमा लक्ष्मी र छोरा सुशील दुवै बालउमेर समूहभित्र पर्ने पात्रहरू हुन्। वस्तुतः यस्ता पात्रहरूलाई तत्कालीन नेपाली सामाजको संरचनात्मक नैतिक संस्कारले बाल्यावस्थाका मान्दैन्थ्यो भन्ने कुरोतर्फ सङ्केत गरेको छ।

यसै अवधितिर भारतको कालिम्पोङबाट प्रकाशित 'गोर्खा' (सन् १९४४) समाचारमूलक साप्ताहिक पत्रिकामा पनि बालजीवन सम्बन्धित कथाहरू प्रकाशित भएका

छन्। अम्बरबहादुर प्रधानको 'भाइटीका र दुई रूपियाँ', किशोर सोताङको 'नारी स्नेह', चन्द्रकान्त दर्नालको 'दसैं'जस्ता कथाहरू यसै पत्रिकामा प्रकाशित छन्। 'भाइटीका र दुई रूपिया' कथामा भाइटीकाले बालकमा परेको प्रभाव र बालकहरूमा हुने गरेका अपराधमूलक स्थितिलाई देखाइएको छ। 'नारी स्नेह' शीर्षक कथामा एउटी टुहुरी बालिकको चित्रण गरिएको छ, जसले आफ्नी जन्मदाता आमाको मृत्युपछि उनलाई खोजेर बालसुलभ जिज्ञासा दर्शाएकी छे। 'दसैं' कथामा दयनीय आर्थिक स्थितिको कारण दाजु-बहिनीले दसैंको पर्वमा नयाँ लुगा लगाउन पाएका छैनन् र बाबुले कुटेका कारण टीका लगाउन पनि मानेका छैनन्।

दार्जिलिङबाट प्रकाशित *भारती* (सन् १९४९) पत्रिकामा तेजबहादुर शर्माको 'मैंजा नानी', रूपनारायण सिंहको 'जिम्मेवारी कसको ?', विष्णुप्रसाद धितालको 'सान्नानी', परशुराम रोकाको 'बाटुलीको नयाँ लुगा', 'मेरो पुरानो स्कूल', सानुमति राईको 'सानी कता गई', मायादेवी क्षत्रीको 'दुई वीर नेपाली बालिका', रत्नकुमार प्रधानको 'जिद्दी', राधिका रायाको 'आमा'जस्ता शीर्षक कथाहरू प्रकाशित भएका पाइन्छन्। यी कथाहरूमा देखिएका प्रायजसो बालपात्रको प्रयोगबाट बालजीवनका विभिन्न पाटालाई प्रस्तुत गरिएको पाइन्छ। यी कथाहरूले सामान्य रूपमा बालकमा विद्यमान जिद्दीपन, प्रतिस्पर्धात्मक प्रदर्शनवृत्ति, नैतिक कर्त्तव्यबोध तथा बालसुलभ जिज्ञासाजस्ता प्रसङ्गहरूलाई उठाएका छन्। यी कथाहरूमा बालजीवनका यस्ता नैसर्गिक प्रवृत्ति तथा विशेषताहरूको उठान गरिए तापनि ती पक्षहरू बाल मनोवैज्ञानिक विश्लेषणको आधारबाट आएका छैनन्। यी कथाहरूमा पारिवारिक तथा सामाजिक जीवन स्थितिको चित्रणअनुकूल बालपात्रहरूको चारित्रिक विशेषतालाई संक्षेपमा प्रस्तुत गरिएको छ। यसै पत्रिकाको प्रकाशनकालदेखि नेपाली कथामा देवकुमारी थापाको लेखनगत सक्रियता बढ्दै गएको पाइन्छ।

यस अतिरिक्त *उदय, कथा भारती, नेपाली साहित्य सम्मेलन* तथा *प्रभात* आदि पत्रिकाहरूमा पनि यस्ता बालजीवनसित सम्बन्धित कथाहरू प्रकाशित भएको पाइन्छ। विशेषतः आधुनिककालीन नेपाली कथा साहित्यले अङ्गाल्दै लगेको सामाजिक यथार्थवादी प्रवाहमा बालपात्रसम्बन्धी त्यस्ता कथाहरूले बालकहरूको मनोवैज्ञानिक पक्षलाई एउटा विशेष प्रवृत्तिकै रूपमा चित्रण गरिएको पाइँदैन। पत्र-पत्रिकामा प्रकाशित यस्ता बालजीवनसम्बद्ध कथाहरू पछि पुस्तकाकारका रूपमा पनि देखिन आएको पाइन्छ भने पत्र-पत्रिकाहरूतिरै धेरै सङ्ख्यामा प्रकाशित पनि छन्। रूपनारायण सिंह, गुरुप्रसाद मैनाली, बालकृष्ण सम, गोविन्दबहादुर गोठाले, अच्छा राई 'रसिक', शिवकुमार राई प्रभृति कथाकारहरूले भने आधुनिक नेपाली कथा साहित्यमा बालजीवनसम्बद्ध कथा तथा बाल मनोवैज्ञानिक कथाको प्रवर्तन गर्न र त्यसको  विकास गर्नामा महत्त्वपूर्ण स्थान ओगटेका छन्।

देवकुमारी थापाको आगमनपूर्व आधुनिक नेपाली कथामा बालजीवन सन्दर्भित कथाको स्थिति उति विकसित रहेको देखिँदैन तापनि उनको आगमनपछि भने भारतीय नेपाली कथाको सन्दर्भमा बाल मनोवैज्ञानिक कथाको प्रारम्भ भएको तथ्य उनको 'भविष्य निर्माण' (सन् १९५१, *प्रभात*) कथाको प्रकाशनबाट थाहा लाग्छ। कथाकृतिको दृष्टिबाट पनि उनको *एकादशी* कथा सङ्ग्रहले चारवटा नितान्त बाल मनोवैज्ञानिक कथा र तिनवटा बालजीवनसम्बद्ध कथाहरू दिएर यस कुरोको पुष्टि गर्दछ। आधुनिक भारतीय नेपाली बालजीवनसम्बद्ध कथाको परिप्रेक्ष्यमा उनको आगमनलाई बाल मनोवैज्ञानिक कथाको प्रारम्भ बिन्दुको रूपमा मान्न सकिन्छ।

## ३.३ देवकुमारी थापापूर्वका केही प्रमुख आधुनिक नेपाली बालजीवन सन्दर्भित कथाको संक्षिप्त विश्लेषण

आधुनिक नेपाली कथा साहित्यमा बालजीवनको सन्दर्भमा रूपनारायण सिंह र गुरुप्रसाद मैनालीलाई यसका प्रर्वतक मान्न सकिन्छ। नेपालीका अन्य कथाकारहरूले आफ्ना कथामा बालजीवनलाई के-कतिको महत्त्व दिएका छन्, त्यसको निम्ति यहाँ रूपनारयण सिंह, अच्छा राई 'रसिक', शिवकुमार राई, गनुसिंह गुरुङ, नीलम प्रधान, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, गोविन्दबहादुर गोठाले, काजीमान कन्दङ्वा, हृदयचन्द्रसिंह प्रधान प्रभृतिका कथाहरूलाई आधारस्वरूप लिएर विश्लेषण गर्न सकिन्छ-

### ३.३.१ रूपनारायण सिंहका 'अन्नपूर्णा' र 'पुष्पराग' कथा

रूपनारायण सिंहको 'अन्नपूर्णा' शीर्षक कथा *सम्मेलन कथा सङ्ग्रह* (सन् १९९२)-बाट आधारस्वरूप लिइएको छ। सिंहको उक्त कथा पूर्ण बाल मनोवैज्ञानिक कथा होइन। बालमनोविश्लेषणवादी प्रवृत्तिदेखि पृथक् रहेर पनि बालजीवनको सन्दर्भको उठान भने यसै कथाबाट सुरु भएको पाइन्छ। विशेषतः आधुनिक नेपाली कथाको सन्दर्भमा यस कथाको प्रकाशनले विशिष्ट स्थान ओगटेको सर्वविदित छ। नेपाली समाजको परिवेश तथा परिस्थितिको यथार्थिक चित्रणसँग आबद्ध यस कथाले टुहुरा बालकको बालसुलभ जीवनवृत्तलाई खिँचेर आधुनिककालीन नेपाली समाजको यथार्थिक स्थितिको चित्रण गरेको छ। असल तथा सुखी जीवन बिताइरहेका सन्तानहरूले आमा-बाबुविहीन भएपछि कलिलो जीवनमा भोग्नु पर्ने तितो सत्यलाई प्रस्तुत गरेर यस कथामा एकातर्फ आधुनिककालीन नेपाली समाजको यथार्थिक पक्षलाई देखाइएको छ भने अर्कातर्फ बालपात्रको चित्रण र तिनीहरूको स्थूल मनोविम्बको पनि समोद्घाटन गरिएको छ।

यस कथाकी मूल बालपात्र अन्नपूर्णा छे र उसको भाइ मणि सहायक बालपात्रको रूपमा उपस्थित छ। प्रस्तुत कथामा यी दुवै टुहुरा बालपात्रको दयनीय जीवनदशाको चित्रणबाट बालजीवनको सन्दर्भ दुई किसिमले उठेको छ। पहिलो, सामाजिक, आर्थिक तथा मानसिक दृष्टिबाट समुन्नत बालजीवनको प्रस्तुति र दोस्रो, पारिवारिक हेयदृष्टि, आर्थिक विपन्नता तथा मानसिक दुष्चिन्ताबाट पीडित बालजीवनको प्रस्तुति।

कथाको सुरुमा नै 'दिदी, केही खाने कुरो देउन' (पृ. २५) भनेर भोकले सताइएको भाइ मणिको बालसुलभ स्वभाव प्रस्तुत गरिएको छ। मणिको उमेर ४ वर्ष पुगेको र ऊ पाठशाला प्रत्यागत अवस्थामा छ। मणि पैतृक् सम्पतिदेखि पृथक् छ। उसलाई घरको आर्थिक स्थितिबारे केही ज्ञान छैन। अन्नपूर्णा अबला, अशिक्षित अनि उमेरभन्दा परिपक्व छे। ऊ सानै उमेरमा पारिवारिक जिम्मवारीको उत्तरदायित्वसँग परिचित छे।

बालक मणिको बालसुलभ क्रियाव्यापारभन्दा अन्नपूर्णाको मानसिक स्थितिको चित्रणमा कथा बढी केन्द्रित छ। कथामा अन्नपूर्णा र मणिमाझमा देखिएको बालसुलभ सम्बन्धको प्रस्तुतिले बालजीवनको प्रतिविम्बलाई इङ्गित गरेको छ। छोरो मान्छे रुनु हुन्न भन्ने अन्नपूर्णाको भनाइले समाज-सांस्कृतिक संरचनामा छोरो मान्छे कठोर हृदयको हुनपर्छ भन्ने पितृसत्ताको सोचतर्फ पनि सङ्केत गरेको छ। अन्नपूर्णामा वंशानुगत विशेषताहरू विद्यमान हुँदाहुँदै पनि त्यसलाई वातावरणीय प्रभावको दुष्परिणामले जितेको छ। कान्छी आमाको दुर्व्यवहारअघि ऊ घुँडा टेक्न सक्दिन। त्यसैको प्रभावस्वरूप उसले आफ्नो भाइलाई लिएर पितृगृह त्याग्न बाध्य हुन्छे। मनोवैज्ञानिकहरूको मान्यताअनुसार- यसरी गृहत्याग गर्नाले बालकहरूको जीवन समस्याग्रस्त हुन्छ। ओपोनियन रिसर्च कोअपरेसन (सन् १९७६)-ले अभिभावकको कठोर व्यवहार तथा पारिवारिक तनावपूर्ण वातावरणको कारणले बालकले गृह त्याग्ने कुराको उल्लेख गरेको छ। वोल्क अनि

ब्रेनडोनले केटाहरू अभिभावकको अप्रभावी देखरेखको अति अभाव र केटीहरू अभिभावकको अप्रिय व्यवहार र दण्डदेखि बाँच्नका निम्ति भाग्ने गर्छ भन्ने कुराको समर्थन गरेका छन्।[१२४] यस आधारमा उक्त कथाकी नायिका अन्नपूर्णाले गृहत्याग गर्नामा अभिभावकको अप्रिय व्यवहार मुख्य कारक तत्त्व रहेको देखिन्छ।

रूपनारायण सिंहले यस कथामा एकजना टुहुरी बालकले बाल्यकालमा नै के-कस्ता समस्याहरूसँग जुझेर जीवन व्यतित गर्नु{पर्छ त्यसको यथार्थिक पक्षलाई{ देखाउने कोसिस गरेका छन्। उमेरले सानो भए पनि परिस्थितिले गर्दा बालकहरू प्रौढले झैं पारिवारिक तथा सामाजिक भूमिका निर्वाह गर्न सक्षम हुन्छन् भन्ने अन्नपूर्णाको बालजीवनको सन्दर्भबाट स्पष्ट हुँदछ।

रूपनारायण सिंहको पहिलो कथा सङ्ग्रह *कथा नवरत्न* (सन् १९५०) हो, तर यसमा उनको 'अन्नपूर्णा' शीर्षक कथा समाविष्ट छैन, तर सङ्ग्रहभित्र परेका 'पुष्पराग' र 'विध्वस्त जीवन' शीर्षक दुवै कथामा बालजीवनको संक्षिप्त प्रसङ्ग चित्रित भएको पाइन्छ। 'पुष्पराग' कथामा मूलतः कुनै निर्दिष्ट बालपात्रको चरित्रलाई देखाइएको छैन। कथा पूर्णतः पुष्पराग र पुष्पमणिको प्रेममय वातावरणसँग सम्बद्ध छ, तथापि कथाको भाग एक यी दुईका बालजीवनको बालसुलभ चारित्रसँग सम्बन्धित छ। यस कथाको मात्र यहाँ विश्लेषण गरिन्छ-

### ३.३.१.१ 'पुष्पराग'

'पुष्पराग' कथामा उच्चपदस्थ पारिवारिक संरचनाभित्र निम्नवर्गीय पात्रहरू वाध्यतावश चेप्टिइनु पर्ने परिस्थितिको प्रस्तुतिकरण पाइन्छ। कथाको पहिलो भागमा पुष्पजीवीकी छोरी पोखराजको उमेरावस्था ५ वर्षको देखाइएको छ। पोखराजको दौंतर पुष्पमणि हो।

[१२४] कोल्मेन, 'वर्किङ' पृ. ४६

यस उमेरका बालकका आन्तरिक परिवेशको रूपमा देखा पर्ने ईर्ष्यात्मक स्वभावलाई पुष्परागको चरित्रबाट देखाइएको छ। पुष्परागलाई उसकी आमाले 'हत्तेरी हुस्सु, लोग्ने मान्छेले पनि त्यस्तो गहना लाउनु हुन्छ ?' (पृ. २) भनेर लोग्नेमान्छे र स्वास्नीमान्छेले गर्नु हुने, लाउनु हुने, बोल्नु हुनेजस्ता पारम्परिक संस्कार र सामाजिक मान्यतालाई पुष्पमणिको बाल मस्तिष्कमा हाल्ने कोसिस गरेकी छन्। यसलाई लैङ्गिक दृष्टिकोणका आधारबाट पनि हेर्न सकिन्छ। बालकहरूको इच्छा, आकाङ्क्षामा भिन्नता ल्याउने मुख्य कारक तत्त्व नै लिङ्गगत आधार हो।[१२५] यस्ता संस्कार एक प्रकारले नैतिक बन्धनजस्तो हुन्छ। अतः निषेध जस्तो पनि हुन्छ, जसले बालकहरूको कलिलो बालहृदयमा नराम्रो संस्कारको बीजारोपण गर्न मद्दत गर्दछ।

बालजीवनको सन्दर्भबाट नै यस कथामा जातगत तथा वर्गगत भेदको उठान पनि गरिएको छ। पोखराज जब पाउजेब लगाएर रमाउँदै पुष्पमणिको घरमा आउँछे उति नै बेला पूजाकोठे उसलाई हप्काएर भन्छन्- 'धत् पर जा। झण्डै पूजाका सरजाम छोई यस चुल्बुलेले' (पृ. २) पूजाकोठेको यस्तो वाक्यले पोखराजको अबोधतामाथि घात गर्दछ। अझ, त्यसभन्दा धेरै उसको वर्गगत स्थितिप्रति प्रहार भएको छ। प्रतिक्रियास्वरूप पोखराज रुन्छे। बालकहरूले यस्तो परिस्थितिमा कि रोएर, कि कराएर, कि लडीबढी गरेर त्यसको प्रतिक्रिया गर्छन् भन्ने बाल मनोवैज्ञानिकहरूको भनाई छ।

यस प्रकार यस कथामा पोखराज र पुष्पमणि दुईजनाका बालसुलभ बालजीवनको चित्रण गरिएको छ। कथाको दोस्रो भागमा भने तिनीहरू प्रेममय स्थितिमा पुगिसकेको प्रतीत हुँदछ। अतः बालजीवनबाट सुरु भएको तिनीहरूको आत्मिक प्रेममाथि कालान्तरमा समाजको रुढिले प्रहार गरिएको चित्रण पाइन्छ।

---

[१२५] मोल्टोन, 'चिल्ड्रेन', पृ. ३२

### ३.३.२ अच्छा राई 'रसिक'को 'रगत' कथा

अच्छा राई 'रसिक'को 'रगत' शीर्षक कथा पनि *गोर्खा संसार* (११/३१) पत्रिकामा नै छापिएको पाइन्छ। यो कथा *रसिक रचनावली* (सन् १९८२) कथा सङ्ग्रहमा पनि सङ्गृहीत भएको पाइन्छ। यस कथाको मूल पृष्ठांश बाबु-छोरोमाझ रहेको रगतको सम्बन्धमाथि केन्द्रित छ। तत्कालीन सामाजिक वस्तुस्थितिको यथार्थाङ्कन गरिएको आलोच्य कथामा बाबु-छोरोमाझ रहेको वंशानुगत सम्बन्धलाई एकार्कामा देखिएको आशक्तिबाट प्रस्तुत गरिएको छ। यसै पक्षसित बालक रतनको बालजीवनको सन्दर्भ मुखरित हुन आएको छ।

प्रस्तुत कथामा ४ वर्षीय रतनका बालसखाहरूको पनि उपस्थिति रहेका छन्, तर तिनीहरूको न त कुनै उमेरगत सन्दर्भको उल्लेख गरिएको छ, न तिनीहरूको कुनै मनोवैज्ञानिक पक्षको यथोचित चित्रण नै गरिएको छ।

कथा नायक रत्नमानको गाडी आएको देखेर 'अले नि मोटल आयो' (पृ. १०५) भनेर रमाएको घटनाले नै रतनको बालसुलभ मनोवृत्तिको उद्घाटन गरिएको छ। गाडी तथा ड्राइभरजस्ता कुराहरू बालकका लागि मनोरञ्जनकै साधनको रूपमा देखिन्छन्। गाडी आएको देखेर रमाउनु, गाडीको पछिपछि दौडिनु, गाडीको भारीमाथि सवारी हुनु आदि बालजीवनका अविस्मरणीय क्षणहरू हुन्। यही क्षणको पृष्ठपोषण यस कथामा रतन र उनका बालसखाहरूले गरेका छन्।

'मो पनि डलाइभल हुन्छु पथि नै' (पृ. १०५) शब्दहरू पनि स्पष्ट उच्चारण गर्न नसक्ने बालक रतनले रत्नमानको काखमा बसेर हर्न टींट् टींट् गरी बजाउँछ। यो नै उसको निम्ति हर्ष र आनन्दको क्षण बनेको छ। उसले स्वयम्लाई ड्राइभरको रूपमा पाउने सपना देख्नु एक किसिमले उसको आफ्नो इच्छाशक्तिको प्रदर्शन पनि हो। शक्ति

प्रदर्शन बालकमा त्यस समय हुँदछ जब उसमा आत्मविश्वास रहँदछ अनि जब आफूलाई ऊ सुरक्षित सम्झँदछ।[१२६] बालकहरू आफ्नो इच्छित वस्तुको प्राप्तिमा हृदयदेखि प्रफुल्लित हुन्छन् भन्ने तथ्य रतनको उक्त मनःस्थितिबाट बुझिन्छ। दिनभरि हराएकोमा बाजेले 'कहाँ मरेको थिस्' (पृ. १०६) भनेर सोद्धा 'डलाइभल' हुनु भनेर उसले सोझो स्वीकारोक्ति दिएको छ। अझ, 'मैले मोटल टींट गलें ता बा' (पृ. १०६) भनेर आफूले गरेको कार्यप्रति गर्वित भएर उसले बाजेबाट प्रोत्साहनको अपेक्षा पनि राखेको छ।

कथामा वर्णित विषयवस्तु, पात्रगत चारित्रिक विशेषता आदिका आधारमा यस कथालाई सामाजिक यथार्थवादी कथा मान्न सकिन्छ। बाबु-छोरोमाझ रगतको सम्बन्ध भए तापनि बाबु-छोराको मनःस्थितिको चित्रण मनोवैज्ञानिक ढङ्गले गरिएको छैन। कथाका पात्रहरू सबै जीवन्त र सच्चा पात्रहरू छन्। तिनीहरूका कार्यप्रणाली, सामाजिक व्यवहार, रहन-सहन, परिवेश सम्पूर्ण पक्ष यथार्थिक छन्।

### ३.३.३ गनुसिंह गुरुङको 'परमत्याग' कथा

गनुसिंह गुरुङको 'परमत्याग' *कथा भारती* (जेठो भाग, सन् १९५३) पत्रिकामा प्रकाशित भएको पाइन्छ। यस कथामा जुवाडे लोग्नेका कारणले गर्दा पारिवारिक स्थितिमा के-कस्ता समस्या र परिस्थितिहरूको प्रादुर्भाव हुँदै जान्छन् र त्यसले पारिवारिक सम्बन्धमाझ कस्तो विचलन जन्माउँछ भन्ने कुरालाई देखाइएको छ। यसै क्रममा छोरी प्रभा र छोरो श्यामको बालजीवनको प्रतिविम्बन गरिएको छ।

यस कथामा प्रभा र श्याम दुई दिदी-भाइ बालपात्रहरू छन्। दुवैको निश्चित उमेर उल्लेख छैन, यद्यपि दुवै बाल उमेरसमूहका पात्रहरू हुन् भन्ने लेखकीय कथन र घटना विवरणबाट प्रष्ट भएको छ। कथाको प्रारम्भतिरै आमाले घडी हेर्न अह्राउँदा मुख फुलाएर

---

[१२६] पाण्डेय, 'बालमनोविज्ञान', पृ. १२२

नजाने मनोभावना प्रकट गर्ने प्रभा र आफूले पनि कुटाई खाइएला कि भन्ने भय[१२७] बोकेको श्यामको चारित्रिक विशेषताले तिनीहरू दुवै बालसमूहका पात्रहरू हुन् भन्ने बुझिन्छ। बाल्यावस्थामा नै तिनीहरूले बाबुको कुलतका कारण विषाक्तपूर्ण जीवन भोग्न परेका छन्। कहिले भुटेको मकै खाएर, कहिले चिउरा खाएर, कहिलेकाहीँ भोकभोकै सुत्नु परेर तिनीहरूले बाल्यावस्थामै जीवनप्रतिको तिक्तता भोग्नु परेको छ।

वस्तुतः प्रस्तुत कथामा यी दुवै बालपात्रहरूको मनोवैज्ञानिक पक्षहरूलाई देखाइएको छैन। कथाको उद्देश्य पनि रतनलाल (बाबु)-लाई कसरी कुबाटोबाट सुबाटोतिर ल्याउने भन्ने रहेकाले यसले त्यति बालमनोविज्ञानलाई ध्यान दिएको छैन।

### ३.३.४ नीलम प्रधानको 'सङ्केत' कथा

नीलम प्रधानको प्रस्तुत कथा 'सङ्केत' *कथा भारती* (साहिँलो भाग, सन् १९५५) मा सङ्कलित छ। प्रस्तुत कथाले विशेषतः बालकको सामाजिक तथा वंशानुगत अभिप्रेरणालाई अङ्गीकार गरेको छ। यस कथाको मूल पात्र डम्बर हो। कथाको उत्तरार्धमा ऊ किशोरावस्थाको भइसकेको देखाइएको छ। यस कथामा वंशीय तथा वातावरणीय प्रभावले उसको भावी जिन्दगीको गोरेटो कसरी बनिएको छ भन्ने कुरालाई देखाइएको छ। सोभियत बाल मनोवैज्ञानिकहरूको मान्यताअनुसार- बाल व्यक्तित्वको निर्माण संवेग तथा इच्छाशक्ति, रुचि तथा व्यवहारजस्ता अभिप्रेरक वस्तुसित सम्बन्धित हुन्छ, जसमा सामाजिक परिवेश तथा वयस्कसँग बालकको सम्बन्धले व्यावहारिक रूप धारण गर्दछ। यसलाई बालकको विकासका लागि लाक्षणिक मानिन्छ।[१२८] *पहिलो किताब* पढ्दै गरेको छोरो डम्बरलाई बाबु गोरे सार्कीले 'धेरै पढी सकेपछि के काम

---

[१२७] भय एक प्रकारको मानसिक संवेग हो। यसको उत्पति त्यो समय हुन्छ जतिबेला प्राणीलाई कुनै प्रकारको हानि पुग्ने सम्भावना हुन्छ। भयको कारण प्राणी आफ्नो आत्मरक्षा गर्ने चेष्टा गर्दछ। शुक्ल, 'बालमनोविज्ञान', पृ. १४०

[१२८] ...'आयुवर्ग', पृ. ८६

गर्छस् डम्बर' (पृ. ३३) भनेर सोधेकोमा उसले 'मो तातेपाङ्ले जुत्ता बनाउने काम गर्छु' (पृ. ३३) भनेर सहज तरिकाले उत्तर फर्काएको छ। वास्तवमा उसले भनेको कुराको अर्थसित उसको कुनै किसिमको सरोकार देखिँदैन। बाबुले दुई रङ्गे जुत्ता बनाउने चासो नराख्दा यसको परिपूर्ति आफैद्वारा नै हुन्छ कि भन्ने उसको वंशीय पेशाअनुकूल मनोभावना रहेको देखिन्छ। यसलाई एक प्रकारले बालकको मूल प्रवृत्ति पनि भन्न सकिन्छ। 'मूल प्रवृत्ति' बालकको जन्मसितै आएको हुन्छ। यसमा उसका आमा-बाबाको वंशीय गुणहरू विद्यमान रहेको हुन्छ। यसकारण मूल प्रवृत्तिलाई परम्परागत वा जन्मजात मनो-शारीरिक प्रवृत्ति मानिन्छ। प्राणीलाई कुनै विशेष वस्तु हेर्न, त्यसमा ध्यान दिन, त्यसलाई हेरेर एक प्रकारको संवेगात्मक उत्तेजनाको अनुभव गर्न र त्यससँग सम्बन्धित विशेष ढङ्गले कार्य गर्न वा यस्तो गर्ने प्रबल इच्छाको अनुभव गर्न बाध्य गरिन्छ।[१२९] यसै प्रसङ्गसँग कथाको कथावस्तु जोडिएको छ र बालक डम्बरको भावी जीवनको मार्ग पनि बनिँदै गएको छ। अतः बालक डम्बरले अज्ञानतावश दिएको उत्तरले उसको भावी जीवनको बाटो तय गरेको छ। यस सन्दर्भबाट कथाको शीर्षक 'सङ्केत' सार्थक पनि छ।

बाबुले गर्न नसकेका कार्य (रङ्गीन जुत्ता सिलाएको नदेख्दा) आफू नै त्यो काम गर्ने भएर उसले सिर्जनात्मक शक्तिको प्रदर्शन गरेको छ। व्यक्तित्व निर्माणको निर्णायक तत्त्व सिर्जनात्मक शक्ति हो र यसको गति व्यक्तिअनुसार फरक फरक हुन्छ भनेर यसलाई एडलरले गतिको नियम भनेका छन्।[१३०] व्यक्ति स्वतन्त्र सिर्जनात्मक शक्ति लिएर जन्मिन्छ तर जन्मनासाथ उसले शारीरिक एवम् वातावरणीय कठिनाइहरूको सामना गर्नु पर्दछ। यसैबाट उसको जीवनमार्ग र जीवनशैली निर्धारित हुन्छ। यो

---

[१२९] दुर्गाबहादुर घर्ती, वि सं २०६७, *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान,* काठमाडौं : साझा प्रकाशन, पृ. १२

[१३०] घर्ती, 'मनोविश्लेषणात्मक', पृ. ३५

व्यक्तित्व विकासको प्रमुख निर्धारक तत्त्व हो, किनभने यसले व्यक्तिका आनुवंशिकता र वातावरणको उपयोग गर्दछ।[१३१] यसैमा उसको सामाजिक अभिप्रेरणामय व्यवहार झल्किएको पाइन्छ। डम्बरको बालजीवनमा देखिएको यही अभिप्रेरणालाई समयक्रममा उसको अभिरुचि, परिस्थिति र उमेरजस्ता आनुवंशिकता र वातावरणीय कुराहरूले असर पार्दै लगेको छ।

## ३.३.५ शिवकुमार राईका 'बाबु-छोरा' र 'जरजेटको सारी' कथा

शिवकुमार राईको *यात्री* (सन् १९५६) कथा सङ्ग्रहभित्र सङ्कलित कथाहरूमध्ये 'बाबु-छोरा' एउटा कथा हो। बाबु-छोरामाझको मार्मिक प्रेम प्रसङ्गमा यो कथा आधारित छ। प्रस्तुत कथाले एकातिर सामाजिक यथार्थलाई टिपेको छ भने अर्कातिर बालजीवनको सन्दर्भलाई पनि बुनेको छ।

प्रस्तुत कथामा बाबु र छोरोमाझ रहेको आत्मिक सम्बन्धले तत्कालीन नेपाली समाजको पारिवारिक स्थितिको दृष्टिकेन्द्रन गरेको छ र अभिभावकीय संरक्षण तथा उत्तरदायित्वको वहन पनि गरेको छ। आमाविहीन टुहुरो सानेको उमेर ७ वर्षको छ। आर्थिक परिस्थितिका कारणले गर्दा उमेर पुगिसकेर पनि साने पाठशाला जानदेखि वञ्चित छ। उसको जन्मपछि लगतै आमा (पोक्ची)-को मृत्यु भएको छ, तर गोविन्दबहादुर गोठालेको 'निन्द्रा आएन' कथाकी बालपात्र ज्ञानीलाई झैं बाबु टोक्ने वा आमा टोक्नेजस्ता सामाजिक अन्धविश्वास, लान्छना र आरोपले सानेप्रति हेयदृष्टि राखेको छैन। तिनीभन्दा पूर्व धेरै सन्तानको जन्म भएर पनि हातमा नरहेको अनि साने पनि झाँक्रीले मोच मारिदिएको कारण मात्र जीवित रहेको प्रसङ्ग उल्लेख छ। वस्तुतः चामेको संसार र सम्पत्ति भन्नु नै त्यो ७ वर्षीय साने भएको छ।

---

[१३१] घर्ती, 'मनोविश्लेषणात्मक', पृ. ३५

सामान्यतः बालकमा हुन पर्ने अभिभावकीय संरक्षणका सन्दर्भमा उसकी आमाको भूमिका मुख्य रहेको हुन्छ। उसको जन्मसितै आमाको मृत्यु भएकाले उसले आमाको संरक्षणमा हुर्किने सौभाग्य प्राप्त गर्न सकेको छैन। बाबु चामे नै उसको निम्ति आमा र बाबु दुवै हुन्, त्यसैले ऊ बाबुकै अघिपछि गर्दै हुर्किएको छ। गाउँका केटाकेटीहरू थरी थरीका खेल खेल्नमा व्यस्त हुँदा पनि ऊ एक्लो हुनु परेको छ। ऊ हाँसको बथानमा बकुल्लोसरह हुन पुगेको स्थिति पनि कथामा छ। यस्ता स्थितिहरूले उसको बालरहर भित्रभित्रै कुण्ठित बन्दै गएको छ। ऊ हीनताग्रन्थीको शिकार बन्दै गएको छ। यसको एउटा मुख्य कारण उसको पारिवारको आर्थिक स्थिति रहेको छ। अभिभावकबाट आवश्यकताभन्दा धेरै माया र अनावश्यक सहायता पाइनाले बालकमा आत्मविश्वासको कमी हुनाका साथै ऊ अभिभावकप्रति धेरै निर्भर रहँदै जान्छ, फलस्वरूप उसमा असुरक्षित एवम् हीनताबोध वृद्धि हुँदै जान्छ[१३२] भन्ने कुरासँग सानेको चरित्रले मेल खाएको छ। आमाको मृत्युपछि उसले बाबुबाट प्राप्त असीम माया, आवश्यकताभन्दा बढी साथ पाइरहनुका साथै टुहुरो, लुतो, निम्छरो हुनाका कारणले सानेलाई केटाकेटीहरूले 'ए साने बाँदरको मासु खाने' (पृ. २३) भन्दै जिस्क्याउनसम्म पछि परेका छैनन्।

शिवकुमार राई मूलतः सामाजिक यथार्थवादी कथाकार हुन्। उनका यस कथाले सामाजिक विषयवस्तुलाई प्रस्तुत गरेको छ। एउटा घरमा आमाको अनुपस्थितिमा बाबु र छोरोमाझ हुने पारिवारिक सम्बन्ध, आर्थिक कमजोरीका कारण हुने पारिवारिक दयनीय स्थिति, अभिभावकीय सुरक्षाजस्ता कुराहरूलाई पनि यस कथामा देखाइएको छ। अर्कोतिर एकजना बालकले कलिलै उमेरमा थेग्न परेका सामाजिक, आर्थिक र नैतिक कर्त्तव्यबोधका प्रसङ्गलाई पनि यस कथामा सम्बोधन गरिएको छ।

---

[१३२] पाण्डेय, 'बालमनोविज्ञान', पृ. १२४

### ३.३.५.१ 'जरजेटको सारी'

शिवकुमार राईको अर्को बालजीवन सन्दर्भित कथा 'जरजेरको सारी' शीर्षक कथा हो। यस कथाले चियाबारी जनजीवनको यथार्थ पक्षलाई प्रकाश पारेको छ। यस कथामा आर्थिक सम्पन्नहीन चियाबारीका मानिसहरूमा देखिने इच्छा आकाङ्क्षालाई अभिव्यक्त गरिएको छ। विशेषतः कमाने पात्र अथवा कथाकी नायिका धनलच्छीको जरजेटको सारी लगाउने मनोवृत्तिमा यो कथा केन्द्रित छ। उसको सारी लगाउने इच्छाले उसकी बहिनी च्याउँकीको बालजीवनको सन्दर्भ पनि गाँसिन आइपुगेकाले यस कथालाई पनि बालजीवन सम्बद्ध कथाको रूपमा लिन सकिन्छ।

यस कथामा एउटा परिवारकी दुईजना दिदी-बहिनीमाझ हुने गरेका प्रेम-स्नेह तथा ईर्ष्यात्मक भावव्यापारलाई प्रस्तुत गरिएको छ। दुवै दिदी-बहिनीको यस कथामा निश्चित उमेर तोकिएको छैन। धनलच्छीको चारित्रिक विशेषताबाट ऊ किशोरावस्थाका पात्रका रूपमा देखिन्छे भने च्याउँकीको बोली व्यवहारबाट ऊ बाल्यावस्थाकै पात्र हो भन्ने स्वतः बुझिन्छ।

जरजेटको सारी लगाउने रहरले धनलच्छीले चियापत्ती टिपेर कमाएको पैसामा एउटा चुरा बन्धकी राखेर जरजेटको सारी किनेकी छे। च्याँउकीले त्यो सारी आफू पनि लगाउने इच्छा प्रकट गर्दै 'हेरन आमा, दिदीले एकछिन लाउनदे भन्दा पनि दिँदैन' (पृ.-६४) भनेर आमालाई पोल हाल्दै बालसुलभ ईर्ष्या देखाएकी छे। बालकमा ईर्ष्या अतएव आरिसीपन मूलतः आफ्नै दिदी-बहिनी, दाजु-भाइप्रति हुन्छ र यस्तो बेलामा तिनीहरू नै प्यारो पनि हुन्छन्[१३३] भनिन्छ। यही आत्मियताकै कारण धनलच्छीले आमाको कुरा काट्न सक्दिन र त्यो जरजेटको सारी बहिनीलाई दिई उसको बालरहर पुरा गरिदिन्छे।

[१३३] बोल्बी, 'एट्याच्मेन्ट', पृ. ७१

इच्छित वस्तुको प्राप्तिमा बालकहरूमा देखा पर्ने शारीरिक र मानसिक भावभूमि च्याउँकीको बाल्यजीवनबाट मुखरित भएको छ।

धनलच्छीको जरजेटको सारी लगाउने इच्छा र बहिनी च्याउँकीको दिदीको सारी लगाउने बालइच्छासँग सम्बन्धित कथाको विषयवस्तुले सामाजिक मनोविज्ञान र बालमनोविज्ञानको पक्षलाई समेटेको छ। चियाबारी समाजको सामाजिक परिवेशमा केन्द्रित उक्त कथामा चियाबारी जनजीवनमा एउटा कुनै पनि चाडपर्वले पार्ने मनोवैज्ञानिक प्रभावलाई दर्शाइएको छ।

### ३.३.६ बालकृष्ण समको 'तलतल' कथा

बालकृष्ण समद्वारा रचित 'तलतल' बाल मनोवैज्ञानिक दृष्टिले लेखिएको कथा हो। वि सं १९९३ सालको शारदा २/१२ फागुन, चैत्रमा प्रकाशित भएका हुनाले समको 'तलतल' ऐतिहासिक दृष्टिले पहिलो नेपाली बाल मनोवैज्ञानिक कथा हो।[१३४] दयाराम श्रेष्ठको विचारमा यो कथा नेपालीमा पहिलो बाल मनोवैज्ञानिक कथा त हुँदै हो, तत्कालीन कथानक ढाँचाको प्रतिनिधित्व पनि यसबाट भएको छ।[१३५] यस कथाबाट बालजीवनमा परेको कुलतलाई अभिभावकको आत्मीय, स्नेह तथा प्रेमद्वारा नै सपार्न सकिन्छ भन्ने मनोवैज्ञानिक अवधारणाको पृष्ठपोषण गरिएको छ। प्रस्तुत कथा *नेपाली गद्य सङ्ग्रह* पहिलो भाग (वि सं २००२)-बाट लिइएको छ।

यस कथाको प्रमुख बालपात्र गोपाल हो र ऊ ८ वर्षको छ। प्रस्तुत कथामा गोपालको बालजीवनको चित्रणलाई मुख्य रूपमा दर्शाइएको भए तापनि चर्चित र प्रासाङ्गिक रूपमा अन्य दुईजना बालक टुलु र ताराकी फूपूको सानो छोरोको पनि यहाँ उल्लेख छ। टुलुको व्रतबन्ध हुने प्रसङ्गमात्र आएकाले कथामा उसको कुनै प्रकारको

[१३४] पौडेल, 'आधुनिक', पृ. १७०

[१३५] राजकुमार छेत्री, सन् २०१३, *समयावलोकन,* दार्जिलिङ : श्याम ब्रदर्स प्रकाशन, पृ. ११४

कार्यव्यापार देखिँदैन। सानो छोरो घोडेजात्रा हेर्न आएको सामान्य परिचय मात्र छ, जसले उसको बालजीवनको कुनै मनोवैज्ञानिक पक्षलाई समेट्न सकेको छैन।

यस कथामा बालकमा देखिने प्रेम, घृणा, क्रोधजस्ता आन्तरिक परिवेश (संवेग)-को सामान्य चर्चा आएको छ। मातृवात्सल्य प्रेम तथा ओडिपसग्रन्थी बमोजिम भोलिपल्ट आमाले 'भन्, तँलाई कसले सिकायो ?' (पृ. ६३) भनेर सोधेकी प्रश्नमा गोपालले बाबुदेखि सिकिएको र धेरै अघिदेखि खान थालिएको कुरा स्विकारेको छ र उपरान्त नखाने कुरामा मौन अस्वीकृति पनि दिएको छ। अब उसो खाइएको खण्डमा बङ्गारा झारिदिने बाबुको व्यवहारप्रति उसले पढ्न लागेको पुस्तक पर हुत्याई दिएर प्रतिवाद जनाएको छ। शारीरिक पीडाबाट नसुध्रिने देखेर आमाले आफ्नो मृत्युको मानसिक धम्की दिएकी छन्। बाबुले लत नछुटाएसम्म नमर्ने तथा तह लगाउन नसके जोगी भएरै आफूले घरसमेत त्याग्ने कुरा पनि गरेका छन्, तर 'कीरा परेको हात' भनेर गोपालले बाबुको क्रियाप्रति क्रोधको भावना व्यक्त गरेको छ। यसका साथै 'मरिहालोस्' भनेर सरापेको पनि छ। अतः बालक गोपालमा प्रेम, घृणा र भयको मूल कारण उसको चुरोट खाने बानी (लत)-सित सम्बन्धित देखाइएको छ।

यस कथामा बाह्य परिवेशको रूपमा गोपालको पारिवारिक र सामाजिक स्थितिको चर्चा मूल रूपमा आएका छन्। पारिवारिक एवम् सामाजिक परिदृश्यमा एकजना बालकको स्वभावमा चुरोट तान्ने बढ्दो तलतलप्रति अभिभावकहरूको भूमिकालाई महत्त्वपूर्ण देखाइएको छ। गोपालकी आमाको संरक्षणीय स्वभाव र बाबुको अनुशासनात्मक स्वभाव देखाइएको छ। छोरोको कुलतले उसलाई मात्र नभएर उसको आमा-बाबुका मानसिक स्थितिमा पनि प्रभाव पर्न गएको छ। यसको निराकरणका निम्ति अभिभावकले पनि आफ्नो स्वभाव र व्यवहारमा परिवर्तन ल्याउनु पर्छ, जसको कारण पारिवारिक स्थिति स्वास्थ्य बन्न सक्छ भन्ने कुराको उठान पनि गरिएको छ।

बालकहरू स्वभावतः अनुकरणीय प्रवृत्तिका हुन्छन्। यही अनुकरण प्रवृत्तिको कारण तिनीहरूले घर-परिवार तथा समाजका अग्रजहरूबाट प्रत्यक्ष-परोक्ष रूपमा सकारात्मक-नकारात्मक दुवै थरीका कुराहरू ज्ञान-अज्ञानतावश सिक्दै जान्छन् र त्यसलाई समयअनुकूल प्रदर्शन पनि गर्दै जान्छन्। यस्तै उमेरमा बालकहरू घर तथा समाजका विशिष्ट सदस्यको अनुकरण गर्न रुचाउँछन् भन्ने कुरालाई अल्बर्ट बान्डुरा र उनका साथीहरूले नमुना फिल्म देखाएर बालकहरूका सकारात्मक तथा नकारात्मक अनुक्रियाको अध्ययन गरेका छन्।[१३६]

वस्तुतः बालकृष्ण समको प्रस्तुत कथामा एउटा बालकको बालजीवनमा परेका नकारात्मक व्यवहारगत कुराहरू दण्डको साटो प्रेम तथा स्नेह भावद्वारा नै सच्याउन सकिन्छ भन्ने दृष्टिकोण प्रस्तुत छ। उनले बालकका जीवनमा देखा पर्ने यस्ता अनेकौं नकारात्मक प्रभावलाई स्थितिअनुकूल सकारात्मक व्यवहार प्रदर्शनबाट नै शान्त पार्न सकिन्छ भन्ने संदेशात्मक निष्कर्ष पनि दिएका छन्।

### ३.३.७ लक्ष्मीप्रसाद देवकोटाको 'उनको मने' कथा

लक्ष्मीप्रसाद देवकोटाको पहिलो प्रकाशित कथा नै 'उनको मने' (वि सं १९९६) हो। उनको उक्त कथा *लक्ष्मी कथा सङ्ग्रह* (वि सं २०४३) मा प्रकाशित भएको पाइन्छ। यस कथामा बालकको नैसर्गिक अबोधपनालाई देखाइएको छ। अबोधपना नै बालकका चारित्रिक विशेषता हुन्। तिनीहरूका लागि सामाजिक, धार्मिक रीतिरिवाज, कर्मकाण्ड तथा पशुहत्याजस्ता कुराहरू वाहियात कुराहरू हुन्छन्। यस किसिमको पशुहत्याले तिनीहरूको कोमल मनमा नकारात्मक प्रभाव जमाउँदछ। तिनीहरूले मानिसहरूको क्रूर व्यवहारबारे जान्दछन्। क्रूर संसारबारे जान्दछन् र सामाजिक, धार्मिक रीतिथितिप्रति घृणा प्रकट गर्न लाग्दछन् भन्ने बाल मनोवैज्ञानिक पक्षको उद्घाटन गरेको छ।

[१३६] पौडेल, 'आधुनिक', पृ. १७१

प्रस्तुत कथामा क्रमैले सानु, राजु, जुनु, चिन्टे र फिष्टेजस्ता बालपात्रहरूको उपस्थिति देखिन्छन्। कथामा तिनीहरूको उमेरको उल्लेख गरिएको छैन तापनि तिनीहरूका खेल प्रदर्शनी तथा कार्यव्यापारबाट ती सबै बालसमूहका पात्रहरू नै हुन् भन्ने बुझिन्छ। जुनुको कार्यगत भूमिका धेरै रहेकाले ऊ नै प्रस्तुत कथाकी मूल पात्र रहेकी छे र कथामा पनि उसकै चरित्रको मनोवैज्ञानिक विश्लेषण गरिएको छ।

बालकमा प्रदर्शनवृत्ति अधिक रहेको हुन्छ। विभिन्न उमेर समूहका बालकले विभिन्न किसिमका प्रदर्शन गरेर आफ्नो व्यक्तित्वको परिचय दिन्छ। यस कथामा पनि कोइरालाको पात खान लागेको बोकोको पुच्छर तानेर चिन्टेले सर्वप्रथम आफ्नो शूर र बहादुरीको प्रदर्शन गर्दछ। सानुले बोकोकै बोलीमा 'म्याँ ! म्याँ !' गर्दछ। पूजाकोठाबाट सुटुक्कै चोरेर ल्याएको सिन्दुर राजुले पूजा-पूजा भन्दै छर्दछ। जुनेलोको पात चुँडाएर जुनुले मने ! ला ला !! भन्दछे। फिष्टेले जुनुकै नक्कलजस्तो गरेर गुलाफको कोपिला चुँडाउन लाग्दछ।

प्रस्तुत कथाले अर्कोतिर बालकहरूको अनुकुरण प्रवृत्तितर्फ पनि सङ्केत गरेको छ। पूजाको निम्ति बोकोलाई लान लुरूकान्त भन्ने व्यक्तिले 'छोड्नुहोस् नानी बोको लैजाऊँ' (पृ. ४)-भन्दा अन्भिज्ञता तथा आज्ञाकारितावश जुनुले मनेलाई सुम्सुम्याएर छाडिदिएकी छे, किनभने उसले बोकोमा पनि देउताको बास रहने सम्झिएकी छे। यस घटनाले बालकहरूले यथार्थ र कल्पनाबिचको भेद छुट्ट्याउन सक्दैन भन्ने फ्रायडीय विचारको समर्थन गरेको छ। लुरूकान्तको पछिपछि जुनु पनि लाग्छे, बोकोले म्याँ म्याँ गर्दै ऊतर्फ हेर्छ। उसले यसको अर्थ 'के मागेको होला ? आमा खोजेको होला ? रोएको हो कि ?' आदि अनेकन् प्रश्नहरू मनमा डुलाउँदै जाँदा आकस्मिक उसको मनमा बोकोजस्तै हातखुट्टाले हिँडे के हुँदोरहेछ भन्ने भावना जन्मिएको छ र त्यही विचारअनुरूप ऊ पनि हातखुट्टाले चार पाउ टेकेर बोकोको पछिपछि लागेकी छे। यहाँ जुनु मनेसित

बढी खेलेकी छे र उसकै बढी नक्कल पनि गरेकी छे। अरूका व्यवहारलाई हेरेर अनुक्रियाद्वारा पुनरावृत्ति गर्नु नै अनुकरण हो।[१३७] यसै अनुकरणात्मक प्रवृत्तिबाट बालकहरूको रहस्यमय हृदयलाई बुझ्नसक्ने कुरातिर कथाकारले सङ्केत गरेका छन्।

सिन्दुर, अक्षेता, फुल आदि छर्केर पूजा सम्पन्न भएपछि एकपल्टमा नछिनिएको बोकोलाई रेट्न लागेको देखेर 'न काट नि ! न काट !! मेरो मनेलाई' (पृ. ५) भनेर जुनु कराएकी छे। उक्त स्वरमा ढुङ्गाको हृदय पगाल्ने शक्ति निहित रहेको र यदि त्यो प्रतिध्वनि भएको भए आकाशवाणीझैं हुने थियो भनेर देवकोटाले बालहृदयको कारूणिक स्थितिप्रति दृष्टिकेन्द्रित गरेका छन्। बालक जुनुले देखेकी यही दृश्य क्रूर संसारको पहिलो दृश्य थियो भन्ने भावाभिव्यक्तिले देवकोटाको बालजीवनप्रतिको सहानुभूतिपूर्ण भावलाई पनि बुझ्न सकिन्छ। उनको यो कथा बालिका र बोकोको प्रेमको दृष्टिले काजीमान कन्दङ्वाको 'रनमायाको आँसु' र बालक र बोकाको सहचार्य सम्बन्धको दृष्टिले भीमनिधि तिवारीको 'बटे र बोके' कथासँग तुलनीय छ।[१३८]

### ३.३.८ गोविन्दबहादुर मल्ल गोठालेका 'लक्ष्मीपूजा' र 'निन्द्रा आएन' कथा

गोविन्दबहादुर गोठालेद्वारा रचित *कथासंग्रह* (वि सं २००३)-मा 'लक्ष्मीपूजा', 'निन्द्रा आएन', 'एउटा पुरानो कथा', 'एउटा मृत्यु', 'औँठी', 'कृष्णे र खुकुरी', 'भय' तथा 'एक घटना'जस्ता कथाहरू प्रकाशित छन्, जसमध्ये 'लक्ष्मीपूजा' र 'निन्द्रा आएन' पूर्णतः बाल मनोवैज्ञानिक कथाहरू हुन्।

प्रस्तुत कथा विशेष गरी हिन्दू सांस्कृतिक चाडपर्व तिहारको अवसरमा हुने लक्ष्मीपूजालाई आधार बनाएर लेखिएको छ। यस कथामा नेपाली समाजमा पर्वको रूपमा मनाइने गरेको लक्ष्मीपूजामा बालकहरूको अभिरुचि र त्यसप्रति तिनीहरूका कार्यव्यापार

---

[१३७] पौडेल, 'आधुनिक', पृ. २१३

[१३८] पौडेल, 'आधुनिक', पृ. २१३

तथा क्रियाकलापहरू के-कस्ता किसिमका छन् भन्ने सामाजिक सन्दर्भ र मानसिक स्थितिलाई देखाइएको छ। तिहारको सामाजिक संरचनामा तिनजना बालक मानचा, प्रेमचा र लालबहादुरको बालसुलभ ईर्ष्या तथा द्वेषात्मक स्वभावलाई प्रस्तुत गरिएको छ।

मनोरञ्जनात्मकवृत्तिअनुकूल लक्ष्मीपूजाको अवसरमा यी तिनै बालपात्र हर्षोल्लासपूर्ण वातावरणप्रति आनन्दित देखिन्छन्। क-कसको घरमा के-के र कति-कति पूजा सामग्री ल्याउने अथवा ल्याइएका छन् भन्ने कुराप्रति तिनीहरू आफ्ना आफ्ना तर्फबाट धाक जमाउने कोसिसमा छन्। पारिवारिक तथा सामाजिक रहन-सहनअनुकूल बालकले आफ्नो जीवनवृत्तिलाई त्यसतर्फ सचेत-असचेत रूपमा ढाल्दै लैजान्छ। यसैमा उनीहरूको भावी जीवनको रूपरेखासमेत कोर्रिँदै जान्छ भन्ने बाल मनोवैज्ञानिकहरूको भनाई छ। बालकले यस्तै सामाजिक तथा सांस्कृतिक तत्त्वहरूलाई बीजको रूपमा लिएर भविष्यको निम्ति अगाडि बढ्छ भन्ने कुरा एरिक्सनको *चाइल्डहुड एन्ड सोसाइटी* पुस्तकमा पनि पाइन्छ।[१३९]

प्रस्तुत कथाको प्रमुख बालपात्र लालबहादुर भए तापनि उसका बालसखा मानचा र प्रेमचाको बालजीवनको पनि यहाँ सुन्दर प्रस्तुति देखिन्छ। कथानकको प्रारम्भमै यी तिनजना बालपात्रको ईर्ष्यात्मक स्वभावलाई देखाएको छ। यी तिनैजना बालपात्रहरूले सामाजिक क्रियाकलापअनुरूप आफ्ना घरमा के-के पूजा समानहरू ल्याएका छन् त्यसमा खुसी मनाइरहेका छन्। यसमा तिनीहरूको रमाइलो साथ द्वेषात्मक संवेगको प्रस्तुति पनि देखिन्छ।[१४०] लक्ष्मीपूजाका लागि आफ्ना घरमा कति समानहरू ल्याए त्यसबारे तिनीहरूले आफ्ना आफ्ना क्षमताअनुसार धाक पिट्छन्। अर्काको भन्दा आफ्नो कुरा ठुलो र राम्रो हो भन्ने भावना बालकहरूका मनमा रहनाको कारणले गर्दा नै यी तिनैजना बालपात्रहरूमा द्वेषात्मक संवेगको प्रादुर्भाव भएको देखाइएको छ।

---

[१३९] एरिक्सन, 'चाइल्हुड', पृ. १९६
[१४०] पौडेल, 'आधुनिक', पृ. २३०

घर परिवारमा हुने आर्थिक सङ्कट र दुःखद परिस्थितिको छाप बालकमा पर्दै जाँदा उसले दुःखद संवेग र मृत्यु विषयक धारणालाई पनि सिक्दै जान्छ।[१४१] लोग्नेको मृत्युपछि पारिवारिक जिम्मेवारी सम्हालेर बसेकी बिरामी आमाको अवस्थाबारे लालबहादुर अन्भिज्ञ छैन। काले दमाईकहाँ लक्ष्मीपूजाको सरजाम तयार भइसकेकाले उनमा बालउत्सुकता निसन्देह रूपमा तीव्र बढ्दै गइरहेको छ। यसकारण उसले घरमा आइपुगेर आमालाई सोध्छ- 'हाम्रो भोली ?' (पृ. ३) 'भन्नुस् न, मै किनेर ल्याउँला हुन्न ?' (पृ. ४)। आमाले छोरोको मनोभावना बुझ्छिन्। तर आर्थिक खर्चको ठुलो समस्या भएकाले आमाले छोरोको भावनालाई प्रतिकूल स्थितितिर डोऱ्याउनका लागि 'उ त्यहाँको सिपाही दाइले ल्याउँछु भन्या छ' (पृ. ४) भनेर गाउँका सिपाही दाइमाथि दृष्टिकेन्द्रित गर्ने कोसिस गर्छिन्। रात बितिसक्दा पनि लालबहादुरको निराशापूर्ण भावको पूर्ति नहुँदा उसको लक्ष्मीपूजा गर्ने अघिको रहर पछि गएर कर्त्तव्य पथतिर मोडिएको छ। उसले लक्ष्मीपूजाका लागि के-के सामानहरू चाहिँदो रहेछ भन्ने कुरा आमाको मुखबाट सुन्दै गएपछि सबैभन्दा आवश्यक थोक पैसा चाहिँदो रहेछ भन्ने बुझ्छ। त्यसपछि ऊ जुरूक्क उठेर घरदेखि बाहिर निस्किन्छ। केही समयपछि खुद्रा पैसा र केही समान चोरेर ल्याउँछ। यस्तो कार्यलाई उसको अपराध मान्न सकिन्छ। आर्थिक अभावका कारण बालकले यस्ता आपराधिक कार्य गर्छ। चोरी ल्याएको पैसा, पाला, लड्डु, पेडा, अबिर, फुलहरू झिकेर, पैसालाई अबिरले रङ्गाएर अलि लाज मान्दै 'आमा ! यसै होइन पूजा गर्ने' (पृ. १२) भनेर पूजा विधिबारे सोध्दै लक्ष्मीपूजाको विधि प्रारम्भ गर्न लाग्छ। घर-छिमेकका यस्ता चलनचल्ती वा संस्कृतिको प्रभाव बालकमा धेरै परेको हुन्छ[१४२] र सोहीअनुसार बालकले त्यसलाई परिपूर्ति गर्ने कोसिस पनि गरिरहन्छ भन्ने बालक लालबहादुरको बालजीवनबाट स्पष्ट हुँदछ।

---

[१४१] पौडेल, 'आधुनिक', पृ. २३१

[१४२] एरिक्सन, 'चाइल्डहुड', पृ. २३३

उक्त कथामा गोठालेले नेपाली समाजको पारम्परिक चाडपर्व तिहारको सांस्कृतिक पक्षलाई मूलाधार बनाएका छन्। यस्ता चाडबाट बालकहरूमा हुने गरेका नैसर्गिक मनोरञ्जनात्मकवृत्ति तथा ईर्ष्यात्मक प्रवृत्तिलाई देखाउने चेष्टा गरेका छन्। यस सँगसँगै पारिवारिक तथा आर्थिक दुःखात्मक पक्षले बालक मनोरञ्जनात्मकवृत्तिबाट नैतिक कर्तव्योन्मुखताको बाटोतिर अग्रसरित बन्दै जान्छ भन्ने कुरालाई पनि देखाएका छन्। पारिवारिक कर्त्तव्यबोधले लालबहादुरलाई अपराध वा चोरी गर्नातिर अभिप्रेरित गरेको छ। पारिवारिक स्थिति सन्तोषजनक नरहनाले बालक यस्तो आपराधिक कार्य गर्छ। यस्तो बालकको निम्ति सकारात्मक पक्ष मान्न सकिँदैन।

### ३.३.८.१ 'निन्द्रा आएन'

'निन्द्रा आएन' शीर्षक कथामा एउटी बालिकालाई पारिवारिक सदस्यहरूबाटै दोष दिइनाको कारणले उसको मानसिक स्थितिमा परेको मनोवैज्ञानिक पक्ष वा आघातलाई प्रकाश पारिएको छ। पारिवारिक दृष्टिकोणमा ८ वर्षीय ज्ञानी, ऊभन्दा एक दुई वर्षको जेठो उसका दाजु धन, उसकी आमा र बजै यस कथाका प्रमुख पात्र हुन्। आफ्नो जन्मकालमै बाबुको मृत्यु भएकाले बाबुको मृत्युको कारक तत्त्व म नै रहेछु भन्ने ज्ञानीको मनोवैज्ञानिक पक्ष नै कथाको मूल कथ्य रहेको छ।

प्रस्तुत कथाको मूल बालपात्र ज्ञानी हो। कथाको प्रारम्भमै ऊ तनमनका साथ काँचको पुतलीसँग खेलिरहेको दृश्यले उसको खेलप्रियतालाई दर्शाएको छ। यस उमेरका बालकहरू खेलप्रिय हुन्छन् र तिनीहरूको इच्छित वस्तुहरू पनि धेरै प्रकारका हुन्छन्। सोहीअनुरूप ज्ञानीले पुतलीलाई सिँगार्दै विवाह गरिदिने, दाँइजो दिने र आफू पनि रुनेजस्ता खेलहरू खेलिरहेकी छे। मनोवैज्ञानिकहरूको भनाई छ- छोरीहरू छोराभन्दा कम शक्ति खर्च हुने खेलहरू खेल्न रुचाउँछन्। प्रायः स्कुलका गुरुमा, घरकी आमा

भएर उनीहरू खेल खेल्छन्।[१४३] यहाँ ज्ञानीले पनि काँसको पुतलीसँग आमाको भूमिकामा रहेर खेल खेलेकी छे। मनोविज्ञानमा खेललाई नानीहरूको अहम्को संश्लेषण गर्ने एउटा अति उत्तम मार्ग मानिन्छ।[१४४] यस्तै खेलमा ध्यानमग्न रहेकी ज्ञानीलाई उसको दाजुले पैसा चोर्नाका निम्ति चाबी लिन अह्राएको छ अनि पैसा दिने प्रलोभन देखाएको छ। ज्ञानीको मौन अस्वीकृतिको प्रतिक्रियामा दाजुले पुतली तोडिदिने धम्की दिँदै ज्ञानीलाई फुँडी, राँडी, बोक्सीजस्ता गाली दिँदै अन्तमा बाबु टोक्नेको दोषपूर्ण उपाधिसम्म दिएको छ। यही बाबु टोक्ने वाक्यांशबाट नै ज्ञानीको जीवनमा मानसिक द्वन्द्व चल्न थालेको छ। पारिवारिक सदस्यहरूबाट हुने यस्ता पीडादायी अनुभवलाई बिर्सन बालकहरूले प्रायः खेलको सहारा लिने गर्छन्।[१४५] ज्ञानीलाई सबैभन्दा पीडा दिने पात्रको रूपमा उसको दाजु धन रहेको देखिन्छ। प्रायः दोस्रो सन्तान पहिलोको अन्यायमा पर्ने कुरालाई फ्रायडले आफ्नै बाल्यकालको घटनालाई आधारस्वरूप प्रस्तुत गरेका छन्।

आमा र अन्य सबैले बाबु टोक्ने नै भन्छ भनेर कुरा सुनाउने धनप्रति क्रोध व्यक्त गर्दै ज्ञानीले काँचको पुतलीले हिर्काउँछे, नलाग्दा अघिल्तिर भएको ऐना फाल्छे। धनलाई सजाय दिनका साटो आमाले उसैलाई नै पिट्छिन् र बाबु टोक्ने कुरा पुनः दोहोऱ्याउँछिन्। ज्ञानी रोएर लडीबडी गर्दै त्यसको प्रतिवाद गर्छे। मानसिक जीवनमा हुने तर्कपूर्णताको अभावमा बालकहरू मूल प्रवृत्तिगत संवेगहरूलाई आँसु र अन्य शारीरिक क्रियाकलापको रूपमा छिटो प्रस्तुत गर्छन्। यस्तोमा कहिलेकाहीँ तिनीहरू रूँदै आफ्नी आमालाई कुट्ने गर्छन् वा आफूलाई मन नपरेका कुराहरू फाल्छन्। यसको समग्र आशय आफूलाई आफ्ना अभिभावकहरूले अझै बढी सुरक्षा र माया गरून् भन्ने हुन्छ।[१४६] रोइरहेकी ज्ञानीलाई देखेर उसकी बजैले सो भार लिएकी छन् र 'भो, बा भो

[१४३] बोब्ली, 'मोडर्न', पृ. १८४

[१४४] एरिक्सन, 'चाइल्हुड', पृ. १८८

[१४५] एरिक्सन, 'चाइल्हुड', पृ. ९५

[१४६] पौडेल, 'आधुनिक', पृ. २४०

उठ, न रो कसले तलाईं ?' (पृ. १८) भनेर माया र सुरक्षा प्रदान गरेकी छन्। यथासम्भवः बजैको आत्मीय आचरणबाट पनि ज्ञानीको मानसिक द्वन्द्व शिथिल हुन सकेको छैन। आमाले 'सत्यानासी छोरीले त जन्मनसाथ बाबु मारी' (पृ. १७) भन्ने कुरा गरेपछि उसको मानसिक स्थितिमा अझ विकृति देखिन थाल्दछ। यस सन्दर्भमा प्रायः बालकहरू आफ्ना कारणले भन्दा पनि प्रौढहरूकै कारणले बढी दुःखी हुन्छन् भन्ने मनोवैज्ञानिकहरूको कुरा[१४७] उल्लेखनीय देखिन्छ।

गोठालेले प्रस्तुत कथामा एउटी टुहुरी बालकको बालजीवनमा परिवारद्वारा गरिने व्यवहार र त्यसले उसको मानसिक स्थितिमा पारेको प्रभावलाई देखाउन चाहेका छन्।

### ३.३.९ काजीमान कन्दङ्वाको 'रनमायाको आँसु' कथा

काजीमान कन्दङ्वाको *आठ कथा* (सन् १९५३) कथा सङ्ग्रहमा सङ्गृहीत कथाहरूमध्ये 'रनमायाको आसुँ' एउटा बाल मनोवैज्ञानिक कथा हो। रनमाया (एकली)-को बालमनोजगत्सँगको सान्निध्यमा लेखिएको उक्त कथामा रनमाया र मने (बाख्रा)-को आत्मिक सम्बन्धलाई देखाइएको छ।

सामाजिक पृष्ठभूमिमा केन्द्रित उक्त कथाले विशेष नेपाली समाजको सांस्कृतिक चाडपर्व दसैंको पक्षलाई चित्रण गरेको छ। दसैं, नेपाली जातिको महान् सांस्कृतिक चाडपर्व भएका कारण यसै अवसरमा आमा-बाबुले मनेले नै मार हान्ने निधो गरेको सुनेपछि रनमायाको बालहृदयमा चोट पुगेको छ। सांस्कृतिक चाडपर्व बालकहरूका निम्ति उत्सुकता तथा मनोरञ्जनका विषयवस्तु हुन्छ; यस्तै अवसरले उनीहरू पुलकित बन्छन्, तथापि यहाँ घोर्लेले मार हान्ने कुरो थाहा पाएपछि भने रनमायाले रोएर त्यसको प्रतिवाद गरेकी छे। अभिभावकका अघि उसले क्रोधावस्थामा गर्न नसकेको प्रतिवाद रोएर

[१४७] पौडेल, 'आधुनिक', पृ. २४१

गरेकी छे। नेपाली समाजमा विद्यमान यस्ता सांस्कृतिक पक्षको एकातिर महत्त्व र मूल्य रहेको हुन्छ भने त्यसबाट पात्रको मनोगत स्थितिमा नकारात्मक प्रभाव पर्ने कुरालाई रनमायाको बालमानसिक सन्दर्भबाट देखाउने कोसिस गरिएको छ।

प्रस्तुत कथाको मुख्य बालपात्र रनमाया हो। उसको 'एकली' नामैले ऊ दाजु-भाइ दिदी-बहिनीविहीन पात्र हो भन्ने बुझिन्छ। पारिवारिक दृष्टिकोणले उसको आमा-बाबुसित कुनै किसिमको सम्बन्ध रहेको देखाइएको छैन। उसको आत्मीय पात्र भनेको नै मने हो। कथाको प्रारम्भमा नै 'मने, ला ! ला !! आइज मने, ला !!!' (पृ. १२) भन्दै मनेलाई माड खुवाउन जाने गरेकी एकलीको मनेप्रतिको स्नेह तथा प्रेमभाव स्पष्ट झल्किएको छ। अतः ६ वर्षकी एकलीको लागि मने खेलौनाको प्रतिरूपमा प्रस्तुत भई दिएको छ र त्यही उसको आफ्ना भाइ-बहिनीजस्तै मनोरञ्जन गर्ने साधन हुन गएको छ। फ्रायडको विचारमा पुतलीजस्ता खेलमा केटीहरू आफै आमा बनेका हुन्छन्। त्यसरी नै पुतली नहुने गाउँघरमा यस्तै पाठा-पाठीहरू नै केटीहरूका खेलौना हुने हुनाले तिनीहरूसँग सन्तानवतिहरूले जस्तै अभिनय गरेर काम सिक्तछन्। केटाकेटीहरूमा बाबु-आमाले भाइ वा बहिनी पाइदिए हुन्थ्यो भन्ने जुन उत्कट इच्छा हुन्छ, बाख्रा-बाख्रीजस्ता पशुहरू त्यसको विकल्पमा उपस्थित हुन्छन्, किनभने बालकहरू मानिस र पशुमा खास फरक देख्दैनन्।[१४८] परिणामतः एकली मनेसँग शरीर कन्याइदिने, जुम्रा केलाइदिने, सिँगौरी खेल्नेजस्ता खेलहरू खेलिरहन्छे; अनि 'भो, भो ! जितिस् मने' (पृ. १२) भनेर खेलको अन्त पनि गर्दछे। व्यवहारवादी मनोवैज्ञानिक दृष्टिले बालक र पशुहरूका संवेग एकै किसिमका हुन्छन् भन्ने कुराले एकली र मनेबिचको आत्मीय सम्बन्ध र खेलले पनि पुष्टि गर्दछ। काखमा राखेर थैयाथैया गर्ने एकलीको चारित्रिक विशेषताले ऊ पूर्णतः मातृवात्सल्यको अनुकृतितिर अभिमुख देखिन्छे। काँचो सुर्तीले नुहाइदिने, जाडो नलागोस् भनेर थाङ्नाले पुछेर घाममा राखिदिने उसको क्रियाव्यापारबाट अभिप्रेरित मने पनि मन्द

[१४८] पौडेल, 'आधुनिक', पृ. ३८१

स्वरमा म्या...आ..आ गर्दछ। यस घटनाबाट ती दुवैमा स्नेह तथा प्रेम भावना अझ तीव्रतर बन्दै गएर रनमायाको मनोजगत् मातृवत् परिपालनवृत्तिले भरिँदै गएको छ। यस कुराको पुष्टि उसले कसैले मनेलाई पिटेको खण्डमा 'बरू आफूलाई पिट्नु नि, मनेले के गरिदियो र !' (पृ. १३) भनेर बाइन्न पुगेकी घटनाबाट पनि गरेकी छे।

कथाको पछिल्लो भाग अर्थात् उत्तरार्ध भाग ३ वर्षपछिको देखाइएको छ। अतः अघिको ६ वर्षकी एकली अहिले ९ वर्षकी रनमायामा परिवर्तित छे र उनको मने घोर्लेको रूपमा परिवर्तित छ। त्यही घोर्लेद्वारा आउँदो दसैँमा मार हान्ने कुरोको सङ्केत नै रनमायाको दुःखात्मक संवेगलाई जन्माउने कारक तत्त्वको रूपमा प्रस्तुत भएको छ। पुरोहितले घोर्लेलाई अक्षता-पाती छर्किंदै भगवान् खुसी होऊन् भन्ने मनोकामना राखेका कुराप्रति रनमायाको कुनै सकारात्मक जोड छैन। प्रतिकूल स्थितिमा अँध्यारो अनुहार लाएर बसेकी रनमायाले बरू परमेश्वर नपर्सिदेऊ भन्ने मनोबिन्ती गरेकी छे। यसरी पर्सिएन भने घोर्लेको ज्यान बाँच्ला कि भन्ने उसको विश्वास छ, तर उसको ईश्वरीय भक्तिअनुरूप घटना नघटेर प्रतिकूल स्थितिमा घटेपछि ऊभित्र नैराश्य बढ्दै गएको छ। यहींदेखि रनमायाको सुषुप्त बालहृदयमा रहेका धार्मिक विश्वास र आस्था पनि टुट्न गएको देखाइएको छ। अन्तमा आँसु पुछ्दै उसले मान्छे जातिलाई थुक्क! गरी धिक्कारेकी छे।

प्रस्तुत कथामा कन्दङ्वाले एकातिर बालकहरूका जीवनमा नजिक रहेका पशुसँगको सम्बन्धलाई देखाएर तिनीहरूको मनोजगत्को विश्लेषण गरेका छन् भने अर्कातिर बालकहरूको इच्छा, आकाङ्क्षा विपरीत सामाजिक मूल्य मान्यताले कसरी हाँक जमाउँछ, अतएव बालकहरूका बालहृदयमा उठ्ने गरेका भाव विचारहरूको समाजमा के-कस्तो स्थान र महत्त्व छ ? जस्ता प्रश्नहरू एकली वा रनमायाको बालजीवनको सन्दर्भबाट मौन रूपमा उठाएका छन्।

### ३.३.१० हृदयचन्द्रसिंह प्रधानको 'व्रतबन्ध' कथा

हृदयचन्द्रसिंह प्रधानको *उसको आँसु* (वि सं २०१२) कथासङ्ग्रहमा सङ्गृहीत बाह्रवटा कथाहरूमध्येमा 'व्रतबन्ध' बालजीवनसित सम्बन्धित कथा हो। बालमनोजगत्को प्रतिच्छाया प्रस्तुत कथामा सरल ढङ्गमा प्रतिविम्बित छ। यस कथाले एकातिर बालमनःस्थितिको प्रतिविम्बलाई दर्शाउन खोजेको छ भने अर्कातिर समाजमा विद्यमान रूढि, विडम्बना तथा ठग प्रवृत्तिलाई देखाउने प्रयत्न पनि गरेको छ।

यस कथामा जगत र दशनारान दुई बालपात्रहरू छन्। जगत प्रमुख बालपात्रको रूपमा उपस्थित छ। उसको उमेर १० वर्षको छ। पारिवारिक दृष्टिले जगत एक्लो तर परिवारको आर्थिक कमजोरीदेखि अन्भिज्ञ छ। यो अन्भिज्ञता नै उसको बाल्यपनको विशुद्ध विशेषताको रूपमा प्रदर्शित छ। उसको चरित्रमा देखिएका सांस्कारिक प्रवृत्ति वातावरणीयभन्दा वंशानुगत प्रवत्तिको निकट देखिन्छ। वंशानुगत प्रवृत्ति जन्मजात हुँदाहुँदै पनि वातावरणीय प्रभावले बालकको चरित्रमा विशेष भूमिका खेलेको हुन्छ भन्ने कुरोमा बाल मनोवैज्ञानिकहरू विश्वास गर्छन्। जगतको चारित्रिक विशेषतालाई निक्यौंल गर्दा उसमा वातावरणीयभन्दा धेरै पैतृक् गुणहरूको प्रभाव भेटिन्छ। पैतृक् गुण भन्नाले आमा-बाबु अथवा पूर्खाको गुणको बिचबाट निःसृत गुण बुझिन्छ।

व्रतबन्ध गर्न पैसाको धौधौ परिरहेको स्थितिमा समेत आमाले छोरो जगतको प्रश्नमाथि आँसु चुहाएर हाँस्ने प्रयास गरेकी छन्। व्रतबन्ध गर्नाका निम्ति आर्थिक खर्च कति लाग्छ ? भन्ने कुरामा भन्दा आफ्नो व्रतबन्ध कहिले गरिदिन्छ ? र साथीभाइलाई सुनाउँदै हिंडू भन्ने बालसुलभ चञ्चलता जगतमा देखा पर्दछ। बालकहरू स्वभावतः चञ्चल र उत्सुकताप्रिय हुन्छन्। आफ्नो व्रतबन्ध कहिले गरिदिने ?, व्रतबन्धमा के-के लगाउने ?, के-के गर्ने ? जस्ता कुरामा उनीहरूका स्वाभाविक बालरुचि र बालआकाङ्क्षा परिलक्षित हुन्छन् भन्ने कुरा यहाँ जगतको बालमनोजगत्बाट सहज तरिकाले प्रकट भएको

छ। नयाँ कोट लाउन पाइने, मामालाई दौडाउनु पाइने, मामाले समात्नै नसकिने गरी दौडिने (व्रतबन्धमा दौडिने मानिसलाई समातेर मामाले मोहर ४ दाम दिने चलन छ[१४९]) र दशनारानलाई दुई दिनसम्म भोज खुवाउनेजस्ता जगतको बालआकाङ्क्षालाई सामाजिक विडम्बनाले कसरी तहसनहस बनाई दिएको छ भन्ने उसको साथीको यस भनाइबाट देखाइएको छ- 'जगत, अब तैंले मसित र मैले छोएको खान छोडिदे। अब तेरो व्रतबन्ध हुने भइसक्यो, अब तैंले मैले छोएको खान हुन्न रे ! तँ श्रेष्ठ, म ज्यापू, मैले छोएको खाइस् भने तेरो जात जान्छ रे !' (पृ. १०१) आफ्नो बालजीवनको स्वर्णिम पलको खुसी बाँट्न हिँडेको जगतको बालहृदय बालसखा दशनारानको यस्तो कुराले प्रभावित हुन्छ। उसले दशनारानको मैत्रीपूर्ण भाव र अश्रुपूर्ण आँखाभित्र लुकेको मित्रताको गहिरो प्रतिविम्ब देख्छ। दशनारानको आँखा पुछिदिँदै उसले जुठो चिउरा खाएर भन्छ- 'त्यसो भए दशनारान, म व्रतबन्धै गर्दिनँ।' (पृ. १०३)

हिन्दू संस्कृतिमा बालकलाई व्रतबन्ध गरेर कौपिन र अभिमन्त्रित जनै लगाइदिएर संयमित जीवनमा प्रवृत्त गराई गुरु परम्परामा ज्ञानार्जन गराउने चलन छ।[१५०] एकप्रकारले यस्तो संस्कार भविष्यको निम्ति आफूलाई योग्य बनाउनु र पूर्वजहरूका संस्कारलाई सम्हाल्नु भन्ने हुन्छ। यसै परम्परागत सामाजिक रीतिरिवाजले व्यक्तिप्रति जातगत छुवाछुतको भावनाको पृष्ठपोषण गर्दछ। जातगत छुवाछुतभन्दा मित्रताको सम्बन्धलाई धेरै प्राथमिकता दिएकाले एक किसिमले यसलाई परम्पराको विरोध भन्न सकिन्छ। जगत त्यसैको पक्षधर देखिन्छ। समाजमा रूढ भइसकेका यस्ता अन्धविश्वास तथा मान्यताको उत्खनन् जरैदेखि उखेल्नुपर्छ भन्ने अर्थमा पनि जगत र उसको साथीको सन्दर्भ प्रासाङ्गिक रहेको ठहर हुँदछ।

---

[१४९] हृदयचन्द्रसिंह प्रधान, वि सं २०१२, *उसको आँसु*, काठमाडौं : रत्न पुस्तक भण्डार, पृ. १००

[१५०] पौडेल, 'आधुनिक', पृ. १६२

बालपात्र जगतको बालजीवनको सन्दर्भबाट प्रस्तुत कथालाई बाल मनोवैज्ञानिक कथाझैं लागे पनि यो बाल मनोवैज्ञानिक कथा होइन। तत्कालीन नेपाली समाजको यथार्थ चित्रण भएकाले यो कथा सामाजिक यथार्थवादी प्रवृत्तिमा आधारित छ। समाजका ठुलाहरूले आफ्ना बालकहरूलाई जातगत विभेदका कुराहरू उनीहरूका बालमस्तिष्कमा हालेर आफ्नो अहम् भावनाको प्रदर्शन कसरी गरिरहेका छन् भन्ने भावहरू दशनारानको बालजीवनका पक्षबाट उद्घाटित गरिएको छ। आर्थिक स्थितिले पिरोलिँदै गए पनि मातृहृदय सदैव स्थिर रहिरहन्छ र वेदनाको भावलाई पनि आफ्नो सन्तानअघि देखाउन चाहँदैनन्, किनभने त्यसले बालकको मानसिक स्थितिप्रति नकारात्मक प्रभावको प्रभूत्व कायम हुँदै जान्छ भन्ने भाव जगतकी आमाको चरित्रबाट प्रस्तुत गरिएको छ।

## ३.४ नेपाली कथामा देवकुमारी थापाको आगमन

आधुनिककालीन नेपाली कथा साहित्यमा देवकुमारी थापाको औपचारिक आगमन 'गोर्खा' पत्रिकामा प्रकाशित 'पतन' (सन् १९४६) शीर्षक कथाबाट भएको हो। यसभन्दा पूर्व उनको पहिलो रचना 'ट्रपेडो'[१५१]लाई मानिन्छ, तर यो कथा नभएर निबन्ध हो। औपचारिक कथा लेखनको आरम्भ 'पतन' कथाबाट नै हुन्छ तापनि 'भविष्य निर्माण' (सन् १९५१, *प्रभात*) कथादेखि भने उनी आधुनिक नेपाली कथाका क्षेत्रमा चिनिन थालेकी हुन्।

१४ अप्रेल १९२८ मा दार्जिलिङको खरसाङमा जन्मेकी थापाले दार्जिलिङ र नेपालको विराटनगरमा आफ्नो जीवन व्यतित गरेकाले यिनका रचनाहरूमा यी दुवै परिवेशअनुकूलका पात्रहरू र जीवनशैलीको प्राधान्य रहेको पाइन्छ। विवाहपूर्व सिंहका रूपमा चिनिने थापाले विवाहपछि सिर्जनात्मक लेखनकार्यमा आफूलाई देवकुमारी थापाका

---

[१५१] ध्रुवचन्द्र गौतम, वि सं २०५९, 'अनतर्वार्ता', लक्ष्मी उप्रेती (सम्पा.), *वनिता,* देवकुमारी थापा विशेषाङ्क, वर्ष ३, काठमाडौं : वनिता प्रकाशन, ०५

रूपमा स्थापित गराउँदै आएकी हुन्। जीवनभरि स्वास्थ्य, साहित्यसेवा र साधनामा निर्लिप्त रहेका थापाले विद्यार्थी जीवनदेखि नै सिर्जनात्मक लेखनमा आफ्नो दक्षता प्रदर्शित गरिसकेकी पाइन्छ। 'ट्रपेडो' यसै कालमा लेखिएको एउटा रचना हो। सन् १९५० को दशकतिर नारीहरूले लेखेका लेखहरूको उस्तो मान्यता नभएको र खिसी गर्ने[१५२] भए तापनि उनले यसलाई उस्तो महत्त्व दिएकी छैनन्। यसै दशकदेखि उनको साहित्य लेखन अझ तीव्रतर बन्दै गएको देखिन्छ।

प्रवृत्तिगत रूपमा देवकुमारी थापा मूलतः सामाजिक र मनोवैज्ञानिक कथाकार हुन्। विशेषतः उनलाई नेपाली साहित्यमा प्रथम नारी मनोवैज्ञानिक कथाकारका रूपमा चिनिन्छन्। नेपाली समाजका अनेक उमेर, रूप-रङ्ग, लिङ्ग, जातभेद, धर्म, आर्थिक र सामाजिक अवस्था उनका कथाहरूका विषयवस्तु बनेका छन्।[१५३] समाज तथा व्यक्तिमाझमा देखिने साना साना घटना विषयहरूलाई मनोवैज्ञानिक तरिकाले निफन्ने उनका कथागत शिल्पकारिता देखिन्छ। उनले आफ्ना कथाहरूमा जीवनका विविध रङ्ग र पाटोलाई कुशलताका साथ प्रस्तुत गरेकी छन्। व्यक्तिदेखि पारिवारिक, सामाजिक, आर्थिक तथा राजनीतिक तवरबाट व्यक्ति विशेषको मनःस्थितिमा परेका प्रभावहरूलाई सरल ढङ्गले केलाएकी छन्। यस दृष्टिकोणले हेर्दा उनका कथाहरूले विशेष रूपले बालमनोविज्ञान, नारीमनोविज्ञान, पुरुषमनोविज्ञान, नारी समस्या, रतिरागात्मक, प्रेम-प्रणय, सामाजिक र राष्ट्रिय चेतनाका कुराहरूलाई समेटेको पाइन्छ। समाजभित्र बढ्दै गएका कुसंस्कार, कुरीति तथा विडम्बनाको भत्सर्ना तथा आदर्श समाजको स्थापनाको कामना उनको कथागत अभीष्ट रहेको देखिन्छ। यही प्रवृत्ति तथा विशेषताहरूसित घुलमिलिएर देवकुमारी थापाको आधुनिक नेपाली कथा साहित्यमा आगमन भएको पाइन्छ। उनले

---

[१५२] कुमार खाती, वि सं २०५९, 'दिदी देवकुमारी प्रेरणाको स्रोत', लक्ष्मी उप्रेती (सम्पा.), *वनिता*, देवकुमारी थापा विशेषाङ्क, वर्ष ३, काठमाडौँ : वनिता प्रकाशन, पृ. २६६

[१५३] सुशीला भट्ट, वि सं २०७४, *केही कृति केही स्वीकृति*, काठमाडौँ : साझा प्रकाशन, पृ. ७५

*एकादशी* (सन् १९५४), *सेतो बिरालो* (सन् १९६४), *झझल्को* (सन् १९६८), *टपरी* (सन् १९७०), *भोक तृप्ति* (वि सं २०४१), *प्रलय प्रतीक्षा* (वि सं २०४४) र *देवकुमारी थापाका प्रतिनिधि कथा* (वि सं २०५१) जस्ता कथा सङ्ग्रह, *रामको कथा* (सन् १९५३), *वरपरबाट* (वि सं २०३३), *कथाको बटुलो* (वि सं २०३६), *जङ्गलको कथा* (वि सं २०३७), *सुनपखेटी चरी* (वि सं २०४२) जस्ता बालकथा सङ्ग्रह, *पुण्यात्मा आमा* (सन् १९५३) र *छ तारा* (सन् १९५४) बालजीवनी सङ्ग्रह, *क्षण, विचार र स्मृतिहरू* (वि सं २०४९) निबन्ध सङ्ग्रहजस्ता कृतिहरू प्रकाशित गरेका छन् भने *हिमाल किशोर* (बालपत्रिका), *दियालो, ऐंसेलु* र *पारिजात* आदि पत्र-पत्रिकाको सम्पादन तथा *नेपाली साहित्य आजको सन्दर्भमा* कृतिको सम्पादन पनि गरेकी छन्। यी कार्यसितै थापाको आधुनिक नेपाली साहित्यमा आगमन भएकाले उनको नेपाली साहित्यमा विशिष्ट स्थान र अमूल्य योगदान रहेको देखिन्छ।

### ३.४.१ देवकुमारी थापाका कथाको परिचय

देवकुमारी थापाका प्रकाशित कृतिहरूलाई मूल रूपमा बालसाहित्यसम्बन्धी र प्रौढसाहित्यसम्बन्धी गरी दुई भागमा विभाजित गर्न सकिन्छ। बालसाहित्यिक कृतिमा पनि गुणात्मक तथा मात्रात्मक रूपमा बालकथाको सङ्ख्या धेरै देखिन्छ। त्यसरी नै प्रौढसाहित्यअन्तर्गत पनि उनको कथा साहित्य नै धेरै देखिन्छ। यस दृष्टिबाट हेर्दा उनको साहित्य लेखन पूर्णतः कथा विधातर्फ बढी केन्द्रित देखिन्छ। यस शोधकार्यमा उनको यसै प्रौढकथा कृतिहरूको अध्ययन गरिएकाले यहाँ ती कथाहरूलाई विभिन्न आधारबाट चिनाउने प्रयास गरिएको छ।

### ३.४.१.१ विषयगत आधार

कथाले समेटेको विषयवस्तुमा मानव जीवनका विभिन्न पाटोहरूको चित्राङ्कन गरिएको हुन्छ। कथाले धार्मिक, पौराणिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, मनोवैज्ञानिक तथा समसामयिक विषयवस्तुलाई कथ्यको रूपमा लिएको हुन्छ। यस दृष्टिले कथामा अन्तर्निहित विषयवस्तु अनेकन् हुन सक्तछन्। देवकुमारी थापाका प्रायशः कथाहरू भने सामाजिक तथा मनोवैज्ञानिक विषयवस्तुमा आधारित छन्। यस अतिरिक्त उनका कथाहरूमा नारी, पुरुष र बालमनलाई स्वाभाविक रूपमा उद्घाटित गर्ने सत्प्रयास गरिएको छ।

### ३.४.१.२ संरचनागत आधार

यस आधारमा कथा अथवा आख्यानमा संरचनाको उपकरणहरूको आन्तरिक र बाह्य सम्बन्धको प्रयोगमाथि दृष्टिगोचर गरिन्छ। साधारणतः संरचना भन्नाले कुनै पनि वस्तुको बनोट र बुनोट बुझिन्छ। आख्यानात्मक कृतिको सम्बन्धमा संरचनालाई एउटा आख्यान कृतिभित्रका विभिन्न तत्त्वहरूको पारस्परिक अन्तर्सम्बन्ध र व्यवस्था[१५४] मानिन्छ। पूर्वीय र पाश्चात्य साहित्य समालोचनाले कथावस्तुको सङ्गठन प्रक्रियालाई खण्ड, परिच्छेद, उप-परिच्छेदमा विभाजित गरेर हेर्दछ। अझ यस प्रणालीले कथावस्तुको घटनाक्रमको एकात्मकता वा अन्विति आदि, मध्य र अन्तलाई विवृति र संवृति भागसँग पनि गाँसेर हेर्दछ।[१५५] यस दृष्टिकोणले देवकुमारी थापाका कथाहरूमा नेपाली समाजका सामाजिक स्थिति, विकृति, आडम्बर आदि विषयहरू रहेका पाइन्छन्। थापा स्वयम् जीवनकालमा भारतको दार्जिलिङ र नेपालको विराटनगर क्षेत्रसित सम्बन्धित रहन पुगेकाले उनका कथाहरूमा यी परिवेशअनुकूलका नेपाली जातिको सामाजिक तथा सांस्कृतिक पक्ष तथा

---

[१५४] नेपाल, 'आख्यानका', पृ. १४३

[१५५] प्रतापचन्द्र प्रधान, वि स २०७१, *भ्रमर उपन्यासको कृतिपरक विश्लेषण र मूल्याङ्कन,* काठमाडौं : एकता बुक्स हाउस, पृ. ५६-८५

सोहीअनुकूलका पात्रहरूको चयन, उसको जीवनानुभूति तथा उसको बाह्य परिवेश आदिको प्रत्यक्ष प्रयोग गरिएको भेटिन्छ। लघु आयाममा संरचित उनका कथाहरूमा ग्रामीण जनजीवनको अभिव्यक्ति बढी भएकाले तत्सम्बन्धी भाषाशैलीको प्रयोग पनि गरिएको पाइन्छ। पाठकको एकनासे कौतूकताभन्दा पृथक् उनका कथाहरूले लक्ष्य राखेको पाइन्छ। अतः पाठकको मनोवृत्तिदेखि पृथक् रसानुभूतिमा उनको कथाका आदि, मध्य र अन्तको अन्तर्सम्बन्धलाई स्थापित गरेको देखिन्छ।

### ३.४.१.३ प्रवृत्तिगत आधार

देवकुमारी थापाका कथाहरूको मूल प्रवृत्ति सामाजिक र मनोविश्लेषणवादी प्रवृत्ति हुन्। एक दुईवटा कथा अपवादस्वरूप यी प्रवृत्तिदेखि टाडा छन्। सामाजिक तथा मनोवैज्ञानिक कथाहरूको विषयवस्तु विविध छन्। ती विविधता समाज र जीवनदेखि भिन्न छैन। अझ उनका कथाहरूमा यी प्रवृत्ति एकार्काका सम्पूरक भएर उभिएको देखिन्छ। समाजका विभिन्न विषयलाई आधार बनाएर मानव जीवनको मानसिक स्थितिको स्थूल र सूक्ष्म वर्णन गर्नामा नै उनका कथाहरू केन्द्रित छन्। जीवनभरि बालकहरूका चरित्र निर्माणमा समर्पित व्यक्तित्व भएकाले उनका धेरै कथाहरू नीतिवादी प्रवृत्तिमा पनि आधारित छन्।

आधुनिककालीन नेपाली कथा परम्परामा गुरुप्रसाद मैनाली, बालकृष्ण सम, विश्वेश्वरप्रसाद कोइराला तथा गोविन्दबहादुर गोठाले प्रभृत्तिले प्रयोगमा ल्याएको सामाजिक यथार्थवादी र मनोविश्लेषवादी प्रवृत्तिकै अनुसरणमा थापाका कथाहरू लेखिएका छन्। अझ, गोठालेको 'निन्द्रा आएन'जस्तो बाल मनोवैज्ञानिक कथाबाट मनोविश्लेषणवादी प्रवृत्तिका कथाहरू लेख्न थालेका हुन् भन्ने उनको आत्मस्वीकृति रहेको पाइन्छ। सामाजिक यथार्थवादमा केन्द्रित कथाहरू पनि वस्तुयथार्थको चित्राङ्कन गर्नाका साटो पात्रका मनःस्थितिमा परेको अनुकूल-प्रतिकूल प्रभावलाई दर्शाउने पक्षका रहेका छन्। सामान्यतः उनका कथाहरू समाजको सामान्य घटनाव्यापारद्वारा पात्रको मनःस्थितिको असामान्य

किसिमको प्रस्तुति गर्ने कोसिसमा रहेको देखिन्छ। मनोविज्ञानका क्षेत्रमा देखिएका फ्रायड, एडलर र युङ्गद्वारा प्रतिपादित सामान्य मनोविज्ञान, असामान्य मनोविज्ञान, समाज मनोविज्ञान, अपराध मनोविज्ञान, बालमनोविज्ञान, नारीमनोविज्ञान र पुरुषमनोविज्ञानको सापेक्षतामा उनका कथाहरूले विशेष नारीमनोविज्ञान, यौनमनोविज्ञान र बालमनोविज्ञानलाई आफ्नो विषय क्षेत्र बनाएका छन्।[१५६] यसमा सामान्य तथा असामान्य मनोविज्ञानको पक्षबाट पात्रको चेतन, अचेतन र अर्द्धचेतन तिनै अवस्थाको विश्लेषण गरिएको पाइन्छ। थापाका कथाहरूमा व्याप्त सामाजिकता र मानसिकतामाझको गहिरो सम्बन्ध रहेको पाइन्छ। मानसिकतालाई स्पष्ट्याउन सामाजिकताको र सामाजिकतालाई स्पष्ट्याउन मानसिकताको आवश्यकता पर्दछ भन्ने उनका कथाहरूको विश्लेषणबाट स्पष्ट भएको छ।[१५७] वस्तुतः देवकुमारी थापाको लेखन सुरुदेखि अन्तसम्म एकै प्रकारको शैली र एकै प्रकारको प्रवृत्तिका धारामा एकनासले बहेको पाइन्छ। प्रारम्भिक चरणका तुलनामा उत्तरवर्ती चरणमा उनी मनोवैज्ञानिक कथाका फाँटमा अझ तिख्खारिएर गएकी देखिन्छिन्।

### ३.४.१.४ शैलीगत आधार

देवकुमारी थापाका कथाहरूको परिचय, अध्ययन तथा विश्लेषणमा शैलीगत आधार पनि एउटा पक्ष मात्र सकिन्छ। आधुनिक शैलीवैज्ञानिक समालोचनामा कृतिको विश्लेषण गर्दा शैलीविज्ञानलाई आधार मानिन्छ। यो सिद्धान्त विशेष भाषावैज्ञानिक क्षेत्रबाट आएको देखिन्छ। शैलीबारेमा विद्वान्हरूमा मतमतान्तर रहेको पाइन्छ। संक्षेपमा, शैलीले लेखकको भनाइको परिपाटीलाई जनाउँछ। लेखकले कुन तरिकाले आफ्ना अभिव्यक्ति पोख्ने त्यही उसको शैली बन्दछ। कथ्य वा अर्थसँग संश्लिष्ट भएर भाषामा रहने हुँदा यो

---

[१५६] नरेन्द्र चापागाई, वि सं २०४४, 'भूमिका', देवकुमारी थापा, *प्रलय प्रतीक्षा,* विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान, पृ. ४

[१५७] चापागाईं (सम्पा.), 'भूमिका', पृ. १५

सूक्ष्म हुन्छ।[१५८] शैलीलाई अभिव्यक्तिको प्रकार पनि मान्न सकिन्छ। यस दृष्टिकोणले थापाका कथाहरूमा विषयगत विविधता देखिए पनि शैलीगत आधार भने समानान्तर किसिमको देखिन्छ। थापाले कथा लेखनको एउटा सुनियोजित उद्देश्य बनाएर जसरी कथा लेख्छिन् तत्सम्बन्धी शब्द वाक्यको योजना तयार पारेर विशिष्ट शैलीको प्रयोग पनि गर्छिन्। लघु आयाममा सिर्जित उनका कथाहरूमा पाठकका अन्तर्मनमा कौतूहलको छाप छोड्ने सुन्दर, सरल तथा सुललित शैलीको प्रयोग पाइन्छ। उनका कथा भन्ने तथा वर्णन गर्ने शैली अत्यन्त आकर्षक र विशिष्ट छ। आलाङ्कारिक, प्रतीक र विम्बयुक्त भाषाशैलीको प्रयोग कथाक्रममा यथासम्भव गरिएको भए पनि त्यो अस्वाभाविक देखिएको छैन। यस्ता दृष्टान्तहरूले अझ उनको कथागत शिल्प कौशलतालाई अङ्गिकार गर्न पुगेको छ।

### ३.४.२ देवकुमारी थापाका प्रकाशित कथा सङ्ग्रहको विश्लेषणात्मक अध्ययन

प्रकाशनका दृष्टिले हालसम्म विभिन्न विधाका गरी देवकुमारी थापाका पन्ध्रवटा पुस्तकहरू प्रकाशित भइसकेका छन्। तीमध्ये सङ्ख्यात्मक हिसाबले कथासम्बन्धी पुस्तकहरू नै अधिक सङ्ख्यामा रहेका छन्। दुईवटा बालजीवनी, एउटा निबन्ध पुस्तकबाहेक सबै पुस्तकहरू कथा सङ्ग्रहका रूपमा प्रकाशित छन्। कथालाई पनि बालकथा र बालइतर कथा गरी दुई भागमा छुट्ट्याउन सकिन्छ। *रामको कथा, कथाको बटुलो, सुनपखेटी चरी, वरपरबाट* र *जङ्गलको कथा* बालकथा सङ्ग्रहहरू हुन् भने *एकादशी, झझल्को, सेतो बिरालो, टपरी, भोक तृप्ति, प्रलय प्रतीक्षा* र *देवकुमारी थापाका प्रतिनिधि कथा* बालइतर कथा सङ्ग्रहहरू हुन्। सातवटा बालइतर कथा सङ्ग्रहमा क्रमशः *झझल्को* शीर्षक कथा सङ्ग्रहमा सङ्गृहीत कथाहरूमध्येबाट 'दुई परिस्थिति', 'सुनेका कुरा', 'पदच्युत', 'जीवनको मोह', 'अनौठो स्मृति', 'रहर', 'परदेशी', 'कुकुरको छाउरो',

---

[१५८] शर्मा, 'समकालीन', पृ. ४०५

'झझल्को'जस्ता नौवटा कथाहरू, *सेतो बिरालो* शीर्षक कथा सङ्ग्रहमा सङ्गृहीत 'सेतो बिरालो', 'रिट्ठेको प्रश्न', 'स्वाद', 'अवचेतन मन', 'स्वास्नीमान्छे', 'दुई रूप', 'कथा', 'अवश्यंभावी', 'भेट', 'समुद्रका बालुवा'जस्ता दशवटा कथाहरू अनि थप अन्य छवटा 'तिर्खा', 'ठूलो देशभक्तिको सानो तस्विर', 'खाटा नबसेको घाउ', 'रुचि', 'प्याजी' तथा 'बेसारको फुल'जस्ता कथाहरूलाई लिएर *टपरी* कथा सङ्ग्रह प्रकाशित भएको पाइन्छ। विशेष गरी *टपरी* कथा सङ्ग्रहमा सङ्कलित कथाहरूमा माथि उल्लिखित दुईवटा *(झझल्को* र *सेतो बिरालो)* कथा सङ्ग्रहमा सङ्कलित कथाहरू परेका हुनाले यस कथा सङ्ग्रहले तिनवटै कथा सङ्ग्रहको प्रतिनिधित्व गरेको छ भन्न सकिन्छ। यसका अतिरिक्त *देवकुमारी थापाका प्रतिनिधि कथा*मा पनि अन्य कथा सङ्ग्रहहरूमा प्रकाशित कथाहरू समाविष्ट हुनाका साथै अन्य सातवटा 'भविष्य निर्माण', 'एउटा अर्को वर्णसङ्कर', 'घटना-दुर्घटना', 'लोग्नेमान्छेको उमेर', 'गाँठो फुकेपछि', 'बलेको आगो' र 'सूत्र 'वाई'' आदि थप कथाहरू सङ्कलित छन्।

देवकुमारी थापाका बालजीवन सन्दर्भित कथाहरूको छुट्टै अध्ययन-विश्लेषण पछिल्लो अध्यायमा गरिने हुनाले यहाँ प्रकाशनका आधारमा प्रत्येक कथा सङ्ग्रह र ती सङ्ग्रहमा सङ्गृहीत बालइतर कथाहरूको मात्र संक्षिप्त विश्लेषण गरिएको छ।

### ३.४.२.१ एकादशी

प्रस्तुत कथा सङ्ग्रह रामकृष्ण वेदान्त आश्रम, दार्जीलिङबाट प्रकाशित थापाको पहिलो कथा सङ्ग्रह हो। विभिन्न पत्र-पत्रिकातिर प्रकाशित अनि अप्रकाशित कथाहरूको सङ्कलनको रूपमा प्रस्तुत कृति तयार गरिएको छ। यस सङ्ग्रहमा 'परलोक भ्रमण', 'बाबाजस्तै', 'साँधेको गुन्द्रुक', 'मृत्युपछि', 'मेरो आफ्नै', 'म कहिले बिर्सने छैन', 'नालापानीको खलंगाभित्र', 'सन्तोष', 'हल्ला', 'हाँसको चल्ला' र 'एउटा घटना'जस्ता कथाहरू सङ्गृहीत छन्। उक्त कथाहरूमध्ये 'बाबाजस्तै', 'मेरो आफ्नै', 'म कहिले

बिर्सने छैन' र 'हाँसको चल्ला' पूर्ण बाल मनोवैज्ञानिक र 'सन्तोष' तथा 'एउटा घटना'जस्ता कथा सामान्य रूपले बालजीवनसित सम्बन्धित कथाहरू हुन्। बालजीवनइतर कथाहरूमा 'परलोक भ्रमण' कथाले प्राकृतिक प्रकोपको चपेटमा परी मृत्यु भएको मृतक व्यक्तिको आत्मिक कथनलाई मार्मिक रूपमा प्रस्तुत गरेको छ। 'साँधेको गुन्द्रुक' कथामा गुन्द्रुकको मिठासपनलाई प्रकाश पारिएको छ। 'मृत्युपछि' कथामा जीवनदेखि विरक्तिने र जीवनको मोहमा लस्सिने दुईजना नारीका माध्यमबाट पुनर्जन्म, स्वर्ग र नर्कसम्बन्धी अन्धविश्वासका कुरालाई चिनाउने प्रयास गरिएको छ। 'नालापानीको खंगालभित्र' कथामा बलभद्रका सेनामा रहेकी वीर शुकमायाको वीरत्वको घटनाको चित्रण छ। 'हल्ला' कथामा समाजमा अर्काको जीवनबारे चियोचर्चा गर्नेहरूले भएको भन्दा बढ्ता नभएको कुराको धेरै हल्ला मच्चाउँदै हिँड्छन् भन्ने सन्दर्भलाई देखाइएको छ।

### ३.४.२.२ झझल्को

प्रस्तुत कथा सङ्ग्रहभित्र 'दुई परिस्थिति', 'सुनेका कुरा', 'पदच्युत', 'प्रतिद्वन्दी', 'जीवनको मोह', 'अनौठो स्मृति', 'रहर', 'परदेशी', 'कुकुरको छाउरो' र 'झझल्को' आदि कथाहरू सङ्गृहीत छन्। उल्लिखित कथाहरूमा 'दुई परिस्थिति'बाहेक 'पदच्युत', 'रहर', 'परदेशी', 'कुकुरको छाउरो' शीर्षक कथाहरू बालमनोविज्ञान तथा सामान्य बालजीवनसित सम्बन्धित कथाहरू छन्। बालइतर कथामध्ये 'सुनेका कुरा' कथामा मान्छेको मनमा स्थायी रूपमा रहेको सुन्दरताप्रति अर्काको कुराले विरोधाभासको सिर्जना गर्दछ भन्ने मानवीय चेतन मनको सत्यतालाई म पात्रको माध्यमबाट देखाइएको छ। 'प्रतिद्वन्दी' कथा एउटी विवाहिता नारीको हृदयमा रहेको गुप्त मानसिक क्लेशको रहस्योद्घाटनलाई लिएर लेखिएको नारी मनोवैज्ञानिक कथा हो। 'जीवनको मोह' कथामा स्वास्नीविहीन लोग्नेको जीवनप्रति रहेको मोहलाई देखाइएको छ। मान्छेले आफू मर्छु भनेर थाहा पाएर पनि नपाएको जस्तो गरेको कारण नै उसको जीवनप्रति लिप्सा रहिरहेको

हुन्छ भन्ने यस कथाको केन्द्रिय भाव हो। 'अनौठो स्मृति' कथामा पुरुष हृदयमा तरूणीको सौन्दर्यले जन्माएको क्षणिक भावावेग र वासनात्मक मनोवृत्तिको फलस्वरूप उसले चोट खाएको देखाइएको छ।

### ३.४.२.३ सेतो बिरालो

यस कथा सङ्ग्रहभित्र दसवटा छोटा-छोटा हृदयस्पर्शी कथाहरू रहेका छन्। दसवटामध्ये 'रिट्ठेको प्रश्न', 'दुई रूप', र 'कथा' शीर्षक मुख्य रूपले बालजीवनसित सम्बन्धित छन्। अन्य कथा 'स्वास्नीमान्छे', 'सेतो बिरालो', 'स्वाद', 'अवचेतन मन', 'अवश्यंभावि', 'भेट' र 'समुद्रका बालुवा' सामाजिक यथार्थवादी तथा मनोविश्लेषणवादी प्रवृत्तिमा आधारित छन्। 'स्वास्नीमान्छे' कथामा एउटा नारीको मनोवैज्ञानिक अन्तर्द्वन्द्वलाई देखाइएको छ। 'सेतो बिरालो' कथामा प्रतीकात्मक रूपमा एउटा बिरालोको उच्छशृङ्खलताबाट प्रेममा तडपिएकी एउटी नारीको अवचेतन मनको कामवासनालाई प्रस्तुत गरिएको छ। 'स्वाद' कथामा लोग्नेको अभावमा नारीले अन्य कुनै वस्तुको स्वादलाई हृदयङ्गम गर्न सक्दैन भन्ने स्थितिको चित्रण गरिएको छ। 'अवचेतन मन' कथामा सामाजिक आदर्शअघि चेतन मनले हरसम्भव दबाएर राख्न चाहेको कुरा अचेतन अवस्थाबाट प्रकट हुन्छ भन्ने कुरालाई देखाएको छ। एउटी नारीले विवाहपूर्व राखेको अवैध सम्बन्धको परिणतिबाट उसको चेतन मनले भोग्न परेको छट्पटीलाई देखाइएको छ। 'अवश्यंभावि' कथामा एउटी सनातनवादी नारीले सपनामा देखेका कुराको हुबहु प्रतिरूपअनुकूल उसको जीवन नष्ट भएको घटनास्थितिको चित्रण गरिएको छ। 'भेट' कथामा एकजना पुरुषको अव्यक्त प्रेम कथालाई दर्शाइएको छ। त्यसरी नै 'समुद्रका बालुवा' कथामा प्रेम समुद्रको सम्पूरकको रूपमा उद्घाटित छ र प्रेमबिनाको हृदयलाई समुद्रको सुख्खा बालुवाको रूपमा लक्षित गरिएको छ।

### ३.४.२.४ टपरी

विराटनगरको हिमाली प्रकाशन प्रा लिबाट प्रकाशित *टपरी* कथा सङ्ग्रहभित्र जम्मा पच्चिसवटा कथाहरू सङ्गृहीत छन्। यस सङ्ग्रहमा अन्य कथा सङ्ग्रहहरूमा सङ्गृहीत अधिकांश कथाहरू नै समाविष्ट छन्, जसमा *झझल्को* कथा सङ्ग्रहभित्रका दसवटा कथाहरूमध्ये नौवटा कथाहरू ('प्रतिद्वन्द्वी' कथाबाहेक) *सेतो बिरालो* कथा सङ्ग्रहभित्रका एघारवटा कथाहरूलगायत अन्य थप पाँचवटा नौला कथाहरू ('तिर्खा', 'ठूलो देशभक्तिको सानो तस्विर', 'खाटा नबसेको घाउ', 'रुचि' र 'प्याजी')-का साथ पच्चिसवटा कथाहरूको सङ्कलनका रुपमा यो कथा सङ्ग्रह प्रकाशित भएको छ। यहाँ अन्य सङ्ग्रहमा नपरेका उक्त पाँचवटा नौला कथाहरू जो बालजीवनसित सन्बन्धित पनि छैन, त्यसको मात्र संक्षिप्त विश्लेषण गरिन्छ।

'तिर्खा' कथामा एउटी गरिब मधेसिनी दुर्मुखा लबरीको यौन तिर्खालाई देखाउने कोसिस गरिएको छ। लोग्नेको शारीरिक कमजोरीको कारण तृषित रहेकी लबरीको यौन तिर्खा कसैले मेटाउन नसकेको स्थितिलाई देखाइएको छ। 'ठूलो देशभक्तिको सानो तस्विर' कथामा प्रथम विश्वयुद्धकालीन परिस्थितिबिच जर्मनमाथि बेलायतको विजय नचाहने, त्यसको कामनास्वरूप सधैं यिशुको प्रार्थना गरिरहने एकजना बेलायती महिलाको हृदयमा रहेको देशभक्तिको भावनालाई दर्शाइएको छ। 'खाटा नबसेको घाउ' कथामा विधुवी आमाको पथभ्रष्टको परिणामस्वरूप छोरामा नारी जाति विरूद्ध जन्मेको घृणालाई एउटा अनेपाली युवकको माध्यमबाट देखाइएको छ। 'रुचि' कथामा मान्छेअनुसार उसको प्रवृत्ति तथा रुचि हुन्छ भन्ने कुरालाई ताजमहलको दृश्यावलोकनको प्रसङ्गबाट प्रस्तुत गरिएको छ। 'प्याजी' कथामा पाहुना गएकी स्वास्नीले असावधनीपूर्वक लोग्नेको थालमा हालिदिएकी जुठो प्याजीबाट ती दुई लोग्न-स्वास्नीमाझ रहेको आत्मीय प्रेम झल्किएको देखाइएको छ।

### ३.४.२.५ भोक तृप्ति

यस सङ्ग्रहमा जम्मा पन्ध्रवटा कथाहरू राखिएका छन्। क्रमबद्ध रूपमा 'मोती हुन नसकेको आँसु', 'टाढाको युद्ध', 'त्यो उपहार कति बहुमूल्य थियो', 'हिङको गन्ध', 'अचानो', 'पींढीको फाँट', 'एउटा मृत्यु संयोगको', 'अनिकालमा बीउ जोगाउनु', 'आतंक', 'मोहको एउटा क्षण', 'ऐन कानून', 'भोक-तृप्ति', 'वीरेको कथा', 'सम्बन्ध' र 'चर्केको छाना'जस्ता कथाहरू रहेका छन्। उक्त कथाहरूमध्ये 'मोती हुन नसकेका आँसु', 'त्यो उपहार कति बहुमूल्य थियो', 'भोक तृप्ति' र 'वीरेको कथा' सामान्य बालजीवनसित संलग्न रहेका कथाहरू हुन्। अन्य कथाहरू बालजीवनइतर हुन्। तीमध्ये 'अचानो' कथामा नेपाली जातिको भावी स्थितिको सोचनीय विषयलाई उठाउने प्रयास गरिएको छ। 'पींढीको फाँट' कथामा बाजे-नातिमाझ देखापरेका समयको खाडल र उनीहरूमाझ रहेका चेतनावत कुरालाई देखाइएको छ। 'एउटा मृत्यु संयोगको' कथामा एकजना व्यथित लोग्ने मान्छेको मृत्यु स्मृतिका घातक कुराहरूको सम्झनामा लीन हुँदा सल्काइएको चुरोटबाट आगो लागेर भएको छ। 'अनिकालमा बीउ जोगाउनु' कथामा प्रजातन्त्र सम्मेलनका अवसरमा ट्रकको टायर फुटेको आवाजबाट वायु पङ्खीझैं दौडिएर भाग्नेहरूको माध्यमबाट अनिकालमा बीऊ जोगाउनु भन्ने कुरोलाई चरितार्थ पारिएको छ। चियाबारी जनजीवनसित सम्बन्धित 'आतंक' कथामा मेची खोलाले चियाबारीमाथि फैलाएको प्राकृतिक आतंकलाई प्रकाश पार्ने प्रचेष्टा गरिएको छ। 'मोहको एउटा क्षण' कथामा असफल प्रेमीले विवाहइतर जीवनमा प्राप्त गरेको मोहानुभूतिलाई देखाइएको छ। 'सम्बन्ध' कथामा अमिल्दो उमेर भएका दुई स्त्री र पुरुषमा, पुरुषको प्रेमाभिव्यक्तिले जन्माएको तिक्ततालई दर्शाएको छ। त्यसरी नै 'चर्केको छाना' कथामा दाम्पत्य जीवनको विसङ्गतिलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ।

### ३.४.२.६ प्रलय प्रतीक्षा

वि सं २०४४ सालमा विराटनगरको पूर्वाञ्चल साहित्य प्रतिष्ठानबाट जम्मा तेह्रवटा कथाहरूको सङ्ग्रहस्वरूप *प्रलय प्रतीक्षा* पुस्तक प्रकाशित भएको पाइन्छ। यस सङ्ग्रहभित्र क्रमैले 'फींज', 'देखेका कुरा', 'मुक्ति', 'मूल्याङ्कन', 'मखमली', 'शरणार्थीको प्रश्न', 'जीवन फेरि पलाउन सक्छ !', 'मान्छेको झुण्ड', 'मन मान्दैन', 'धराप', 'दरा पाइला', 'गति-अगति' र 'प्रलय प्रतीक्षा' कथाहरू रहेका छन्। यीमध्ये 'देखेका कुरा', 'मूल्याङ्कन', 'धराप', 'दरा पाइला' र 'गति-अगति' प्रत्यक्ष-अप्रत्यक्ष रूपमा बालजीवनसित सम्बन्धित कथाहरू हुन्। अन्य कथाहरूमा 'फींज' कथा दाम्पत्य जीवनको वर्णनमा आधारित कथा हो। नारी हृदयको संस्कारगत स्वाभिमान अनि लोग्नेको चरित्रप्रति शङ्कालु दृष्टि र सोच राख्ने नारी मानसिकताको प्रस्तुतिसँगसँगै नारीत्वका दुई रूप पत्नीत्व र मातृत्वको शाश्वततालाई यस कथाले प्रस्तुत गरेको छ। 'मुक्ति' कथामा लतमा पिसिएको लोग्नेको कारूणिक मुक्तिको चाहना झल्किएको छ। क्यानसरले पीडित लोग्नेको आफ्नै स्वास्नीबाट मुक्तिको चाहनाअनुरूप प्रेमप्रिय पत्नीले लोग्नेलाई शारीरिक यत्नबाट विष पिलाएर मुक्त गरिदिएकी छ। 'मखमली' कथामा लोग्नेबाट यौनवासनाका शिकार भई वेश्यालयमा सर्वभोगिनीसम्म बन्न पुगेकी नारी जीवनको मार्मिक पीडाजन्य अभिव्यक्ति प्रस्तुत भएको छ। 'शरणार्थीको प्रश्न' कथामा शरणार्थी जीवन भोग्न परेका एउटा लोग्नेले आफ्नी स्वास्नीको अस्तित्व बचाउनलाई भोग्नु परेका तिक्तता र भयावह परिस्थितिको यथार्थिक चित्रण गरिएको छ। 'जीवन फेरि पलाउन सक्छ' कथामा पतिका मृत्युले विह्वल नारी हृदय सुखानुभूति गर्ने व्यक्तिप्रतिको घनिष्ठताले पुनः पल्लवित बन्न सक्ने यथास्थितिको चित्रण प्रस्तुत गरिएको छ। 'मान्छेको झुण्ड' कथामा मान्छेको मनभित्रका रहेका कुलषित भावना, पाश्विक प्रतिच्छायाले मानवीय चेतनालाई ह्रास गराएको हुन्छ भन्ने कुरालाई देखाइएको छ। 'मन मान्दैन' कथामा एउटी स्वाभिमानी पत्नी र एक महत्तोकाङ्क्षी लोग्नेको कथा प्रस्तुत छ। दाम्पती जीवनको धागा चुँडे पनि पछिसम्म

रहिरहेको अकल्पित प्रेमको त्यान्द्रो आफ्नी स्वास्नीप्रति डाहको भावना राख्ने व्यक्तिलाई लोग्नेबाट नै हार्दिक स्वागत जनाएका कारणले चुँडिएको देखाइएको छ। 'प्रलय प्रतीक्षा' कथामा एकातिर मान्छेको मनमा संसार नाश हुने भ्रम फिँजाएर धन-सम्पति लुटेको कथा छ भने अर्कातिर युवा हृदयमा रहेका अतृप्त यौनेच्छाका तृप्ति र आशक्तिको कथा प्रस्तुत गरिएको छ।

## ३.४.२.७ देवकुमारी थापाका प्रतिनिधि कथा

प्रतिनिधि कथास्वरूप प्रकाशनमा आएको यस पुस्तकमा पूर्वप्रकाशित कथा सङ्ग्रह र केही अन्ततिर प्रकाशित तथा अप्रकाशित कथाहरूलाई पनि लिइएको छ। यस सन्दर्भमा यस पुस्तकका सम्पादक नरेन्द्र चापागाईंको भनाई छ- यसको तात्पर्य के हो भने थापाका कथाहरूको पनि कुनै सामूहिक सङ्ग्रहमा प्रतिनिधित्व गराउनु पर्दा र उनका कथाहरूको स्तरीयता सीमित कथाहरूका आधारमा चिन्हित गर्नु पर्दा सुगम आधार बनोस् भन्ने हो।[१५९] उक्त पुस्तकमा मोठ सैंतीसवटा कथाहरू सङ्कलित छन्। तीमध्ये सातवटा कथाहरू पूर्व प्रकाशित सङ्ग्रहहरूमा सङ्गृहीत भएका छैनन्। ती हुन्- 'भविष्य निर्माण', 'एउटा अर्को वर्णसङ्कर', 'घटना-दुर्घटना', 'लोग्नेमान्छेको उमेर', 'गाँठो फुकेपछि', 'बलेको आगो' र 'सूत्र 'वाई''। उल्लिखित कथाहरूमध्ये बालजीवन सन्दर्भित कथाहरूमा 'भविष्य निर्माण', 'एउटा अर्को वर्णसङ्कर' र 'घटना-दुर्घटना' आदि कथाहरू पर्छन्। 'लोग्नेमान्छेको उमेर', 'गाँठो फुकेपछि', 'बलेको आगो' तथा 'सूत्र 'वाई'' बालजीवनइतर कथाका रूपमा पर्छन्। 'लोग्नेमान्छेको उमेर' कथामा साठ्ठी वर्षका छेउछाउ पुगेका व्यक्तिलाई एउटी युवतीले बुढोमान्छेको संज्ञा दिएपछि उसमा परेको मानसिक प्रभावलाई देखाइएको छ। 'गाँठो फुकेपछि' कथामा विवाहपूर्व स्थापित अवैध सम्बन्धले विवाहइतर जीवनमा त्यसको त्रासले भयभित भएकी नारीको मनोदशालाई

[१५९] नरेन्द्र चापागाईं (सम्पा.), वि सं २०५१, *देवकुमारी थापाका प्रतिनिधि कथा,* विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान, पृ. ञ-ट

मनोवैज्ञानिक ढङ्गमा प्रस्तुत गरिएको छ। 'बलेको आगो' कथामा बल्दै गरेको आगो नै सबैले ताप्छन्, निभेको आगो ताप्ने प्रायः कोही हुँदैनन् भन्ने लाक्षणिक अर्थलाई काजीसाहेब र उनको घरमा ड्राइभर काम गर्ने माइलाले जीवनमा उन्नति गरेको र उनलाई अन्यहरूले सम्मान गरेकोबाट स्पष्ट्याउन खोजिएको छ। 'सूत्र 'वाई'' कथामा दाँइजो प्रथा र छोरीमात्र जन्माउने आमाप्रति गरिने दूर्व्यवहारको प्रतिवादस्वरूप लोग्नेमान्छेको क्रोमोजोम्समा 'वाई' तत्त्व मात्र अस्तित्वमा रहने जसको फलस्वरूप देशमा बालिकाको जन्म हुन नसक्ने किसिमको शोधकार्यले जन्माएको परिणतिलाई प्रस्तुत गरिएको छ।

देवकुमारी थापाका कथा सङ्ग्रहभित्रका बालजीवनइतर कथाहरूलाई अझ विविध आधारबाट पनि विश्लेषण गर्न सकिन्छ-

**(क) सामाजिक कथा**

देवकुमारी थापाका बालजीवनइतर सामाजिक कथाअन्तर्गत 'साँधेको गुन्द्रुक', 'मृत्युपछि', 'हल्ला', 'सुनेका कुरा', 'स्वाद', 'खाटा नबसेको घाउ', 'प्याजी', 'चर्केको छाना', 'अनिकालमा बीऊ जोगाउनु' र 'बलेको आगो'जस्ता कथाहरू परेका छन्। यी कथाहरूले विषयगत विभिन्नता अङ्गालेको भए तापनि ती कथाहरू सामाजिक परिदृश्यकै छन्। पारिवारिक सम्बन्धदेखि लिएर बाह्य संसारका विषयवस्तुलाई कथात्मक रूप प्रदान गरेको छ। सामाजिक जीवनभित्रका सना साना घटनातन्तु अनि त्यसले समेटेका पात्रहरूलाई रोचकताका साथ प्रस्तुत गरेर थापाले स्वयम्लाई सामाजिक कथाकारका लहरमा उभ्याएकी छन्। समाजभित्र देखिने अन्धविश्वास, रूढि परम्परालाई भत्काएर युगसापेक्षित जीवन बचाईंको अपेक्षा राखेका छन्। समाजभित्र कुत्सित मनोभावना बोकेका चरित्रहरूको सग्लो चित्रण गरेका छन्। वैवाहिक जीवनको शाश्वतता तथा तालमेल-अनमेललाई आफ्ना कथाहरूमा देखाएकी छन्। आर्थिक स्तरबाट निम्नवर्गीय र

उच्चवर्गीय पात्रहरूले भोग्न परेका सामाजिक स्थितिको चित्रण गरेकी छन्। नैतिकता र आदर्शको वकालत गरेकी छन्।

**(ख) राजनीतिक कथा**

थापाका कथाहरूमा राजनीतिप्रति तिखो व्यङ्ग्य कसिएको पनि पाइन्छ। उनका 'अचानो' तथा 'घटना-दुर्घटना' कथाहरूले राजनीतिक स्थितिले जनजीवनमा पारेको प्रभाव विरूद्ध प्रहार गरेको छ। घुसखोरी प्रवृत्तिका राजनेता र राजनीतिक फायदाका निम्ति उनीहरूद्वारा गरिने गरेका कुकृत्य कार्यहरूप्रति विद्रोह गर्छन्। समाजका निम्नवर्गीय चरित्रहरूलाई भेँडा बाखा समान मानिएको विडम्बनालाई भत्सर्ना पनि गर्छन्। अतः थापाका राजनीति विषयक कथाहरूले मानवीय जीवनमा सचेतनाका कार्य गर्छन्।

**(ग) वैज्ञानिक कथा**

थापाका कथामा वैज्ञानिकताले पनि केही प्रश्रय पाएको छ। 'पीढीको फाँट' र 'सूत्र वाई'' कथा यस दिशातर्फको एउटा प्रयास मात्र सकिन्छ। सिर्जनाको शाश्वतता, आदर्श तथा वैज्ञानिकताको विनासकारी विशेषतातिर ध्यान आकृष्ट गर्ने थापाले पुरातन र आधुनिक मूल्य-मान्यताबिच रहेको वैचारिक भिन्नतालाई 'पिँढीको फाँट' कथामा देखाउने कोसिस गरेकी छन्। 'सूत्र 'वाई'' कथामा लगातार छोरीमात्र जन्माएकाले त्यसबाट हुने नारीहरूप्रतिको शोषण तथा नारीहरूले भोग्नु परेको यातनापूर्ण जीवनप्रतिको विद्रोह देखिन्छ। अर्कोतिर सूत्र 'वाई' (छोरो मात्र जन्माउने) फर्मुलाको कारण छोरीको लागि मानिसहरू कालान्तरमा तड्पिनु पर्ने जीवनस्थितिले वैज्ञानिकताको विनाशकारीतर्फ पनि इङ्गित गरेको छ। वस्तुतः यसबाट विज्ञानको आविष्कार र विनाश दुवै पक्षतिर सङ्केत गरेको पाइन्छ भने विज्ञानसित समयानुकूल जुझ्ने मार्ग निर्देशन पनि गरिएको पाइन्छ।

**(घ) मनोवैज्ञानिक कथा**

यस वर्गका कथाहरूले कथामा चित्रित पात्रहरूको मनःस्थितिलाई प्रतिविम्बित गर्दछ। पात्रहरूका मनोजगत्मा परेको प्रभाव तथा दुष्परिणामलाई केलाउने कार्य मनोविज्ञानले गर्दछ। अचेतनमा दमित यौनेच्छाको तृप्तिका लागि प्रतीकलाई समेत माध्यम बनाउने उनका पात्रहरू कुनै न कुनै मनोग्रन्थिका शिकार भएका छन्।[१६०] पात्रको मनोवैज्ञानिक हिसाबमा देवकुमारी थापाका कथाहरूलाई मुख्यतः तिन वर्गमा विभाजित गर्न सकिन्छ- (क) बाल मनोवैज्ञानिक, (ख) नारी मनोवैज्ञानिक र (३) पुरुष मनोवैज्ञानिक। यी तिन पक्षमध्ये बाल मनोवैज्ञानिक कथाको छुट्टै रूपमा अध्ययन गरिएकाले यहाँ अन्य दुई पक्षका कथाहरूमा चित्रित पात्रहरूको मात्र विवेचना गरिन्छ-

**(१) नारी मनोवैज्ञानिक कथा**

'प्रतिद्वन्द्वी', 'सेतो बिरालो', 'अवचेतन मन', 'अवश्यंभावि', 'तिर्खा', 'रुचि', 'मुक्ति', 'फीँज', 'मन मान्दैन'जस्ता अधिकांश कथाहरू नारी मनोवैज्ञानिक र यौन नारी मनोवैज्ञानिक कथाका रूपमा रहेका छन्। नारीमनका चेतन, अचेतन र अर्द्धचेतन तिनै तहबाट थापाले पात्रहरूको मनःस्थितिलाई हेरेका छन्। उनका कतिपय कथाहरूमा नारी चरित्रको चित्रण सामान्य मनोविज्ञानका आधारमा गरिएको छ भने कतिपय कथाहरूमा सूक्ष्म रूपमा हेर्ने प्रयास गरिएको छ। नारी मनोवैज्ञानिक कथाहरूमा 'प्रतिद्वन्द्वी', 'अवश्यंभावि', 'रुचि', 'मुक्ति', 'फीँज' तथा 'मन मान्दैन'जस्ता कथाहरू पर्छन्। 'प्रतिद्वन्द्वी' कथामा सौताप्रति उब्जेको ईर्ष्याको कारण वैवाहिक जीवनप्रति गलत धारणाको बीजारोपण भइसकेको देखाइएको छ, जसलाई फ्रायडले सर्वसम्मति भ्रम[१६१]-को रूपमा

---

१६० श्रेष्ठ, 'नेपाली', पृ. ०४

१६१ पुण्यप्रसाद प्रसाईँ (अनु.), वि सं २०६९, *फ्रायडको मनोविश्लेण,* काठमाडौँ : डिकुरा पब्लिकेशन, पृ. २१९

चिनाएका छन्। 'अवश्यंभावि' कथामा फ्रायडीय कल्पना सिद्धान्त[१६२]-को सफल प्रयोग गरिएको छ। सपनाको ज्ञान सपना देख्ने मानिसभित्र निश्चित रूपमा रहेको हुन्छ, तर ऊ त्यो ज्ञानसम्म पुग्न पाउँदैन[१६३] भन्ने फ्रायडको मतलाई कुमुदिनीको चरित्रले निर्वाह गरेको छ। एकातिर आफू उन्मुक्त जिजीविषामा डुब्न चाहने अर्कोतिर पतिको बहिनीप्रतिका विशुद्ध स्नेहप्रति शङ्काको दृष्टि प्रहार गर्ने नारी मानसिकतालाई 'फीँज' कथामा दर्शाइएको छ। 'मुक्ति' कथाले पतीव्रता नारीको मनःस्थितिको चित्रण सजीव रूपमा गरेको छ। नारीको पतिप्रतिको प्रेम र दायित्व सम्भव भएसम्म रोगबाट मुक्त गराई स्वास्थ्य तुल्याउनु र सम्भव नहुँदा रोग सल्किरहन नदिई उसलाई शरीरबाट मुक्ति दिलाउनु यथोचित हुने तथ्य[१६४] यस कथाबाट भएको छ। 'मन मान्दैन' कथामा आफ्नै स्वास्नीप्रति कुदृष्टि राख्ने व्यक्तिसित महत्तोकाङ्क्षाका निम्ति हात मिलाउने लोग्नेलाई स्वास्नीको स्वाभिमानले स्वीकार्न सक्दैन भन्ने कुरालाई देखाइएको छ।

यौन नारी मनोवैज्ञानिक कथाका रूपमा 'सेतो बिरालो', 'अवचेतन मन', 'तिर्खा'जस्ता कथाहरू पर्छन्। 'सेतो बिरालो' कथामा प्रेमले विह्वल नारीको अवचेतन मनको कामजन्य अवस्थाको चित्रण गरिएको छ।[१६५] यस कथामा सेतो बिरालो यौन तृप्तिको प्रतीकको रूपमा रहेको छ। 'अवचेतन मन' कथामा अवचेतन अवस्थाको कथन (श्रीमती गुप्तको अवैध सम्बन्धसितको कथन)-सँग फ्रायडीय मनोविज्ञान प्रतिरोध[१६६]-को सम्बन्ध रहेको देखाइएको छ। प्रतिरोधकै कारण गुप्तमा अपराधबोध तथा सामाजिक आदर्शबोधको चेतना देखिन्छ। नारीको अवचेतन यौन तिर्खाको मनोवैज्ञानिक विश्लेषण

---

[१६२] सिग्मन्ड फ्रायड, सन् १९२०, *ड्रिम साइकोलोजी साइकोएनालाइसिस फर बिगिनर,* न्यूयोर्क : दि जेम्स ए क्यान कम्पनीया, पृ. १००

[१६३] प्रसाई, 'फ्रायडको', पृ. १००

[१६४] चापागाईं, 'भूमिका', पृ. ८

[१६५] रजिता शर्मा, वि सं २०५७, *देवकुमारी थापाका प्रतिनिधि कथाको विश्लेषण,* स्नातकोत्तर लघु शोध पत्र, काठमाडौं : त्रिभुवन विश्वविद्यालय, पृ. ३९

[१६६] चुडामणि बन्धु, वि सं २०५८, *नेपाली लोकसाहित्य,* काठमाडौं : एकता बुक्स हाउस, पृ. ६८

'तिर्खा' कथामा गरिएको छ। लोग्नेको शारीरिक अस्वास्थ्यता र मानसिक दुर्बलता नै लबरीको अवचेतन यौन तिर्खाको कारण बन्न पुगेको देखाइएको छ।

**(२) पुरुष मनोवैज्ञानिक कथा**

नारीको मनःस्थितिको चारित्रिक मनोविश्लेषण गर्नाका साथै थापाले पुरुषको मनोवैज्ञानिक पक्षलाई पनि आफ्ना कथाको विषय क्षेत्र बनाएका छन्। स्वयम् थापा एक नारी भएकाले नारी चरित्रको मनोवैज्ञानिक पक्षलाई विशेष स्थान दिएको देखिन्छ। यस दृष्टिले उनका पुरुषसँग सम्बन्धित मनोवैज्ञानिक कथाहरू नारी मनोवैज्ञानिक कथाको तुलनामा केही साधारण किसिमको देखिन्छ। उनका 'जीवनको मोह', 'अनौठो स्मृति', 'भेट', 'बेसारको फुल', 'जीवन फेरि पलाउन सक्छ' आदि कथाहरू पुरुषको मनोविज्ञानसँग सम्बन्धित छन्। यी कथाहरूमध्ये 'जीवनको मोह' बाहेक अन्य कथाहरूमा पुरुषको अवचेतन मनमा रहेको प्रेम तथा यौनिकताको पक्ष प्रतिविम्बित छ। अवचेतन यौन तृष्णाबाट छट्पटिएका पात्रहरू कथामा असंतुलित छन्।

**(ङ) युद्ध विषयक कथा**

देवकुमारी थापाको बालजीवनइतर कथाहरूमध्ये 'नालापानीको खलंगाभित्र' कथालाई युद्ध विषयक कथाको रूपमा हेर्न सकिन्छ। उनको 'भविष्य निर्माण', 'टाढाको युद्ध', 'ठूलो देशभक्तिको सानो तस्विर'जस्ता कथाहरू पनि युद्धसम्बन्धी प्रसङ्गहरूको चर्चा पाइन्छ। ती कथाहरूका आधारमा थापा युद्धदेखि प्रायः टाडा रहेर शान्ति स्थापनाको कामना गर्ने कथाकारका रूपमा चिनिन्छन्। इस्ट इण्डिया कम्पनी र नेपालीहरूमाझ भएको नालापानीको युद्धसँग सम्बन्धित 'नालापानीको खलंगाभित्र' कथामा वीर बलभद्रको सेनामा रहेका शुकबहादुर र उसकी स्वास्नी शुकमायाले कम्पनीविरूद्ध देखाएका स्वदेश

स्वाभिमानको ज्वलन्त युद्ध वर्णन गरी एउटी नेपाली नारीको रगतको अमरत्वलाई देखाइएको छ।

## ३.५ निष्कर्ष

देवकुमारी थापाको आगमनपूर्वको नेपाली बालजीवन सन्दर्भित कथाको स्थितिको मूल्याङ्कनका आधारमा के देखिन्छ भने नेपाली कथाकारहरूले बालकको जीवनलाई मूलतः दुई पक्षबाट दर्शाउने कोसिस गरेका छन्। रूपनारायण सिंह, अच्छा राई ‘रसिक’ तथा शिवकुमार राई प्रभृतिका कथाहरूले बालजीवनलाई मूलतः स्थूल रूपमा प्रस्तुत गरेको छ भने सम, देवकोटा, गोठाले आदि प्रभृतिका कथाहरूले सूक्ष्म पक्षबाट प्रस्तुत गर्ने कोसिस गरेको छ। अघिल्ला श्रेणीका कथाकारहरू मूलतः सामाजिक स्थितिको चित्रणमा बढी केन्द्रित रहेका देखिन्छन्। पछिल्ला श्रेणीका कथाकारहरू मूल रूपमा मनोविश्लेषणसित सम्बन्धित छन्। आधुनिककालीन नेपाली समाजको यथार्थिक चित्रण गर्ने मूल उद्देश्यमा केन्द्रित अघिल्ला श्रेणीका कथाहरूले बालपात्रको प्रयोगलाई सामान्य पारिवारिक सम्बन्ध निर्वाहका निम्ति उभ्याएको जस्तो मात्र प्रतीत हुँदछ। पछिल्ला श्रेणीका कथाहरूले भने पारिवारिक सन्दर्भमा मात्र नभएर बालककै दृष्टिबाट कथावस्तुलाई प्रस्तुत गर्नाका साथै तिनीहरूका नैसर्गिक मूल प्रवृत्तिअनुकूल घटना चित्रणहरूको प्रस्तुतितर्फ पनि जोड दिइएको पाइन्छ। समग्रमा हेर्नु हो भने थापापूर्वका आधुनिक नेपाली कथामा बालजीवनसम्बन्धी पक्षहरू निम्न प्रकारले प्रस्तुत भएको पाइन्छ-

(१) टुहुरो बालकको बालजीवनको प्रस्तुति।

(२) बालक र पशुप्राणीमाझको आत्मिक सम्बन्ध।

(३) बालकमा पाइने खेलप्रियता, अनुकरण र मनोरञ्जनवृत्तिको प्रस्तुति।

(४) बालकका बाह्य-आन्तरिक परिवेशको यथाशक्य प्रस्तुति।

अतः आधुनिक नेपाली कथाकारले देवकुमारी थापापूर्व बाल मनोवैज्ञानिक पक्षको स्थूल र सूक्ष्म दुवै पक्षलाई आत्मसात गरिसकेको पाइन्छ। भारतीय नेपाली कथाले पनि थापाको आगमनदेखि पूर्णतः बाल मनोवैज्ञानिक कथा प्राप्त गरेको तथ्य प्राप्त हुँदछ।

नेपाली कथा साहित्यको क्षेत्रमा देवकुमारी थापाको आगमन आधुनिककालीन मूल प्रवृत्तिसितै भएको पाइन्छ। विशेष गरेर *शारदा*कालीन नेपाली कथाकार गुरुप्रसाद मैनाली, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, गोविन्दबहादुर गोठाले, अच्छा राई ‘रसिक’, शिवकुमार राई प्रभृतिद्वारा अवतरित सामाजिक यथार्थवाद तथा मनोविश्लेषणवादबाट नै उनको  लेखन प्रवाहित भएको पाइन्छ। सम तथा गोठालेद्वारा लेखिएको पहिलो चरणका बाल मनोवैज्ञानिक कथाको छाप पनि उनको कथामा परेको पाइन्छ। ‘भविष्य निर्माण’ यही प्रभावस्वरूप लेखिएको कथामध्ये एउटा कथा मान्न सकिन्छ। यही कथाबाट आधुनिक नेपाली कथा साहित्यमा थापाको लोकप्रियता बढ्दै गएको पाइन्छ। भारतीय नेपाली कथाको सन्दर्भमा यसै कथालाई पहिलो बाल मनोवैज्ञानिक कथा पनि मान्न सकिन्छ। यसभन्दा पूर्व रूपनारायण सिंहको ‘अन्नपूर्णा’ कथाले बालकको जीवनलाई प्रस्तुत गरेर महत्त्वपूर्ण कार्य गरेको छ।

प्रवृत्तिगत आधारमा उल्लिखित दुई प्रवृत्तिहरूको प्रभाव थापाको कथामा पाइए तापनि बाह्य रूपबाट सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, बालकृष्ण सम र देवकोटाको साहित्य लेखनबाट पनि उनी प्रभावित देखिन्छन्। सूर्यविक्रम ज्ञवालीलाई त उनी आफ्ना गुरु नै मान्दथे। ज्ञवालीका साथै अन्य साहित्यकारहरूका छत्रछाया तथा मार्ग निर्देशनमा रहेर नै थापाले आफ्नो साहित्य साधना गरेकी छन्। यही साधना, भक्ति, अनुशासन, लगनशीलता तथा कोमल भावाभिव्यक्तिको परिणामस्वरूप उनले पन्ध्रवटा साहित्यिक कृतिहरू नेपाली साहित्यलाई अर्पेकी छन्, जुन कृतिहरूको माध्यमबाट उनले नेपाली

समाजको यथार्थिक चित्रण प्रस्तुत गरेका छन्। जीवनका विविध घटना विषयहरूलाई प्रस्तुत गरेकी छन्। जीवनका स्थूल तथा सूक्ष्म पक्षहरूको निक्यौंल गरेकी छन्। जीवनको तिक्त अनुभूतिदेखि लिएर अचेतन, अवचतेन तथा अर्द्धचेतनको सतहबाट देखिने पात्रको मनोलोकको विचरण गरेकी छन्। सामाजिक, आर्थिक, राजनीतिक पक्षबाट जीवनमा हुने प्रभावलाई पनि उनले आफ्ना कथाहरूमा कुशलताका साथ प्रस्तुत गरेकी छन्।

# चौथो अध्याय

## ४ देवकुमारी थापाका कथाहरूमा प्रतिविम्बित बालजीवन

देवकुमारी थापाका कथाहरूमा प्रतिविम्बित बालजीवनको अध्ययन-विश्लेषण गर्न अघि उनको कथाहरूको वर्गीकरण गर्न आवश्यक देखिन्छ। यस वर्गीकरणका आधारमा नै उनका कथाहरूमा बालजीवनको सन्दर्भलाई हेर्न प्रासाङ्गिक हुनेछ।

## ४.१ देवकुमारी थापाका कथाहरूको वर्गीकरण

देवकुमारी थापाका प्रकाशित सम्पूर्ण कथाहरूलाई सङ्ग्रहका आधारमा मुख्यतः दुई भागमा वर्गीकृत गर्न सकिन्छ- (क) बालकथा सङ्ग्रह र (ख) प्रौढकथा सङ्ग्रह। बालकथा पूर्णतः बालकको मानसिक स्थिति तथा उमेर अवस्थासित सम्बन्धित रहेको हुन्छ। यसको आफ्नै सैद्धान्तिक अवधारणा स्थापित भइसकेको छ। प्रौढकथालाई पनि (१) बालजीवन सन्दर्भित कथा र (२) बालजीवनइतर कथा गरी दुई भागमा विभाजन गर्न सकिन्छ। बालजीवन सन्दर्भित नेपाली कथाको आफ्नो छुट्टै सैद्धान्तिक अवधारणा स्थापित भइसकेको पाइँदैन। यसका केही मूल पक्षहरूबारे पछिल्लो उपशीर्षकमा चर्चा गरिनेछ। थापाका यही प्रौढ अथवा बालजीवनसित सम्बन्धित कथाहरूमा बालजीवनको सन्दर्भलाई बुझ्नाका निम्ति बालमनोविज्ञानलाई विशेष आधार बनाइएको छ। बाल मनोवैज्ञानिक आधार भन्नाले बालकको खास उमेरावस्था र त्यस उमेरभित्र देखा पर्ने उसका शारीरिक, मानसिक तथा बौद्धिक विकास अथवा उसका बाह्य-आन्तरिक सम्पूर्ण पक्ष बुझिन्छ। यसै आधारमा माथि उल्लिखित विषयको अध्ययन विश्लेषण गरिएको छ।

विषयगत तथा प्रवृत्तिगत आधारमा देवकुमारी थापाका कथा सामाजिक यथार्थवाददेखि मनोविश्लेषणवाद, विसङ्गतिवाद हुँदै युद्ध विषयक र बालमनोविज्ञानदेखि नारीमनोविज्ञान, पुरुषमनोविज्ञानजस्ता विविध पक्षतिर उन्मुख देखिन्छिन्। यस अतिरिक्ति

संरचनागत, शैलीगत, उमेरगत, लिङ्गगत तथा वर्गगत आदि आधारमा पनि उनका कथाहरूलाई वर्गीकरण गर्न सकिन्छ। प्रस्तुत शोधप्रबन्धमा थापाका सम्पूर्ण प्रौढकथामध्येमा बालजीवनको सन्दर्भसित जोडिएका कथाको चयन र सोहीअनुसार त्यसको वर्गीकरण गर्ने कार्य मात्र सुनिश्चित गरिएको छ।

यसका लागि बालजीवन सन्दर्भित कथाको स्वरूप तथा विशेषताबारे संक्षिप्त चर्चा गर्न आवश्यक देखिन्छ।

### ४.१.१ बालजीवन सन्दर्भित कथाको स्वरूप

बालजीवन सन्दर्भित कथाको स्वरूपलाई मुख्यतः स्थूल र सूक्ष्म दुई पक्षले हेर्न सकिन्छ-

#### ४.१.१.१ स्थूल पक्ष

बालजीवनसँग सम्बन्धित कथाको स्वरूपका स्थूल पक्षलाई पनि तिनवटा सन्दर्भमा राखेर हेर्न सकिन्छ- (क) पारिवारिक सन्दर्भ, (ख) सामाजिक सन्दर्भ तथा (ग) मनोवैज्ञानिक सन्दर्भ।

**(क) पारिवारिक सन्दर्भ**

पारिवारिक सन्दर्भ बालजीवन सन्दर्भित कथाको स्थूल पक्षको एउटा मुख्य पक्ष हो। यो कुनै पनि पात्रको जीवनसित सम्बन्धित हुन्छ। पात्रको उपस्थिति तथा उसको चारित्रिक विशेषतामा परिवारको अहम् भूमिका रहेको हुन्छ। बालकको जीवनमा पर्न गएको सकारात्मक तथा नकारात्मक पक्षलाई पारिवारिक स्थितिको सन्दर्भबाट हेरिन्छ। बालकका आमा-बाबा तथा घर-परिवारका अन्य सदस्यहरूको भूमिका आदिलाई यसै सन्दर्भमा राखेर हेरिन्छ। यसका साथै बालकको आफ्नो परिवारप्रतिको सम्बन्धलाई पनि

यस सन्दर्भअन्तर्गत राखेर हेर्न सकिन्छ। यस किसिमका कथामा बालक मूल, सहायक र गौण तिनै किसिमका पात्रका रूपमा देखिन्छ।

यस किमिसका कथामा बालक तथा उसको बालजीवनको प्रस्तुति मात्र सम्भव हुँदैन। बालकको जीवनमा सहायक तथा निर्णायक भूमिकास्वरूप उसका परिवारका कुनै व्यक्ति अथवा सन्दर्भ जोडिएर आएको हुन्छ। त्यही पारिवारिक सन्दर्भसित उसको व्यक्तित्वको सम्बन्ध स्थापित रहेको हुन्छ। यस सन्दर्भले पारिवारिक समस्या तथा द्वन्द्वबाट उसको मानसिकतामा परेको प्रभावलाई उद्घाटित गर्दछ। यस्तो कथामा ऊसँगसँगै परिवारका अन्य व्यक्तिहरूको सामाजिक, आर्थिक तथा मनोवैज्ञानिक पक्षमा कथा बढी केन्द्रिभूत हुन्छ।

**(ख) सामाजिक सन्दर्भ**

सामाजिक सन्दर्भले विशेषतः कथामा प्रतिविम्बित सामाजिक पक्ष भन्ने बुझाउँछ। कथाको विषयवस्तुले समेटेका पृष्ठभूमि, परिवेश, घटना, पात्र आदिको चित्राङ्कनबाट कथाको सामाजिक सन्दर्भलाई केलाउने अभीष्ट राखिएको हुन्छ। यस दृष्टिकोणले बालजीवनको विविध पक्षलाई पारिवारिक अतिरिक्त सामाजिक सन्दर्भबाट हेरिएको हुन्छ। यस किसिमका कथामा आन्तरिकभन्दा बाह्य जगत्को बढी प्रयोग गरिएको हुन्छ, जो वातावरणीय प्रभावको रूपमा रहेको हुन्छ। बाह्य जगत्बाट बालजीवनमा के-कस्ता किसिमको प्रभाव परेको हुन्छ वा त्यसले कसरी बालजीवनलाई प्रभावित पार्दछ भन्ने कुरा सामाजिक सन्दर्भबाट केलाइएको हुन्छ, त्यसैले बालजीवनको सन्दर्भ अथवा अध्ययनमा यसको महत्त्व अधिक रहेको हुन्छ।

### (ग) मनोवैज्ञानिक सन्दर्भ

मनोवैज्ञानिक सन्दर्भ बालजीवन सन्दर्भित कथाको अर्को महत्त्वपूर्ण पक्ष हो। यसले मूलतः दुईवटा क्षेत्रलाई समेटेको हुन्छ। पहिलो, बालक र उसको जीवनको मनोवैज्ञानिक पक्षको विश्लेषण। दोस्रो, बालइतर पात्र र उसको मनोवैज्ञानिक पक्षको विश्लेषण। कुनै पनि घटना तथा क्रियाव्यापारबाट पात्रको मनःस्थितिमा परेको बाह्य-आन्तरिक असरलाई यस किसिमका कथामा अभिव्यक्त गरिएको हुन्छ। पहिलो किसिमका कथामा मूल रूपमा बालकको मनोविज्ञान पक्षलाई बाह्य-आन्तरिक पक्षबाट विश्लेषण गरिएको हुन्छ। दोस्रो किसिमका कथामा बालपात्र सहयोगी पात्रको रूपमा रहेको हुन्छ र अन्य पात्रको मनोवैज्ञानिक पक्षको विश्लेषण गरिएको हुन्छ। अतः पहिलोमा बालपात्र मूल र दोस्रोमा सहायक तथा गौण रूपमा उपस्थित रहेको हुन्छ। यी दुवै किसिमका कथाहरू बालजीवन सन्दर्भित कथाका रूपमा नै चिनिन्छन्। ती कथाहरूमा बालकको उपस्थित प्रत्यक्ष, परोक्ष तथा संस्मरणात्मक शैलीद्वारा प्रस्तुत गरिएको हुन्छ।

### ४.१.१.२ सूक्ष्म पक्ष

बालजीवन सन्दर्भित कथाको स्वरूपको सूक्ष्म पक्षलाई विशेषतः बालकको उपस्थिति र उसको भाषाको प्रयोगलाई आधार बनाएर हेर्न सकिन्छ-

### (क) बालपात्रको उपस्थिति

बालजीवन सन्दर्भित कथाको स्वरूप निर्धारण प्रक्रियामा बालपात्रको उपस्थितिलाई एक अनिवार्य पक्ष मानिन्छ। बालपात्रको उपस्थितिबिना यस किसिमका कथाको कल्पना गर्न सम्भव हुँदैन। वस्तुतः बालजीवन सन्दर्भित कथाको अवधारणा नै बालपात्रको उपस्थिति तथा उसको क्रियाव्यापारसित सम्बन्धित हुन्छ। यसमा बालपात्रको उपस्थिति प्रत्यक्ष,

परोक्ष तथा संस्मरणात्मक शैली तिनैवटा आधारबाट गरिएको हुन्छ अनि उसका शारीरिक, मानसिक तथा बौद्धिक स्थिति आदिको विश्लेषण पनि गरिएको हुन्छ।

**(ख) बालभाषाको प्रयोग**

बालजीवन सन्दर्भित कथामा बालपात्र सुहाउँदो भाषाको प्रयोग हुन आवश्यक देखिन्छ। पात्रअनुकूल भाषाको प्रयोग गरिएको छैन भने कथाले जीवन्तता प्राप्त गर्न सक्तैन। बालकथामा झैं यसमा पनि बालभाषाको प्रयोग बालकको चरित्रअनुरूप हुन आवश्यक देखिन्छ। पात्र सुहाउँदो शब्दको चयन र वाक्य संरचना सफलतापूर्वक प्रयोग गरिएको हुन आवश्यक देखिन्छ। कथाकारले कथा सिर्जनाको निम्ति बालपात्रको परिकल्पना तयार गर्दा बालपात्रको उमेरअनुसार भाषाज्ञानको पनि परिकल्पना गरेका हुन्छन्। यस्तो परिकल्पनाले मात्र कथामा पात्र सुहाउँदो भाषाको प्रयोग ग्राह्य हुँदछ। बालभाषाको प्रयोगबाट पनि बालकको मनःस्थितिलाई बुझ्न सकिन्छ।

### ४.१.२ बालजीवन सन्दर्भित कथाको विशेषता

बालजीवन सन्दर्भित कथाको स्वरूप निर्धारण प्रक्रियानुसार यसको विशेषतामा मुख्यतः बालमनोविज्ञान तथा सामान्य बालजीवनको चित्रण देखिन्छ। यसका साथै समसामयिकता, विषयगत, पात्रगत, परिवेशगत तथा शैलीगत विविधाजस्ता पक्षहरू पनि यसको विशेषताका रूपमा देखिन्छन्।

#### ४.१.२.१ बालमनोविज्ञान

बालमनोविज्ञान बालजीवन सन्दर्भित कथाको सर्वप्रमुख विशेषतामध्ये एक हो। बालजीवनको सन्दर्भ मुख्यतः बालमनोविज्ञानसित संश्लिष्ट हुन्छ। बालपात्र तथा उसको बालजीवनको चारित्रिक विशेषताहरूको निक्यौंल गर्नामा बालमनोविज्ञानको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। बालजीवन सन्दर्भित कथामा बालकको उपस्थिति प्रत्यक्ष, परोक्ष

तथा संस्मरणात्मक शैलीका आधारमा रहेकाले ती बालपात्रको जीवन सन्दर्भलाई बुझ्न बालमनोविज्ञान महत्त्वपूर्ण देखिन्छ। मनोविज्ञानको एक प्रमुख शाखा 'बालमनोविज्ञान' हो। यसले बाल्यावस्थामा हुनेवाला बालकको हरेक प्रकारका विकास तथा व्यवहारको अध्ययन गर्दछ।[१६७]

### ४.१.२.२ सामान्य बालजीवनको चित्रण

शाब्दिक रूपमा बालजीवनको चित्रण बालमनोविज्ञानको पर्यायको रूपमा रहेको प्रतीत हुन्छ, तथापि बालजीवन सन्दर्भित कथाको सन्दर्भमा बालजीवनको चित्रण सामान्य र विशिष्ट दुई प्रकारले गरिएको हुन्छ। बालजीवनको विशिष्ट रूप सोझै बालकको मनोविज्ञानसित सम्बन्धित हुन्छ र सामान्य रूपले बालपात्रको सामान्य उपस्थितितिर इङ्गित गर्दछ। अतः बालजीवन सन्दर्भित कथाको सन्दर्भमा यी दुईमाझ केही भिन्नता देखिन्छ। सोझो अर्थमा सामान्य बालजीवनको चित्रणले कथामा बालपात्रको चर्चा वा प्रसङ्गलाई मात्र प्रतिनिधित्व गर्दछ। यसले मनोवैज्ञानिक पक्षसित कुनै किसिमको तादत्म्य स्थापित गरेको हुँदैन।

### ४.१.२.३ समसामयिकता

बालजीवन सन्दर्भित कथाको अर्को महत्त्वपूर्ण विशेषता समसामयिकता हो। यहाँ समसामयिकताले लेखनगत उद्देश्य र दृष्टिगत आधार दुईवटा अर्थको द्योतन गर्दछ। पहिलो, यो बालजीवनको प्रस्तुतिमा केन्द्रित रहेको हुन्छ। यसले बालजीवनको सन्दर्भलाई प्रत्यक्ष-परोक्ष रूपमा प्रस्तुत गर्ने उद्देश्य राखेको हुन्छ। पारिवारिक, सामाजिक, आर्थिक तथा समसामयिक स्थितिको दुष्परिणाम तथा प्रभावबाट बालजीवनमा देखिएका नैराश्य तथा विचलन आदिलाई दर्शाउनतिर यसले अभिप्रेरित गर्दछ। अतः यो लेखककेन्द्रित भएरै

---

[१६७] महेन्द्रप्रसाद जायसवाल, सन् १९६०, *विकासात्मक मनोविज्ञान, पृ. ०२*

पनि बालजीवनको समसामयिक जीवनशैलीको उद्घाटनमा केन्द्रित हुन्छ। दोस्रो, यो बालजीवनको चित्रणमा निरूद्देश्य आएको हुन्छ। यसले कथामा बालपात्रको भन्दा कथाका अन्य पात्रहरूको चरित्र-चित्रणमा विशेष जोड दिएको हुन्छ। सामाजिक, आर्थिक, राजनीतिक, मनोवैज्ञानिक तथा समसामयिक आदि विविध पक्षबाट ती पात्रहरूको जीवनशैलीलाई प्रस्तुत गर्नामा यस्ता कथाहरू विशेष मानिन्छन्। अतः कथाका अन्यान्य पात्रहरूको जीवनशैलीको यथार्थिक चित्रणतर्फ यस किसिमका कथाहरू केन्द्रित हुन्छन्, जसमा बालपात्रलाई पारिवारिक भूमिकाका रूपमा मात्र उपस्थित गराएको हुन्छ।

#### ४.१.२.४ विषयगत विविधता

बालजीवन सन्दर्भित कथाको विषयवस्तु विविध प्रकारका हुन्छन्। पौराणिक, ऐतिहासिक, सामाजिक, मनोवैज्ञानिक, वैज्ञानिक जुनसुकै विषयवस्तुलाई बालजीवन सन्दर्भमा समाविष्ट गरिएको हुन्छ। मानव जगत्देखि प्राकृतिक जगत्का सम्पूर्ण विषयवस्तु यसमा समाहित हुन सक्तछ। बालपात्र सुहाउँदो विषयवस्तुको चयन बालकथा र बाल मनोवैज्ञानिक कथाको सन्दर्भमा अपेक्षित देखिए तापनि बालजीवन सन्दर्भित कथा अपेक्षारहित हुन्छ। यसमा कुनै पनि किसिमको विषयवस्तुको चयन ग्राह्य हुँदछ।

#### ४.१.२.५ पात्रगत विविधता

पात्रगत विविधता पनि बालजीवन सन्दर्भित कथाको विशेषताहरूमध्ये एक हो। बालकथामा पात्रको न्यूनतालाई महत्त्व दिइएको पाइए तापनि बालजीवन सन्दर्भित कथामा पात्रको सङ्ख्यात्मक सीमा निर्धारण गरिएको हुँदैन र यो सम्भव पनि हुँदैन। उमेरगत आधारमा पनि थुप्रै बालपात्रहरू हुन सक्तछन्। यस किसिमका कथामा बालपात्र मात्र नभएर अन्य पात्रको पनि उपस्थिति तटस्थ रहेको हुन्छ। कृतिगत भूमिकाका

आधारमा तिनीहरूको उपस्थिति महत्त्वपूर्ण रहेको हुन्छ। यस किसिमका कथामा मानव तथा मानवेतर दुवै किसिमका पात्रको प्रयोग गरिन सम्भव देखिन्छ।

### ४.१.२.६ परिवेशगत विविधता

विषयगत तथा पात्रगत विविधता रहेझैं यस प्रकारका कथामा परिवेशगत विविधता पनि रहेको हुन्छ। बालकथाको परिवेशमा जति विविधता झल्किएको पाइन्छ, त्यसको तुलनामा बालजीवन सन्दर्भित कथाको परिवेशमा अधिक विविधता पाइन्छ। यसको मुख्य कारण बालजीवन सन्दर्भित कथा पूर्णतः बालजीवन केन्द्रित मात्र नभएर प्रौढजीवन केन्द्रित भएर पनि हो। अतः प्रौढजीवनको प्रतिनिधित्व पनि गरिएकाले ती कथाका परिवेश उही पात्रको जीवनअनुकूल हुन पनि सक्तछ। यसकारण यस प्रकारका कथामा विषयवस्तु तथा पात्रको विविधता जस्तै परिवेशको विविधता पनि पाइन्छ।

### ४.१.२.७ शैलीगत विविधता

बालजीवन सन्दर्भित कथाले अङ्गाल्ने अर्को विशेषता शैलीगत विविधता हो। बालकथाको शैली समानुपातिक तथा बालकलाई ग्राह्य हुने किसिमको हुन वाञ्छनीय देखिन्छ भने बालजीवन सन्दर्भित कथाको शैलीको कुनै निश्चित परिसीमा हुँदैन। आधुनिककालीन नेपाली कथाहरूले अङ्गाल्ने गरेका सम्पूर्ण शैलीको प्रयोग यस किसिमका कथामा गरिएको पाइन्छ। समासशैली, व्यासशैली, गुम्फित शैली आदि कुनै पनि शैलीको प्रयोग यस किसिमका कथाहरूमा गरिएको हुन सक्तछ।

## ४.२ बालजीवन सन्दर्भित कथाको वर्गीकरण

देवकुमारी थापाका कथामा बालजीवनको सन्दर्भलाई केलाउनका निम्ति प्रौढकथा सङ्ग्रहलाई मात्र प्रस्तुत शोधकार्यको अध्ययन सीमाभित्र राखिएको छ, जसमा सत्तरवटा कथाहरू सङ्गृहीत छन्। पूर्ण वा आंशिक बालपात्रको उपस्थिति भएका चौंतीसवटा

कथाहरू अर्थात् कूल कथा सङ्ख्यामा लगभग उन्तीस प्रतिशत कथाहरू बालपात्रसँग सम्बन्धित छन्। त्यसमा पनि अझ पन्ध्रवटा कथाहरू अर्थात् कूल कथा सङ्ख्यामा लगभग तेह्र प्रतिशत कथाहरू पूर्ण रूपले बालजीवनसँग सम्बद्ध रहेका छन्। यिनै पूर्ण रूपले बालजीवनसँग सम्बद्ध कथाहरूको अध्ययन र विश्लेषणमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ। बालपात्रको उपस्थितिका हिसाबले थापाका कथाहरूलाई मुख्यतः तिन प्रकारले वर्गीकरण गर्न सकिन्छ-

### ४.२.१ बालपात्रको प्रत्यक्ष उपस्थिति भएका कथा

यहाँ प्रयुक्त 'उपस्थिति' शब्दले कथामा कार्यगत रूपमा प्रत्यक्षतः देखापरेका पात्रहरू अथवा मञ्चीय पात्रहरूलाई बुझाउँछ। आख्यानमा जुन तत्त्वका माध्यमद्वारा घटनाहरू हुन्छन् र विकसित बन्दछन् त्यस तत्त्वलाई पात्र भनिएको छ।[१६८] मञ्चीय पात्रहरू कुनै कार्यव्यापार वा घटनासँग सोझै सम्बन्धित हुन्छन्। कथामा यस किसिमका पात्र मूल तथा सहायक दुवै हुन सक्तछन्। अतः कथामा उसको भूमिका मुख्य वा सहायक दुवै रूपमा रहेको हुन्छ। उसको उपस्थिति मूल विषयवस्तुसित गाँसिएर आएको हुन्छ। यस किसिमका कथाहरूमा 'बाबाजस्तै', 'हाँसको चल्ला', 'पदच्युत', 'रहर', 'कुकुरको छाउरो', 'रिट्ठेको प्रश्न', 'दुई रूप', 'कथा', 'मोती हुन नसकेको आँसु', 'भोक तृप्ति', 'देखेका कुरा', 'मूल्याङ्कन', 'गति-अगति', 'भविष्य निर्माण' र 'एउटा अर्को वर्णसङ्कर' आदि पर्दछन्। यी कथाहरूमा बालपात्रको प्रत्यक्ष उपस्थिति रहेको देखिन्छ। ती उपस्थित बालपात्रको कतिपय कथामा निश्चित उमेरबारे प्रकाश पारिएको छ त कतै प्रकाश पारिएको छैन। उमेरको अनिश्चितता देखिए तापनि बालसुलभ प्रवृत्ति तथा विशेषताका आधारमा तिनीहरू बाल उमेरसमूहकै पात्र हुन् भन्ने थाहा पाइन्छ।

---

[१६८] नेपाल, 'आख्यानका', पृ. ५१

### ४.२.२ बालपात्रको परोक्ष उपस्थिति भएका कथा

कथामा जुन बालकको उपस्थिति परोक्ष रूपमा देखिन्छ, त्यस किसिमका कथाहरूलाई यस वर्गमा राखेर हेरिएको छ। यस्तो बालपात्रको कथामा तट्स्थ भूमिका देखिँदैन। भूमिकाहीन जस्तो देखिएर पनि कोहीबेला कथामा यस्ता पात्रको महत्त्व भने रहिरहेको नै देखिन्छ। यस्तो उपस्थित हुने बालपात्रलाई चर्चित वा प्रसङ्गवश आएका पात्र मान्न सकिन्छ। विशेष गरी यस्ता पात्रहरू पारिवारिक जीवनदृष्टिको उत्खनन् गर्नातिर सहायक पात्रका रूपमा प्रदर्शित हुन्छन्। परिवारिक, सामाजिक, आर्थिक समस्या, सङ्घर्ष तथा द्वन्द्वात्मक स्थितिको पर्यावलोकन तथा विश्लेषणमा यस्ता पात्रहरू सहायककर बन्दछन्। अतएव, यस प्रकारका बालपात्र भएका कथाहरू पनि बालजीवन सन्दर्भित कथाभित्र नै पर्दछन्। ‘परलोक भ्रमण’, ‘परदेशी’, ‘स्वास्नीमान्छे’, ‘हिङको गन्ध’, ‘ऐन-कानून’, ‘वीरेको कथा’ आदि यस किसिमका कथाहरू हुन्।

### ४.२.३ संस्मरणात्मक शैलीद्वारा बालपात्रको उपस्थिति भएका कथा

बालजीवन सन्दर्भित कथामा यो वर्ग माथि उल्लिखित दुई वर्गभन्दा नितान्त फरक किसिमको हुन्छ। यस वर्गका कथामा बालपात्रको उपस्थिति प्रत्यक्ष-परोक्ष रूपमा देखिए तापनि उसको जीवनको घटनाक्रम संस्मरणात्मक शैलीद्वारा प्रस्तुत गरिएको हुन्छ। यस प्रकारको बालपात्रको जीवन सन्दर्भलाई कथावाचक तथा कथामा उपस्थित कुनै अन्य पात्रद्वारा संस्मरणात्मक शैलीमा प्रकाशमा ल्याएको हुन्छ। यस किसिमको विधिलाई मनोवैज्ञानिकहरूले ‘आत्मचरित्र लेखन पद्धति’ वा ‘सिंहावलोकन पद्धति’को आधारमा अध्ययन गर्दछन्। यस विधिद्वारा व्यक्ति आफ्नो बालजीवनका अनुभवलाई स्मृतिका आधारमा क्रमबद्ध गर्ने प्रयास गर्दछ। स्मृतिका आधारमा ऊ आफ्नो बाल्यकालका अनुभवहरूका एक व्यवस्थित इतिहास तयार गर्दछ। यस विधिका प्रयोग लेयर्ड, हरलाँक

तथा क्लाइनले गरेका छन्।[१६९] व्यक्तिको यस प्रकारको जीवनलाई अध्ययन गर्ने सिद्धान्तलाई फ्रायडले 'चित्तविश्लेषण सिद्धान्त' भनेका छन्। उनको सिद्धान्तअनुसार कुनै पनि व्यक्तिको बाल्यकालका अनुभव जो विस्मृत भइसकेको छ, त्यसलाई स्मृतिमा ल्याइन्छ। यस सिद्धान्तअनुसार हाम्रो कुनै पनि अनुभवको संस्कार नष्ट भएको हुँदैन[१७०] भन्ने मानिन्छ। यस सिद्धान्तमा गुणको भन्दा दोषको मात्र बेसी रहेको देखिन्छ, किनभने जुन अनुभव सुखद हुन्छ, त्यसको प्रत्यवाहन त मानिसले गर्न सक्दछन्, तर दुखद अनुभवको स्मृति प्रायः हुँदैन। अतएव, यस प्रकारले बालजीवनका अनुभवहरूका उल्लेख गर्नामा अशुद्धता हुँदछ।[१७१] थापाका 'मेरो आफ्नै', 'म कहिले बिर्सने छैन', 'एउटा घटना' र 'धराप'जस्ता कथाहरू यस्तै स्मृतिद्वारा बालजीवनका अनुभवहरूलाई प्रस्तुत गरेका कथाहरू हुन्। यी कथाहरू बाल मनोवैज्ञानिक कथाहरू भए तापनि यहाँ यसको विश्लेषण गरिएको छैन।

उपर्युक्त वर्गीकरणका आधारमा दोस्रो र तेस्रो वर्गका कथाहरूभन्दा पहिलो वर्ग अर्थात् बालपात्रको प्रत्यक्ष उपस्थिति भएका कथाहरू नै बालजीवनको सन्दर्भलाई केलाउनमा उपयुक्त र सहायक देखिन्छन्। दोस्रो वर्गका कथाहरूमा बालकको जीवनको खासै सन्दर्भहरू उल्लेख नहुनाले साथै तेस्रो वर्गका कथाहरूमा मनोवैज्ञानिक त्रुटि देखिइनाका कारणले प्रस्तुत शोधकार्यमा पहिलो वर्ग अर्थात् बालपात्रको प्रत्यक्ष उपस्थिति भएका कथाहरूलाई नै मुख्य रूपमा लिइएको छ। यस वर्गभित्र पर्ने कथाहरूमा प्रतिविम्बित बालजीवनलाई बाल मनोवैज्ञानिक आधारबाट अध्ययन-विश्लेषण गर्ने प्रयास गरिए तापनि यसका लागि बालमनोविज्ञानका सम्पूर्ण पक्षहरूलाई आवश्यक भने मानिएको छैन। थापाका ती बालजीवनसँग सम्बन्धित कथाहरूमा बालमनोविज्ञानका प्रयुक्त

---

[१६९] पाण्डेय, 'बालमनोविज्ञान', पृ. १०

[१७०] शुक्ल, 'बालमनोविज्ञान', पृ. १०

[१७१] पाण्डेय, 'बालमनोविज्ञान', पृ. १०

पक्षहरूको आधारमा यो अध्ययन-विश्लेषण गरिएको छ। यसका लागि दोस्रो अध्यायमा प्रस्तुत गरिएको सैद्धान्तिक पक्षका साथ अन्य (त्यहाँ उल्लेख नभएका बालमनोविज्ञानभित्रका अन्यान्न पक्ष) पक्षहरू पनि सम्मिलित हुन आएका छन्। त्यसैको आधारमा थापाका कथामा बालजीवनको सन्दर्भलाई हेरिएको छ।

## ४.३ देवकुमारी थापाका बालजीवन सन्दर्भित कथाहरूको अध्ययन-विश्लेषण

देवकुमारी थापाका कथामा बालजीवनको सन्दर्भलाई हेर्नाका निम्ति अनुकरण, जिज्ञासा वा उत्सुकता, प्रेम, क्रोध, घृणा, ईर्ष्या, भय र लाज, हर्ष, स्पर्धा, दुःख, झुट र आदत, चिन्तन, निर्देश, नैतिक चेतना, कल्पना, भोक, खेल, प्रदर्शनवृत्ति, पलायनवृत्ति, रचनात्मक प्रवृत्ति, बाल अपराध, इच्छाशक्ति, पारिवारिक स्थिति, सामाजिक स्थिति, आर्थिक स्थिति तथा बालभाषा आदि जस्ता पक्षहरूलाई विशेष आधार लिइएको छ। यी आधारहरूद्वारा नै उनका कथाहरूको अध्ययन-विश्लेषण गरिएको छ।

### ४.३.१ कथामा अनुकरण

बालकले अनुकरण गर्ने प्रवृत्तिद्वारा सानै उमेरदेखि क्रमागत रूपमा आफ्ना सामाजिक, नैतिक मूल्य-मान्यता तथा संस्कारहरू अपनाउँदै, बुझ्दै र त्यसलाई कार्यन्वयन गर्दै जान्छ। यस्तै किसिमको व्यवहारगत विषयबाट उसका शारीरिक, मानसिक तथा बौद्धिक विकास हुँदै जान्छ। बालकले अन्यबाट कुन किसिमका अनुकरण गर्ने हो, त्यसमा परिवेशगत संस्कारको अहम् भूमिका रहेको हुन्छ। यसैअनुरूप उसको जीवन निर्देशनको मार्ग पनि बनिँदै जान्छ।

थापाका 'बाबाजस्तै', 'भविष्य निर्माण', 'एउटा अर्को वर्णसङ्कर' र 'रहर'जस्ता कथाहरूमा बालपात्रद्वारा गरिएको अनुकरणात्मक प्रवृत्तिको झल्को पाइन्छ। यी कथाका

बालपात्रहरूले के-कस्ता किसिमका अनुकरणलाई अपनाएको वा अपनाउने कोसिस गरेका छन्, त्यसको यहाँ विश्लेषण गरिएको छ-

### ४.३.१.१ बाबाजस्तै कथा

'बाबाजस्तै' कथाको कथानकको प्रारम्भ बालपात्र उदयको आफ्नो बाबाप्रति रहेको झुकाउबाट भएको छ। बाबाको क्रियाव्यापारबाट नै ऊ अनुप्राणित छ। फ्रायडीय मनोविश्लेषणको सिद्धान्तअनुसार वर्गीकृत मातृग्रन्थीको प्रतिकूल चरित्रमा उदयको उपस्थिति देखिन्छ। ऊ आफ्नो बाबालाई हिरो अर्थात् आदर्श व्यक्तिका सम्पूरक मान्छ। उसको बाबाजस्तै डाक्टर बन्ने इच्छावृत्ति अनुकरणात्मक प्रवृत्तितर्फ मोडिँदै गएको छ। बालकले दण्ड र पुरस्कारले भन्दा पनि सामाजिक अनुकरणीय व्यक्तिबाट धेरै कुरा सिक्दछ भन्ने अल्बर्ट बान्डुराको तर्क छ। उनी भन्छन्- बालकले समाजका कुनै आदर्श पुरुषका सबल पक्षको अनुकरण गर्छ, जसलाई मनोविज्ञानमा 'मोडेलिङ' भनिन्छ।[१७२] बालक उदयले आफ्नै बाबालाई परिवारका आदर्श व्यक्ति सम्झेको छ, किनभने बाबाले छिमेकीका विरामीहरूप्रति सामाजिक सेवा गर्दछन्। ऊ बाबाको यस्तै प्रकारको क्रियाकलापको अनुकरण गर्न चाहन्छ। यस्तो अनुकरण अथवा अनुकृतिलाई मनोवैज्ञानिकहरूले कार्यसम्बन्धी सहजअनुकृति भनेका छन्। ठुलाले जस्तो जस्तो व्यवहार गर्छन्, सानाको निम्ति त्यही नै प्रमाण हुनजान्छ भनी गीतामा पनि बताइएको छ।[१७३]

बाबाको ब्यागमा सधैँ रहने रक्तचापमापक यन्त्र, जसलाई बाबाले कसरी हावा भर्दै प्रयोग गरेका थिए, त्यो देखेर उदयले पनि त्यस्तै गर्ने प्रयास गरेको छ। त्यही प्रयासलाई परिणतिमा पुऱ्याउनका निम्ति अथवा बाबाजस्तै आफू पनि डाक्टर बन्नाका निम्ति उसले सँगै खेल्दै गरेका साथीहरूलाई समेत त्यागेको छ। बालकले सधैँ आफूभन्दा ठुला

---

[१७२] पौडेल, 'आधुनिक', पृ. ३१६

[१७३] श्रेष्ठ र अर्जेल, 'बालमनोविज्ञान', पृ. ५८

व्यक्तिको कामलाई नक्कल गर्न खोजी रहन्छ। सधैं नयाँ कुरा सिक्ने जिज्ञासा देखाइरहन्छ। यही जिज्ञासालाई पूर्ण गर्न बालकलाई खेलौना दिइन्छ, जसबाट तिनीहरू ठुलाको नक्कल गरेर सन्तुष्टि प्राप्त गर्दछ[१७४] भन्ने देखिए तापनि उक्त कथामा बाबाको रक्तचापमापक यन्त्र बहुमूल्य भएकाले उदयलाई त्यो यन्त्र खेलाउन दिइएको छैन। उसले बाबाको आँखा छलेर त्यस वस्तुलाई बाबाले झैं चलाउने प्रयास गर्दागर्दै आमाको आगमन र हप्काइबाट यन्त्र झरेर फुट्छ। अनन्तः उस्तै बहुमूल्य रक्तचापमापक यन्त्र पाउनु उसले धेरै समय कुर्नु परेको स्थिति देखिन्छ।

### ४.३.१.२ भविष्य निर्माण

बालक नरेशका बाबु कृष्णबहादुर विश्वयुद्धबाट घर फर्किएका भए तापनि उसले पाखुरामा गोली लागेको चिन्हलाई स्मृतिस्वरूप लिएर आएका छन्। त्यही चिन्हसम्बन्धी युद्धकथा उनले छोरालाई सुनाएपछि छोरोले युद्धका कथाप्रति मनोवैज्ञानिक रूपले चासो राख्न थाल्छ। बालकमा सांसरिक अनुभव धेरै नभएकाले उसको बौद्धिक विकास पनि सोहीअनुरूपको हुन्छ। यसै अनुभवका कमीका कारण बालक यस्तो चासो राख्दछ।[१७५] अनुकरणात्मक प्रवृत्ति बालकका लागि लाभदायक भए पनि कुन किसिमका अनुकरणले बालकमा राम्रो प्रभाव पार्छ, त्यसबारे अभिभावकमा ज्ञान हुन जरूरी हुन्छ। कृष्णबहादुरले यही सर्तक देखाउन सकेका छनैन्, जसको कारण छोरोको बालहृदयमा प्रतिहिंसात्मक भावले जन्म लिएको देखिन्छ।

लडाईंमा जर्मनेलीहरूले गोली हानेर बनाई दिएको त्यो दाग अनि जर्मनेलीहरूलाई मारेर आफू कप्तान भएको कुराहरू कृष्णबहादुरले धाकसित छोरोलाई सुनाउँछन्। फलस्वरूप छोरोले काठलाई बन्दुक बनाई जर्मनेलीहरूलाई मार्ने कुरा गर्छ। यसरी

---

[१७४] काटर, 'दि सेक्रेट', पृ. २३२

[१७५] शुक्ल, 'बालमनोविज्ञान', पृ. ७४

नरेशले काठलाई बन्दुकको प्रतिरूप मान्नु अनि बाबुले झैं जर्मनेलीहरूको हत्या गर्ने विचार गर्नु उसको अनुकरणीय कार्य मान्न सकिन्छ। यसलाई उसको भावसम्बन्धी अनुकरण भन्न सकिन्छ।

यस घटनाले नरेशको मानसिक स्थितिमा तात्क्षणिक जुन किसिमको प्रभाव परेको छ, त्यसलाई उसकी आमाले उड्दै गरेको पुतलीतर्फ मोडि दिँदै सबै जर्मनेलीहरू खराब हुँदैनन् भनेर नैतिक शिक्षा दिएकी छन्। यस शिक्षाले नरेशको अनुकरणात्मक प्रवृत्तिलाई अर्को दिशातर्फ लैजानामा सहयोग पुऱ्याएको देखिन्छ, किनभने बालकमा राम्रो-नराम्रोको ज्ञान विशेष रूपले नहुनाको कारण उसको जीवन प्रायः सहज अनुकरणद्वारा सञ्चालित हुन्छ।[१७६] यही सहज अनुकरणका फलस्वरूप उसले भविष्यमा जर्मन गएर जर्मनेलीहरूलाई साथी बनाउने, औषधी बनाउने तथा विरामीहरूलाई उपचार गर्ने जस्ता कुराहरू पनि गरेको छ।

### ४.३.१.३ एउटा अर्को वर्णसङ्कर

यस कथामा १३ वर्षीय रीताको जीवनमा पाश्चात्य जीवनशैलीको प्रभाव परेको देखाइएको छ। यसै प्रभावमा उसको अनुकरणात्मक प्रवृत्ति झल्किएको छ। रीताले प्रत्यक्ष रूपमा कसैको आदत तथा क्रियाकलापको अनुकरण गरेकी छैन, तथापि परिवेशअनुकूल स्थितिको सादृश्यतामा आफूलाई उभ्याउनका लागि ऊ अनुकरणीय र अनुसरणीय बन्न पुगेकी छे। 'माउण्ट एटना'जस्तो विदेशी स्कुलमा पढ्ने रीतालाई उसको पारिवारिक स्थितिभन्दा धेरै आफ्नो इज्जत ठुलो हुन गएको छ। फलस्वरूप उसले साथी रोडा स्मिथलाई जन्मदिनको उपहारस्वरूप बहुमूल्य 'च्यानल अत्तर' दिने सोचेकी छे। अतएव, विद्यार्थी जीवनमा रीताले जुन इच्छा प्रकट गरेकी छे त्यसले उसको वैयक्तिक जीवनसित

[१७६] शुक्ल, 'बालमनोविज्ञान', पृ. ७५

तादात्म्यता राख्दैन। यस्तो प्रवृत्तिलाई अरूको देखासिखीबाट सिकेको उसको भावुक अनुकरण हो भन्न सकिन्छ।

### ४.३.१.४ रहर

यस कथामा कुमार दाइ भन्ने व्यक्तिको ध्यान आफ्नी दिदीप्रति अधिक रहेको प्रेमाले थाहा पाउँछे। कुमार दाइले दिदीको सौन्दर्यको प्रशंसा उसले लगाएकी पहेंलो सारी देखेर गरेका हुन् भन्ने कुरा ऊ जान्दछे। यसैकारण उसले घरमा पुग्नसाथ दिदीको त्यही सारी सकी नसकी लगाएकी छे। दिदीबाट दण्डित हुँदा पनि उसले त्यही सारीको माग गरिरहेकी छे, किनभने कुमार दाइले त्यही सारी लगाएकीमा दीदीको सौन्दर्यको प्रशंसा गरेका र तस्विर खिँचिदिन्छु भनेका कुरा उसले बुझेकी छे। प्रेमाको यसै दिदीको सारी लगाउने र प्रशंसा पाउने कार्यलाई अनुकरण मान्न सकिन्छ। यस प्रकारको अनुकरण प्रवृत्तिभित्र नै स्पर्धा निहित रहे तापनि यी दुई क्रियामा केही आन्तरिक भिन्नता हुन्छ।[१७७] यसबाट आफूलाई पनि कुमार दाइले माया गरून्, प्रशंसा गरून् भन्ने उसको स्पर्धात्मक चाहना रहेको बुझिन्छ। यस अवस्थामा अधिकांश बालकहरूको स्वभाव अरूबाट प्रशंसा पाउने र अर्कालाई होच्याउने प्रवृत्तिको हुन्छ।[१७८] प्रेमाको बालजीवनमा परेका यस्तो मानसिक प्रभावका कारण उसले घरमा पुगेर दिदीको सारी लगाएर राम्री देखिने 'स्फूर्तिपूर्ण' नक्कल गर्दछे, जसलाई अनुकरणको एउटा प्रकार मानिन्छ। प्रेमाको यस प्रकारको अनुकरणलाई सामाजिक अनुकरणको रूपमा पनि लिन सकिन्छ। आफ्ना दिदी-बहिनी, आमा, माइज्यू आदि स्त्री जातिले दैनिक जीवनमा सारीको प्रयोग गर्नाले प्रेमाजस्ता बालकमा सहृदयी सारी लगाउने इच्छाको प्रादुर्भाव हुन्छ। सचेत-असचेत अवस्थाबाट नै तिनीहरूले नारीसुलभ क्रियाव्यापारलाई सामजिक-सांस्कृतिक रूपले ग्रहण गर्दछन्। प्रेमालाई यस प्रकारको अनुकरण गर्नामा उसकी आमाले पनि सहयोग पुऱ्याएकी छन्।

---

[१७७] शुक्ल, 'बालमनोविज्ञान', पृ. ८३

[१७८] श्रेष्ठ र अर्जेल, 'बालमनोविज्ञान', पृ. १२६

### ४.३.२ कथामा जिज्ञासा वा उत्सुकता

'जिज्ञासा' एउटा संवेग हो अनि त्यससित सम्बन्धित प्रवृत्तिलाई 'उत्सुकता' भनिन्छ। अतः बालकमा देखिने जिज्ञासा र उत्सुकता एकार्कासँग सम्बद्ध भएर बसेको हुन्छ। बालकको व्यवहार बुझ्न तथा उसको कुनै विषयप्रतिको जिज्ञासा तथा उत्सुकतालाई बुझ्नाका निम्ति कुनै उत्तेजना तथा प्रतिक्रियालाई बुझ्न पर्ने हुन्छ। प्राणीको व्यवहार उत्तेजना अनि प्रतिक्रियाबाट निर्मित हुन्छ। अतएव, प्राणीको व्यवहारलाई बुझ्नाको निम्ति उसको उत्तेजना अनि प्रतिक्रियाहरूलाई परिवेशको प्रसङ्गअनुसार बुझ्न पर्ने हुन्छ।[१७९]

माथि चर्चा गरिसकिएको छ, बालकको ज्ञानको मात्रा अत्यन्त परिमित हुनाको कारण त्यस ज्ञानको परिपूर्ति जिज्ञासा तथा उत्सुकतामा बढी केन्द्रित हुन्छ। यस किसिमको भावलाई दमन गर्नाले बालकको व्यक्तित्व विकासमा अवरोध आउँछ। के हो-? किन हो ? र कसरी हो ? जस्ता प्रश्नहरूको उत्तर खोज्न बालक सधैं उत्साहित देखिन्छन्। यस्तै जिज्ञासा तथा उत्सुकताद्वारा बालकको जीवनको नैसर्गिक प्रवृत्ति झल्किन्छ।

बालकमा पाइने यही जिज्ञासा तथा उत्सुकतालाई आधार गरी थापाका 'हाँसको चल्ला', 'मोती हुन नसकेको आँसु', 'देखेका कुरा', 'भविष्य निर्माण' र 'बाबाजस्तै' कथाहरूको विश्लेषण गरिन्छ-

#### ४.३.२.१ हाँसको चल्ला

प्रस्तुत कथामा १० वर्षीय अर्ध टुहुरो बालक दीपकको आन्तरिक मनमा रहेको जिज्ञासु भाव देखाइएको छ। उसको जीवनमा देखिएको तर्कशक्ति तथा उत्सुकतालाई बाल मनोवैज्ञानिक आधारबाट प्रस्तुत गरिएको छ। कुखुराको पोथीले हाँसको चल्ला कसरी

---

[१७९] मधुकर, सन् १९५४, *नवीन मनोविज्ञान*, पृ. ०९

निकाली ? भन्ने विषयप्रति नै उसको अधिक चासो रहेकाले बालक सामान्य जानकारीबाट तृप्त बन्न सक्दैन भन्ने स्पष्ट हुन्छ। ९ देखि ११ वर्षका बालकहरूमा तर्क-वितर्क गर्न सक्ने क्षमता आइसकेको[१८०] कारणले तिनीहरू नौलो विषयवस्तुप्रति चासो राख्दछन् र त्यस विषयबारे जान्न इच्छुक हुन्छन्। त्यो वस्तु किन त्यस्तो छ? अथवा किन छ ? र कसरी छ ? यही तर्कनाको विषय नै दीपकको जिज्ञासासित सम्बन्धित छ। यही तर्कले उसलाई त्यसबारे जान्न जिज्ञासा हुन्छ।

दीपकको बालमनःस्थितिमा उब्जेको जिज्ञासालाई उसकी माइज्यूले कुखुरालाई ओथ्रामा हाँसको अण्डा दिएकी अनि त्यस अण्डाबाट निस्किएका हाँसका चल्लालाई पोथीले आफ्नै सन्तानझैं व्यवहार गरेकी घटनाबारे सुनाएर शान्त पार्ने कोसिस गरेकी छन्। माइज्यूको यस्तो कार्यकलापले बालक दीपकको मन शान्त र सन्तुष्ट बन्न सकेको छैन। उसको मनमा सानीआमाप्रति बसेको नजातीको अवधारणालाई मेटाउन सकेको छैन। माइज्यूको यस कुराले अझ उसमा जिज्ञासा बढ्दै गएको छ।

हाँसको अण्डा कुखुरालाई ओथ्रा दिएर त्यसबाट हाँसको चल्ला निस्किएका भए पनि कुखुराका चल्ला हाँस नभएर कुखुरै हुनु पर्ने दीपकको सोचाई रहेको देखिन्छ। उसको यस प्रकारको निश्छल, अबोध तथा विश्वासलाई उसकी माइज्यूले हाँसको अण्डा ओथ्रा दिएकाले कुखुराको पोथीले हाँसको चल्ला निकालेकी हो भनेर सुल्झाउने कोसिस गरेकी छन्। त्यसो हो भने हाँसको चल्लाको लागि कुखुराको पोथी सानीआमा भए अनि सानीआमाले जस्तै त्यसलाई दुर्व्यवहार किन नगरेको त भनेर पुनः दीपकले प्रश्न गर्छ। यसैको उत्तर उसले कुखुराको पोथी र हाँसको चल्लामाझ रहेको सम्बन्धबाट खोज्ने प्रयास गर्छ। यसै सन्दर्भलाई पछि उसले बजैहरूसँग गाउँखाने कथाको खेल प्रक्रियाबाट पनि सिद्ध गर्ने कोसिस गरेको छ।

---

[१८०] बोल्बी, 'मोडर्न' पृ. १८७

### ४.३.२.२ कथा

कथा भन्ने पुरातन परम्परालाई जीवित राख्न यो कथा लेखिएको छ। अगेनाको वरिपरि बसेर जुन किसिमका लोककथाहरू सुन्ने र सुनाउने प्रचलन नेपाली समाजमा विद्यमान थियो, त्यस्तै शैलीमा यो कथा प्रस्तुत छ। लोककथामा झैं यस कथामा पनि नाति-नातिनीले बजैलाई स्मृतिमा बसेका केही चाखलाग्दा 'कथा भन्नोस् न आमै' (पृ. २४) भनेर कथा सुनाउने आग्रह गरेका छन्। केटाकेटीहरूका बालरहरअघि बजैले पनि दोरलिंग (दार्जिलिङ ?)-मा पाप नपसेको समयदेखिको कथा भन्न सुरु गर्दा अझ पहिलेको घटना 'गाई मारेर भागेको देखि' (पृ. २४) भन्नोस् भनेर तिनीहरूले सुरुदेखि कथा सुन्ने उत्सुकता देखाएका छन्। बजैहरू कसरी मुग्लान पसे, त्यस प्रारम्भबिन्दुदेखि कथा सुनाउने तिनीहरूको आग्रह दोहोरिएको छ। यस्तो आग्रहले के पुष्टि गर्छ भने बजैका मुखबाट ती कथाहरू त्यसभन्दा पूर्व पनि तिनीहरूले सुनिसकेका छन्, तथापि तिनीहरूले बजैलाई पुनः त्यही कथा भन्न लगाइरहेका छन्। यसका अतिरिक्त कथाक्रममा तिनीहरूको दोहोरो किसिमको जिज्ञासा तथा उत्सुकता रहेको प्रायः देखिँदैन। कथा भन्ने क्रममा एक ठाउँ गाडधनको प्रसङ्ग उठेकाले त्यतिबेला भने एकजनाले गाडधन भनेको के हो ? भनेर जिज्ञासा अभिव्यक्त गरेको देखिन्छ। अन्यथा, सम्पूर्ण घटना वृत्तान्त बजैले आफ्नै सूरमा भनिरहेकी छन्।

### ४.३.२.३ मोती हुन नसकेको आँसु

यस कथाको बालपात्र भुन्टे हो। आफ्नी मालिक्नीले लगाई राखेको मोतीको माला देख्दा उसको मनमा अनेक प्रकारका जिज्ञासा उठ्दछ। मोतीका गेडाहरू रूखमा फल्दछन् भन्ने उसको जिज्ञासापूर्ण व्यवहारबाट नै कथाको प्रारम्भ भएको छ। उसको यो अबोधता तथा निश्छल बालमानसिकताअघि मालिक्नी भावविभोर भएकी छन्। उसको हरेक जिज्ञासालाई परिपूर्ति गर्ने प्रयास गर्दै मोती कसरी बनिन्छ ?, के हुँदा बनिन्छ ? र केले बनिन्छ ?

जस्ता प्रश्नका स्वाभाविक उत्तरहरू दिएकी छन्, तथापि भुन्टेको जिज्ञासा पूर्ति हुन सकेको छैन। ऊ एकमाथि अर्को गर्दै मालिक्नीप्रति आफ्ना जिज्ञासा राखी रहन्छ। अनन्तः भुन्टेलाई मधेसको गर्मीमा किन आइस् ? भनेर मालिक्नीले कुराको दिशा बदली दिएकी छन्। यस्तो स्थितिमा बालकको ध्यानलाई वैकल्पिक विषयतिर डोहोऱ्याउनु पर्छ भन्ने मनोवैज्ञानिकता पनि पाइन्छ, तर मालिक्नीले यस्तो कुनै सावधानी अपनाउन सकेकी छैन। बालक भुन्टेले पनि त्यसपश्चात् आफ्नो जिज्ञासालाई त्यहीँ अन्त गर्छ र ऊ स्वाभाविक स्थितिमा फर्कन्छ।

### ४.३.२.४ देखेका कुरा

प्रस्तुत कथाको माध्यमबाट कथाकारले बालसुलभ व्यवहारमा देखिने यौनसम्बन्धी जिज्ञासा तथा उत्सुकतालाई अङ्ग्रेजी सिनेमाको नकारात्मक प्रभाव हो भन्ने किसिमले देखाउने चेष्टा गरेकी छन्। यस कथामा बालकको स्वभावमा देखिने वासनात्मक यौनचेतनाको अवचेतन अवस्थालाई दर्शाइएको छ। दुई बालकमाझको वार्तालापबाट तिनीहरू यौनप्रति कति जिज्ञासु छन् भन्ने स्पष्ट देखिएको छ। यौनचेतनाको प्रादुर्भाव भइसकेपछि बालकहरू त्यसप्रति अझ सक्रिय बन्दै जान्छ भन्ने मनोवैज्ञानिक कथनसँग ती दुई बालकको चारित्रिक विशेषता प्रष्ट झल्किएको छ। यी दुईको उक्त जिज्ञासालाई बुझ्न तिनीहरूकै संवादलाई आधारस्वरूप लिन सकिन्छ-

> 'हेर है त रिट्ठे अब यो गोराले केटीको छातीमा हात राख्छ अनि त्यसको ओँठमा म्वाईं खान्छ, अङ्ग्रेजी सिनेमामा जस्तै।' (पृ. २२)
>
> रिट्ठेले भन्यो- 'हिज पो मजा आयो यार, आजको गोरा त बुढो छ। केटीले पनि सारी लगाएकी छ।' (पृ. २३)

यस वार्तालापबाट के स्पष्ट हुन्छ भने यी बालकहरू शारीरिक र मानसिक तवरबाट यौनबारे सचेत भइसकेका छन्। तन्नेरी केटो र बुढो मान्छेबिचको यौनजन्य सक्रियता र निस्क्रियताबारे तथा अङ्ग्रेजी सिनेमामा झैं केटा र केटीमाझका यौनसम्बन्धी प्रतिक्रियाहरूबारे यिनीहरू परिचित भइसकेका छन्। यसकारण पनि तिनीहरू त्यस्ता यौनसम्बन्धी क्रियाव्यापारप्रति धेरै उत्सुक रहेका देखिन्छन्।

### ४.३.२.५ भविष्य निर्माण

बालक नरेशको दृष्टि हठात् बाबुको पाखुरामा भएका दागमा परेपछि उसले त्यसबारे जान्न चाहेको छ। युद्धबाट फर्किएका कृष्णबहादुरले सहज तरिकाले लडाइँमा गोली लागेको भनेर दिएको उत्तरबाट नरेशको जिज्ञासा अझ तीव्रतर हुँदै गएको छ। बाबुप्रति त्यसरी गोली बर्साउने को हुन् ? त्यसरी गोली लाग्दा पीडा भयो कि भएन ? बाबुले युद्धमा मानिसहरू मारे कि मारेनन् ? जस्ता कुराबारे जान्न ऊ उत्सुक भएको छ। फलस्वरूप उसले काठलाई बन्दुक बनाएर त्यसैद्वारा जर्मनेलीहरूलाई मार्ने विचार पोखेको छ। फलतः आमाले टोलिँदै छोरोको ध्यान उड्दै गरेको पुतलीतर्फ केन्द्रित गरेकी छन्, जसबाट उसको जर्मनेलीबारे जान्ने जिज्ञासामा अवरोध रहेको देखिन्छ।

नरेशले सुत्ने बेलामा आमालाई पुनः जर्मनेलीहरूको चरित्रबारे सोधेको छ। यस प्रकारको जिज्ञासाले उसको बालहृदयमा आफ्नो बाबुलाई गोली हानेका कारण जर्मनेलीहरूलाई मार्ने प्रतिहिंसाकै भावनालाई उजागर गर्दछ, किनभने उसले सबै जर्मनेलीहरू खराब हुन्छन्, मान्छे मार्छन् भन्ने बुझेको छ। उसको यस प्रकारको भावना बुझेर उसकी आमाले तिनीहरू सबै खराब नभएर ज्ञानी पनि हुन्छन्। रोगी निको पार्ने औषधी पनि बनाउँछन् भन्दै उसको गलत अवधारणालाई सच्याउने प्रयास गरेकी छन्। आमाले दिएकी उत्तरबाट पनि ऊ विश्वस्त बन्न सकेको छैन, त्यसैले 'त्यसो भए बाबालाई उनीहरूले किन गोली हाने त' (पृ. ३) भनी फेरि प्रश्न गरेको छ। नैतिक शिक्षा दिँदै

उसकी आमाले दुर्जनहरूबारे बताएपछि फेरि सज्जन र दुर्जनमध्ये आफू कुन श्रेणीमा पर्छु भनी ऊ जिज्ञासु बनेको छ। अनन्तः आमाले सज्जन छौ भनेपछि उसको जिज्ञासा शान्त हुन्छ। वस्तुतः नरेशले जुन किसमको एकपछि अर्को जिज्ञासा राखेको छ, त्यसलाई उसकी आमाले बालमनोविज्ञानअनुरूप समाधान गर्दै लगेकी छन्।

### ४.३.२.६ बाबाजस्तै

प्रस्तुत कथामा बालक उदय घरिघरि आफ्नो बाबाको हात पक्रेर उफ्रिँदै घर गएको र साथीहरूलाई खेलिरहेको स्थानतिर नै छाड्ने गरेको दोहोरो चारित्रिक विशेषताले उसको आन्तरिक हृदयमा रहेको जिज्ञासा तथा उत्सुकतालाई देखाउँछ। यसरी घरिघरि बाबाको आगमनपछि ऊ घरभित्र पस्नको मूल कारण बाबाको ब्यागमा रहेको रक्तचापमापक यन्त्र रहेको बुझ्न सकिन्छ। यसै यन्त्रलाई खेलाउने उत्सुकतामा उसले आमा र बाबाको अनुपस्थितिको मौका खोजिरहेको देखिन्छ। उसलाई त्यसको प्रयोगबारे धेरथोर ज्ञान भइसकेको छ, किनभने बालकमा उत्सुकताले त्यतिबेला कार्य गर्दछ, जब कुनै विषयमा जान्ने उसलाई उत्तेजना प्राप्त हुँदछ। बालकले त्यही कुराको याद गर्न सक्दछ, जसको विषयमा उसलाई जान्ने उत्सुकता हुन्छ।[१८१] अतः बालक उदयले बाबाको रक्तचापमापक यन्त्रप्रति देखाएको जिज्ञासा तथा उत्सुकतामा उसकी आमाले दिएकी दण्डले दमन भएको छ भने बाबाको स्नेहमय व्यवहारले उसको उत्सुकतालाई पुनः पराकाष्टतिर पुऱ्याउन अर्को अवसर प्रदान गरेको छ।

बालकले आफ्नो मनमा उठेका जिज्ञासालाई शान्त नहुञ्जेलसम्म दोहोऱ्याइ रहन्छ भन्ने बाल मनोवैज्ञानिकहरूको भनाई छ। बालकका यस किसिमका प्रवृत्तिअनुरूप उनीहरूलाई सठिक ज्ञान सम्प्रेषण गरिदिनु पर्छ अथवा उनीहरूलाई सत्य कुरो अवगत गराउनु पर्छ भन्ने समकालीन बाल मनोवैज्ञानिकहरूका विचार मननीय देखिन्छ। उदयले

---

[१८१] शुक्ल, 'बालमनोविज्ञान', पृ. ५८

बाबाको झोलामा कैयौं दिनसम्म अर्को रक्तचापमापक यन्त्र नदेख्दा उसले आमा र बाबालाई यन्त्रको मूल्यबारे घरिघरि सोधिरहन्छ। आमाले त्यस यन्त्रको सठिक मूल्य बताउनका साटो कहिले बिस रूपियाँ, कहिले तिस रूपियाँ लाग्ने भनेर उदयको जिज्ञासालाई टारिदिन्छिन्। उसको जिज्ञासा परितृप्त नहुनाकै कारण उसले पछि बाबालाई 'तपाईंको त्यो रक्तचापमापक यन्त्रको दाम कति हो ?' (पृ. ९) भनी सोध्छ। छोरोको आशय बुझेपछि भने बाबाले भोलि नै कलकत्ता गएर त्यस्तै अर्को रक्तचापमापक यन्त्र किन्ने वचन दिएपछि मात्र उसको जिज्ञासा शान्त हुन्छ।

### ४.३.३ कथामा प्रेम

देवकुमारी थापाले बालजीवन सन्दर्भित कथाहरूमा बालकका आन्तरिक हृदयमा हुने प्रेम भावलाई कसरी अभिव्यक्ति दिएकी छन् अथवा बालकलाई आफ्ना परिवारका तथा छिमेकीका सदस्यहरूबाट कस्तो प्रेम व्यक्त गरिएको छ भन्ने विषय 'भविष्य निर्माण', 'रिट्टेको प्रश्न', 'कुकुरको छाउरो', 'मोती हुन नसकेको आँसु', 'पदच्युत', 'बाबाजस्तै', 'हाँसको चल्ला', 'मूल्याङ्कन', 'एउटा अर्को वर्णसङ्कर' आदि कथाहरूलाई यहाँ अध्ययन-विश्लेषण गरिएको छ-

#### ४.३.३.१ भविष्य निर्माण

'भविष्य निर्माण' शीर्षक कथामा बालक नरेशको प्रेम आफ्ना आमा-बाबा दुवैप्रति रहेको देखिन्छ। बाबाबाट युद्ध विषयक घटनाबारे जान्ने उत्सुकता रहेकामा उसको प्रेम भाव झल्किएको पाइए तापनि कथांशमा यो भाव उसकी आमाप्रति बढी केन्द्रित रहेको देखिन्छ। अभिभावकीय संरक्षण तथा बालकको प्रारम्भिक तहमा देखिने गरेका प्रेममा उसका आमा-बाबाप्रतिको प्रेम निसन्देह आरोपित छ। जर्मनेलीहरूप्रति बढ्दो उसको प्रतिहिंसात्मक भावव्यापारलाई सुगम तुल्याउन उसकी आमाले विशेष भूमिका खेलेकी

छन्। आफ्नो सुरक्षा, हेरचाह तथा सहयोग उसले आमा-बाबा दुवैबाट प्राप्त गरिरहेकाले उनीहरूप्रति नै बालकको प्रेमको भाव जागृत हुनु स्वाभाविक देखिन्छ। यही प्रेमकै कारण आफ्नी आमाले भनेकी नैतिक कुरासँग बालक नरेश समानन्तर रूपले अग्रसरित बन्दै गएको छ। अतः घरिघरि जर्मनेलीहरूबारे विविध प्रश्नहरू उसले बाबालाई भन्दा आफ्नी आमालाई सोध्ने गर्छ। ऊ आमासँग नै धेरै समय व्यतित पनि गर्छ, तसर्थ यस सम्बन्धको कारण आफ्नी आमाप्रति उसको बालहृदयमा रहेको प्रेमलाई मातृग्रन्थिको रूपमा स्वीकार गर्न सकिन्छ।

### ४.३.३.२ रिट्ठेको प्रश्न

प्रस्तुत कथामा बालक रिट्ठे आफ्नी आमाप्रति अमुक प्रेम गर्छ। आफ्नो छोरोको नैतिक व्यवहारप्रति मुग्ध बनेकी उसकी आमाको स्वाभिमान तथा आत्मसम्मान छोरोको प्रेमसँग सम्बन्धित छ। आमाको छोरोप्रतिको प्रेम व्यक्त रूपमा छ, छोरोको आमाप्रतिको प्रेम अव्यक्त देखिन्छ। व्यक्त प्रेमभन्दा अव्यक्त प्रेमसँग बालक रिट्ठेको बालजीवन अभिशप्त छ। आफ्नो इच्छाअनुसारको वस्तु लगाउन नपाउनुको पीडाको अभिव्यञ्जना त्यसै अव्यक्त प्रेमसित सादृश्यतामा छ। अतएव, रिट्ठेको हृदयमा उसकी आमाप्रति जुन अगाध प्रेम भाव अङ्कुरित छ, त्यो अव्यक्त छ, तसर्थ आमाले उसलाई चोरी गरेकामा गाली गर्दा, कुट्दासम्म ऊ मौन उभिएको छ। त्यसको उसले कुनै प्रतिवाद गरेको छैन। उसको मौन अभिव्यक्तिमा नै आफ्नी आमाप्रतिको प्रेम वशीभूत छ।

### ४.३.३.३ कुकुरको छाउरो

यस कथाकी बालक मधुकरीको प्रेम मुख्यतः दुई प्रकारले देखाइएको छ। एक, उसकी जन्मदाता आमाप्रति अनि दोस्रो, उसको प्यारो प्लुटो (कुकुरको छाउरो) प्रति। आमासँगको उसको प्रेम जन्मदेखि रहँदै आएको प्रेम हो र प्लुटोसँगको प्रेम उसको उमेर,

वस्तु र परस्थितिसित परिवर्तन भएर उब्जिएको प्रेम हो। विशेष मनोविश्लेषणले बालकहरू मान्छे र पशु-पक्षीलाई फरक नठानेर समान व्यवहार गर्छन् भन्छ र त्यो फरक भावना पछि उसको मनोविकासको क्रमसितै आउने कुरो हो भनिन्छ।[१८२] कथामा उसको क्रियात्मक भावव्यापारलाई हेर्दा पनि यो स्पष्ट देखिन्छ। प्लुटोलाई घरमा ल्याएपछि त्यसप्रति उसको अधिक प्रेम जागृत हुन थालेको छ। पाठशाला जाँदा-आउँदा त्योसितै खेलिरहनाले पनि यस कुराको पुष्टि गर्दछ।

उसको मत्थु बाबुले भने आफूलाई भुक्दा त्यस छाउरोलाई लात हानेर आफ्नो रिस पोखेका छन्। छाउरो क्याँईक्याँई गरेको आवाज सुनेर आएकी मधुकरीले त्यसलाई मातृत्वको भावना पोख्याउँछे। बाबा, मेरो बाबा भनेर उसले गरेको प्रेमपूर्ण भाव अभिव्यक्तिले बालक प्रायः आफूले मन पराएको वस्तुप्रति त्यस्तै प्रकारले प्रेम प्रकट गर्दछ, जस्तो प्रकारले आफ्ना घरका परिवारहरूलाई माया गर्दछ भन्ने कुरालाई पुष्टि गर्दछ।[१८३] छाउरोको मृत्यु थाहा पाएर ऊ रोएर लडीबडी गर्दै त्यही प्रेम देखाएकी छे। वस्तुतः उसको आफ्नी परिवारका सदस्यहरूभन्दा प्लुटोप्रति धेरै प्रेम भाव व्यक्त गरिएकाले बालक र पशुहरूको संवेगात्मक रूप एक समान हुन्छ भन्ने मनोवैज्ञानिकहरूको भनाइको पुष्टि पनि हुन्छ। यस कथामा बालिकाले छाउरोलाई जसरी माया गरेकी छे, त्यस्तै काजीमान कन्दङ्वाको ‘रनमायाको आँसु’ शीर्षक कथामा एक्लीले मनेलाई माया गरेकी छे।

### ४.३.३.४ मोती हुन नसकेको आँसु

प्रस्तुत कथामा बालक भुन्टेले आफ्ना परिवारका कुनै सदस्यहरूबाट कुनै किसिमको प्रेम प्राप्त गरेको छैन। रोजीरोटीका लागि पहाडबाट मधेस झरेको उसले आफ्नी मालिक्नीबाट

---

[१८२] पौडेल, ‘आधुनिक’, पृ. २६२

[१८३] http://hi.vikaspedia.in/InDG, १० दिसम्बर, समय : दिउँसोको २ बजेर ३० मिनटमा

भने प्रेमपूर्ण व्यवहार प्राप्त गरेको छ। मालिक्नीसँगको उसकी आत्मीयता क्षणिक समयको लागि हो। प्रत्येक हिउँदोमा ऊ यसरी नै अर्काको घरमा काम गर्न मधेस झर्ने गर्छ। नौलो ठाउँका, नौलो व्यक्तिहरूसितको यस किसिमको घनिष्टतामा उसले सहयोग र सुरक्षाको अनुभूति गर्दछ। मालिक्नीको यही सुरक्षा तथा सहयोगका कारण उसले पुनः फर्किएर आउने वाचा गरेको छ। टाडिन लाग्दा आँसु चुहाएर आफ्नो प्रेम भाव व्यक्त गरेको छ। उसको यस प्रकारको क्रियाव्यापारले उसको र मालिक्नीमाझको प्रेम भावना स्पष्ट झल्किएको देखिन्छ।

### ४.३.३.५ पदच्युत

यस कथामा बालक ज्योतिको प्रेम मुख्यतः दुई भागमा अभिव्यक्त भएको छ। पहिलो, सुरुमा आमाप्रति देखिएको उसको प्रेम पछि परिवारका अन्य सदस्य कान्छा बाप्रति मोडिएको छ। कथामा उसको बाबुको चर्चा कतै गरिएको छैन। बालकहरू बाबु नभए आफूभन्दा ठुलो त्यस्तै अभिभावकप्रति अनन्य रूपले झुक्दछन्।[१८४] यसरी कान्छा बाप्रति झुक्नामा कान्छा बाको प्रेम, सहयोग, सुरक्षा तथा आदर्श भाव मूल कारणका रूपमा देखिन्छन्। आफ्ना कान्छा बाप्रति बढ्दो प्रेम भाव उसको जीवनमा आएको मानसिक विकासको रूपमा देखिन्छ। उमेरावस्थाअनुसार बालकको माया गर्ने व्यक्ति तथा वस्तु परिवर्तित हुन्छ भन्ने मनोवैज्ञानिक कथनसँग उसको बालजीवन सान्दर्भिक देखिन्छ। दोस्रो, उक्त सान्दर्भिकताकै आधारमा आफ्ना कान्छा बाप्रति रहेको प्रेम भाव ज्योतिको बालहृदयबाट च्युत भई पुनः आफ्नी आमाप्रति केन्द्रिभूत हुन पुगेको छ। आफ्नो आदर्श व्यक्तिद्वारा गरिएको अनैतिक व्यवहारका कारण उसको प्रेममा विचलन देखा परेको छ। अतः सुरुमा आमादेखि कान्छा बाप्रति र पछि कान्छा बादेखि आमाप्रति उसको प्रेम भाव स्थानतरण भएको छ। ज्योतिको यस्तो स्वभावले के स्पष्ट गर्दछ भने बालकको प्रेम

---

[१८४] पौडेल, 'आधुनिक', पृ. २८७

स्थायी हुँदैन। बालकले गरेको प्रेममा परिवर्तन हुन सक्छ। परिवारका जुन सदस्य वा व्यक्तिको संरक्षणमा उसले आफूलाई सुरक्षित पाउँछ उसको प्रेम उसैतर्फ मोडिन्छ।

### ४.३.३.६ बाबाजस्तै

प्रस्तुत कथाको बालक उदयको प्रेम उसका आमा र बाबा दुवैप्रति रहेको छ। उसको यो प्रेम भावना प्रारम्भमा आमाप्रति र पछि बाबातर्फ धेरै देखिएको छ। मातृग्रन्थिअनुकूल आफूप्रति नै छोरोको अधिक झुकाउ रहन्छ भन्ने उसकी आमाको विश्वासमा प्रतिकूल स्थिति आएको देखिन्छ। बोल्बीको भनाइअनुसार बालकलाई ६ वर्षसम्म आमाको ममता वा माया चाहिन्छ। यसो भएन भने बालकको मानसिक स्थिति बिग्रिन्छ।[१८५] ठिक ६ वर्षको भएदेखि उदय आफ्नो बाबाको सामिप्यमा भएकाले यस कथनको पुष्टि भएको छ। बाबासित यस प्रकारको सामिप्यको कारण उसका उमेरगत शारीरिक, मानसिक तथा बौद्धिक विकासका साथ उसको बालहृदयमा अङ्कुरित बाबाप्रतिको प्रेम देखिन्छ। यसैको कारण ऊ भऱ्याङ उक्लिँदा तथा रूख चढ्ने कोसिस गर्दा चोट खाएर पनि रोएको छैन। उसको बाबा दुवै स्थितिमा ऊसित छन्। आफ्नो आदर्श व्यक्ति आफूसँग छ भने बालकहरू सुरक्षित अनुभूति गर्दछन्। आफ्नो हिरो साथमा भइदिनाले बालकहरू समकक्षहरूअघि हार स्वीकार गर्न चाहँदैनन्। आदर्श व्यक्तिको साथ तथा ऊबाट प्राप्त सुरक्षामा नै उसले माया तथा स्नेह प्राप्त गर्दछ। उदयको यस्तै प्रेम आफ्ना बाबाप्रति रहेको छ।

### ४.३.३.७ हाँसको चल्ला

यस कथाको बालक दीपक प्रेमको खोजीमा रहेको देखिन्छ। आफ्नी आमाको मृत्युपछि ऊ आमाको प्रेमदेखि वञ्चित देखिन्छ। आफ्ना बाबाबाट त्यसको परिपूर्ति केही हदसम्म

---

[१८५] देवी, 'इम्प्याक्ट', पृ. ०७

भएको उसको चारित्रबाट परिलक्षित हुँदछ। मावलकाहरूले ऊप्रति जुन प्रेम दर्शाएका छन् त्यसमा ऊ लुटुपुटु हुन सकेको छैन। अरूप्रति उसको प्रेम स्पष्ट देखिएको छैन। कुखुराको पोथीले हाँसको चल्लाप्रति देखाएकी मातृवत् व्यवहार तथा प्रेमले दीपकमा गहिरो प्रभाव पारेको देखिन्छ। उसले सानीआमा भनेको नजाती हुन्छन् भन्ने जुन कुरा सुनेको छ कुखुराको पोथी त्यसको ठिक विपरीत चरित्रमा देखिएको छ। अतः उसको लागि कुखुराको पोथी भनेको हाँसको चल्लाको सानीआमा हो। यसैअनुरूप उसकी सानीआमाले ऊप्रति प्रेममय व्यवहार गर्छिन् कि गर्दिनन् त्यसै द्वविधात्मक स्थितिबिच उसको अव्यक्त प्रेम भाव प्रकटित भएको छ। यसरी सानीआमाले माया गर्छिन् कि गर्दैनन् भन्ने उसको मनमा शङ्का उत्पन्न हुनुबाट उसले संरक्षण तथा सहयोगको अपेक्षा राखेको बुझिन्छ। उसको सानीआमाप्रति रहेको यस अपेक्षाले उसकी मृत आमासँगको प्राथमिक प्रेमलाई झल्काउँछ। अनन्तः उसको यो प्रेमको परिपूर्ति कान्छीआमाले सहृदय गरेकी छन्। अभिभावकले बालकलाई माया मात्र होइन, उसको सुरक्षा पनि गर्छ। बालकलाई जब यस ज्ञानको अनुभव हुन्छ, त्यस समय ऊ निडर भएर खुलिन्छ, तर जब उसले यो सुरक्षाको कमी अनुभव गर्छ त्यस समय भने ऊ खेल्न छोड्छ र रीस देखाउँछ[१८६] भन्ने मनोवैज्ञानिक भनाई पनि रहेको पाइन्छ।

### ४.३.३.८ मूल्याङ्कन

यस कथामा बालपात्र मेधा र उसकी आमाबिचको प्रेम सम्बन्ध प्रगाढ रहेको देखिन्छ। छोरी मेधा पाठशाला प्रत्यागत अवस्थामा छे। उसकी आमा गृहिणी देखिन्छन्। छोरीले नृत्यशालामा नृत्य सिक्न जाने अनुमति माग्दा उसकी आमाले उसलाई त्यहाँ जानु हुन्न भनेर अस्वीकृति जनाएकी छन्। शीला आफ्नो अस्वीकृतिबाट छोरीको मानसिक स्थिति बिग्रिन्छ कि भन्ने त्रासमा रहेकी छन् तापनि त्यस कुराले छोरीमा कुनै किसिमको

---

[१८६] बोल्बी, 'एटयाच्मेन्ट', पृ. १२

नकारात्मक प्रभाव परेको देखिँदैन। बरू, पाठशालामा आफ्नी आमाकी बाल्यकालका साथी नीनालाई भेटेर, अटोग्राफ लिएर ऊ प्रफूल्लित भएकी छे। उसको यही प्रफूल्लताका कारणबाट आमा-छोरीमाझ रहेको प्रेम अझ कथामा स्पष्ट झल्किएको छ। यही प्रेमले समयसँगैसँगै अघि बढ्ने भरोसासहित आमाले छोरीलाई नाच्न जाने अनुमति दिएकी छन्। आमबाट प्राप्त यसै प्रेम, आत्मीयता, सुरक्षा तथा आनन्दको अनुभूतिमा मेधा खुसी भएकी छे।

### ४.३.३.९ एउटा अर्को वर्णसङ्कर

यस कथाकी रीता १३ वर्षकी छे। ऊ किशोरावस्थाको प्रारम्भिक चरणमा छे। उसलाई आमा-बाबाले समान्तर रूपमा प्रेम गर्छन्। उसको जीवनलाई सुधार्नाका लागि उसका आमा-बाबा सदैव प्रयासरत देखिन्छन् तापनि उसलाई घरबाट अन्य कतै जान, केही गर्नदेखि वञ्चित भने गरिएको छैन। ऊ कुनै पनि कार्य गर्न स्वतन्त्रता छे, किनभने ऊ पढ्नमा अब्बल छे। ऊ 'माउण्ड एन्टेना'जस्तो ख्याति प्राप्त स्कुलमा पढ्दछे। यसैकारण उसका आमा-बाबाले उसलाई स्कुलका साथीहरूसँग ट्रेकिङमा जान अनुमति दिएका छन्। रीताले परिवारबाट यसरी अशेष प्रेमको अनुभुति गर्छे।

ट्रेकिङबाट फर्किएपछि ऊ आफ्नो साथी रोडा स्मिथ तथा उसको परिवारसँग धेरै घुलमिल हुन थालेकी छे। उसको व्यवहारमा आएका परिवर्तनले बालकको विकाससँगसँगै ऊभित्रको प्रेम गर्ने व्यक्ति र उसले देख्ने वस्तुमा परिवर्तन आउँछ भन्ने मनोवैज्ञानिक कथनलाई पुष्टि गरेको छ। अतः रीता नाबालक छैन। ऊ बाल्यावस्था र किशोरावस्थाबिचको सङ्क्रमण अवस्थामा छे। यस अवस्थामा बालकहरू प्रायः घरदेखि टाढिँदै जान्छन् र आफ्ना समवयस्कहरूको सामिप्यमा आउँछन् र प्रेम गर्न थाल्छन्।

हिथरसका भनाइअनुसार १४ वर्षका छेउछाउका बालकको संवेगात्मक निर्भरता परिवारमा नरहेर अर्को बालकप्रति जान्छ।[१८७] रीतामा ठिक यस्तै व्यवहार देखिन्छ।

### ४.३.४ कथामा क्रोध

देवकुमारी थापाले बालकको आन्तरिक स्वभावमा देखिने क्रोधलाई बालजीवन सन्दर्भित कथाहरूमा त्यति धेरै देखाएकी छैन। 'कुकुरको छाउरो' र 'भोक तृप्ति' शीर्षकमा यस प्रकारको संवेगात्मक पक्ष चित्रित छ।

#### ४.३.४.१ कुकुरको छाउरो

बालकलाई आफ्नो प्रिय वस्तुप्रति कुनै प्रकारको बाधा अथवा अवरोधात्मक व्यवहार प्रदर्शन गरिदिनाले क्रोधको सिर्जना हुन्छ। यस कथामा पनि बालक मधुकरीको आफ्नो प्रिय वस्तु उसको कुकुरको छाउरो हो। त्यस छाउरोप्रति उसको अगाध प्रेम सम्बन्ध छ। त्यो छाउरोसित खेल्नु, त्यसलाई खाना खुवाउनु उसको दैनिक क्रियाकलाप बनिएको छ। ऊ स्कुल जाँदा-आउँदा त्यो छाउरोसितै बालक्रिडा गरिरहन्छे। प्लुटो नाम गरेको त्यो छाउरो नै उसको यसघरि सबैभन्दा प्रिय वस्तु भएको छ, जसलाई उसको मत्थु बाबुले पूर्णतः तिरस्कार तथा बहिष्कार गर्ने कार्य गरेका छन्। आफूलाई भुकेकाले गर्दा बाबुले छाउरोलाई लात हानेका छन् र जङ्गलमा लगेर फ्याँकि दे भनेर आक्रोश व्यक्त गरेका छन्। बाबुको यस्तै व्यवहारको प्रतिवादस्वरूप छोरी मधुकरीमा क्रोधको भावना अङ्कुरित भएको छ। उसले यस क्रोधको भावनालाई बाबुतर्फ कर्के हेरेर तात्क्षणिक अभिव्यक्ति दिएकी छे।

---

[१८७] http://hi.vikaspedia.in/InDG, १० दिसम्बर, समय : दिउँसोको २ बजेर ३० मिनटमा

### ४.३.४.२ भोक तृप्ति

'आमा, ए आमा, मलाई भोक लाग्यो' (पृ. ४८) भनेर प्रथमचोटि छोरोले आफ्नो भोकलाई यस कथामा अभिव्यक्ति दिएको छ। उसको यस किसिमको अभिव्यक्तिप्रति उसकी आमाको कुनै प्रकारको प्रतिक्रिया देखिँदैन। उसकी आमा बेढी तान्दै आफ्नै धुनमा मस्त रहेकी छन्। भोकको पीडाका कारण हो अथवा आफ्नी आमाको प्रतिक्रियाहीन व्यवहार देखेर हो, त्यस बालकले भोक लाग्यो भनेर पुनः भनेको छ। दोस्रोपल्ट उसले आमा नभनेर छोटो र छिट्टो प्रकारले 'भोक लाग्यो' मात्र भनेको छ। यस भनाइमा नै उसको आक्रोश व्यक्त भएको छ, अर्थात् उसको इच्छाको प्रतिकूल स्थिति हुँदा उसमा क्रोध सिर्जना भएको छ। कुनै कार्यमा बाधा मात्र होइन, इच्छाको विपरीत कार्य गर्न लगाउनु मात्र होइन, कुनै कुरा खोसिदिनु मात्र होइन, तर उसको कुरालाई स्वीकृति तथा समर्थन नगर्नाले पनि बालकमा क्रोध अङ्कुरित हुनु स्वाभाविक देखिन्छ। यस्तै कुरालाई यस कथाको बालकले देखाएको छ।

### ४.३.५ कथामा घृणा

देवकुमारी थापाका कथाहरूमा जुन बालकको जीवन सन्दर्भ दर्शिएको छ, त्यसमा घृणा भावलाई कसरी प्रस्तुत गरिएको छ त्यसलाई 'पदच्युत' र 'कुकुरको छाउरो' कथाका आधारमा अध्ययन गरिएको छ-

### ४.३.५.१ पदच्युत

प्रस्तुत कथाको मूल बालपात्र ज्योतिको लागि सर्वस्व भन्नु नै उसको कान्छा बा हुन्। कान्छा बाप्रति नै उसको अधिक प्रेमाशक्ति, आदर्शभाव तथा सहाचार्यात्मक सम्बन्ध रहेको छ। नैतिक दृष्टिकोणले कान्छा बाप्रति रहेको उसको प्रेम नै विकर्षण प्रवृत्तितर्फ मोडिएको छ। प्रेमको प्रतिकूल स्थितिबाट घृणाको भाव जन्मिनाको कारण ज्योतिमा पनि

आफ्नो कान्छा बाको अनैतिक व्यवहारबाट घृणाको भाव जन्मिन पुगेको छ तापनि त्यस घृणालाई उसले तात्क्षणिक प्रस्तुत गरेकी छैन। कान्छा बा घर छाडेर गएका हुन् भन्ने बुझेपछि उसले कान्छा बालाई गरेको प्रेमलाई आफ्नी आमाप्रति आरोपित गरेको छ। पछिबाट आफ्नी आमालाई नै आदर्श व्यक्तित्वको रूपमा मानेकी छे। अतः कान्छा बाप्रति रहेको प्रेममा कान्छा बाको अनैतिक व्यवहारको कारण उसमा घृणाको भाव जन्मिएको बुझिन्छ।

### ४.३.५.२ कुकुरको छाउरो

यस कथामा मधुकरीको सबैभन्दा प्रिय वस्तुको रूपमा कुकुरको छाउरो उपस्थित देखिन्छ। फ्रायडीय सिद्धान्तअनुरूप छोरी र बाबाबिच हुने आत्मिक सम्बन्धको विपरीत मधुकरीको जीवनस्थिति देखिन्छ। उसले घर ल्याएको कालो स्पेनियलको छाउरो नै उसको प्रिय वस्तुको रूपमा देखिएको छ र त्यससँगको संसर्गमा उसको दिनचर्या चलायमान रहेको छ। त्यस छाउरोप्रति उसको मत्थु बाबुको विकर्षण भाव छ। फलस्वरूप, एकदिन बाबुले त्यो विकर्षणको भाव छाउरोलाई लात हानेर व्यक्त गरेका छन्। त्यसको प्रतिक्रियामा त्यस दिन मधुकरीले रोएर प्रतिवाद गरेकी छे। पछिल्लो दिन छाउरोको मृत्यु भएको खबर उसकी आमाले डराउँदै सुनाएकी छन्। आमाको कुरा सुनेपछि मधुकरी एउटै हत्तोत्साहित भएकी छैन, किनभने उसले त्यसबेला आफ्नो बाबुको मृत्यु भएको सम्झिएकी छे। अतः आफ्नो बाबुको मृत्युप्रति उसमा कुनै विकृति आएको छैन। बाबुप्रति उसको कुनै किसिमको प्रेम भाव पनि छैन। यसो हुनाका कारण उसको प्रिय वस्तुको प्रेमप्रति उसकी बाबुले गरेको अभद्र व्यवहार नै हो। यसैकारण उसको बालहृदयमा बाबुप्रति घृणा छ। यसका साथै बाबुको मद मदिरा सेवन गर्ने आदत भएकाले पनि त्यस्तो घृणा देखिइनु स्वाभाविक देखिन्छ। जुनै कारण होस्, तर मधुकरीमा

आफ्नो बाबुप्रति अधिक घृणा भाव छ, जसको कारण उसले आफ्नो छाउरोको मृत्युलाई आफ्नो बाबुको मृत्युको सादृश्यतामा राखेर हेरेकी छे।

### ४.३.६ कथामा ईर्ष्या

ईर्ष्यालाई पनि बालकको आन्तरिक पक्षको मूल संवेग नै मानिन्छ। बालकमा ज्ञान-बुद्धिको सामान्य विकास भएपछि उसमा ईर्ष्याको भाव जन्मिन्छ। बालकमा ईर्ष्या हुन स्वाभाविक देखिन्छ। यतिबेला तिनीहरूलाई आफ्ना दाजु-भाइ तथा दिदी-बहिनी प्यारो हुन्छ, तर त्यो ईर्ष्यालुपन सधैंको लागि रहँदैन। त्यो बिस्तारै हटेर जान्छ अनि अरू उमेरकाहरू आफ्नो साथी बन्दै जान्छन्।[१८८] थापाको 'रहर' शीर्षक एउटा कथामा यस प्रकारको ईर्ष्यात्मक भाव रहेको पाइन्छ।

#### ४.३.६.१ रहर

प्रस्तुत कथामा दिदी-बहिनीमाझ देखिने ईर्ष्यालाई प्रेमाको बालमानसिकताबाट प्रस्तुत गरिएको छ। कुमार दाइसँगको प्रेमाको एकात्मक व्यवहार, दिदी सुधाप्रति रहेको कुमार दाइको प्रेम आशक्तिसम्बन्धी क्रियाव्यापारहरू नै प्रेमाको आन्तरिक मनमा ईर्ष्याको भाव जन्माउने कारक तत्त्वहरू हुन्। दिदीप्रति देखिएको उसको ईर्ष्या तथा तदानुरूप उसले देखाउन चाहेकी प्रदर्शनवृत्तिले बाल मनोवैज्ञानिक आधारलाई पुष्टि गर्दछ। मनोविज्ञानमा ईर्ष्यालाई मानसिक जीवनको पहिलो संवेगको रूपमा लिइन्छ। प्रेमभन्दा घृणा प्राथमिक संवेग भएकाले बालकहरू छिटो निकटस्थसँग ईर्ष्या देखाउँछन् भन्ने फ्रायडको विचार छ।[१८९] दिदीप्रति रहेको प्रेममा कुमार दाइको प्रतिकूल व्यवहार (दिदीको मात्र प्रशंसा गरेको) प्रेमाको बालहृदयमा ईर्ष्या जन्माउने मूल कारण भएको छ। यस प्रकार सामान्य अवस्थाबाट एक्कासि असामान्य अवस्थामा आइपुग्नु विपरीतधर्मी संवेग (प्रेम र घृणा)-को

---

[१८८] बोल्बी, 'मोडर्न', पृ. ७१

[१८९] पौडेल, 'आधुनिक', पृ. २४६

कारणले हुन्छ। यस अवस्थाका अधिकांश बालकहरूलाई अरूले प्रंशासा गरेको र अर्कालाई होच्याएको हेर्न मन पर्छ। दिदीसँग सामान्य अवस्थामा हिँडी रहेकी प्रेमामा एकक्षण पछि प्रतिद्वन्दीको भाव स्फूरण हुनु यही विपरीतधर्मी संवेगको कारण हो। स्पर्धा तथा प्रतिद्वन्द्विता यस आयु वर्गका बालकहरूमा देखिने मुख्य विशेषता हुन्।[१९०] आफूलाई दिदीको प्रतिद्वन्द्वीको रूपमा राखेरै प्रेमाले पुनः घर पुगेर दिदीको सारी लगाउने कोसिस गरेकी छे। आफूलाई पनि दिदीलाई जस्तै कुमार दाइले प्रशंसा गरिदिऊन्, प्रेम गरिदिऊन् भन्ने उसको ईर्ष्यात्मक भाव रहेको छ।

प्रेमाकी आमाले 'म नानीलाई राम्रो सारी किनी दिन्छु' (पृ. ३५) भनेर छोरीको बालरहरलाई पूर्ति गर्ने वैकल्पिक उपाय रोजेकी छन्। उनको यस प्रकारको वैकल्पिक उपाय निरर्थक हुन पुगेको छ, किनभने छोरीले नयाँ होइन, यही नै सारी चाहियो भनेर ढिप्पी लगाएकी छे। यस ढिप्पीपनले उसलाई आफ्नी दिदीअघि प्रतिद्वन्द्वीको रूपमा उभिने निश्चित गरेको छ, किनभने त्यही सारी लगाउनाले कुमार दाइले उसलाई पनि 'पहेंलो सारीले राम्रो देखिन्छ्यौ, तस्विर खिँची दिन्छु' (पृ ५३) भनेर प्रशंसा गर्नेछन् भन्ने उसको अटुट आत्मविश्वास देखिएको छ।

### ४.३.७ कथामा भय र लाज

बालकको जीवनमा डर वा भयले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। भयकै कारण बालकको जीवन असामान्य किसिमको बन्न सक्तछ। बालक यसरी भयभित हुनामा अनेकन् कारण हुन सक्तछन्। स्वाभवतः बालकमा दुई किसिमको भय रहन्छ- (१) स्वाभाविक भय अनि (२) अर्जित भय। स्वाभाविक भयमा बालकलाई भयभित पार्ने वस्तुको आकार र आकृति एकदमै विचित्र तथा अपरिचित हुन्छ। यो विचित्र तथा अपरिचित वस्तु बालकको उमेरसँगसँगै परिवर्तित हुँदै जान्छ। अर्जित भयमा मुख्यतः दुई

[१९०] पाण्डेय, 'बालमनोविज्ञान', पृ. ११९

किसिमले भयले स्थान पाएको हुन्छ। एक, अनुभवबाट अनि दोस्रो, आमा-बाबु तथा अन्य सदस्यका कुराहरूबाट।[१९१] कोहीबेला बालकको स्वभावमा देखिएका बाह्य-आन्तरिक क्रियाकलापहरूलाई कराएर, डराएर, कुटेर अभिभावकहरूले रोक्ने प्रयास गर्दछन्। यस प्रकारको अवरोधका कारण उसको मनमा एक किसिमको अज्ञात भयको सिर्जना गर्दछ अनि त्यसले लाज विकसित हुँदछ। यस प्रकारको अवरोधले बालकको स्वाभाविक क्रियात्मक प्रवृत्तिहरूमा अवरोध हुनाका साथै उसको मानसिक तथा वौद्धिक विकासलाई पनि हानि पुऱ्याउँदछ।

देवकुमारी थापाका कथामा यस किसिमको भय र लाज बालकको चरित्रमा कसरी देखा परेको छ, त्यसलाई बुझ्नाका निम्ति 'कुकुरको छाउरो', 'बाबाजस्तै' र 'रिट्ठेको प्रश्न' कथाहरूलाई हेर्न सकिन्छ-

### ४.३.७.१ कुकुरको छाउरो

प्रस्तुत कथामा बालक मधुकरीको जीवनमा आफ्नै बाबादेखि एक किसिमको भय रहेको देखिन्छ। बाबुको मदिरा पिउने आदत यसको मूल कारण मान्न सकिन्छ, जसको प्रभाव उसको बालहृदयमा परेको देखिन्छ। यस भयकै कारण आफ्नो प्रिय छाउरोप्रति बाबुले अभद्र व्यवहार गर्दा पनि ऊ मौन रहेकी छे। उसको यस मौनताले बाबुप्रति वितृष्णा तथा घृणाको भाव झल्काए पनि उसको अचेतन मनमा भय नै स्थायी भावको रूपमा रहेको बुझिन्छ। आफूलाई पनि कराउँछन् कि, पिट्छन् कि भन्ने भयसँग ऊ त्रसित छ। उसको कर्के हेराइबाट जब बाबु आक्रोशित बन्छन् र प्रतिक्रियामा उसको गालामा एक लपटा लगाउँछन्, त्यसबेलासम्म उसले रोएर, कराएर त्यसको प्रतिवाद गरेकी छैन। बाबुको कठोर बोलीबाट ऊ भयभित छे। ऊ मौन बसिरहन्छे र जतिबेला प्लुटोले उसको

[१९१] शुक्ल, 'बालमनोविज्ञान', पृ. १३६-१४०

अनुहारमा सुम्सुमाउन थाल्छ, त्यतिबेला भने उसले आँसु चुहाएर आफ्नो मनको पीडा पोख्याएकी छे।

### ४.३.७.२ बाबाजस्तै

प्रस्तुत कथाको बालक उदयको जीवनमा पनि भयको प्रयोग भएको भेटिन्छ। पहिलो, भऱ्याङ उक्लिँदा होस्, रूख चढ्दा होस् वा अस्तबलमा घोडा चढ्दा होस्, त्यस गतिविधिबाट पाएको चोटमा ऊ रोएको छैन। अझ, घोडाको लात खाएर पनि उसले त्यस चोटलाई टोपीले छोपेर लुकाउन खोजेको छ। यसरी अनुहारको चोटलाई लुकाउनमा आफ्नी आमाबाट दण्ड पाइन्छ कि भन्ने भय हो। त्यसैकारण ऊ सिधै आफ्नो पढ्ने कोठामा गएर लेख्न बस्छ। बालकहरू यस्तै भयले गर्दा कतिपय कुराहरू आफ्ना अभिभावकलाई साझा गर्दैनन्। यसरी अभिभावकहरूलाई कतिपय कुराहरू लुकाउने बानीले गर्दा बालकमा लाजको सिर्जना हुन्छ।

अर्कोपल्ट, बाबाको ब्यागबाट रक्तचापमापक यन्त्र झिकेर लगाउने प्रयास गर्दा पनि उसले आमाको डरबाट त्यसलाई झारी फुटाएको छ। प्रतिक्रियास्वरूप दुई थपड उसले आमाबाट दण्ड पनि पाएको छ। बाबाले उसको अबोधतालाई बुझेपछि उसको भयलाई साम्य बनाउने कोसिस गरेका छन्। यस दृष्टिले उदय आफ्ना बाबाभन्दा अधिक आमासित डराउने गरेको देखिन्छ। बालकले जसबाट अधिक प्रेम प्राप्त गर्दछ ऊबाट नै धेरै दण्ड पाउँदछ। यसलाई मनोविज्ञानमा अभिभावकको व्यावहारिक समानताका रूपमा स्विकारिन्छ।

लाजले एकजना व्यक्तिको जीवनमा धेरै असर गर्छ। ऊ सबैदेखि लुकेर बस्न खोज्छ। कसैको नजर ऊमाथि नपरोस् सोच्छ। यसले उसको विकासक्रममा बाधा

पुऱ्याउँछ।[१९२] यस दृष्टिकोणबाट हेर्दा बालक उदय भऱ्याङ उक्लिँदा, रूख चढदा तथा घोडाको लात खाँदाको तिनैवटा अवस्थामा ऊ रोएको छैन। यसका दुईवटा कारण छन्- (क) आफूलाई माया गर्ने, संरक्षण गर्ने व्यक्ति वा आफूले आदर्श मानेका व्यक्तिहरूको उपस्थिति रहने हँदा। (ख) आफूप्रति अरूले खिसीटचुरी अथवा आफूलाई अरूको तुलनामा हीन देखे हुँदा। यस कथामा बालकका यी दुवै अर्थसित उसलाई लाज भएको देखिए तापनि आमाबाट दण्डित हुने भय तथा घोडाले लात हिर्काएको अनुहार देखाउन नसक्ने हुँदा ऊ लजाएको देखिन्छ। त्यसैले ऊ आफ्नो अनुहार टोपीले छोपेर पढ्ने कोठामा सिधै गएको छ।

### ४.३.७.३ रिट्ठेको प्रश्न

यस कथाको बालक रिट्ठेमा बालकमा हुनु पर्ने सम्पूर्ण गुण तथा विशेषता विद्यमान रहेको देखिन्छ। त्यही गुण-विशेषताका आधारमा उसलाई सबैले प्रेम गर्छ, काम अह्राउँछ। यस्तो चरित्रवान् बालक एक दिन चोरीको अपराधमा पर्छ। उसले मधिसेको दोकानमा चोरेकाले ऊ भयभित हुन्छ, किनभने उसलाई थाहा छ यो असल काम होइन। त्यही काम गरेकाले ऊ भयभीत छ, किनभने आफूले गर्न नहुने काम गरेपछि मानिसको मनमा भयको सिर्जना हुन्छ। कतिपय कुराहरू सिक्ने क्रममा गल्ती गर्दा पनि बालकले दण्ड पाएको हुन्छ। अतः गल्ती गर्दा बालक डराउँछ।[१९३] रिट्ठेको यस्तो कामलाई नाबालक सम्झेर पुलिसले थुनाबाट छोडि दिएको छ। उसले गरेको अपराधलाई उसको उमेरको दृष्टिले महत्त्वूर्ण मानिएको छैन, यद्यपि ऊभित्र डर भने रहेको देखिन्छ। त्यही डरका कारण ऊ आमाले गाली गर्दा तथा पिट्दा पनि मौन बस्छ।

---

[१९२] एरिक्सन, 'चाइल्हुड', *पृ. २२७*

[१९३] पौडेल, 'आधुनिक', पृ. २५६

### ४.३.८ कथामा हर्ष

बालकको जीवनमा हर्षको अत्यधिक महत्त्व रहेको हुन्छ। दुःखात्मक अनुभूतिको तुलनामा सुखात्मक अनुभूतिको व्यापकता रहनाको कारण नै धेरैजसो बालकहरू प्रसन्न हुने गर्छन्। बालक विभिन्न कारणले हर्षित हुने गर्छन्। खितिति हाँसेर, मुस्कुराएर, उफ्रिएर, कराएर आदि विविध प्रकारले बालक आफ्नो हर्षलाई अभिव्यक्ति दिँदछ।

देवकुमारी थापाका कथामा चित्रित बालकहरूले आफूले हर्षित हुनाका कारणलाई कसरी अभिव्यक्ति गर्छन्, त्यसको विश्लेषण 'कथा', 'मूल्याङ्कन', 'एउटा वर्णसङ्कर' तथा 'बाबाजस्तै' आदि कथाबाट गर्न सकिन्छ-

#### ४.३.८.१ कथा

यस कथामा उपस्थित बालपात्रहरूले आफ्नी बजैलाई उहिलेको कथा सुनाउने आग्रह गरेका छन्। बजैले पनि आफ्ना जीवनका तिता-मिठा अनुभूतिका कथा सुनाउन लागेकी छन्। ओखल ढुङ्गाबाट भागेर मुग्लान पसेका, बाटामा गाडधन भेटिएका, सँगै आएका साथीहरूले धनको लोभमा आफूहरूलाई मार्ने षडयन्त्र गरेका र त्यहाँबाट भागेका, दार्जिलिङमा आएर बाजेले ठेकादारी कार्य गरेका, घरमा आएका पाहुनालाई चिया पकाउन लगाउँदा घिउसित भुटेर दिएका घटनाहरू सुनाउँछिन्। यी चाखलाग्दा घटना वृतान्त सुनेर बालकहरू खुसी भएर गलल हास्छन्, आन्दित हुन्छन्। उनीहरू हाँस्दै बजैलाई अङ्गालो हाल्छन् र हर्षलाई अभिव्यक्त गर्छन्।

#### ४.३.८.२ मूल्याङ्कन

कथाको प्रारम्भमा बालक मेधा नृत्यशालामा नाच्च जाने इच्छा गर्छे। यस इच्छाको विपरीत स्थितिमा उसकी आमा उभिएकी छन्। छोरीले आमालाई समय सापेक्ष जीवन जिउनु पर्ने आग्रह गर्छे। आमाले छोरीको बातको परोक्ष रूपमा समर्थन् गर्छिन्।

फलस्वरूप छोरीलाई नृत्यशालामा जाने अनुमति दिन्छिन्। आफ्नी आमाबाट अस्वाभाविक रूपले अनुमति पाएकामा ऊ हर्ष विभोर भएकी छे। त्यस हर्षलाई उसले नाचेर, थपडी मारेर प्रकट गरेकी छे।

### ४.३.८.३ एउटा अर्को वर्णसङ्कर

यस कथाकी रीता पहिलोचोटि आफ्ना स्कुलका सहपाठीहरूसँग ट्रेकिङबाट फर्किएपछि त्यहाँ बिताएका रमाइलो क्षणसँग खुसी भएकी देखिन्छे। ट्रेकिङमा पहाड चढेकी, ऐंसेलु टिपेर खाएकी आदि घटनाहरू आफ्नी आमालाई सुनाउँदा ऊ हर्षित मुद्रामा देखिन्छे। उसको यस प्रकारको खुसी तथा आनन्द अनुभवले ऊ परिवारको बन्धनदेखि मुक्त रहेको देखिन्छ। बालकहरू स्वतन्त्र जीवन बिताउन पाएन भने दुःखी बन्छन्। स्वतन्त्र भएर रहन पाए खुसी हुन्छन्। अधिक स्वतन्त्रता पायो भने उसले आफूखुसी गर्ने हुन्छ, जसले उसको भविष्यमा पनि असर गर्छ।[१९४] अतः बालकहरू अभिभावकको नियन्त्रणमा धेरै बस्न चाहँदैन। यसरी नियन्त्रणमा बस्नाले स्वतन्त्रता खोसिन्छ भन्ने तिनीहरू सोच्छन्। यस्तै स्वतन्त्रताको कारण ऊ प्रफुल्लित देखिन्छे। दोस्रोचोटि, रीता आफ्नो बाबुसँग हर्षित भएकी छ। घरमा रीता फर्किए कि फर्किएन भनेर बाबुले आमालाई सोधेको समय नै उसले 'पापा' भनेर बाबुको आङमा तुर्लुङ्ग झुण्डिएकी छे। यसरी आफ्नो बाबुको शरीरमा झुण्डिएर पनि उसले हर्ष अभिव्यक्त गरेकी छे।

### ४.३.८.४ बाबाजस्तै

बालक उदयले आफूलाई बाबाजस्तै डाक्टर बन्ने इच्छा प्रकट गरेको छ। यसका लागि उसले विरामीहरूलाई हडबडी नगरीकन जाँचेको कल्पना पनि गरेको छ। यसै कल्पनामा उसको हर्ष रहेको देखिन्छ। अतः उदयले आफ्नो बाबुको बहुमूल्य रक्तचापमापक यन्त्र

---

[१९४] एरिक्सन, 'चाइल्डहुड', पृ. २२६

फुटाएपछि महिनौं दिनसम्म अर्को त्यस्तै यन्त्र बाबुको झोलामा नदेख्दा उसको मनमा खिन्नता उत्पन्न भएको छ। यसै खिन्नतालाई बुझेर बाबुले भोलिपल्ट दुवै कलकत्ता गएर अर्को रक्तचापमापक यन्त्र किन्ने वचन दिएका छन्। त्यही वचनद्वारा ऊ खुसी भएको छ।

### ४.३.९ कथामा स्पर्धा

देवकुमारी थापाले आफ्ना कथामा बालकको स्पर्धात्मक प्रवृत्तिलाई उति विषयवस्तु बनाएकी छैन। बालजीवन सन्दर्भित कथाहरूमध्ये 'रहर' कथाको बालकमा मात्र स्पर्धा पाइन्छ।

#### ४.३.९.१ रहर

यस कथाकी बालक प्रेमाको सारी लगाएर राम्री हुने तथा कुमार दाइबाट प्रशंसा पाउने जुन मनोभावना देखिएको छ, त्यसमा उसकी दिदीप्रति स्पर्धात्मक भाव लुकेको छ भन्न सकिन्छ। आफूलाई अरूको तुलनामा हीन सम्झिनुका कारणले बालकमा स्पर्धात्मक प्रवृत्ति जन्मिन्छ। त्योभन्दा म के कम अथवा मभन्दा त्यो बढ्ता छ, यी दुई कुरामा एउटाले आशावादी बनाउँछ र अर्कोले निराशावादी बनाउँछ।[१९५] प्रेमाले पनि दिदीकै सारी लगाएर आफूलाई सौन्दर्यवती बनाउने चेष्टा गरेकी छे। उसको यस चेष्टाका कारण कुमार दाइले उसलाई पनि दिदीभन्दा कम नसम्झिओस् भन्ने देखिन्छ। अतः प्रेमामा दिदीप्रतिको जुन स्पर्धात्मक भाव देखिन्छ, त्यसलाई प्रतिस्पर्धाको रूपमा लिन सकिन्छ। यस किसिमको प्रतिस्पर्धामा मूल रूपमा अनुकरण र द्वन्द्वले कार्य गरेका हुन्छन् भन्ने मनोवैज्ञानिकहरूको तर्क छ।[१९६] यस आधारमा प्रेमाले दिदीको पहेंलो सारी लगाएर आफूलाई सिँगार्ने जुन कार्य गरेकी छे, त्यसमा अनुकरण गरेको देखिन्छ। अनुकरण

---

[१९५] श्रेष्ठ र अर्जेल, 'बालमनोविज्ञान', पृ. ६०

[१९६] श्रेष्ठ र अर्जेल, 'बालमनोविज्ञान', पृ. ६०

अर्थात् अनुकृतिमा द्वन्द्व प्रवृत्तिको मात्र कम हुनेबित्तिकै एक प्रकारको ग्रन्थिको सिर्जना हुँदछ, जसलाई स्पर्धा भनिन्छ।[१९७] द्वन्द्व प्रवृत्तिको मात्रा बेसी हुँदा भने स्पर्धाको ठाउँमा ईर्ष्याले जन्म लिन्छ। अतः स्पर्धामा अनुकरण साथै द्वन्द्वात्मक प्रवृत्तिले सँगसँगै कार्य गरिरहेको हुन्छ। प्रेमाले पनि आफ्नी दिदीको सारी लगाउने प्रयत्न गरेर यसै कुराको पुष्टि गरेकी छे।

### ४.३.१० कथामा दुःख

बालकहरू बिना कारण दुःखी हुँदैनन् र भए पनि त्यसलाई क्षणिक रूपमा लिन्छन् भन्ने मनोवैज्ञानिकहरूको भनाई छ। गिजुभाइ बधेकाले त बालकको कोशमा निराशा शब्द नै छैन भनेर भनेका छन्।[१९८] देवकुमारी थापाले पनि आफ्ना कथाहरूमा बालकको जीवनमा दुःखको भावलाई त्यति स्थान दिएकी छैन। उनको 'हाँसको चल्ला' शीर्षक कथाको बालकमा मात्र दुःख भाव रहेकाले उक्त कथालाई निम्नअनुसार विश्लेषण गरिएको छ-

#### ४.३.१०.१ हाँसको चल्ला

प्रस्तुत कथाको बालपात्र दीपक जन्मजात टुहुरो नभएर केही वर्षपछि टुहुरो भएको देखिन्छ। आमाको मृत्यु भए तापनि उसलाई बाबाले असाध्यै माया गर्छ भन्ने कुरा उसलाई थाहा लाग्दछ। आफ्नो मावलबाट पाइरहेको माया ऊसित भए पनि उसमा अव्यक्त छट्पटि रहेको देखिन्छ, जसले उसलाई आफ्नी आमाको सम्झना गराइरहन्छ। आमाको सम्झनाले त्यसरी तड्पिनुमा उसको आफ्नी आमाप्रति रहेको प्रेमलाई दर्शाउँछ। आमाको मृत्युबाट भने उसको बालहृदयमा गहिरो असर परेको देखिन्छ, किनभने बाल्यकालमा आफ्ना आमा-बाबाको मृत्युबाट बालकको हृदयमा शोकको नकारात्मक

[१९७] श्रेष्ठ र अर्जेल, 'बालमनोविज्ञान', पृ. ६०
[१९८] बधेका, 'बाल', पृ. ०५

प्रभाव परेको हुन्छ। यस्तै शोकको प्रभाव तथा अन्य कतिपय कारणले गर्दा बालक बढी दुःखी हुने गरेको देखिन्छ।[१९९] उसको यही छट्पटिलाई उसकी कान्छीआमाले कसरी पुरा गर्छिन् भन्ने कुरामा ऊ जिज्ञासु देखिन्छ, किनभने बालकलाई सधैं आफ्नो निकटवर्ती व्यक्तिकै आवश्यकता पर्दछ।[२००] यसकारण ऊ बारम्बार सानीआमाको हाउभाव तथा क्रियाव्यापारबारे सोची बस्दछ।

### ४.३.११ कथामा झुट र आदत

मानिस जसरी जीवनपर्यन्त अरूको नक्कल गरिरहन्छ सोहीअनुरूप झुटो बोल्ने आदत पनि बन्दै जान्छ, त्यसैले मानिसको व्यक्तित्वलाई आदतको पुञ्जी पनि भनिन्छ। जीवनलाई सुखात्मक तथा दुःखात्मक बनाउनमा यसैको मुख्य भूमिका रहेको हुन्छ। यसलाई अर्को शब्दमा 'स्वभाव' पनि भनिन्छ। बालकले झुटो बोल्नु यस्तै आदत हो, जसको लत बाल्यकालमा नै बसेको हुन्छ अनि पछि गएर त्यसलाई त्याग्न धेरै कठिन हुन्छ।[२०१] स्वभावले बालक एकदमै निष्कपट हुन्छ तर कोहीबेला मानसिक भ्रम, कुनै कुरा बिग्रँदा, विचलित हुँदा तिनीहरू झुटो बोलेर आफूलाई बचाउन खोज्छ। बालक प्रायः कुनै काम गर्नु पर्दा, कुनै कुरा जान्नु पर्दा, अल्छी गर्नु पर्दा तथा चलाखी गर्नु पर्दा पनि झुट बोल्ने गर्छ।[२०२]

देवकुमारी थापाका बालजीवन सन्दर्भित कथाहरूमध्ये एउटै कथा 'दुई रूप' मा मात्र यस प्रकारको झुटको प्रसङ्ग भेटिन्छ।

---

[१९९] पौडेल, 'आधुनिक', पृ. २३७
[२००] बोल्बी, 'एटयाच्मेन्ट', पृ. ०६
[२०१] शुक्ल, 'बालमनोविज्ञान', पृ. १५७-१५८
[२०२] काटर, 'दि सेक्रेट', पृ. १४७

### ४.३.११.१ दुई रूप

यस कथामा चित्रित सानो ठिटोको बाल्यकालदेखि नै झुट बोल्ने प्रवृत्ति देखिन्छ। ऊ रेलवे स्टेशनमा बसेर अरूलाई पैसा माग्दै हिँड्ने बालकको रूपमा देखिन्छ। आमा बिरामी छिन्, दवाई किन्ने पैसा छैन भनेर उसले कथा नायिकलाई पैसा मागेको छ। नायिकाले खुद्रा पैसा छैन भन्दा खुद्रा गरी ल्याउँछु भनेर त्यस ठिटोले भन्छ, तर दस रूपियाँको नोट खुद्रा गरी ल्याउँछु भनेर ऊ हराउँछ। आमा बिरामी भएको भनेर पैसा लिई लापत्ता हुनुले उसको झुट बोल्ने आदतलाई दर्शाउँछ। यसलाई उसको अरूबाट पैसा ठग्ने प्रवृत्ति पनि मान्न सकिन्छ। ठिटोको यस्तो कार्यले रेलवे स्टेशनमा पैसा माग्न बसेका बालकहरू यस्तै झुटो बोलेर अरूबाट पैसा लिने गर्छ, किनभने उसको यस्तो आदत बनिसकेको हुन्छ भन्ने कुरोलाई पनि पुष्टि गर्दछ।

### ४.३.१२ कथामा चिन्तन

बालजीवनमा चिन्तनको विशिष्ट स्थान तथा महत्त्व रहेको हुन्छ। चिन्तनबिना बालकको बौद्धिक विकास सम्भव हुँदैन। बालकमा कुनै विषयमा पूर्ण रूपले सोच्ने वा चिन्तन गर्ने योग्यता हुँदैन। उसलाई जुन सुगम हुन्छ, त्यसैको सम्बन्धमा ऊ अधिक सोच्दछ। यसको मूल कारण उसको मानसिक विकासको कारण हो। ऊ जे सोच्छ, जति सोच्छ आफ्नो उमेरावस्था तथा बौद्धिक विकासअनुरूप सोच्छ। बालकको दिमागले जे सोचेको हुन्छ त्यो कुरा जस्ताको त्यस्तै गर्न सक्दैन भन्ने मनोवैज्ञानिकहरूको भनाई छ। बालक जब केही सोच्दछ त्यस समय ऊ बोलि रहँदछ। यसलाई व्यवहारवादी मनोवैज्ञानिकहरू चिन्तनको मन्द-सम्भाषण भन्दछन्।[२०३] बालकको चिन्तनलाई मुख्यतः तिन प्रकारले हेर्न सकिन्छ- (क) प्रत्यक्षात्मक, (ख) कल्पनात्मक र (ग) सामान्य प्रत्ययात्मक चिन्तन।

---

[२०३] पाण्डेय, 'बालमनोविज्ञान', पृ. २३९

यसलाई मनोवैज्ञानिकहरू चिन्तनस्तर पनि भन्दछन्।[२०४] प्रत्यक्षात्मक चिन्तनअनुसार बालकले पहिले आफू समक्ष उपस्थित पदार्थसँग मात्र सम्बन्ध राख्दछ। जुन वस्तु उसको सामु हुन्छ, त्यसको अतिरिक्त अन्य केही सोच्ने क्षमता ऊसित हुँदैन। ऊ जुन वस्तुलाई जसरी देख्दछ, त्यस समय ऊ त्यसबारे नै सोच्न लाग्दछ। कल्पनात्मक चिन्तनअनुसार बालक प्रत्यक्ष पदार्थका आधारमा मात्र नसोचेर उसको चिन्तनका आधार कल्पना तथा स्मृति/प्रतिमाको रूपमा पनि हुन्छ। सामान्य प्रत्ययात्मक चिन्तनअनुसार बालकमा जब भाषा अनि बुद्धिको पूर्ण विकास भइसकेको हुन्छ, त्यस अवस्थामा यस प्रकारको चिन्तन भएको देखिन्छ। यसैलाई उत्तम कोटिको चिन्तन मानिन्छ। जनावर तथा साना साना मानसिक रूपले दुर्बल बालकमा यस्तो चिन्तन पाइँदैन।[२०५]

देवकुमारी थापाका बालजीवन सन्दर्भित कथाहरूमा प्रतिविम्बित बालजीवनमा चित्रित चिन्तनलाई ‘हाँसको चल्ला’, ‘कुकुरको छाउरो’, ‘भविष्य निर्माण’ आदि कथाहरूमा यसरी हेर्न सकिन्छ-

### ४.३.१२.१ हाँसको चल्ला

यस कथामा बालक दीपकले कल्पनात्मक चिन्तनको सहारा लिएको देखिन्छ। उसले कुखुराको पोथीले हाँसको चल्लालाई नठुङेर साथमा हिँडाएकी देखेको छ। बजैहरूको सानीमा भनेको नजाती हुन्छन् भन्ने कुरा सुनेको छ। यसबाटै उसको बालमनमा कौतूहलताको सिर्जना भएको छ। कुखुराको पोथीले हाँसको चल्ला निकालेकी, आफूसँगसँगै डुलाएकी र चिलहरू आउँदा ओताएकी आदि घटनाहरू उसको सामु प्रत्यक्षतः छ, तर उसले ती घटनावलीसम्बन्धी मात्र चिन्तनको प्रयोग गरेको छैन। उसले ती घटनासँगसँगै बजैहरूले सानीआमाको व्यवहारबारे कुरा गरेका घटनालाई पनि

---

[२०४] पाण्डेय, ‘बालमनोविज्ञान’, पृ. २३३-२३४

[२०५] पाण्डेय, ‘बालमनोविज्ञान’, पृ. २३३

कल्पनात्मक चिन्तनको सादृश्यतामा ल्याएर गाउँखाने कथाको माध्यमद्वारा अर्थ्याउन खोजेको छ। ६ देखि ८ वर्षका बालकहरू नयाँ नयाँ नियम तथा सिद्धान्तहरूको निर्माण गर्ने प्रयास गर्दछ अनि त्यसलाई व्यवहारमा पनि ल्याउँदछ[२०६] भन्ने मनोवैज्ञानिकहरूको भनाइलाई दीपकले कथामा गरेको यस चिन्तनद्वारा पुष्टि गरेको छ।

### ४.३.१२.२ कुकुरको छाउरो

यस कथामा ७ वर्षीय मधुकरीको सबैभन्दा प्यारो वस्तु भनेकै उसले पालेको कुकुरको छाउरो हो। उसैले नामकरण गरेर छाउरोको नाम प्लुटो राखिदिएकी छे। पाठशाला जाँदा र आउँदा प्लुटोसँगै उसको समय व्यतित भइरहेको छ। उसकी मत्थु बाबुले एकदिन प्लुटोलाई लातले हिर्काएपछि त्यसैको निहुँमा त्यो विरामी हुन्छ र मर्छ। प्लुटोको मृत्युको खबरले छोरीको मानसिक स्थितिमा नकारात्मक असर पार्ला कि भन्ने कुरामा डर राख्दै आमाले प्लुटो मरेको कुरा सुनाउँछिन्। आमाको कुरामा ऊ वेवास्ता भई खाना खाई रहन्छे। अलिकति खाना उबारेर सधैंजस्तो दिन खोज्दा प्लुटोलाई त्यहाँ नदेखेपछि यताउति खोज्दै बोलाउँछे। उसको यस्तो व्यवहार देखेर आमा छक्क पर्छिन्। प्लुटोको मृत्युबारे अघि सुनाइसकेकी हुनाले उनी रिसिन्छिन्। आमाको कुरा सुनेर 'अघि त बाबा मऱ्यो भन्ने सुने, मेरो प्लुटो त मरेको छैन भन्ठाने' (पृ. ४४) भनेर छोरीले भन्छे। उसको यस्तो स्वभावले ३ देखि ७ वर्षसम्मका बालकको चिन्तन स्वकीय (इगोसेन्ट्रिक) हुन्छ भनेर मनोवैज्ञानिकहरूको भनाइलाई पुष्टि गरेको छ। यसमा अधिकांश बालक आफ्नो सम्बन्धमा मात्र सोच्दछ। अन्य विषय वा व्यक्तिको सम्बन्धमा सोच्दैन। जुन समय बालक अन्य व्यक्तिसँग बात गरिरहेको हुन्छ, त्यस समय पनि ऊ

---

[२०६] पाण्डेय, 'बालमनोविज्ञान', पृ. २३३

कसैको पर्वाह नगरी आफ्नै धुनमा बसिरहेको हुन्छ[२०७] भन्ने मधुकरीको यस प्रकारको व्यवहारबाट स्पष्ट भएको छ।

### ४.३.१२.३ भविष्य निर्माण

यस कथामा बालक नरेशको बालमस्तिष्तकमा जर्मनेलीहरूप्रति नकारात्मक प्रभाव परेको देखिन्छ। आफ्नो बाबालाई तिनीहरूले नै गोली हानेको भन्ने उसले बुझिसकेको छ। छोरोको यस धारणालाई अनुकूल स्थितिमा लैजानमा पार्वती (आमा)-ले सत्प्रयास गरेकी छन्, त्यसैले उनी जर्मनेलीहरूबारे राम्रा राम्रा कुराहरू सुनाउँछिन्। पार्वतीको यस्तै सकारात्मक कुरा सुनेपछि नरेशमा कल्पनात्मक चिन्तनको सिर्जना भएको देखिन्छ। चिन्तनकै एउटा प्रकार 'कल्पनात्मक चिन्तन' हो। यसमा बालकले प्रत्यक्ष पदार्थको दृष्टिले नसोचेर चिन्तनद्वारा कल्पना तथा स्मृति-प्रतिमाहरूबारे सोच्छ।[२०८] आफ्नो बाबालाई गोली ठोक्ने जर्मनेलीहरूबारे अधिक जानकारी सङ्ग्रह गर्न इच्छुक नरेशको मनमा यसैको परिणामस्वरूप प्रतिहिंसात्मक भाव उब्जिएको छ। उसको चिन्तनले सबै जर्मनेलीहरू खराब हुन्छन् भन्ने बुझेको छ, त्यसैको प्रतिवादस्वरूप उसले जर्मनेलीहरूलाई मार्नेछु भनी सोच्छ। पार्वतीको पदक्षेपबाट नरेशको मानसिक स्थितिमा जर्मनेलीहरूप्रति एउटा सग्लो प्रतिमा प्रादुर्भाव भएको छ। त्यसपछि उसले 'आमा आजदेखि मैले बन्दुक फालिदिएँ है' (पृ. ०३) भनेर भनेको छ। अनन्तः कालान्तरमा आफू पनि जर्मन गएर जर्मनेलीलाई साथी बनाउने, तिनीहरू जस्तै औषधी बनाउने काम गर्ने कुरा गरेको छ। नरेशको उक्त कुराबाट बालकले कुनै काम गर्दा कोहीबेला बिगार्छ अनि कोहीबेला त्यही बिग्रेको कुरालाई सुधार्ने गर्दछ भन्ने कुराको पनि पुष्टि हुन्छ। यस प्रकारको कार्यले बालकको मानसिक विकासका साथै उसको आत्मविश्वास पनि बढ्दछ।[२०९]

---

[२०७] पाण्डेय, 'बालमनोविज्ञान', पृ. २३४

[२०८] पाण्डेय, 'बालमनोविज्ञान', पृ. २३३

[२०९] एरिक्सन, 'चाइल्डहुड', पृ. २२९

### ४.३.१३ कथामा निर्देश

बालजीवनमा निर्देश एक प्रकारले अनुकरण जस्तै हुन्छ। यसलाई प्रभाव र प्रेरणाको रूपमा पनि लिन सकिन्छ। अनुकरणमा प्रायः अरूका कार्यप्रणालीलाई बालकले आत्मसात गर्दछ, निर्देश हुनामा बालकले अरूप्रति अधिक विश्वास राख्दछ। यही विश्वासले अरूले भनेका कुराहरूलाई बालकले पत्याएर आफ्नो जीवनलाई सुव्यवस्थित बनाउने चेष्टा गर्दछ। यसमा बालकले आफ्नो, दोस्रो व्यक्ति तथा समूहको विचारलाई अधिग्रहण गर्दछ।

देवकुमारी थापाका बालजीवन सन्दर्भित कथामा पनि बालकको यस किसिमको निर्देश प्रवृत्ति रहेको पाइन्छ। विशेष गरेर 'बाबाजस्तै', 'हाँसको चल्ला' तथा 'भविष्य निर्माण' कथामा यस्तो सन्दर्भ भेटिन्छ।

#### ४.३.१३.१ बाबाजस्तै

प्रस्तुत कथामा बालक उदयको जीवनमा आफ्नो बाबा आदर्श व्यक्तिको रूपमा रहेका छन्। बाबाझैं डाक्टर बन्न उसले अनुकरणीय पदक्षेप लिन्छ तर यस पदक्षेपमा ऊ विफल हुन्छ। बाबाको रक्तचापमापक यन्त्र चलाउने हुँदा त्यो यन्त्र उसले फुटाउँछ। यसकारण उसको बाबाजस्तै डाक्टर बन्ने सपना पनि अपूर्ण हुन्छ। बाबाले अर्को त्यस्तै रक्तचापमापक यन्त्र किनी दिने उसलाई वचन दिन्छन्। उसले बाबाको उक्त वचनलाई सहर्ष स्वीकार गर्छ। बाबाले दिएको वचनप्रति विश्वस्त रहनाले पछि ऊ स्वयम् काल्पनिक संसारमा विचरण गर्न पुग्छ। अतः बाबाले दिएको वचनलाई उसले वास्तविक ठान्छ। मनोविज्ञानमा यस निर्देशलाई व्यक्ति निर्देश भनिन्छ।

### ४.३.१३.२ हाँसको चल्ला

बालक दीपकको जीवनमा आदर्श व्यक्ति कोही छैन। आफ्ना बाबु, माइज्यू तथा बजै उसका अभिभावकका रूपमा रहेका छन्, तथापि ऊ कसैसित विश्वस्त बन्न सकेको छैन। सानीआमा नजाती हुन्छन् भनेर मावलकाहरूले गरेको कुरामा उसको विश्वास छैन तापनि यसले उसको बालहृदयमा गहिरो प्रभाव पारेको देखिन्छ। फलस्वरूप, कुखुराको पोथीले हाँसको चल्ला कसरी काढी ?, हाँसको चल्लालाई किन माया गरेकी ? जस्ता प्रश्नहरू उसको मनमा बारम्बार उठेको देखिन्छ। यसलाई बालकको 'आत्मनिर्देश प्रवृत्ति' मान्न सकिन्छ। आत्मनिर्देश प्रवृत्तिमा बालकको आफ्नै विचारको सुदृढीकरण हुन्छ। आफ्नै विचारबाट ऊ प्रभावित भइरहन्छ। यसले बालकको वास्तविक व्यवहारमा बाधा पनि उत्पन्न गर्दछ। यहाँ दीपकले कुखुराको पोथी हाँसको चल्लाको सानीआमा हुने पर्ने हो अनि सानीआमा भएकी भए हाँसको चल्लालाई माया नगर्नु पर्ने हो भन्ने विचार बनाएको छ। यस विचारबाट नै ऊ अधिक प्रभावित भएको छ।

### ४.३.१३.३ भविष्य निर्माण

बालक नरेशमा पनि निर्देश प्रवृत्ति पाइन्छ। ऊ आफ्ना आमा-बाबा दुवैबाट जर्मनेलीहरूबारे जान्ने र बुझ्ने प्रयास गर्दछ। बाबाले आफ्नो तर्फबाट स्वाभाविक रूपले जर्मनेलीहरूबारे उसलाई धेरै कुरा सुनाउँछन्। आमाले सचेत रूपले सुनाउँछिन्। यसबाट उसको बालमस्तिष्कमा जर्मनेलीहरूबारे सकारात्मक-नकारात्मक दुवै किसिमको विचार स्थापित हुन्छ। बाबुबाट सुनेका कुराले ऊभित्र प्रतिहिंसाको भावना जन्मिन्छ भने आमाका कुराले जर्मनेलीहरूप्रति आदरभाव जन्मिन्छ। अतः पहिले ऊ बाबुका कुराप्रति विश्वस्त हुन्छ अनि पछि आमाका कुराले कृतज्ञ बन्छ अर्थात् नरेशले अभिभावक दुवैका कुरालाई आत्मसात गरेको छ। बालकको यस सहमतिलाई मनोविज्ञानमा व्यक्ति निर्देशकै रूपमा लिइएको पाइन्छ।

## ४.३.१४ कथामा नैतिक चेतना

बालकको जीवनमा नैतिक चेतनाको अहम् भूमिका रहेको हुन्छ। बालकको चरित्र निर्माण नैतिकताको बलमा चलायमान हुन्छ। मानिसको चेतनामा नैतिकताको नियम तथा मानले उसको परस्पर सम्बन्धको नियमन गर्दछ। यसले समाजप्रति उसको व्यवहारको प्रतिविम्बन गर्दछ।[२१०] बालकमा नैतिक चेतनाको विकास सामाजिक वातावरणअनुकूल हुन्छ। सानैदेखि बालक आफ्ना समाजका मूल्य-मान्यता तथा नियमहरू पालन गर्न अभिप्रेरित हुन्छ। बालकको जीवनमा परेको नैतिकताको छाप कालान्तरसम्म रहन्छ। ऊ आफ्नो जीवनमा नैतिक व्यवहारको अभ्यास गरिरहन्छ। यस क्रममा उसले मेहनत, प्रेम, सामाजिक उत्तरदायित्व लिनु तथा अन्य मूल्यवान् गुणहरू आत्मसात गर्नु जस्ता कुराहरू सिक्दछ।[२११] नैतिक नियमसँग सुपरिचित बालकले पनि आफ्नो व्यावहारिक जीवनमा यसलाई धेरैचोटि पालन गर्दैन भन्ने मनोवैज्ञानिकहरूको भनाई छ। साथीहरूसँगको प्रतिस्पर्धात्मक प्रवृत्तिको कारण आज असल र संयमित देखिने बालकमा अर्को दिन नैतिक विचलन आएको देखिन्छ।[२१२]

नैतिक चेतनाको दृष्टिले देवकुमारी थापाका बालजीवन सन्दर्भित कथाहरूमध्ये 'हाँसको चल्ला', 'भविष्य निर्माण', 'पदच्युत', 'बाबाजस्तै' कथाहरूलाई यसरी अध्ययन गर्न सकिन्छ-

### ४.३.१४.१ हाँसको चल्ला

दीपकको बालमस्तिष्कमा उसका मावलकाहरूले सानीआमाप्रति अनैतिकताको विचार हालिदिएका छन्। यसलाई बालमनोविज्ञानको दृष्टिबाट हानिकारक मानिन्छ। सानीआमा

[२१०] ...'आयुवर्ग', पृ. २६३
[२११] ...'आयुवर्ग', पृ. २६९
[२१२] एरिक्सन, 'चाइल्डहुड', पृ. २६६

भनेको नराम्रो अथवा नराम्रो व्यवहार गर्ने व्यक्ति हो भन्ने कुरालाई उनीहरूले जोड दिएका छन्। यसलाई उनीहरूको गैर-नैतिक जिम्मेवारीपूर्ण व्यवहार भन्न सकिन्छ। यसले दीपकको बालमानसिकतामा गहिरो असर पारेको छ। यसबाट बाँच्नलाई ऊ स्वयम् प्रयासरत छ। सानीआमाले अर्काको सन्तानलाई हेलाहोचों गर्ने भएदेखि कुखुराको पोथीले हाँसको चल्लालाई माया नगर्नु पर्ने थियो, ओत नदिनु पर्ने थियो भन्ने उसको नैतिक विचार देखिन्छ। ऊ सोच्छ- हाँसको चल्लाको लागि कुखुराको पोथी सानीआमा हो। यसैमा ऊ तर्क गरिरहन्छ। तर्कमात्र होइन, यसमा उसको परम्परागत सामाजिक मूल्य-मान्यता तथा नियम-कानूनप्रति नैतिक आग्रहजस्तो देखिन्छ। नयाँ सामाजिक मूल्य-मान्यताको उद्बोधनजस्तो पनि देखिन्छ।

### ४.३.१४.२ भविष्य निर्माण

नैतिक दृष्टिकोणले नरेशको बाबु कृष्णबहादुरको अपेक्षा आमा पार्वतीको भूमिकालाई यहाँ मुख्य मान्न सकिन्छ। व्यावहारिक रूपले आमा नरेशको भविष्यप्रति सचेत रहेकी छन्। घरको परिवेशले पनि यसलाई पुष्टि गर्छ। बालकको व्यक्तित्व विकासमा परिवारको ठुलो भूमिका हुन्छ। एउटा बालकले कुनै पनि कार्य गर्दा उसलाई नैतिक समर्थन चाहिन्छ।[२१३] यस्तै समर्थनमा पार्वती उभिएकी छिन्। सफा, सुग्धर घरको परिवेश बनाएर पार्वतीले यस्तै नैतिक चेतनाका उदाहरण प्रस्तुत गरेकी छन्।

जुन बालकको आचरण समाजको रीतिरिवाज, संस्कृति आदि अनुकूल हुन्छ ऊ चरित्रवान् हुन्छ अनि जसको आचरण त्यसको विपरीत हुन्छ ऊ चरित्रहीन कहलाइन्छ।[२१४] पार्वतीले छोरोको बालमानसिकतामा परेको प्रभाव हटाउने प्रयासबाट यसै कुराको पुष्टि गर्छ। बालकको पहिलो गुरु उसका आमा-बाबु र पहिलो पाठशाला

---

[२१३] बोल्बी, 'एटयाच्मेन्ट', पृ. १९
[२१४] पाण्डेय, 'बालमनोविज्ञान', पृ. २३९

उसको घर भएकाले परिवारबाट प्राप्त नैतिक व्यवहारको अहम् भूमिका रहेको हुन्छ। बालकमा पारिवारिक वातावरणको गहिरो छाप पर्छ। यसकारण पार्वतीले आफू सुत्ने कोठामा बुद्धवाणी, गान्धीवाणी र शान्तिसन्देशहरू टाँगेकी छन्। छोरोलाई एकजना असल मानिस बनाउने सपना देखेकी छन्।

नैतिक व्यवहार समाजद्वारा निर्धारित हुन्छ र बालकले त्यसैको अनुसरण गरेको हुन्छ भन्ने व्यवहारवादीहरू मान्छन्। उनीहरू यस व्यवहारलाई बालमनोविकासका मूलाधार मान्छन्। व्यवहारवादी सम्प्रदायका प्रवर्तक जे बी वाट्सन भन्छन्- मलाई कुनै पनि बालक देऊ। म त्यसलाई चोर, डाँकु वा सज्जन समाजले चाहेजस्तो मानिस बनाइदिन सक्छु।[२१५] अतः बालकलाई मनोअनुकूल बनाउन सकिन्छ भन्नेमा वाट्सनको विश्वास छ। यसकारण बाल्यावस्थामा जे जति सिक्छ, सोहीअनुकूल बालकको जीवनशैली निर्धारित हुन्छ[२१६] भन्ने नैतिकतावादी कुराहरू सनाएर आमाले आफ्नो नैतिक जिम्मेवारी पुरा गरेकी छन्। छोरोले पछि गएर त्यसैलाई अवलम्बन गर्छ र आफूलाई नैतिक दृष्टिकोणले सचेत बनाउने प्रयास गर्छ।

### ४.३.१४.३ पदच्युत

बालपात्र ज्योतिले उसका कान्छा बालाई सर्वस्व मानेको छ। उसको लागि कान्छा बा हिरो हो। ऊ सोच्छ- कान्छा बाको स्थान आमा-बाबाको भन्दा पनि उच्च छ। आफ्नो हरेक समस्याको निराकरण कान्छा बाद्वारा हुन्छ भन्ने उसको विश्वास छ। कान्छा बाको आडमा नै ऊ जिउँछ। कान्छा बालाई ऊ आफ्नो कवजझैं मान्छ। साथीभाइसँग प्रतिद्वन्द्वीताको रूपमा उभिनमा कान्छा बाकै सहारा लिन्छ। यसको मुख्य कारण

---

[२१५] पौडेल, 'आधुनिक', पृ. ३२२

[२१६] पाण्डेय, 'बालमनोविज्ञान', पृ. ०१-०२

बालकहरू आफूसँग खेल्ने, परेको बेलामा साथ दिने अभिभावकप्रति अधिक झुकाउ राख्दछन् र आपद परेका बेलामा उनीहरूलाई नै सम्झन्छन् भन्ने देखिन्छ।[२१७]

वस्तुतः कान्छा बाप्रति उसको अगाध श्रद्धा छ। अटुट प्रेम सम्बन्ध छ। कान्छा बाले प्रत्येकपल्ट उसलाई सहयोग गर्छन्। यसले उसमा नैतिक आचरण निर्माण गर्दछ, तर कान्छा बाप्रति रहेको आदर्श तथा प्रेम कान्छा बाकै अनैतिक व्यवहारबाट पदच्युत हुन्छ। आफ्नी आमासँग कान्छा बाको अनैतिक व्यवहार यसको मूल कारण देखिन्छ। बालकले घर-परिवारका जुन व्यक्तिलाई आफ्नो आदर्श मान्छ, त्यस्ता व्यक्तिले अनैतिक व्यवहार प्रदर्शन गर्दा बालकमा नैतिक विचलन आउँछ। ज्योतिको उक्त चरित्रमा यस्तै नैतिक विचलन देखिन्छ। उसको नैतिक चेतनालाई कान्छा बाको अनैतिक व्यवहारले अवरूद्ध गरेको छ। कान्छा बाले घर छाडेर गएको बुझेपछि उसको बालहृदयमा रहेका कान्छा बाप्रतिको श्रद्धा, प्रेम तथा आदर्श पनि तोडिन्छ। कान्छा बालाई भनी ल्याइएको गुराँसको फुल आमाको कपालमा सिउरी दिन्छ। कान्छा बाप्रति रहेको आदर्शत्वको उच्च स्थानमा आफ्नी आमालाई उभ्याउँछ।

### ४.३.१४.४ बाबाजस्तै

बालपात्र उदयको नैतिकतालाई हेर्नाका लागि उसको आमा-बाबाको नैतिक व्यवहारलाई पनि बुझ्नु पर्छ। बालकहरू प्रायः आमासँगको सम्पर्कमा नै धेरै रहन्छन्। जन्मदेखि नै आमाको स्याहारसुसारमा रहनाले बालकमा आमाको प्रभाव बढी मात्रामा परेको हुन्छ, तथापि बालकको उमेर वृद्धिसितै उनीहरूमा आएका मानसिक, शाररिक तथा नैतिक चेतनाका कारण उनीहरू विपरीत प्रवृत्तिगामी पनि बन्दै जान्छन्। उदयको यस्तै विपरीतगामी प्रवृत्ति देखिन्छ।

[२१७] पौडेल, 'आधुनिक', पृ. २६०

नैतिक दृष्टिकोणले बालकलाई दण्डबाट नभएर अनुकरणीय व्यवहारबाट नैतिक शिक्षा दिन पर्छ। यस सन्दर्भबाट उषाको नैतिक चरित्र कमजोर देखिन्छ। उनले गल्ती गरेको खण्डमा छोरोलाई दुई थप्पड लगाउँछिन्। नैतिक दृष्टिले सचेत बालकहरू आफूभित्र धेरै पीडाजनक कुराहरू दबाएर बाँच्छ। यसले तिनीहरूलाई सम्वेदनशील बनाउँछ। अभिभावकमा आउने भावनात्मक परिवर्तनलाई पनि सूक्ष्म तरिकाले निरीक्षण गर्छ।[२१८] अभिभावकीय सन्दर्भमा प्रकाशको नैतिक चरित्र सार्थक देखिन्छ। छोरोको गल्तीमा आक्रोशित भएर पनि वातावरणलाई साम्य बनाउने उनको स्वभाव बालमनोविज्ञानका दृष्टिले उच्च देखिन्छ। अब्राहम कार्डिनरको सिद्धान्तअनुसार आमा-बाबाले आफ्नो संस्कृतिअनुसार व्यवहार गर्छन् र बालकलाई पनि त्यही प्रकारको शिक्षा दिन्छन्। बालकहरू पनि अरूजस्तै हुने प्रयत्न गर्दा समाजका सदश्यहरूले प्रयोग गरेका प्रवृत्तिलाई अवलम्बन गर्छ।[२१९] यहाँ प्रकाशले पनि आफ्नो संस्कारअनुरूप छोरोलाई उषाले झैं दण्ड दिएका छैनन्। छोरोको मनोभावना बुझेर अर्को रक्तचापमापक यन्त्र किनिदिने वचन दिन्छन्। उनी छोरोको गल्तीलाई अनुकरणीय पदक्षेप मान्छन्। बाबाको यस्तै आचरणले छोरोको नैतिक चेतनामा सकारात्मक प्रभाव पर्छ।

### ४.३.१५ कथामा कल्पना

कल्पनाले बालकलाई सिर्जनशील बनाउँछ। बालकको सिर्जनात्मक अभिरुचि कल्पनाद्वारा चलायमान हुन्छ। वैज्ञानिक आविष्कारकहरू यस्तै कल्पनाशक्तिको कारण भएका मनोवैज्ञानिकहरू बताउँछन्, तथापि बालकलाई काल्पनिक कुराहरू आवश्यकताभन्दा धेरै सिकाउनु हुँदैन। यसले तिनीहरूलाई यथार्थदेखि टाढा लैजान्छ भन्ने समकालीन मनोवैज्ञानिकहरूको विचार छ।

---

[२१८] पौडेल, 'आधुनिक', पृ. ३१७

[२१९] घर्ती, 'मनोविश्लेषणात्मक', पृ. ५०-५१

बालकका अनुभव अत्यन्त सीमित हुन्छ। ऊ जुन चिजलाई देख्दछ त्यसैको कल्पना गर्नामा समर्थ हुन्छ। यसले गर्दा बालकमा प्रायः दृश्य प्रतिमा रहेको हुन्छ।[२२०] अतः बालजीवनमा प्रतिमा जति स्पष्ट अनि प्रबल हुन्छ, त्यति अरू कुनै अवस्थामा हुँदैन। यो उसको उमेरसँगसँगै परिवर्तित हुँदै पनि जान्छ। १० देखि १३ वर्षका बालकहरू प्रायः सम्भवको नै कल्पना गर्दछ।[२२१] थापाले बालकको जीवनमा यस्तो कल्पनालाई 'बाबाजस्तै', 'हाँसको चल्ला', 'देखेका कुरा' र 'भविष्य निर्माण' कथाहरूमा प्रयोग गरेकी छिन्।

### ४.३.१५.१ बाबाजस्तै

उदयले पाखुरामा बाँधिसकेको रक्तचापमापक यन्त्र भयको कारण फुटाई पठाएको छ। आमाले यस कार्यमा उसलाई दण्ड पनि दिएकी छिन्। बाबाले भने त्यस्तै अर्को यन्त्र किनी दिने वाचा गरेका छन्। यहीँदेखि उदयमा कल्पनात्मक शक्तिको सञ्चारण भएको छ। मानव जीवनमा जति मानसिक प्रक्रियाहरूको विकास हुन्छ, ती सबमा पहिले कल्पना शीघ्र विकसित हुन्छ। यसकारण बाल्यजीवनमा प्रतिमाको स्पष्टता अधिक रहन्छ। उसको कल्पनामा प्रतीकको सामञ्जस्य टड्कारो हुन्छ।[२२२] यस दृष्टिले उदयमा पनि आफू बाबाजस्तै डाक्टर बनेको तथा रोगीहरूलाई कुनै हड्बड नगरीकन स्याहारेको काल्पनिक प्रतिमाको सामञ्जस्य देखिन्छ।

### ४.३.१५.२ हाँसको चल्ला

बालक दीपक बाबुले सानीआमा भित्र्याउने कुरा र कुखुराको पोथीले हाँसको चल्ला डुलाएकी सादृश्यतामा आफ्नो कल्पनाशक्तिको प्रयोग गर्दछ। सानीआमाले हेला गर्छिन्,

---

[२२०] पाण्डेय, 'बालमनोविज्ञान', पृ. १८६

[२२१] पाण्डेय, 'बालमनोविज्ञान', पृ. १८७

[२२२] पाण्डेय, 'बालमनोविज्ञान', पृ. १८७

नराम्रो व्यवहार गर्छिन् भन्ने कुरा उसको बालहृदयमा गाढा हुँदै जान्छ। मावलबाट सुनेका यस्तो अनैतिक विषयबाट उसको कल्पनात्मक संसार प्रभावित छ। यसले उसको मानसिक स्थितिमा द्वविधाको सिर्जना गरेको छ। उसको यो द्वविधा एउटी राम्री स्वास्नी मान्छेले उसको हात पक्रेर घरभित्र लगेपछि अनि म्वाई खाएपछि हटिएको छ। त्यहींदेखि उसको मनमा बसेको सानीआमाको नजातीको भाव पनि तोडिएको छ। कुखुराले चल्ला डुलाएकी र हा ! हा ! गर्दा आफ्ना पखेटाले बालकहरूलाई छोपेकी कल्पनात्मक सादृश्यतामा आफ्नी सानीआमालाई पाएको छ।

### ४.३.१५.३ देखेका कुरा

यस कथामा बालक रिट्ठे र उसको साथी छ। तिनीहरूका बालमानसिकता अङ्ग्रेजी सिनेमाले प्रभाव पारेको छ। तिनीहरू घुम्न आउने पर्यटकहरू देखेर यौनका कुराहरू गर्छन्। यही प्रभावस्वरूप तिनीहरू कल्पनात्मक अभिव्यक्ति पोख्छन्। स्त्री-पुरुष कुनै स्थानमा घुम्न आए, बस्न आए भने यौन क्रियाकलाप गर्छन् भन्ने सोच्छन्। यस्तो मानसिकता तिनीहरूका काल्पनिक कुराले बनाएको हो। बालकमा बौद्धिक क्षमता परिमित हुन्छ भन्ने यो एउटा दृष्टान्त पनि हो। यौन चेतनासम्बन्धी अपर्याप्त ज्ञानको कारण नै तिनीहरूमा यस किसिमको कल्पनात्मक संसारको सिर्जना भएको छ।

### ४.३.१५.४ भविष्य निर्माण

बालक नरेशमा जर्मनेलीहरूप्रति रहेको प्रतिहिंसाको भावनामा उसको कल्पनात्मक शक्तिले कार्य गरेको छ। बालक प्रायः वास्तविक अनि काल्पनिक पदार्थमा भेद गर्न सक्दैन। कथामा भनेका कुराहरूलाई जस्ताको त्यस्तै कल्पनामा उतार्छन्, जस्तो कि त्यो वास्तविक वस्तु हो।[२२३] कृष्णबहादुरले जर्मनेलीहरूले गोली हानेका कुरा होस् वा

[२२३] शुक्ल, 'बालमनोविज्ञान', पृ. ९१-९२

पार्वतीले जर्मनेलीहरू राम्रा हुन्छन्, औषधी बनाउने कार्य पनि गर्छन् भनेका कुरा होस् नरेशले वास्तविक ठानेर स्वीकार गर्छ। यसका साथै जसले अरूलाई दुःख दिन्छन् तिनीहरू दुष्ट हुन्छन् भन्ने आमाको नीतिवादी कुरालाई पनि स्वीकार्छ। उसको यस स्विकारोक्तिमा कल्पनाले नै परोक्ष रूपमा कार्य गरेको छ। कल्पनाकै सादृश्यतामा उसले काठलाई बन्दुक पनि सम्झिएको छ अनि जर्मनेलीहरूलाई मार्ने ठानेको छ।

### ४.३.१६ कथामा भोक

'भोक' एक मानसिक संवेग हो। यो खाद्यानुसन्धान मूल प्रवृत्तिसित सम्बन्धित हुन्छ। यो विशेष जीवित प्राणीसँग सम्बन्धित हुन्छ। आफूलाई बचाउन तथा आफ्नो रक्षा गर्नाका निम्ति यसले कार्य गर्दछ।

देवकुमारी थापाले एकाध कथाहरूमा बालकको भोकलाई चिनाउने प्रयास गरेकी छिन्। यसका निम्ति यहाँ उनको 'भोक तृप्ति' र 'गति-अगति' दुईवटा कथाहरूलाई लिन सकिन्छ-

#### ४.३.१६.१ भोक तृप्ति

यस कथामा एउटा सिन्के बालकको उपस्थिति देखिन्छ। ऊ कथाको प्रारम्भमा आफ्नो भोकको कुरा गर्छ। आमालाई उसले भोककै कारण पुकार्छ। दुईपटक आफ्नो भोकको अभिव्यक्ति गर्छ। पछिल्लोपल्टभन्दा दोस्रोपल्ट अलिक क्रोधित् भएर भोकको भावलाई अभिव्यक्त गर्छ। ऊ आमाप्रति लार्डिंदैन। आफ्नो सुरक्षाका लागि उसले सोझै भोक लागेको कुरा गर्छ, तर आमा केही हदसमम्म अचल रहन्छिन्।

कथाको पछिल्लो भागमा अर्थात् बाटामा, मन्दिरमा मागेर फर्किएपछि त्यस बालकले आमाको हातबाट भाँडा खोस्छ। भाँडाभित्र रहेका सुन्तलाका केस्रा र केराका

चाना जे पायो त्यही मुखमा खपाखप हाल्छ। उसको यस्ता क्रियाव्यापारले पनि उसको भोकलाई दर्शाउँछ।

### ४.३.१६.२ गति-अगति

सन्तेले मालिकको घरमा पूजा लगाइएकाले दिनभरि खान पाएको छैन। भोको बसेर उसले दिनभरि कामधन्दा गर्छ। कामधन्दा सकिएपछि र आफ्नो खाने पालो आएपछि उसले अनेकौं स्वादिष्ट व्यञ्जनहरू खपाखप खान्छ। के खानु, कति खानु भन्ने उसले सोच्दैन। ऊ दिनभरि भोकले असाह्य छ, त्यसैले भुँडी डम्म भएसम्म उसले खान्छ। यसरी धेरै खाएको कारण उसको अकाल मृत्यु पनि हुन्छ। अतः उसले आफ्नो ज्यानको लागि खाएका परिकारहरू नै उसको मृत्युको कारण बन्छ।

### ४.३.१७ कथामा खेल

बालजीवनमा खेलको महत्त्वपूर्ण स्थान र भूमिका रहेको हुन्छ। खेलको माध्यमबाट बालकको अव्यक्त भावना प्रस्फुटित हुन्छ भन्ने मनोवैज्ञानिकहरू मान्छन्। खेललाई बालकको बालजीवनको ऐना पनि भन्न सकिन्छ। बालक आफ्नो मानसिक तथा संवेगात्मक सङ्घर्षको प्रकाशन आफ्नो खेलौनाद्वारा गर्दछ। यदि कुनै बालकलाई आफ्नो आमा-बाबु अथवा शिक्षकप्रति घृणा रहेको हुन्छ भने घृणाको भाव उसले आफ्नो खेलौनाद्वारा प्रदर्शन गर्दछ।[२२४] अन्ना फ्रायड र मेलिन क्लाइनले बालकको अचेतन मनमा अनेकौं प्रकारका इच्छा तथा आकाङ्क्षाहरू दबिएका हुन्छन्। जाग्रत अवस्थामा उसले चाहेको कुराको पूर्ति हुँदैन र पूरा भए पनि त्यसलाई नैतिक तथा सामाजिक प्रतिबन्धहरूले गर्दा तृप्ति लिन पाउँदैन भनेर भनेका छन्।[२२५]

---

[२२४] पाण्डेय, 'बालमनोविज्ञान', पृ. १८७

[२२५] श्रेष्ठ र अर्जेल, 'बालमनोविज्ञान', पृ. १६६

बालकको खेलका प्रकार अनेकन् हुन्छन्। उमेरका आधारमा पनि तिनीहरूका खेलको विषय र रुचि फरक फरक हुन्छ। छोराहरू छोरीहरूभन्दा ज्यादा तीव्र र शक्ति लाग्ने खेल रुचाउँछ भने छोरीहरू कम शक्ति खर्च हुने खेल खेल्ने गर्छ।[२२६] खेल खेल्दा बालकले स्वयम्लाई बालक सम्झिँदैन। वयस्कको रूपमा आफूलाई परिचित गराउन चाहन्छ। आफ्नो रिस, प्रेम, घृणा, दया, हर्ष इत्यादि बालकले खेलको माध्यमबाट अभिव्यक्त गर्दछ। खेल त्यसैले आत्म निको पार्ने एउटा माध्यम मानिन्छ।[२२७]

देवकुमारी थापाले आफ्ना कथाहरूमा बालकको खेललाई उति प्राथमिकता दिएकी छैन। 'भविष्य निर्माण', 'बाबाजस्तै' र 'हाँसको चल्ला' शीर्षक कथामा बालकको खेलको प्रसङ्ग उठाएकी छिन्।

### ४.३.१७.१ भविष्य निर्माण

५ वर्षको नरेश यस कथाको मूल बालपात्र हो। उसलाई भारतवर्षको एक श्रेष्ठ व्यक्ति बनाउनमा उसकी आमा भावनात्मक रूपले सचेत छिन्। विश्वयुद्धकालीन वातावरणीय प्रभावबाट आफ्नो छोरोमा के-कस्ता प्रभाव पर्ने हुन्, त्यस कुराप्रति उनी बढी चिन्तित छिन्। कोरियाको युद्ध, तिब्बतमा कम्युनिष्टहरूको आक्रमण, नेपालको जनक्रान्ति, रूस र अमेरिकाको मतभेदजस्ता युद्ध विषयक घटनाहरूदेखि छोरोलाई जोगाउन उनी प्रयासरत छिन्। नरेशका बालसखाहरू घरदेखि बाहिर यस्तै युद्ध विषयक बालखेलहरू खेलिरहन्छन्। कोही कप्तान, कोही कर्णेल भई विश्वयुद्धको वातावारणीय प्रभावस्वरूप खेल खेलिरहेका छन्। कथामा वर्णित् केटाकेटीहरूले यस प्रकारको युद्ध विषयक खेल खेलेर त्यही विश्वयुद्धकालीन परिस्थितिको परिचय दिइरहेका छन्। दुश्मनलाई मार्नाका निम्ति

[२२६] बोल्बी, 'मोडर्न', पृ. ८४
[२२७] एरिक्सन्, 'चाइल्डहुड', पृ. २००

आवश्यक हात-हतियारको प्रयोग गर्नुपर्छ भन्ने बुझेर नै तिनीहरू त्यस्ता खेल खेलिरहेका छन्। बालक नरेशले पनि आफ्ना बाबालाई जर्मनेलीहरूले गोली हानेको प्रतिवादमा काठलाई बुन्दक बनाई त्यसैद्वारा जर्मनेलीहरूप्रति जाई लाग्ने खेलको प्रदर्शन गर्छ।

### ४.३.१७.२ बाबाजस्तै

उदय र उसका साथीहरू घरबाहिर प्रायः खेल खेलिरहेका घटनाको वर्णन प्रस्तुत कथामा छ। तिनीहरूले खेलेका खेल कस्तो खेल त्यो स्पष्ट छैन। यस प्रकारको अस्पष्टबाट उदयको खेलसम्बन्धी कुनै मनोवैज्ञानिक पक्ष विश्लेषित हुँदैन। ऊसँगै उसका साथीहरूको पनि उक्त खेलबाट कुनै पक्ष विश्लेषित हुन सकेको छैन।

### ४.३.१७.३ हाँसको चल्ला

प्रस्तुत कथामा 'गाउँखाने कथा' खेलको रूपमा देखिन्छ। बालपात्र दीपक आफ्नी बजै र मामाका छोराहरूसँग उक्त खेलमा सम्मिलित छ। आफ्नो पालो आएपछि 'तीखा चुच्चाका चेपटा चुच्चा के हो?' (पृ. ३७) भनेर उसले प्रश्न सोध्छ। उसको प्रश्नको जबाफ कसैले दिन सक्तैन। बजैले त्यस्तो गाउँखाने कथा कहाँ हुन्छ? (पृ. ३७) भनेर दीपकको स्वनिर्मित गाउँखाने कथालाई स्वीकार गर्दिनन्। दीपकले 'हाम्रो पोथीको हाँसको चल्ला' (पृ. ३७) हो भनेर उत्तर बनाउँछ। ऊ सोच्छ- 'तीखा चुच्चाका चेपटा चुच्चा' अथवा कुखुराको पोथीको हाँसको चल्ला पूर्ण सार्थक छ, किनभने उसले कुखुराको पोथीले हाँसको चल्ला निकालेकी देखेको छ। आफूसँगै पोथीले हाँसको चल्लालाई घुमाएकी देखेको छ र चील आउँदा ओताएकी देखेको छ। त्यसैको सादृश्यतामा उसले कुखुराको पोथीलाई हाँसको चल्लाको सानीआमा बुझ्छ। अतः यस गाउँखाने कथाको माध्यमबाट बालक दीपकले आफ्नो बालमस्तिष्कमा मावलका सानीआमा नजाती हुन्छन्

भन्ने कुरालाई तुलनात्मक रूपमा हेरेको छ। यसै गाउँखाने खेलबाट उसको आन्तरिक हृदयमा परेको प्रभावको संश्लेषण पनि भएको छ।

### ४.३.१८ कथामा प्रदर्शनवृत्ति

मनोविश्लेषणमा प्रदर्शनवृत्तिलाई महत्त्वपूर्ण पारिभाषिक शब्दको रूपमा व्याख्या गरिन्छ।[२२८] फ्रायडले प्रदर्शनवृत्तिको मूल जरा यौनसँग गाँसिएको मानेका छन्। बालकहरू स्त्री-पुरुषको शारीरिक इन्द्रियहरूको बेमेलबाट प्रभावित हुन्छ। फलस्वरूप तिनीहरू आफ्नो अङ्गहरूको प्रदर्शन गर्न मानसिक रूपले लाग्छ। अरू साथीसँग भएका कुराहरू आफूसँग के-के छन् ? र के-के छैनन् ? भनेर छुट्ट्याउन थाल्ने भएपछि यस्तो वृत्तिको विकास हुन्छ भन्ने फ्रायडको विचार छ। मनोविश्लेषणअनुसार यस्तो प्रदर्शनवृत्तिको शारीरिक आधारचाहिँ केटाको लिङ्ग र केटीको योनीप्रदेश हुन्छ। यसलाई हेर्ने, देखाउने र छुने रहर नै पछि अप्रत्यक्ष कुराहरूतिर प्रवाहित हुँदा सौन्दर्य, कला र साहित्य आदिको उत्पति भएको मानिन्छ।[२२९]

थापाका बालजीवन सन्दर्भित कथाहरूमा बालकको यस प्रकारको प्रदर्शनवृत्तिको प्रयोग प्रायः भेटिँदैन। ‘भविष्य निर्माण’ र ‘रहर’ कथा यसको उदाहरणको रूपमा लिन सकिन्छ-

### ४.३.१८.१ भविष्य निर्माण

यस कथामा बालक नरेशमा प्रदर्शनवृत्ति स्पष्ट देखिन्छ। उसको यो प्रदर्शनवृत्ति यौनिक अङ्गसँगको सादृश्यमा छैन। फ्रायडको वर्गीकरणअनुसार कठोर वस्तु, छुरी, चुप्पी, बन्दुक आदि वस्तुहरू पुरुष इन्द्रिय लैङ्गिक प्रतीक मानिन्छ। यस दृष्टिले नरेशले

---

[२२८] पौडेल, ‘आधुनिक’, पृ. २४६

[२२९] पौडेल, ‘आधुनिक’, पृ. ७२-७३

काठलाई बन्दुकको रूपमा लिएर आमा-बाबुअघि आएर देखाउनमा उसको अचेतन मनमा रहेको यौन मान्न सकिन्छ।

साधरण अर्थमा नरेशलाई युद्ध विषयक घटकहरूले नकारात्मक प्रभाव पारेको देखिन्छ। उसले बाबुको पाखुरामा देखिएको विश्वयुद्धकालीन दाग जर्मनेलीहरूले गोली हानेर बनाई दिएको भन्ने बुझ्छ। बाबुलाई गोली ठोक्ने जर्मनेलीहरू क्रूर हुन् भन्ने ठान्छ। यसैको बद्ला लिने उसको अभीष्ट छ। यसलाई कथामा यसरी वर्णन गरिएको छ-

> 'नरेश एउटा लामो काठ बोकेर अजीब चालले कोठामा प्रवेश गऱ्यो। दुवैले हेरिरहेका थिए। नरेशले काठ देखाएर भन्यो, बा, हेर्नोस् त बन्दुक, यसैले म ठुलो भएर पछि जर्मनहरूलाई मार्छु।' (पृ. २)

नरेशको यस्तो क्रियाकलापलाई शक्ति प्रदर्शनवृत्तिको रूपमा पनि हेर्न सकिन्छ, किनभने शक्ति प्रदर्शन बालकले त्यसबेला गर्दछ, जब उसलाई कुनै कुरामा आत्मविश्वास रहन्छ अनि सुरक्षित महसुस गर्दछ। यसको विपरीत भए प्रदर्शनवृति नभएर आक्रमकवृति हुन्छ।[२३०] बालक नरेशले आफूलाई परिवारबाट सुरक्षित ठान्छ र यसै विश्वासका साथ उसले यस्तो प्रदर्शन गर्छ। मनोविश्लेषणमा केटीहरूले पुतलीसँग र केटाहरूले बन्दुकसँग खेल्ने यस्ता खेल उसको अचेतनसम्म पुग्ने सजिलो उपाय मानिन्छ।[२३१]

### ४.३.१८.२ रहर

यस कथामा प्रेमाको पनि प्रदर्शनवृत्ति देखिन्छ। कुमार दाइले उसकी दिदीलाई पहेंलो सारीमा राम्रो देखिइनु भएकी छ, फोटो खिँचिदिनु मन परेको छ भनेपछि उसमा यस्तो

---

[२३०] पाण्डेय, 'बालमनोविज्ञान', पृ. ११२
[२३१] एरिक्सन, 'चाइल्डहुड', पृ. २००

वृत्तिको जन्म हुन्छ। यसमा ईर्ष्यात्मक प्रवृत्तिले गर्दा उसको प्रदर्शनवृत्तिले उस्किने मौका पाएको छ। कोठाभित्र आफ्नी दिदीको सारी सकी नसकी लगाएर प्रेमाले यस्तै प्रदर्शनवृत्तिलाई उजागर गरेकी छे। सारी लगाएर यस्तो प्रदर्शन गर्नामा उसको अरूबाट प्रशंसा पाउनु धेय रहेको बुझिन्छ। त्यो सारीमा आफू पनि सौन्दयवान् देखिन्छे भन्ने उसको सोच छ। त्यसकारण कुमार दाइले माया गरून्, प्रशंसा गरून् भन्ने उसको मनोआकाङ्क्षा छ।

## ४.३.१९ कथामा पलायनवृत्ति

'पलयानवृत्ति' मुख्यतः किशोरावस्थाको आगमनदेखि बालकको जीवनमा विशेष देखिन्छ। बाल्यकालका इच्छा, आकाङ्क्षाहरू फराकिलो हुँदै जाँदा बालकमा यस किसिमको पलायन हुने स्वभाव देखिन्छ। यस समय बालक आफ्नो उपस्थितिलाई बलियो बनाउन लाग्छ। आफ्ना घर-परिवारका सदस्यहरूदेखि अन्य बाह्य वक्तिहरूको संसर्गमा आउने प्रचेष्टा गर्दछ। यसले उसको शारीरिक, मानसिक तथा बौद्धिक विकासमा आमूल परिवर्तन ल्याउन सक्छ। यसमा उसको इच्छा, आकाङ्क्षाका साथै आफ्ना आमा-बाबुको पारस्परिक सम्बन्धले पनि कार्य गर्दछ।

माह्लरले किशोर अवस्थामा बालकहरू प्रायः बाहिरी दुनियाँको सम्पर्कमा आउने कुरा गरेका छन्। यस्तै सम्पर्कबाट बालकले सामाजिक-असामाजिक गुण-अवगुणहरू अवलम्बन गर्दै जान्छ। मनोविज्ञान तथा समाजशास्त्रको अध्ययनले पनि यही कुराको पुष्टि गर्दछ। यस अध्ययनअनुसार हाम्रो समाजमा बालक-बालिकाको बिचमा पनि एउटा उपसंस्कृति हुन्छ। यो उपसंस्कृति प्रौढ संस्कृतिसित मिल्दोजुल्दो हुन्छ तापनि यसमा संवेग, इच्छा, सामाजिक स्वीकृतिको आवश्यकता तथा आफ्नोपनको भावना अधिक हुन्छ। किशोरावस्थाका बालक आफ्नो गतिविधिलाई साधारणतः सबै बालक यस्तै कार्य

गर्दछ भनेर आफूलाई उचित ठहराउँदछ। ऊ आफ्ना आमा-बाबु तथा अन्य प्रौढ व्यक्तिलाई आफूदेखि टाढा रहने सङ्केत अपत्यक्ष रूपमा गर्दछ।[२३२]

देवकुमारी थापाले किशोर जीवनमा देखिने यस्तो पलायनवृत्तिलाई पनि आफ्ना कथामा प्रस्तुत गरेकी छन्। यसमा बालकको इच्छा, आकाङ्क्षामात्र निर्भर नरहेर कहिलेकाहीँ नैतिक तथा सामाजिक स्थितिको पनि भूमिका रहेको देखिन्छ। यहाँ उनका 'एउटा अर्को वर्णसङ्कर', 'गति-अगति' तथा 'मोती हुन नसकेको आँसु' कथालाई उदाहरणका रूपमा लिन सकिन्छ-

### ४.३.१९.१ एउटा अर्को वर्णसङ्कर

उमेरको हिसाबले यस कथाकी रीता किशोरावस्थाको प्रारम्भिक चरणमा देखिन्छे। माह्वरको भनाइअनुसार जब एउटा बालक किशोर अवस्थाको पहिलो खुड्किलोमा चढ्छ, तब उसले बालकपनको कतिपय कुराहरू त्याग्दछ। अभिभावकसँगको निर्भरता छोड्दछ। यो अवस्थामा उसलाई परिवारको भन्दा बाहिरी साथीको इच्छा लाग्दछ अनि नयाँ नयाँ कुराको रुचि जाग्दछ।[२३३]

रीता आमा-बाबुका एकली छोरी हो। उसले पारिवारिक सहयोग पूर्ण रूपले प्राप्त गरेकी छे। स्कुलबाट ट्रेकिङ जानु, क्लासमेट रोडा स्मिथसँग धेरै घुलमिल हुनु यसको उदाहरण हुन्। उही स्मिथको संसर्गले ऊ स्मिथेली संस्कृति (पाश्चात्य संस्कृति)-लाई अपनाउँदै गएकी छे। आफ्नी आमाले त्यस प्रभावबाट उसलाई जोगाउने प्रयत्न गरेकी छन्, तर रीताले आफ्नो प्रेस्टिजको कुरा गरेकाले उनी असफल भएकी छन्। रीता र रोडा स्मिथको सम्बन्धले बालकहरूको आफ्नो उपसंस्कृति हुन्छ भन्ने सन्दर्भतर्फ पनि इङ्गित गर्दछ। रीता यसरी बिस्तारै आफ्नो घर-परिवारदेखि टाढिँदै गएकी छे। राति

[२३२] उषा भार्गव, सन् १९८७. *किशोर मनोविज्ञान,* जयपुर : राजस्थान हिन्दी ग्रन्थ अकादमी, पृ. २३८
[२३३] कोल्म्यान (सम्पा.), 'वर्किङ', पृ. ४२

राति पार्टीमा जाने, अबेरमा घर फर्किने भएकी छे। बालकमा देखिने यस्तो पलायनवृत्तिको मूल कारण आफूलाई बाहिरी दुनियाँको निम्ति तयार पार्नु पर्ने कारण पनि हो।[२३४]

### ४.३.१९.२ गति-अगति

सन्ते पनि किशोरावस्थाको प्रारम्भिक चरणतिरको नै देखिन्छ। ऊ कुनै धनाढ्य व्यक्तिको घरमा नोकरको रूपमा कार्य गर्छ। अर्काको घरमा नोकरको कार्य गर्नामा उसको कुनै बाध्यता देखिँदैन। त्यो कार्य उसले आफ्नो सामाजिकीकरणका रूपमा गरेको छ। आफ्ना घर-परिवारदेखि टाडिएर ऊ अर्काको घरमा कार्य गर्न आएको कुरा कतै उल्लेख छैन, तथापि ऊ आफ्ना घर-परिवार, समाजदेखि पलायन छ। आफूलाई जीवित राख्नका निम्ति वा कुनै बाध्यता र आवश्यकताको पूर्तिका निम्ति उसले घर त्यागेर यसरी कार्य गरेको प्रतीत हुन्छ।

### ४.३.१९.३ मोती हुन नसकेको आँसु

यस कथाको बालक भुन्टे पनि अर्कैके घरमा कार्य गर्छ। ऊ यसरी अन्यत्र गएर कार्य गर्नामा उसको पारिवारिक जिम्मेवारी मूल कारण देखिन्छ। ऊ आफ्ना घर-परिवारदेखि टाडिएर अर्को वातावरणमा घुलमिल भएको छ। यसरी घरदेखि टाडिनुमा उसको नैतिक कर्तव्यले काम गरेको छ। ऊ प्रत्येक हिउँदोमा पहाड फर्किन्छ अनि बर्खामा पुनः मधेस झर्छ। यसरी पहाड चढ्दा उसले आफ्ना परिवारका लागि आवश्यक खुराकहरू लिएर फर्किन्छ। अतः भुन्टे प्रत्येक वर्ष एक ठाउँदेखि अर्को ठाउँमा विस्थापित भइरहन्छ। यसलाई उसको आवश्यकता तथा बाध्यताले जन्माएको पलायनवृत्तिको कारण मान्न सकिन्छ।

---

[२३४] कोलम्यान (सम्पा.), 'वर्किङ', पृ. ४२

### ४.३.२० कथामा रचनात्मक प्रवृत्ति

देवकुमारी थापाले बालकको रचनात्मक प्रवृत्तिलाई पनि धेरै महत्त्व दिएकी छैन। उनको 'भविष्य निर्माण' कथाको बालक नरेशमा मात्र यस्तो प्रवृत्ति पाइन्छ।

### ४.३.२०.१ भविष्य निर्माण

'रचनात्मक प्रवृत्ति' बालकको जन्मजात प्रवृत्ति हो। यो उसको उमेरसँगसँगै विकसित हुँदै जाने भए तापनि नरेशको जीवनमा यसको ठोस अभिव्यक्ति पाइँदैन। उसका बाबु फौजी हो। उनले जर्मन विरूद्ध विश्वयुद्ध लडेका छन्। यसरी युद्ध लड्दा उनले जर्मनेलीहरूबाट गोली खाएका छन्। त्यसको प्रतिकारमा छोरोले जर्मनेलीहरूलाई गोली ठोकेर मार्ने मन बनाउँछ। यसका निम्ति उसले काठलाई बन्दुक बनाउँछ। यसरी काठलाई बन्दुकमा रूपान्तरित गर्नु उसको रचनात्मक प्रवृत्ति हो, तर नरेशको रचनात्मक प्रवृत्तिले ध्वंशात्मक पक्षतिर सङ्केत गर्छ। फलस्वरूप यस्तो कार्यमा उसकी आमाले वैकल्पिक बाटो निर्माण गरेकी छन्, जसले उसलाई राम्रो कार्य गर्नातिर अभिप्रेरित गर्छ।

### ४.३.२१ कथामा बाल अपराध

बालजीवनमा 'अपराध' एक महत्त्वपूर्ण पक्ष मानिन्छ। यो बालकको जन्मजात मानसिक कमजोरी, इच्छाको प्रबलता, ईर्ष्या, साथी-सङ्गीका प्रभाव, आत्महीनता तथा बहादुरी कुनै पनि कारणहरूबाट हुन सक्दछ। मुख्यतः अपराध एक प्रकारको समाजविरोधी कार्य हो, तर अपराध र बाल अपराधमा भिन्नता छ। बालकले जब कानुनी मान्यता विपरीत आचरण गर्छ, त्यस्तो समाजविरोधी आचरणलाई बाल अपराध भनिन्छ। यस्तो अपराध गर्नेलाई बाल अपराधी मानिन्छ। अपराधमा व्यवहारगत कुनै भिन्नता हुँदैन। यसमा खालि उमेरको भिन्नता हुन्छ। उमेरको यस्तो निर्धारण समाजअनुसार भिन्न भिन्न हुन्छ।...नेपालमा १६ वर्ष निर्धारण गरिएको छ, भारतमा १६ वर्ष र युरोपियन

मुलुकहरूमा २१ वर्षलाई।[२३५] उमेरगत दृष्टिले अपराधमा भिन्नता देखिए तापनि बालजीवनमा अपराध विशेष अभिभावकीय संरक्षणमा अनावश्यक माया तथा तिरस्कारका कारण हुन्छ। यस अतिरिक्त बालकको इच्छा साथै वंशानुगत, पारिवारिक विघटन, सामाजिक तथा आर्थिक कारणले हुने गर्दछ। थापाका 'रिट्टेको प्रश्न' र 'दुई रूप' कथामा यस्तो बाल अपराधको प्रसङ्ग भेटिन्छ।

### ४.३.२१.१ रिट्टेको प्रश्न

प्रस्तुत कथाको मूल पात्र रिट्टे हो। ऊ शारीरिक, मानसिक तथा बौद्धिक रूपमा सबल पात्र हो। यसकारण कथकले पनि उसलाई उमेरभन्दा परिपक्व मानेको छ। सम्पूर्ण क्षेत्रबाट सबल देखिए तापनि आन्तरिक इच्छाको कारण उसले चोरी गर्छ। मनोवैज्ञानिक अध्ययनअनुसार जुन बालकलाई मनोरञ्जनको सुविधा प्राप्त हुँदैन, ऊ अपराधी बन्छ। परिणामतः ऊ यस्तै अपराधिक कार्यमा समय व्यतित गर्न लाग्दछ।[२३६] रिट्टेलाई पनि मनोरञ्जनको साधन उपलब्ध छैन। यसो हुनामा उसको परिवारको आर्थिक स्थिति मुख्य कारण छ। दरिद्र अवस्थामा रहनाले बालकको अनेकौं इच्छाहरूको दमन हुन्छ। यसबाट बालकले असामाजिक व्यवहारहरूको प्रदर्शन गर्छ। रिट्टेको जीवनमा नैतिक ह्रास आउनुमा उसको दमित बालइच्छाको प्रबलता देखिन्छ, यसैले चोरी गर्नातिर ऊ अभिप्रेरित भएको छ। यस्तो चोरीको मूल कारण बालकको अतृप्त इच्छाशक्तिलाई मानिन्छ।[२३७] मान्छेले साना साना भूल पनि कारणबिना गर्दैन। व्यक्तिको मनोविकृति एवम् व्यक्तित्व निर्माणका पछाडि विशिष्ट कारणहरू हुन्छन् भन्ने मनोनियतिवाद सिद्धान्तको मान्यता छ।[२३८]

---

[२३५] भगवानचन्द्र ज्ञवाली, वि सं २०६३, *असामान्य मनोविज्ञान,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, पृ. २५५

[२३६] पाण्डेय, 'बालमनोविज्ञान', पृ. १२३

[२३७] शुक्ल, 'बालमनोविज्ञान', पृ. १७६

[२३८] घर्ती, 'मनोविश्लेषणात्मक', पृ. २०

बाल अपराधमा आर्थिक स्थितिको के-कस्तो भूमिका हुन्छ भन्ने क्रममा जगदानन्द पाण्डेय लेख्छन्- आर्थिक अवस्थाकै बाल अपराधमा हात रहँदैन, यद्धपि यसबाट यस्तो वातावरणको सिर्जना हुँदछ, जसले बालकलाई अपराध गर्न प्रोत्साहित गर्दछ।[२३९] दोकानबाट औँठी चोर्नु, सिनेमाका नायकहरूले झैं पोस्टरमा आफ्नो तस्विर छाप्ने इच्छा राख्नु बालक रिट्ठेको जीवनमा आर्थिक स्थितिले जन्माएका कारणहरू हुन्। उसको यस्तो अपराधमा बालक सम्झी दुई-चार थप्पड लगाएर पुलिसले छाडि दिन्छ। यस घटनासँग बेकारियाको भोक र अभावद्वारा सताइएको मान्छेले बढीभन्दा बढी चोरीको अपराध गर्ने र त्यसो गर्दा उनलाई मनोवैज्ञानिक सुख मिल्ने कुरासँग मेल खान्छ। यसका लागि एकैचोटि ठूलो र निर्दयी दण्ड दिनुभन्दा अपराध हेरी सानो वा ठुलो दण्ड दिनु पर्ने कुरा आउँछ। यसलाई 'मनोवैज्ञानिक सुखवाद' भनिन्छ।[२४०] रिट्ठेले चोरी किन गरे त्यो स्पष्ट पुलिसलाई बताएको छैन। मौन रूपमा त्यसको अभिव्यक्ति उसले आमालाई दिन्छ, यद्यपि उसको उमेर हेरेर पुलिसले क्षमा गर्छ।

## ४.३.२१.२ दुई रूप

स्थानगत बालकको स्वभाव तथा प्रवृत्ति फरक फरक हुन्छ। यस्तै स्थानगत फरक प्रवृत्ति यस कथाका बालकहरूमा देखिन्छ। पहाड र समतलका प्रतिनिधिस्वरूप देखिएका बालपात्रमा व्यक्तित्वको शीलगुण (जुन गुण स्थायी नहुन पनि सक्दछ) कस्तो हुन्छ भन्ने आधारमा एकजनाको ठगपन अनि अर्कोको अबोधपन (नोटका सट्टा खुद्रा पैसामै रमाउने)-लाई देखाएको छ। साधारणतः चोरी गर्नु, झुट बोल्नु, पाठशालाबाट भाग्नु तथा लैङ्गिकता प्रदर्शन आदि व्यवहारहरू बाल अपराधअन्तर्गत आउँदछ।[२४१] एरिक फ्रमअनुसार मान्छेका राम्रा-नराम्रा प्रवृत्ति जैविक रूपमा प्रदत्त मानवीय स्वभाव तथा

---

[२३९] पाण्डेय, 'बालमनोविज्ञान', पृ. ३१२
[२४०] पौडेल, 'आधुनिक', पृ. २०
[२४१] पाण्डेय, 'बालमनोविज्ञान', पृ. ३१२

निर्धारित अंश होइनन्, बरू मानवनिर्मित सामाजिक प्रक्रियाका परिणाम हुन्।[२४२] अतः समतलको रेलवे स्टेशनमा माग्ने सानो ठिटो र मानेभञ्ज्याङमा भेटिएका केटाकेटीहरूमाझ एउटाले झुट बोल्छ अनि अर्कोले अबोधता देखाउँछ। पहिलोले आमा बिरामी भएको बहानामा पैसा मागी भाग्छ भने अर्कोले कागजको पैसालाई पैसा मान्दैन। यसकारण यी दुवै बालकमा स्वभावगत भिन्नता देखिन्छ। यसलाई तिनीहरूको जैविकीय स्वभाव नमानेर सामाजिक परिस्थितिले जन्माएका व्यवहारगत कुरा मान्न सकिन्छ। आमा बिरामी भएको र औषधी किन्ने पैसा छैन भनेर सानो ठिटोले जसरी झुट बोलेर पैसा लिएको छ, त्यसलाई उसको आपराधिक कार्य मान्न सकिन्छ। मे र हार्टशोर्नको भनाइमा पैसा फर्काउनमा आफ्नो इमान्दारी देखाउने बालक पनि पछि परीक्षामा वेमाइनी गर्दै गरेको पाइन्छ।[२४३] यसबाट के स्पष्ट हुन्छ भने एकचोटि अपराध गर्ने बालक सधैं आपराधिक कार्यमा संलग्न भइरहन्छ भन्ने हुँदैन। अर्कोतिर जुन बालक तात्कालिक स्थितिमा सोझा, इमान्दार देखिएको छ, उसले कहिल्यै अपराध कार्य गर्दैन भन्ने हुँदैन। वस्तुतः बाल अपराध बालकले परिस्थिति (आन्तरिक र बाह्य परिवेश) अनुकल गर्दछ। हिली तथा ब्रोनरअनुसार पारिवारिक दरिद्रताअनुरूप बालकमा चोरी, मित्थ्याभाषण आदि अनुचित व्यवहारको आविभार्व हुन्छ। आमा-बाबुद्वारा अत्याधिक माया तथा अत्याधिक तिरस्कारको भावनाले पनि बालकमा अपराध भावना जन्मिन्छ।[२४४]

### ४.३.२२. कथामा इच्छाशक्ति

बालजीवनमा इच्छाशक्तिको विशिष्ट स्थान रहेको हुन्छ। इच्छाशक्तिबिना बालकको नैतिक व्यवहार सुदृढ बन्न सक्तैन। बालकद्वारा गरिएको प्रत्येक कार्यमा इच्छाशक्तिको महत्त्वपूर्ण भूमिका हुन्छ। योबिना उसले कुनै आत्मसन्तुष्टि प्राप्त गर्न सक्दैन अनि कुनै

---

[२४२] घर्ती, 'मनोविश्लेषणात्मक', पृ. ५४

[२४३] पाण्डेय, 'बालमनोविज्ञान', पृ. २७४

[२४४] पाण्डेय, 'बालमनोविज्ञान', पृ. ३१६

कार्य सफलीभूत पनि हुँदैन। यसकारण बालकद्वारा गरिने श्रमको पूर्तिमा इच्छाशक्तिको ठुलो भूमिका रहन्छ। यस्तो स्थितिमा बालकको व्यवहार नैतिक अभिप्रेरकहरूमा निर्भर हुन्छ। फलस्वरूप बालकले कामलाई परिणतिमा पुऱ्याउने अनि काममा गुणवत्ता ल्याउने कोसिस गर्दछ।[२४५] जस्तै, एकजना ७ वर्षका प्राथमिक विद्यालय जाने बालकले उच्चतर विद्यालयको विद्यार्थी हुने इच्छा गर्छ भने उसले अझ मेहनत गर्नु पर्ने हुन्छ। यसले उसको क्षमताको वृद्धि पनि गर्छ।[२४६] उमेरभन्दा धेरै कुराको ज्ञान हुनुलाई मनोविज्ञानमा 'मानसिक आयु' भनिन्छ। अतः बालकको यस्तै रुचिअनुसारको कार्यहरूले उसको चरित्रको विकास हुन्छ। उसको चरित्र विकासमा अनेक प्रकारका इच्छाहरूको सामञ्जस्य रहन्छ। जब अनेक प्रकारका इच्छाहरूमा सामञ्जस्य रहन्छ तब बालकमा अन्तर्द्वन्द्व भन्ने हुँदैन भन्ने मनोवैज्ञानिकहरूको विचार छ।

बाल्यकालका इच्छा, आदत, संस्कार अनि भावनाहरूले बालकको चरित्र गठन हुन्छ। बालकको कस्तो आदत बन्ने हो ? त्यो उसको इच्छाशक्तिमा निर्भर हुन्छ। यसकारण इच्छाशक्तिलाई चरित्र सुधार गर्ने अनि बिगार्ने मूल कारण पनि मानिन्छ।[२४७] थापाका बालजीवन सन्दर्भित कथाहरूमा उपस्थित बालकहरूको इच्छाशक्तिलाई हेर्न 'रिट्ठेको प्रश्न' र 'भविष्य निर्माण' कथाहरूलाई उदाहरणस्वरूप अध्ययन गर्न सकिन्छ-

### ४.३.२२.१ रिट्ठेको प्रश्न

नैतिक दृष्टिकोणले बालक रिट्ठे सबल पात्र देखिन्छ। हातमा घडी लगाउने र फिल्मका नायकहरूले जस्तै पोस्टरमा आफ्नो तस्विर छपाउने उसको ठुलो इच्छा छ। यसलाई उसले कैयौं दिनदेखि मनमा राखेको हुन्छ। यसरी आफ्नो इच्छालाई दबाएर राख्नमा उसको कमजोर आर्थिक स्थिति मूल कारण छ। ऊसित घडी किन्नाका लागि चाहिने पैसा

---

२४५ ...'आयुवर्ग', पृ. ८९
२४६ मोल्टन, 'चिल्ड्रेन्स्', पृ. ३२
२४७ शुक्ल, 'बालमनोविज्ञान', पृ. १४९

छैन। यसकारण उसले आफ्नो इच्छालाई भित्रभित्रै दबाएर राख्छ, तर पछि उसको त्यस इच्छालाई न त आर्थिक कमजोरीले रोक्न सक्छ न त उसको चरित्रमा देखिएको नैतिकताले थेग्न सक्छ। फलतः उसले दोकानबाट घडी चोर्छ। यसमा उसको इदम्ले मुख्य कार्य गरेको छ, किनभने इदम्लाई सबै इच्छाहरूको जननी मानिन्छ।...यसका चाहनाहरू आदिम प्रकारका हुन्छन्। यो उच्छशृङ्खल र अनैतिक हुन्छ। यसको कार्य मूल प्रवृत्तिलाई सन्तुष्ट राख्ने भएकाले यसले सुख प्राप्तिका लागि सामाजिक मर्यादा, वैधानिक आचारसंहिता र नैतिक अवरोधका वास्ता गर्दैन।[२४८]

### ४.३.२२.२ भविष्य निर्माण

नरेशले बाबुबाट जर्मनेलीहरूबारे जति जति जान्ने र बुझ्ने प्रचेष्टा गर्छ त्यति त्यति ऊभित्र प्रतिहिंसाको भावना बढ्छ। उसले आमालाई अनेक प्रकारका प्रश्नहरू गर्छन्। जर्मनेलीहरूको दुष्टताबारे जान्ने इच्छा प्रकट गर्छ। उसको यस्तो जिज्ञासा देखेर उसकी आमाले जर्मनेलीहरूबारे सकारात्मक कुरा गर्छिन्। आमाबाट उसले नकारात्मक कुरा सुन्न पाउँदैन। जर्मनेलीहरूलाई मार्ने उसको इच्छालाई उसकी आमाले टारी दिएकी छन्, किनभने उसकी आमा पहिल्यैदेखि शान्तिको पक्षमा छिन्। त्यही शान्ति स्थापनाका निम्ति घरको परिवेश नै शान्तमय बनाएकी छन्। छोरोलाई जर्मनेलीहरू सबै खराब हुँदैनन् भनेर सुनाउँछिन्। जर्मनेलीहरूबारे राम्रा राम्रा तथा सकारात्मक विचार पोख्छिन्।

नरेशले बाबुबाट जर्मनेलीहरूबारे सुनेका क्रूर व्यवहारले उसमा प्रतिहिंसाको भाव जन्मिएको छ। आमाले जर्मनेलीहरूबारे सुनाएका सदाचारी, हितैषी कुराले ऊभित्र भाइचाराको सम्बन्ध स्थापित गर्ने इच्छाको विकास गरेको छ। आमाको कुराबाट प्रभावित भएर उसले 'आमा आजदेखि मैले बन्दुक फालिदिएँ है' (पृ. ३) भन्छ र

[२४८] घर्ती, 'मनोविश्लेषणात्मक', पृ. १६

सदाचारी, नीतिवादी तथा कर्तव्यवान् बन्ने इच्छा प्रकट गर्छ। उसको यस्तो परिवर्तनशील स्वभावमा उसको इच्छाशक्तिले ठुलो काम गरेको छ।

### ४.३.२३ कथामा पारिवारिक स्थिति

देवकुमारी थापाले बालजीवन सन्दर्भित कथाहरूमा बालकको पारिवारिक भूमिका तथा स्थितिलाई अधिक महत्त्व दिएकी छन्। बालकको जीवनमा परिवारका मूल सदस्यहरूद्वारा गरिने व्यवहार तथा त्यसबाट पर्ने सकारात्मक-नकारात्मक प्रभावलाई बाल मनोवैज्ञानिक आधारबाट देखाउने प्रचेष्टा गरेकी छन्। बालकको लागि उसको घर-परिवार नै पहिलो आवश्यकता हुन्छ। स्कुल जानअघि घर-परिवार नै बालकको निम्ति सबथोक हुन्छ। सामाजिक प्रथा, परम्परा, विकास आदिको ज्ञान बालकले घर-परिवारबाट नै प्राप्त गर्छ।[२४९] यसकारण बालकको व्यक्तित्व विकासमा परिवारको भूमिका महत्त्वपूर्ण हुन्छ। परिवारको यही भूमिकालाई उनका 'बाबाजस्तै', 'रहर', 'कुकुरको छाउरो', 'भोक तृप्ति', 'भविष्य निर्माण', 'मूल्याङ्कन', 'रिट्ठेको प्रश्न', 'पदच्युत', तथा 'एउटा अर्को वर्णसङ्कर' आदि कथाहरूमा देखाएकी छन्।

#### ४.३.२३.१ बाबाजस्तै

पारिवारिक सन्दर्भमा यस कथामा बालक उदय र उसका आमा-बाबा छन्। उदयकी आमा गृहिणी छिन्। बाबा पेशागत डाक्टरी (गाउँ-घरका बिरामीहरूलाई हेर्ने भएकाले उदयको बाबा सम्भवतः कम्पाउडरको कार्य गर्छन् भन्ने देखिन्छ) कार्य गर्छन्। छोरोप्रति आमा-बाबा दुवैको व्यवहार सन्तुलित देखिन्छ। छोरोलाई आवश्यकताभन्दा कम तथा आवश्यकताभन्दा धेरै माया दिएका छैनन्। उदयले माया अनि दण्ड समान रूपले पाएको छ। भऱ्याङ उक्लिँदा होस् वा घोडा चढ्दा पाएको चोट होस् उसले आफ्ना आमा-

[२४९] देवी, 'इम्प्याक्ट', पृ. ०१-०२

बाबासामु देखाएको छैन। यस अतिरिक्त बाबाको रक्तचापमापक यन्त्र फुटाएको कारण उसले आमाबाट दण्ड र बाबाबाट माया समान रूपमा पाएको छ। एकजनाले दण्ड दिने कार्य गरेका छन् अनि अर्कोले सुरक्षा दिने कार्य गरेका छन्। यसलाई अभिभावकीय सन्तुलित व्यवहार भन्न सकिन्छ। बोल्बीको एटयाच्मेन्ट थ्योरीअनुसार जुन बालकले लगातार समर्थन र माया पाउँछ ऊभित्र सोहीअनुसारको व्यवहार गर्ने बानी विकास हुँदै जान्छ। जसले कम माया वा समर्थन पाउँछ उसको व्यवहार द्वैतवृत्ति, परिहार तथा अव्यवस्थित शैलीको हुन्छ।[२५०] समानान्तर रूपले माया र दण्ड प्राप्त गर्ने बालकको जीवन भने स्वस्थ्य हुन्छ।

### ४.३.२३.२ रहर

पारिवारिक रूपले यस कथामा प्रेमा, उसकी दिदी र आमाको त्रिकोणात्मक सम्बन्ध देखिन्छ। कथामा उसकी बाबुको उपस्थिति छैन। बाबुको अनुपस्थितिबाट छोरीको बालमानसिकतामा कुनै असर परेको छैन। वस्तुतः प्रेमाको ईर्ष्यात्मक प्रवृत्तिसँग कथा सम्बन्धित छ। आफ्नी दिदीप्रति रहेको ईर्ष्यात्मक भावसँग उसको पारिवारिक स्थिति प्रतिविम्बित छ। प्रेमाभन्दा उसकी दिदी उमेरले परिपक्व छे। बहिनीले आफ्नो सारी निकालेर सकी नसकी लगाएकीमा ऊ क्रोधित बनेकी छैन। ऊ बहिनीप्रति कठोर व्यवहार गर्न सक्दिन। प्रतिक्रियास्वरूप उसले बहिनीको कान निमोठ्छे। यसमा उसको बडप्पनका साथ प्रेम भाव अभिव्यक्त छ। उसले आमालाई बहिनीको क्रियाकलापबारे सुनाउँछे। आमाले दिदीको कुरा सुनेर पनि कुनै दण्ड दिने कार्य गर्दिनन्। बरू, सोटोमा अर्को नयाँ सारी किनिदिने वचन दिन्छिन्। आमाको यस्तो वचनले बालकप्रति परिवारका अभिभावकहरूले गर्नु पर्ने सहृदयी भाव झल्किन्छ, तर प्रेमाले त्यही सारी लगाउने जिद्दी गर्छे। बालकको यस्तो जिद्दीलाई दण्डको साटो अर्को इच्छित वस्तुलाई वैकल्पिक साधन

---

[२५०] https://www.verywell.com/child-development-theories-2795068, ५ फरवरी २०१६, समय : दिउँसोको १ बजेर ४९ मिनटमा

बनाउनु पर्छ भन्ने मनोवैज्ञानिकहरूको भनाई छ। प्रेमाकी आमाले त्यही वैकल्पिक साधनको रूपमा नयाँ सारी ल्याइदिने प्रयत्न गर्छिन्। यस दृष्टिकोणले प्रेमाको पारिवारिक स्थिति सुगम र स्वास्थ्य छ।

### ४.३.२३.३ कुकुरको छाउरो

यस कथामा पारिवारिक रूपले आमा-बाबु र एकजना छोरी छन्। छोरी मधुकरी पाठशाला जान्छे। उसकी आमा गृहिणी छिन्। बाबु मत्थुका रूपमा चित्रित छन्। मधुकरीको सानो परिवारमा उसले एउटा कुकुरको छाउरो लिएर राखेकी छे। त्यसलाई ऊ असाध्यै प्रेम गर्छे। त्यस छाउरोले आफूलाई भुक्दा बाबुले त्यसलाई हिर्काउँछन्। बाबुको यस्तो हिंसात्मक प्रवृत्तिबाट ऊ प्रभावित हुन्छे। मनोविज्ञानअनुसार बालक समक्ष गरिएका अभिभावकको पारिवारिक झगडा वा हिंसात्मक स्वभावले उसको मन-मस्तिष्कमा धेरै समयसम्म नराम्रो छाप छोड्न सक्छ। त्यसले उसको शारीरिक, मानसिक तथा सामाजिक विकासमा असर पर्छ। पारिवारिक हिंसाको शिकार भएको बालक अलि जिद्दी, अटेरी, चिन्तित तथा अपराधी बन्छ। केही अनुसन्धानकर्ताहरूको भनाइमा प्रत्यक्ष हिंसाको शिकार भएका बालकले कोहीबेला आफैलाई क्षति पुऱ्याउने कार्य गर्दछ। कोहीबेला यस्तो कार्यले बालक डराउने वा रिसाउने हुन्छ। कोहीबेला त्यसको कारण आफैलाई पनि ठान्छ।[२५१] गोविन्दबहादुर गोठालेका 'निन्द्रा आएन' कथाकी बालकले बाबुको मृत्युको कारण आफूलाई ठानेकी छे।

छोरी मधुकरीले ल्याएकी कुकुरको छाउरोलाई बाबुले लात हानेर रिसिँदै जङ्गलमा फ्याँक्ने कुरो गर्छन्। बाबुको यस्तो आचरणले छोरीको बालहृदयमा नकारात्मक प्रभाव पर्छ। यसकारण ऊ आफ्ना बाबुको सान्निध्यदेखि टाडा छे। बाबुलाई

---

[२५१] नभप्रित बावा, सन् २०१६, *रोल अव् फेमिली इन्भाइरोमेन्ट इन कग्नेटिभ डेभलोपमेन्ट अव् चाइल्ड,* विद्यावारिधि शोधप्रबन्ध, अमृतसर : डिपार्टमेन्ट अव् साइकोलोजी, गुरू नानक देव युनिभर्सिटी, पृ. १०-११

प्रेम गर्नाका साटो घृणा गर्छे। बाबुलाई आदर्श व्यक्ति मान्दिन। मत्थु व्यक्तिको कारण बालकको पारिवारिक स्थिति विशृङ्खलित हुन्छ। यस्तो पारिवारिक वातावरणमा हुर्किने बालकको मानसिक स्थिति असामान्य किसिमको हुन्छ।

### ४.३.२३.४ भोक तृप्ति

प्रस्तुत कथाको सिन्के बालकको पारिवारिक दिनचर्या माग्ने छ। ऊ आफ्नी आमासँगसँगै माग्न हिँड्छ। उसको बाबुको कतै उपस्थिति छैन। ऊ बतासे बालकको रूपमा चित्रित छ। बाबुको परिचयबिना हुर्किएको त्यस सिन्के बालकलाई उसकी आमाले भीख मागेर हुर्काउँछिन्। यसकारण उसको पारिवारिक स्तर प्रेम, आनन्द, सहयोग, सुरक्षा आदिबाट वञ्चित छ। दयनीयता, रूग्न, क्लान्त र अभिशप्तबाट उसको पारिवारिक जिन्दगी गुज्रिन्छ। कसैले दियो भने भरपेट खान पायो, दिएन भने खोक्रो भुँडी बोकेर बाँच्नु नै उसको जीवनशैली बनेको छ।

अभिभावकको भूमिका बालकको आकाङ्क्षापूर्ति अथवा उसलाई योग्य बनाउनुमा मुख्य हुन्छ। अभिभावकको समाजमा कस्तो स्थान वा छवि छ ? अभिभावकको शैक्षिक योग्यता र कार्य के छ ? यस्ता कुराहरूले बालकको जीवनमा ठुलो असर गर्छ।[२५२] त्यस बालकको पारिवारमा कसैको यस्तो शैक्षिक योग्यता रहेको देखिँदैन। उसकी आमा युग-युगको भोगसँग अभ्यस्त छिन्। ऊ भोगकै उपज हो। फलतः उसको बाल्यजीवनलाई उसकी आमाले सफल बनाउन सकेकी छैन। उसको पारिवारिक स्थिति समस्याग्रस्त तथा अभावपूर्ण छ।

---

[२५२] मोल्टन, 'चिल्ड्रेन्स्', पृ. ३३

### ४.३.२३.५ भविष्य निर्माण

बालक जुन परिस्थितिमा जन्मदेखि रहन्छ, जुन प्रकारको उसलाई शिक्षा-दीक्षा दिइन्छ, उसको सम्पर्कमा आउने व्यक्तिहरूले उसलाई जुन प्रकारको व्यवहार गर्दछन् ती सबैको प्रभाव उसको जीवनमा पर्दछ।[२५३] यस्तै पारिवारिक प्रभाव बालक नरेशको जीवनमा परेको छ। नरेशको बाबु अवकाश प्राप्त फौजी हुन्। आमा गृहिणी हुन्। यस दृष्टिले सुखी तथा सम्पन्न परिवारमा नरेशको बालजीवन व्यतित छ। प्रारम्भमा बालकमा आमा-बाबा तथा परिवारका अन्य सदस्यहरूबाट नै व्यावहारिक प्रभाव पर्छ।[२५४] यस्तै प्रभावका निम्ति नरेशकी आमाले कुशल पारिवारिक संस्कार दिएर उसको भविष्य निर्माण गर्नेबारे सोच्छिन्। उनी गुणी, शिक्षित अथवा सभ्य छिन्। यसैले नरेश आमाबाट धेरै प्रभावित छ।

अभिभावकले आफ्ना बालकहरूको मनोविज्ञान बुझ्नु अति आवश्यक हुन्छ। सोहीअनुसार अभिभावकले बालकसँग खुलेर बात गर्नुपर्छ। भयमय वातावरणको साटो खुल्ला वातावरणको सिर्जना गर्नुपर्छ। खुल्ला वातावरणमा हुर्केका बालक सक्रिय र मिलनसार हुन्छ।[२५५] नरेशकी आमाले यस्तै खुल्ला वातावरणको सिर्जना गर्ने कोसिस गर्छिन्। भविष्यमा छोरोलाई ठुलो मानिस बनाउने उनको इच्छा रहेको छ। यसकारण उनले घरका कोठाभरि महान् पुरुषहरूका वाणी, विचार तथा तस्विरहरू टाँसेकी छन्, तर उनको इच्छालाई नरेशका बाबुको युद्ध विषयक कुराले पूर्ण हुनमा बाधा पुऱ्याउँछ। उनले जर्मनेलीहरूबारे युद्ध विषयक घटना सुनाएर छोरोको मनमा प्रतिहंसाको भाव जगाई दिएका छन्। छोरोको बालहृदयमा उब्जिएको त्यही प्रतिहिंसालाई निर्मूलन गर्नामा उसकी आमा सचेत छिन्। यसबाट नरेश पूर्ण प्रभावित हुन्छ। मनोवैज्ञानिकहरू मान्छन्- राम्रा-

---

[२५३] शुक्ल, 'बालमनोविज्ञान', पृ. १९

[२५४] पाण्डेय, 'बालमनोविज्ञान', पृ. १२४

[२५५] देवी, 'इम्प्याक्ट', पृ. २

राम्रा घरका बालक प्रतिकूल वातावरणमा रहँदा आफ्नो प्रतिभालाई प्रकाशित गर्नामा असमर्थ हुन्छ। सदाचारी घरका बालक पनि कुसङ्गतको कारण दुराचारी बन्छ।[२५६] यस्तो पारिवारिक वातावरणले बालकको शारीरिक तथा मानसिक दुवैमा प्रभाव पार्छ, तथापि बालक नरेशमा यस्तो कुनै शारीरिक तथा मानसिक प्रभाव परेको छैन।

### ४.३.२३.६ रिट्ठेको प्रश्न

रिट्ठेको जीवनमा आफ्नी आमाबाहेक अरू कोही छैन। बाबासँगको सान्निध्यबाट उसको जीवनमा परेको प्रभावको कुनै उल्लेख छैन। आफ्नी आमाबाट भने उसलाई चाहिँदो पारिवारिक सहयोग प्राप्त छ। यसैले रिट्ठे चरित्रवान् पात्रको रूपमा चित्रित छ। छोरोको यसै चरित्रले आमा आफूलाई भाग्यमानी ठान्छिन्। छोरोलाई नैतिक पाठहरू सिकाउनमा उनी सफल छिन्, तथापि छोरोले अर्काको दोकानबाट घडी चोरी गरेको खबरबाट निराश हुन्छिन्। परिणामतः छोरोलाई कराउँदै, पिट्दै आफूले दिएको संस्कारका कुरा गर्छिन्। छोरो मौन रहन्छ।

### ४.३.२३.७ मूल्याङ्कन

मानिसको जीवनको मूल्याङ्कन समय सापेक्षित हुनुपर्छ भन्ने कुरा यस कथाको मुख्य विषय हो। यस विषयसित आमा र छोरीमाझ (शिला-मेधा)-को पारिवारिक सम्बन्ध मुखरित हुन्छ। आमा र छोरीमाझ परम्परागत आदर्श चेतना र युगीन चेतनाबिचको द्वन्द्व चल्छ। मेधाको तर्क छ- युगीन चेतनाअनुकूलको बचाइले मात्र जीवनको मूल्याङ्कन सही हुन सक्तछ। पारम्परिक आदर्श, मूल्य-चेतनाले मानव चेतनाको गतिशीलतालाई अवरोध गर्दछ अनि मानिसको सिर्जनशीलतालाई पनि नाश गर्दछ। यसको विपरीत मेधाकी आमा परम्परागत आदर्श समाजानुकूल भएर बाँच्न चाहन्छिन्। मेधा युग

---

[२५६] शुक्ल, 'बालमनोविज्ञान', पृ. १९

सापेक्षित जीवन बाँच्ने आग्रह गर्छे। दुईजनाको विपरीतधर्मी चेतनामाझ द्वन्द्व देखिए तापनि कथान्तमा आमाले परोक्ष रूपमा छोरीको पक्ष लिएकी छन्। अघि छोरीलाई नृत्यशाला जानमा प्रतिबन्ध लगाउने आमाले पछि जान अनुमति दिन्छिन्। मेधाकी आमाको यस्तो परिवर्तित व्यवहारबाट आफ्ना छोरा-छोरीको रहरप्रति अभिभावकले एकतर्फी सोँच राख्नु हुँदैन भन्ने सन्देश दिएको छ। अभिभावकले आफ्ना सन्तानलाई धेरै कठोर व्यवहार तथा नियन्त्रण गर्नु हुँदैन, किनभने यस्तो व्यवहारले बालकमा नकारात्मक असर पार्छ। मेधाकी आमाले यस्तै असरबाट छोरीलाई जोगाउने परोक्ष प्रयास गरेकी छन्।

### ४.३.२३.८ पदच्युत

बालक ज्योतिको पारिवारिक सम्बन्धमा उसकी आमा र कान्छा बा मुख्य भूमिकामा छन्। ज्योतिको आफ्नी आमाप्रति रहेको अघिको आत्मीय सम्बन्ध पछि गएर कान्छा बासँग प्रगाढ हुन्छ। कान्छा बाको सान्निध्यको कारण ऊ अरू साथीहरूदेखि टाडा हुँदै जान्छ। उसका बालसखाहरूले केही भन्यो अथवा केही गर्ने चेष्टा गऱ्यो भने ऊ सर्वप्रथम कान्छा बाको नाम लिन्छ। कान्छा बालाई भनिदिन्छु भनेर उसले साथीहरूलाई डर देखाउँछ। उसको यस्तो कुराले उसको पछि कान्छा बाको शक्ति र सहयोग रहेको बुझिन्छ। मनोवैज्ञानिकहरू भन्छन्- कति बालकहरू बाहिरी वतावरणमा रमाउन नसकेको कारण ऊ आफ्नो नजिकको मान्छेप्रति मात्र निर्भर रहेर हो।[२५७] यस्तो निर्भर रहनाले बालकले समाज बुझ्ने प्रक्रियामा अवरोध पनि आउँछ, तथापि ज्योतिको जीवनमा पारिवारिक परिवेशमा माया, ममता, सहयोग, सुरक्षा तथा विश्वासको भावनामा कुनै कमी छैन। उसले आमा र कान्छा बा दुवैबाट चाहिँदो सहयोग, माया र सुरक्षा प्राप्त गरेको छ।

[२५७] काटर, 'दि सेक्रेट', पृ. १३२

### ४.३.२३.९ मोती हुन नसकेको आँसु

बालपात्र भुन्टे आफ्नो परिवारदेखि टाडा छ। ऊ अर्काको घरमा काम गर्छ। आफ्नो परिवारका लागि उसले कार्य गर्छ। कलिलै उमेरदेखि उसले पारिवारिक जिम्मवारीको भार सम्हाल्दै आएको छ। उसको घरका आमाबाहेक अन्य कसैको कथामा वर्णन छैन। उसको एक्लो जीवन स्थितिको मात्र चित्रण छ। उसले नोकर काम गरेर नै पारिवारिक स्थितिलाई सामान्य बनाउने कोसिस गरेको छ।

### ४.३.२४ कथामा सामाजिक स्थिति

बालकको जीवनमा सामाजिक स्थितिले गहिरो प्रभाव पार्छ। परिवारका सदस्यदेखि लिएर छर-छिमेकका तथा उसको पाठशालाका शिक्षकहरूसँग सम्बन्धित विषय सामाजिक परिवेशमा आउँछ। बालकले त्यहीँबाट सामाजिक मूल्य-मान्यता, रीतिथिति, संस्कार आदि ग्रहण गर्छ। यसैबाट उसको जीवनमा सकारात्मक-नकारात्मक असर पर्छ। यस्तै सामाजिक परिवेशअनुकूलको प्रभाव थापाका बालजीवन सन्दर्भित कथाका बालपात्रमा अध्ययन गर्नाका लागि 'हाँसको चल्ला', 'पदच्युत', 'रिट्ठेको प्रश्न', 'देखेका कुरा', 'एउटा अर्को वर्णसङ्कर', 'मूल्याङ्कन', 'मोती हुन नसकेको आँसु', 'भविष्य निर्माण' तथा 'गति-अगति' आदि कथाहरूलाई हेर्न सकिन्छ-

### ४.३.२४.१ हाँसको चल्ला

बालकको सामाजिक विकास अथवा उसको सामाजिक रीतिथिति, मूल्य-मान्यताका आधारमा दीपकका आमा-बाबा, माइज्यू, बजै र सानीआमाको उपस्थिति देखिन्छन्। यी सबै अभिभावकको दीपकको बालजीवनमा महत्त्वपूर्ण भूमिका रहेको छ। बाल्यकालमा बालक त्यही नियम तथा मान्यताहरू सिक्दछन्, जो समाजद्वारा निर्मित हुन्छ। वयस्कको जीवनमा सङ्क्रमण गर्दा बालकका लागि त्यही नियम तथा मान्यताहरूमा गुणात्मक

परिवर्तन आउँछ।[२५८] दीपककी आमाको मृत्यु भइसकेको छ, त्यसैले उनको भविष्यलाई लिएर मावलका माइज्यू तथा बजैहरू चिन्तित छन्। उसका बाबुले सानीआमा भित्र्याउने भएका छन्। सानीआमाले अनैतिक व्यवहार गर्छन् भन्ने कुरा उसले मावलबाट सुनेको छ। बाबुले चाँडै कान्छीआमा ल्याउने र कान्छीआमा नजाती हुन्छन् भनेकाले अर्धटुहुरो दीपकको मानसिक स्थितिमा नराम्रो प्रभाव परेको छ। फलस्वरूप उसले कुखुरालाई हाँसको चल्लाको सानीआमाको रूपमा राखेर हेर्छ। यसले उसको सामाजिक रूढ परम्परा तथा मान्यता विरूद्ध नयाँ सामाजिक मूल्य-चेतनाको स्थापना गर्छ। कुखुराको पोथी र हाँसको चल्लाको पारस्परिक सम्बन्धमाझ उसले कान्छीआमा र सौतिनी छोरोको अवधारणाको निर्माण गर्छ। उसको यस्तो चिन्तनबाट आफूलाई सानीआमाले कस्तो व्यवहार गर्ने हुन् भन्ने चिन्ता देखाउँछ। ठिक यस्तै व्यावहारिक सहयोग उसको घरमा आएकी नयाँ स्वास्नीमान्छे (कान्छीआमा)-ले देखाउँछिन्। अतः उसकी कान्छीआमाले ऊप्रति असल व्यवहार गर्छिन्, जसले बालमानसिकतामा परेको सानीआमा नजाती हुन्छन् भन्ने अवधारणा टुट्न पुग्छ। सानीआमाको यस्तो व्यवहारले दीपकको सामाजिक नयाँ मूल्य-चेतनाको विकासमा सहयोग पुऱ्याउँछ।

### ४.३.२४.२ पदच्युत

परिवारका चिर परिचित व्यक्ति तथा आफूले आदर्श मानेका व्यक्तिसँगको सान्निध्यबाट बालकले धेरैभन्दा धेरै सामाजिक व्यवहारका कुराहरू सिक्दछ। यस्तै सामाजिक व्यवहारका कुराहरू बालक ज्योतिले आफ्नो परिवारबाट परोक्ष रूपमा सिकेको छ। उसको लागि आमा र कान्छा बा दुवै परिचित तथा आदर्श व्यक्ति हुन्। कान्छा बासँग उसको सम्बन्ध गाढा छ। उसले कान्छा बाको आदर्शलाई सामाजिक नीति नियमको मार्ग बनाउँछ। अतः कान्छा बाले भनेका, गरेका कुराहरू उसले सहर्ष स्वीकार्छ, तर

[२५८] ...'आयुवर्ग', पृ. १५३

कान्छा बाले आमाप्रति गरेको अनैतिक व्यवहारले भने उसको सामाजिक मनोविकासमा प्रभाव पार्छ।

बालकमा अलिक परिपक्वता आएपछि वातावरणका प्रभावहरू स्थायी तथा निश्चल हुन्छन्। परिपक्वता नआउँदै परेका वातावरणका प्रभावहरू भने समयअनुसार बदि्लन सक्छ।[२५९] यस दृष्टिले ज्योति अपरिपक्व देखिन्छ। उसमा पहिले कान्छा बाद्वारा सकारात्मक प्रभाव पर्छ। पछि कान्छा बाको अनैतिक व्यवहारको कारण त्यो प्रभावमा परिवर्तन आउँछ। अतः कान्छा बाप्रति रहेको आदर्शभाव उसले पछि आफ्नी आमाप्रति पोख्छ।

नैतिकता तथा अनैतिकताको ज्ञान ज्योतिलाई उसकै परिवारबाट प्राप्त छ। कान्छा बाले आमाप्रति गरेको कुकृत्य सामाजिक रूपमा असल होइन भन्ने चेतनाको विकास ज्योतिमा भएको छ। यसकारण उसले कान्छा बाको अनैतिक कार्यलाई आन्तरिक हृदयबाट स्वीकार गर्न सकेको छैन। फलतः कान्छा बाको स्थानमा उसले आफ्नी आमालाई विराजमान गराउँछ।

### ४.३.२४.३ रिट्ठेको प्रश्न

रिट्ठेको जीवनमा पारिवारिक तथा सामाजिक स्थितिको प्रतिछाप स्पष्ट देखिन्छ। उसको जीवनमा विद्यमान नैतिक आचरणलाई समाजले असल तथा चरित्रवान्को रूपमा स्वीकार्छ। उसको यस्तो व्यवहार तथा शील स्वभावका कारण उसकी आमा आफूलाई स्वाभिमानी ठान्छिन्। वस्तुतः रिट्ठेले सामाजिक मूल्य-मान्यता, रीतिथिति, धर्म, संस्कृतिजस्ता कुराहरू कसरी सिके भन्ने कुराको कथामा प्रत्यक्षतः वर्णन छैन। परोक्ष रूपमा उसको चरित्रमा सामाजिक व्यवहारको राम्रो बीजारोपण भएको छ, तथापि चोरी

[२५९] श्रेष्ठ र अर्जेल, 'बालमनोविज्ञान', पृ. ३७

गरेपछि भने उसको चरित्रमा प्रश्नचिन्ह लाग्छ। परिणामस्वरूप आमाको स्वाभिमान तोडिन्छ र छोरोको कुकृत्यप्रति स्तब्ध बन्छिन्।

सामाजिक दृष्टिमा उच्च स्तरका परिवारका बालकहरूको इच्छा, आकाङ्क्षा ठुलो हुन्छ। शिक्षा पनि उच्च स्तरको पाउँछ। यसको विपरीत निम्न सामाजिक स्तरका बालकको इच्छा साधारण हुन्छ र शिक्षा पनि निम्न वर्गको पाएको हुन्छ।[२६०] यस दृष्टिकोणले रिट्टेले जुन असामाजिक कार्य गर्छ, त्यो उसको सामाजिक निम्न स्तरको कारण मान्न सकिन्छ। उच्च स्तरका परिवारमा जन्म लिएको भए यस्तो अनैतिक कार्य गर्न ऊ बाध्य हुदैंन्थ्यो। साधारण घडी लगाउने तथा तस्विर छपाउनुको लागि सामाजिक मूल्य-मान्यताको विरूद्ध ऊ जानु पर्दैन्थ्यो।

### ४.३.२४.४ देखेका कुरा

सामाजिक व्यवस्थाअनुसार बालकको सामाजिक व्यवहार निर्माण हुँदै जान्छ। समाजका रीतिरिवाज, धर्म, मान्यता, संस्कृति आदि अनुरूप नै बालकले प्रतिक्रिया गर्छ। यहीँबाट उसले अनेक प्रकारका सामाजिक व्यवहारहरू सिक्दछ। उचित-अनुचित तथा नैतिकताको शिक्षा प्राप्त गर्दछ।[२६१] यसकारण बालकलाई यौनसम्बन्धी कुराहरू पनि अभिभावकले आवश्यकताअनुसार बताउँदै जानु पर्छ। रिट्टे र उसका साथीको यौनजन्य वार्तालापले यस्तै सामाजिक आवश्यकताको कुरालाई इङ्गित गर्दछ। तिनीहरूमा देखिएका यौनचेतनाको विकास सामाजिक हिसाबले अपूर्ण छ। केटा र केटी पर्यटकीय स्थलमा एकैसाथ बस्नाले यौनजन्य क्रियाकलापहरू गर्छन् भन्ने तिनीहरू सोच्छन्। यसको मुख्य कारण अघिल्लो दिन त्यसै स्थलमा तिनीहरूले त्यस्तो यौन क्रियाकलाप गरेको देख्छ, तथापि यसलाई तिनीहरूको यौनबारे ज्ञानको कमी भएको मान्न सकिन्छ। यौनबारे

[२६०] मोल्टन, 'चिल्ड्रेन्स्', पृ. ३३
[२६१] पाण्डेय, 'बालमनोविज्ञान', पृ. १२६

तिनीहरूले जति ज्ञान पाएका छन्, त्यो अव्यावहारिक छ। यस्तो ज्ञान तिनीहरूले साथी-सङ्गी तथा सिनेमाहरूबाट पाएको छ, जसले नकारात्मक प्रभाव पारेको छ। यसलाई तिनीहरूको परिवेशगत प्रभाव पनि भन्न सकिन्छ। परिवेशगत प्रभावमा बालकहरू जे-जस्तो समाज तथा वातावरणमा हुर्किन्छन्, त्यसैको प्रभाव तिनीहरूमा पर्छ।[२६२]

### ४.३.२४.५ एउटा अर्को वर्णसङ्कर

बालकको घर-परिवार, छर-छिमेक तथा स्कुलका शिक्षिकहरूले उसको सामाजिक मनोविकासमा महत्त्वपूर्ण भूमिका खेल्छ। बालक रीताको जीवनमा यस्तै व्यक्तित्वहरूको प्रभाव परेको छ। परिवारका सदस्यभन्दा स्कुलका सहपाठीको संसर्गले उसको जीवनमा अधिक प्रभाव पार्छ। रीता स्कुलबाट ट्रेकिङमा जान्छे। त्यहीँ गएर कतिपय सामाजिक व्यवहारका कुराहरू सिक्छे। ऊ 'माउण्ट एन्टेना' कन्भेन्टमा पढ्छे। त्यहीँ उसकी साथी रोडा स्मिथ पनि पढ्छे। स्मिथको परिवारिक परिवेश रीताको भन्दा भिन्न छ। त्यही भिन्न परिवेशमा रीता डुब्दै जान्छे। सोहीअनुसारको व्यावहारिक क्रियाकलापहरू ग्रहण गर्छे। स्मिथसँग खेल्न तथा घुम्न थाल्छे। आफ्नो परिवारदेखि टाढाका साथीहरू खोजेर यसरी खेल्नुलाई बालकको सामाजिक विकास मानिन्छ।[२६३] अतः सामाजिक रूपले रीता स्मिथका परिवारसँग उठ्बस् गर्न थाल्छे। ऊ स्मिथेली पाश्चात्य संस्कृतिलाई अवलम्बन गर्छे।

### ४.३.२४.६ मूल्याङ्कन

अन्य व्यक्तित्वबाट बालक कसरी प्रभावित हुन्छ त्यसलाई यस कथामा देखाएको छ। आफ्नी आमाका बाल्यकालका सहपाठी नीनाको व्यक्तित्वबाट छोरी मेधा प्रभावित भएकी छे। प्रभावस्वरूप उसले नयाँ सामाजिक मूल्य-मान्यताको पाठ सिकेकी छे। मेधाले

---

[२६२] पौडेल, 'आधुनिक', पृ. २३७

[२६३] बोल्बी, 'मोडर्न', पृ. ९१

पाठशालामा नीनाबाट अटोग्राफ पाएकी छे। उसलाई नाम सोधेको अनि प्रशंसा गरेकाले ऊ नीनाको व्यक्तित्वप्रति अधिक प्रभावित छे। नीनाको व्यक्तित्वप्रति उसले छुट्टै अवधारणा बनाउँछे। सोहीअनुसार उसले आमालाई युगीन जीवन मूल्यलाई अपनाउने आग्रह गर्छे। भन्नुको तात्पर्य, मेधाले नीनाबाट समयको मागअनुसार जिउनु पर्छ भन्ने कुरा सिकेकी छे। यसको विपरीत उसकी आमा भने परम्परागत आदर्श लिएर बाँच्छिन्। यसकारण ऊ आफ्नी आमालाई नयाँ विचारधाराबाट हिँड्ने आग्रह गर्छे, जसले सामाजिक मूल्य-मान्यतामा नवीनिकरण आउन सकोस् भन्ने ऊ चाहन्छे।

### ४.३.२४.७ मोती हुन नसकेको आँसु

भुन्टे पहाडदेखि चिसो लागेपछि सधैं मधेस झर्छ अनि गर्मी लागेपछि पहाड फर्किन्छ। ऊ मधेसमा अर्काका घरमा नोकरको काम गर्छ। परिवारका लागि पैसा कमाउँछ। घर फर्किंदा पहाडमा नपाइने सर-समानहरू लिएर जान्छ। उसका यी क्रियाकलापहरू उसले आफ्नो सामाजिक परिवेशबाट सिकेका कुराहरू हुन्। छोरो मान्छेले घरदेखि बाहिर गई काम गर्नुपर्छ, पैसा कमाएर ल्याउनु पर्छ भन्ने जस्ता कुराहरू सामाजिक-सांस्कृतिक संरचनाले बनाएको घडेरी हो। यसबाट भुन्टे पनि अछुतो छैन। ऊ प्रत्येक वर्ष मधेस झर्छ, काम गर्छ अनि आवश्यक समानहरू लिएर पहाड फर्किन्छ। उसको यस्तो ओहोरदोहोरको क्रमले उसको सामाजिकीकरणलाई प्रदर्शित गर्दछ।

### ४.३.२४.८ भविष्य निर्माण

पार्वतीले प्रारम्भदेखि छोरो नरेशलाई एक महान् व्यक्ति बनाउने सपना देख्छिन्। उनको यस सपनालाई कृष्णबहादुरको लापर्वाहीले अवरोध गर्छ। कृष्णबहादुरले विश्वयुद्धकालीन घटना वृतान्तहरू सुनाएर छोरोमा प्रतिहिंसाको भावना जागृत गराउँछन्। छोरोमा

त्यहीँदेखि हिंसात्मक प्रवृत्ति जन्मिन्छ। छोरोलाई यसबाट जोगाउन आमाले अनेकन् जुक्ति गर्छिन्। छोरोको मनमा सकारात्मक विचारहरूको बिऊ छर्छिन्।

मातापिताको दृष्टिकोण, विश्वास तथा प्रवृत्तिअनुसार सन्तानमा विभिन्न योग्यता, व्यावहारिक क्षमता र मार्ग निर्देशनको विकास हुन्छ। यसले बालकको भावी जीवनलाई सामाजिक समायोजन योग्य बनाउँछ।[२६४] यही कुरा नरेशकी आमाले राम्ररी बुझेकी छन्। अर्कातिर सामाजिक कार्यका रूपमा केटाकेटीहरूले युद्ध विषयक खेल खेलिरहेका घटनालाई लिन सकिन्छ। खेल तथा अन्य मनोरञ्जनको सहायताबाट बालकमा आत्मविश्वास, स्वनिर्भर, पुरुषार्थ, अध्यवसाय आदि सामाजिक गुणहरूको बीजारोपण हुन्छ।[२६५] बालक नरेशले जर्मनेलीहरू विरूद्ध काठको बन्दुक बनाएर यस्तै आत्मविश्वास तथा पुरुषार्थको प्रदर्शन गर्छ। यसलाई उसको सामाजिक सिकाइको रूपमा लिन सकिन्छ, तथापि उसको यस्तो व्यवहारले समाजको हीत गर्दैन भन्ने उसकी आमाले बुझ्छिन्। यसकारण उनले छोरोलाई सामाजिक मूल्यका कार्य गर्नातिर अभिप्रेरित गर्छिन्। आमाको यस भनाइतर्फ छोरो उन्मुख भएको देखिन्छ।

### ४.३.२४.९ गति-अगति

१४ वर्षीय सन्तेले पहिलोचोटि पाहाडे र मधिसे भनेर मान्छेलाई आञ्चलिक दृष्टिले छुट्ट्याउने सामाजिक विडम्बनालाई बुझ्छ। ऊ नोकर हो र परिश्रमी छ, जाँगरिलो छ। पूजामा आउने सबै मानिसहरूले उसको जाँगरलाई सकार्छन्। भोकले सताएको बेला खाँदा भने पाहाडेहरू यस्तै हुन्छन् भनेर समाजका भद्र देखिने मानिसहरूले नै निन्दा गर्छन्। मानिसहरूको यस्तो निन्दनीय व्यवहारले उसको हृदयमा घात पर्छ। अतः सन्तेजस्ता बालकहरूको जीवनमा मानिसका यस्ता अभद्र व्यवहारबाट नकारात्मक प्रभाव

---

[२६४] ज्ञवाली, 'असमान्य', पृ. २२०

[२६५] पाण्डेय, 'बालमनोविज्ञान', पृ. १२३

पर्छ। यस्तो व्यवहार देखाउनेहरूले नै समाजमा आफूलाई सभ्य तथा उच्च सम्झिन्छन्। नोकरले काम मात्रै गरिरहनु पर्छ। नोकरले भोक लाग्यो भन्नु हुँदैन, खानेकुरा धेरै खानु हुँदैन, राम्रो लगाउनु हुँदैन भन्ने उनीहरूको सोच हुन्छ। समाजका यस्तै मानिसहरूको मानसिकताबाट सन्ते पीडित छ।

### ४.३.२५ कथामा आर्थिक स्थिति

बालकको जीवनमा आर्थिक स्थितिको प्रभाव रहने-नरहने बारेमा मनोवैज्ञानिकहरूको मतैक्य देखिँदैन, तथापि निम्नवर्गीय परिवारका बालकमा यसले प्रभाव पार्छ। आमा-बाबु आफ्ना सन्तानले चाहेको सबैथोक दिन सक्दैनन्। पैसाको खर्च धेरै लाग्ने वस्तुहरू किनी दिन सक्दैनन्। फलस्वरूप दुईमाझको सम्बन्ध प्रभावकारी बन्दैन। विषम आर्थिक अवस्थाका परिवारमा हुर्केका बालकको व्यक्तित्वमा निम्न विकृतिहरू देखिन्छन्- भाषाको अपर्याप्तता, समस्याको पहिचान गर्ने क्षमताको अभाव, समस्याको समाधान निकाल्ने योग्यताको अभाव, प्रेरणाको अभाव, आत्मसंयमको अभाव, आत्महत्ताको अवमूल्यन आदि।[२६६] यसका साथै आर्थिक कमजोरीले बालकको इच्छाहरूको दमन, अपराध कार्यको पृष्ठपोषण तथा समुचित व्यक्तित्व विकासमा ह्रास आउँछ।

देवकुमारी थापाका कथाहरूमा प्रतिविम्बित बालकको जीवनमा आर्थिक स्थितिले पारेको प्रभावबारे 'बाबाजस्तै', 'रिट्ठेको प्रश्न', 'दुई रूप', 'मोती हुन नसकेको आँसु', 'भोक तृप्ति', 'गति-अगति' आदि कथाहरूमा अध्ययन गर्न सकिन्छ-

#### ४.३.२५.१ बाबाजस्तै

यो कथा आफ्नो बाबाजस्तै डाक्टर बन्ने उदयको इच्छासँग सम्बन्धित छ। उसको त्यस इच्छासँग आर्थिक स्थितिको पनि परोक्ष सम्बन्ध छ। बाबाको बहुमूल्य रक्तचापमापक

---

[२६६] ज्ञवाली, 'असामान्य', पृ. २२५

यन्त्रलाई उसले फुटाई दिएको छ। त्यसपछि उसले धेरै दिनसम्म बाबाको ब्यागमा अर्को रक्तचापमापक यन्त्र देख्दैन। बाबाले अर्को यन्त्र नल्याएको कुरामा ऊ अन्भिज्ञ छ, तर धेरै दिनसम्म यन्त्र नदेख्दा उसले त्यस यन्त्रको मूल्यबारे आफ्नी आमालाई सोध्छ। आमाले त्यसको सठिक मूल्यबारे बताउन सक्तिन। यसकारण ऊ बाबाको अघि गएर आफूले जम्मा गरेको खुद्रा पैसाको थैली सुम्पिँदै यन्त्रको मूल्यबारे सोध्छ। यस्तो क्रियाव्यापाले ऊ परिवारको आर्थिक स्थितिबारे सचेत छैन भन्ने बुझिन्छ, तथापि उसले त्यस्तो यन्त्र किन्नलाई आर्थिक खर्च चाहिन्छ भन्ने बुझेको छ। उसले त्यस्तो यन्त्रको खर्च स्वयम् उठाउन चाहेकाले परिवारको आर्थिक स्थितिबाट ऊ प्रत्यक्ष प्रभावित छैन भन्ने बुझिन्छ। पैसाको कमीको कारण उसका बाबाले अर्को रक्तचापमापक यन्त्र किन्न सकेको छैन। फलस्वरूप उदय त्यस्तो अर्को यन्त्रदेखि वञ्चित रहनु परेको छ।

### ४.३.२५.२ रिट्ठेको प्रश्न

रिट्ठे शारीरिक, मानसिक र बौद्धिक रूपले दक्ष भए पनि उसले चोर्छ। यसको पछि उसको परिवारको आर्थिक स्थिति मूल कारण हो। फलस्वरूप ऊ अपराधी बन्छ। १२ वर्षसम्म ऊ चारित्रवान् पात्रको रूपमा देखिन्छ। दोकानबाट औँठी चोर्नु, सिनेमाका नायकहरूले झैं पोस्टरमा आफ्नो तस्विर छाप्ने इच्छा व्यक्त गर्नु बालक रिट्ठेको जीवनमा आर्थिक स्थितिले जन्माएका कमजोरी पक्षहरू हुन्।

बाह्य परिवेशका रूपमा पारिवारिक तथा सामाजिकभन्दा आर्थिक वातावरण यस कथामा मुख्य कारक तत्त्व रहेको छ। वातावरणको प्रतिकूलतामा बालकले न त सिकेर नै केही अनुभव गर्न सक्दछ न त आफ्नो शक्तिहरूको विकास गर्न सक्दछ।[२६७] यस दृष्टिले रिट्ठेको लागि कुनै प्रतिकूल वातावरणको सिर्जना भएको छैन। चोरी गर्नु उसले कसैबाट सिकेको छैन। उसले जसरी चोरी गर्छ, त्यसमा प्रत्यक्ष आर्थिक स्थितिको प्रभाव

---

[२६७] पाण्डेय, 'बालमनोविज्ञान', पृ. २७४

देखिन्छ। आर्थिक स्थितिबारे पनि मनोवैज्ञानिकहरूमाझ मतभेद रहेको देखिन्छ। उनीहरू दुईवटा कुरामा विशेष जोड दिन्छन्- एक, बालकको व्यक्तित्व विकासमा आर्थिक स्थितिको कुनै भूमिका हुँदैन। आमा-बाबु अनि समाजले नै बालकको व्यक्तित्वलाई प्रभावित गर्दछ। अर्को, बालकको जीवनमा आर्थिक स्थिति सन्तोषजनक रह्यो भने उसको व्यक्तित्व विकास पनि असल हुन्छ।[२६८] यस दृष्टिले बालक रिट्ठेमा दोस्रो मनोवैज्ञानिक भनाइले प्रभाव पारेको देखिन्छ।

### ४.३.२५.३ दुई रूप

यस कथामा सानो ठिटो र केटाकेटीका सन्दर्भबाट बालजीवनका दुई रूपलाई प्रस्तुत गरिएको छ। पहिलो, पैसा साटेर आइहाल्छु भनेर लापत्ता हुने सानो ठिटोको जीवन। अर्को, नोटको साटो खुद्रा पैसामा मात्र रमाउने केटाकेटीहरूको जीवन। यी दुवै वर्गका बालकहरू आर्थिक स्थितिबाट प्रभावित छन्, तथापि ठिटोको लागि पैसाको मूल्य अर्कोको भन्दा धेरै छ। उसको लागि दश रूपियाँको महत्त्व धेरै छ। केटाकेटीका निम्ति त्यस्तो केही साधन छैन। वस्तुतः दुवै बालकको जीवनमा आर्थिक स्थितिको परोक्ष प्रभाव र समस्या छ।

### ४.३.२५.४ मोती हुन नसकेको आँसु

भुन्टे पहाडबाट प्रत्येक वर्ष मधेस झर्छ, केही महिना अर्काको घरमा काम गर्छ अनि कमाएको पैसाले घरका लागि नुन, साबुन र अन्य समानहरू किनेर फर्कन्छ। उसको यस्तो ओहोरदोहोरको मूल कारण आर्थिक विषम देखिन्छ। पहाडमा उसको तिन मुरी धान हुने खेतबारी छ। बाबुको मृत्युपछि ऋण चुकाउन नसकेकाले त्यसलाई साहुले कब्जा गरेको छ। यसकारण ऊ यसरी अर्काको घरमा काम गर्दछ।

---

[२६८] पाण्डेय, 'बालमनोविज्ञान', पृ. २७३

### ४.३.२५.५ भोक तृप्ति

सानो बालकको भोक सामान्य रूपले परितुष्टि हुन सकेको छैन। पारिवारिक दृष्टिले ऊ र उसकी आमा माग्दै हिँड्छन्। बाटो, पसल र मन्दिरहरूतिर मागेर कमाएको पैसा र खानेकुराबाट नै तिनीहरूको जीवन निर्वाह भइरहेको छ।

तिनीहरूको घरमा खानेकुराको अनिकाल छ। यसकारण छोरोले आमा भोक लाग्यो भन्दा पनि आमा अमुक रहन्छिन्। प्रतिक्रियाहीन आमाको व्यवहार देखेर बालक क्रोधित हुन्छ। त्यसपछि भने आमा भाँडा टिपी माग्न हिँड्छिन्। वस्तुतः त्यस बालकको भोकको तड्पनबाहेक अन्य कुनै सन्दर्भमा परिवारको आर्थिक स्थितिले उसको मानसिकतामा प्रभाव पारेको देखिँदैन, तथापि भोकका लागि त्यसरी तड्पिनु उसको परिवारको आर्थिक दरिद्र मूल कारण नै देखिन्छ।

### ४.३.२५.६ गति-अगति

एउटा धनाढ्य परिवारमा सन्ते काम गर्छ। यसरी अर्काको घरमा बसेर काम गर्नामा उसको कमजोर आर्थिक स्थिति मूल कारण देखिन्छ। अर्काको घरमा काम गरेर आफू तथा आफ्ना परिवारलाई सम्हाल्नु सन्तेजस्ता पात्रहरूको जीवनशैलीले तिनीहरूको आर्थिक विषमलाई नै इङ्गित गर्छ।

### ४.३.२६ कथामा बाल भाषा

'बाल भाषा' भन्नाले बालबालिका अथवा बालकद्वारा बोलिने भाषालाई बुझिन्छ। एउटै भाषालाई बुझ्ने ज्ञान स्तर बालक र वयस्कमाझ भिन्न भिन्न हुन्छ। यस्तो फरकपन व्यक्तिको विकासात्मक मनोविज्ञानसँग सम्बन्धित हुन्छ। शिशुअवस्था, बाल्यावस्था, किशोरावस्था हुँदै बालकको भाषा विकास हुने क्रम चलिरहन्छ। बालकले भाषा ज्ञान सर्वप्रथम आफ्नो पारिवारिक परिवेशबाट सिक्दछ। कार्ल सी गैरिसनको भनाइअनुसार

स्कुल जानुभन्दा अघि बालकमा रहेका भाषाज्ञानले उसको बौद्धिक विकासको लागि सबैभन्दा राम्रो कार्य गर्छ।[२६९] बालकले विभिन्न तरिकाद्वारा भाषा सिक्दछ। यसमा सर्वप्रथम उसको शारीरिक अवयवले कार्य गर्दछ, जसको सहायताद्वारा सठिक उच्चारित ध्वनिको विकास हुँदछ। त्यसपछि बालकको सम्पर्क परिवारका व्यक्ति तथा समाजका अन्य बालकसित हुन्छ। त्यहीँबाट उसले अनुकरणद्वारा, वस्तुको नामकरणद्वारा, प्रयत्न तथा भूलद्वारा भाषा सिक्दै जान्छ।[२७०] यसलाई उसको बुद्धि, जैविकीय शक्ति तथा वातावरणले प्रभावित पार्छ, तथापि बालकले वस्तुहरूको नाम सिकेर पनि धेरैपल्ट व्याकरणिक गल्ती गर्न सक्तछ। लेख्ने अवस्थामा आएर पनि शब्द गल्ती लेख्दछ।[२७१] चोम्स्कीको भनाइअनुसार बालकले यस प्रकारको भाषाको नियमलाई गडबडी गर्नु स्वाभाविक हो। बालकले पहिला भाषामात्र सिक्न थाल्छ, उसलाई भाषाविज्ञानको नियमहरूको ज्ञान हुँदैन। स्कुल पढ्न थालेपछि मात्रा भाषाविज्ञानको नियमबारे जान्न थाल्दछ।[२७२]

बालकको भाषा विकासमा सर्वप्रथम जीन पियाजेले नयाँ दृष्टिकोण प्रस्तुत गरेका छन्। बालकको भाषा र चिन्तनमा उनको रुचि अधिक थियो। उनले बालकको सबै प्रकारको वाणीलाई (क) आत्मकेन्द्रित र (ख) समाजीकृत गरी दुई वर्गमा बाँडेका छन्। उनको यस वर्गीकरणमा पहिलोमा बालक आफूले बोलेपछि अरूको सुन्दैन, ऊ आफ्नै धुनमा रहन्छ। ऊ आफैसँग बोलिरहन्छ। बालकमा यस किसमको स्वभाव उसको उमेर

---

[२६९] https://www.scotbuzz.org/2017/08/bhasha-vikas.html#toc1, जुलाई २०१८, समय : रातिको १० बजेर ७ मिनटमा

[२७०] जायसवाल, 'विकासात्मक', पृ. ८०

[२७१] एस पी चौये, सन् २००४, फन्डामेन्टल्स् अव् साइकोलोजी अव् चाइल्ड डेभलपमेन्ट, दिल्ली : कन्सेप्ट पब्लिसिङ कम्पनी प्रा लि पृ. १६६

[२७२] रत्ना लोध, सन् २०००, *ल्याङ्गोएज कन्टेन्ट एन्ड फम अव् दि प्रिस्कुल चिल्ड्रेन इन अ पिक्टोरियली स्टुमुलेटेड कन्डिसन,* विद्यावारिधि शोधप्रबन्ध, कलकत्ता : युनिभर्सिटी अव् कलकत्ता

अवस्थासितै परिवर्तन हुँदै जान्छ। दोस्रो, बालक अन्य कुनै व्यक्ति विशेषको उपस्थितिमा आफ्ना भावना, विचार तथा इच्छाहरू व्यक्त गर्दछ।[२७३]

बालकको भाषा सिकाइको क्रमबारे विभिन्न विद्वान्हरूले विभिन्न प्रकारका अनुसन्धान गरेका छन्। जन्मेको हप्तादेखि नै बालकमा भाषा (ध्वनि) ग्रहण गर्ने क्षमताको विकास हुँदै जान्छ। विभिन्न उमेरमा शब्द मात्राको ज्ञान बढ्दै जान्छ भन्ने मनोवैज्ञानिकहरू मान्छन्। बालकको भाषा ज्ञानलाई प्रयोगात्मक रूपले विशेष अध्ययन गरिन्छ, तथापि कथामा बालपात्रले कस्तो भाषाको प्रयोग गरेको छ त्यसबारे जान्नाका निम्ति आवश्यक केही विषयहरूको चर्चा गर्न वाञ्छनीय देखिन्छ।

जीन पियाजेले देखाएका बालकको आत्मकेन्द्रित तथा समाजीकृत भाषाज्ञानको कुरा होस् वा अन्य विद्वान्हरूले गरेका अनुसन्धान कार्य होस्; बालकको शैशव अवस्था उसको घर-परिवारसँग सम्बन्धित हुन्छ। सुरुमा उसको भाषाको विकास पनि परिवारबाट नै हुन्छ। वस्तुतः बालकले शिशुअवस्थादेखि भाषा सिक्दछ भने बाल्यावस्थामा पुग्दा उसको भाषा विकासको गतिमा तीव्रता आउँदछ। यसको मुख्य कारण यस समय ऊ आफ्नो व्यक्तिगत तथा सामाजिक व्यवहारप्रति धेरै सचेत हुन्छ। बाह्य वातावरणसँग पनि घुलमिल हुन्छ। किशोरावस्थामा बालकले आफ्नो चिन्तन तथा समस्याअनुकूल भाषालाई परिवर्तन गरेर प्रयोग गर्ने प्रयास गर्दछ। बुद्धि, कल्पना, आदत वा अभ्यासको कारण यस अवस्थामा उसले भाषाको विकासमा आफ्नो योगदान दिँदछ।[२७४]

बालकले प्रयोग गरेका भाषाको आधारमा थापाका बालजीवन सन्दर्भित कथाहरू प्रायः उपयुक्त देखिन्छ। बालकको उपस्थिति मुख्य भएकाले उनका कथाहरूमा बालकको भाषिक प्रयोग कम-बेसी मात्रामा देखिन्छ। ती कथाहरूमा बालकको

---

[२७३] जायसवाल, 'विकासात्मक', पृ. ८३

[२७४] https://www.scotbuzz.org/2017/08/bhasha-vikas.html#toc1, जुलाई २०१८, समय : रातिको १० बजेर ७ मिनटमा

आत्मकेन्द्रितभन्दा समाजीकृत भाषाको प्रयोग धेरै देखिन्छ। यसका निम्ति नमुना छनोटको आधार लिइएको छ, जसमा थापाका 'भविष्य निर्माण' र 'भोक तृप्ति' कथाको विश्लेषण गरिन्छ-

### ४.३.२६.१ भविष्य निर्णाण

भाषा विचार विनियमको साधन हो। यसले भावाभिव्यक्तिको सम्प्रेषण गर्छ। यसकारण बालकले आफ्ना भाषाद्वारा आफ्नो तथा अन्य व्यक्तिको मनोभावना बुझ्ने र बुझाउने गर्छ। बालक नरेश ५ वर्षको छ। ऊ बाल्यावस्थाको प्रारम्भिक चरणमा रहेको देखिन्छ। यस उमेरका बालकहरूले कस्तो भाषाको प्रयोग गर्छन् तथा कति शब्दहरूको ज्ञान हासिल गर्दछन् भनेर अध्ययन गर्न सम्भव देखिँदैन। यस्तो अध्ययन प्रायोगिक अध्ययनअन्तर्गत पर्दछ, तथापि नरेशले प्रयोग गरेका भाषिक प्रयोगलाई उसको चरित्रका आधारमा विश्लेषण गर्न सकिन्छ।

उदाहरण- १ कसले गोली हानेको थियो बा ? (पृ. ०२)

२ गोली लाग्दा तपाईँलाई दुखेन ? (पृ. ०२)

३ उसो भए बालाई किन गोली हाने त ? (पृ. ०३)

माथिका उदाहरणबाट नरेशमा भाषाज्ञानबारे सठिक ज्ञान भएको अथवा नभएको स्पष्ट देखाउन सकिँदैन। यो पूर्णतः कथाकारको मानसिक स्थिति र उनको भाषिक सामर्थ्यसित सम्बन्धित कुरो हुन्छ। यसलाई नरेशको संसर्गमा रहेका परिवार तथा समाजका व्यक्तिहरूबाट उसले अनुकरणद्वारा सिकेको पनि मान्न सकिन्छ। अर्को, उक्त वाक्यहरू नरेशको बालजिज्ञासा तथा अबोधपनसँग सम्बन्धित छन्। तिनैवटा प्रश्न गराइमा पनि नरेशको अबोध तथा निश्छल बालसुलभ विशेषताहरू विद्यमान देखिन्छ। अतः बालकले कुनै विषयबारे जान्न खोज्दा अथवा त्यस विषयप्रति जान्न उसलाई कुनै कुराले

उत्तेजित पार्दा उसले आफ्नै इच्छाअनुसारको भाषाको प्रयोग पनि गर्छ। यस्तो समयमा व्याकरणिक विचलन आउन सक्छ। वस्तुतः बालकको जिज्ञासु स्वभाव तथा अबोधपनका आधारमा पनि उसको भाषिक प्रयोगलाई हेर्न सकिन्छ।

### ४.३.२६.२ भोक तृप्ति

यस कथामा सिन्के बालकको अथवा ट्याम्के भुँडी भएको बालकको निश्चित उमेर तोकिएको छैन। उसको आफ्नी आमाप्रति रहेको निर्भरताका आधारमा नै उसले प्रयोग गरेको भाषालाई हेर्न सकिन्छ-

उदाहरण- १ आमा, ए आमा, भोक लाग्यो। (पृ. ४८)

२ भोक लाग्यो। (, पृ. ४९)

माथिका वाक्य प्रयोगका दृष्टिले पहिलो वाक्यमा त्यस बालकले आफ्नी आमालाई दुईपल्ट सम्बोधन गरेको छ। दोस्रो वाक्यमा एकपल्ट पनि सम्बोधन गरेको छैन अर्थात् पहिलो वाक्यको प्रयोगमा उसलाई भोकले सताएको अनि त्यसको परिपूर्ति उसकी आमाले गरिदिऊन् भन्ने उसको चाहना रहेको बुझिन्छ। उसले भोक लागेको आमालाई जनाएपछि पनि उसकी आमा बेढी तानी रहन्छिन्। आमाको यस्तो वेवास्ता व्यवहारले ऊ क्रुद्ध बन्छ। फलस्वरूप दोस्रोचोटि आमा नभनी 'भोक लाग्यो' मात्रै भन्छ। यसबाट के स्पष्ट हुन्छ भने बालकले आफ्नो स्वभावअनुकूल भाषाको प्रयोग गर्छ।

यसका साथै बालकको पारिवारिक संरचानअनुकूल उसले भाषा व्यवहार गर्छ। असल खानदान तथा सुसंस्कृत परिवारमा जन्मिएको बालकको बोलीचाली सभ्य र साहित्यिक हुन्छ। मध्यम वा निम्नवर्गमा जन्मिएको बालकको भाषा र व्यवहार सोही अनुसारको हुन्छ। साथै तल्लो वर्ग वा समाजमा जन्मिएको बालकको मापदण्ड पनि

त्यस्तै हुन्छ, जो कुरा उसले जानी वा नजानी व्यक्त गरिरहेको हुन्छ।[२७५] यस दृष्टिले उक्त वाक्यहरूमा त्यस बालकको ठाडो बोली देखिन्छ। आमा शब्द आदरार्शी शब्द भएकाले त्यसको प्रयोग सोहीअनुसार गरिन्छ। आमा आउनु भयो, आमाले दिनु भयो इत्यादि। तर यहाँ बालकले सोझै 'ए आमा' भनेर तल्लो वर्गका व्यक्तिलाई जस्तो सम्बोधन गरेको छ। यस्तो भाषिक प्रयोगमा उसको पारिवारिक परिवेशले कार्य गरेको छ।

अर्को दृष्टिकोणबाट त्यस बालकको माग पुरा भएको छैन। बालकको माग पुरा नहुँदा ऊ क्रोधित हुन्छ। सामान्य अवस्थाबाट असामान्य स्थितिमा पुग्दा उसको भाषामा परिवर्तन आउँछ। यसकारण बालभाषामा उसको पारिवारिक परिवेशका साथै उसको भावनाको पनि बराबर असर परेको हुन्छ।

माथिका दुईवटा कथाका विश्लेषणबाट बालकका भाषालाई उसको जिज्ञासा, अबोधता, निर्भर तथा क्रोधका आधारबाट अध्ययन गरियो। यसका अतिरिक्त शारीरिक चेष्टा (टाउको हल्लाएर, आँखीभाव देखाएर, मुख बनाएर आदि) तथा भाव अभिव्यक्ति (रोएर, कराएर, खुसी भएर आदि) द्वारा पनि बालकको भाषा प्रयोगलाई हेर्न सकिन्छ।

## ४.४ निष्कर्ष

देवकुमारी थापाका कथाहरूको मूल धारा सामाजिक यथार्थवादी तथा मनोविश्लेषणवादी हो। यी दुई मूल धाराभित्र अन्य उपधारा पनि उनका कथामा रहेको पाइन्छ। ती दुवै धाराका कथाहरूमा बालजीवनको सन्दर्भ रहेको पाइन्छ। थापाका सातवटा कथा सङ्ग्रहहरू *(एकादशी, झझल्को, सेतोबिरालो, टपरी, भोक तृप्ति, प्रलय र प्रतीक्षा* र *देवकुमारी थापाको प्रतिनिधि कथा)*-भित्र जम्मा सत्तरवटा कथाहरू सङ्कलित छन्।

---

[२७५] श्रेष्ठ र अर्जेल, 'बालमनोविज्ञान', पृ. ३८

पाँचवटा बालकथा सङ्ग्रहहरू *(रामको कथा, बटुल बाटुल, वरपरबाट, जङ्गलको कथा, सुनपखेटी चरी)* छन्, जसमा अट्ठाइसवटा कथाहरू सङ्गृहीत छन्। यसमा बालजीवनको सन्दर्भका हिसाबले बालकथाभन्दा बालइतर कथा सङ्ग्रहभित्रका कथाहरू मुख्य छन्। त्यसमा पनि दोस्रो धारा अर्थात् मनोविश्लेणवादी धाराका कथाहरू बालजीवनको सन्दर्भलाई हेर्नाका निम्ति सहायकसिद्ध भएको पाइन्छ। सामाजिक यथार्थवादी प्रवृत्तिका कथाहरू बालकको उपस्थितिसित सम्बन्धित छन्, तथापि बालकको मनोवैज्ञानिक पक्षदेखि पृथक् छन्।

बालकको मनोवैज्ञानिक पक्षसँग सम्बन्धित थापाका पन्ध्रवटा कथाहरूको नमुनाबाट बालकको जीवनमा देखिने विविध पक्षहरूको अध्ययनले थापा बालमनोविज्ञानसँग नजिकबाट परिचित रहेको देखिन्छ।

बालमनोविज्ञान एउटा ठुलो वटवृक्षजस्तो हो। यसका अनेक प्रकारका हाँगाबिँगाहरू हुन्छन्। ती सम्पूर्ण हाँगाबिँगालाई एउटा एउटा गरेर केलाउने तथा छुट्ट्याउने साध्य र साधनको यहाँ अभाव खट्किएको छ। भन्नुको तात्पर्य थापाले आफ्ना कथाहरूमा बालकको जीवनसँग सम्बन्धित संवेग, प्रवृत्ति, विशेषता तथा उसको पारिवारिक, सामाजिक तथा आर्थिक स्थितिको चर्चा जति उठाएका छन् तीमात्रै बालमनोविज्ञानका पक्षहरू होइनन्। उनका कथाहरूमा बालजीवनको सन्दर्भलाई हेर्नाका निम्ति विविध पक्षलाई आधार बनाइएको छ। ती आधारहरूबाट उनका कथाका बालपात्रहरूको जीवन स्थितिलाई बुझ्ने प्रयास गरिएको छ। बालजीवनलाई हेर्ने क्रममा बालकको अनुकरण, जिज्ञासा, प्रेम, नैतक चेतना, चिन्तन, पारिवारिक स्थिति, सामाजिक स्थिति आदिलाई उनले विशेष महत्त्व दिएकी छन्। क्रोध, भय, हर्ष, निर्देश, भोक, अपराध आदि जस्ता कुरालाई मध्यम स्तरमा राखेकी छन्। कल्पना, दुःख, भोक, प्रदर्शन तथा पलायनवृत्ति आदिलाई निम्न स्तरमा राखेकी छन्। यसबाट के स्पष्ट हुन्छ भने

थापाले विशेषतः बालकलाई आफ्नो परिवारका तथा अन्य सदस्यहरूबाट नै व्यावहारिक तथा संस्कारसम्बन्धी कुराहरू मिल्दछ। तिनीहरूबाट उसले अनुकरण गरेर नकारात्मक तथा सकारात्मक कुराहरू सिक्दछ। यसरी सिकाइको प्रक्रियाबाट उसको मनमा अनेक जिज्ञासाहरूको प्रादुर्भाव हुँदछ। प्रेमबाट अन्य भावनाको बीजारोपण हुँदछ। नैतिक-अनैतिक ज्ञानको विकास हुँदछ।

बालकका क्रोध, भय, ईर्ष्या, स्पर्धाजस्ता भाव तथा प्रवृत्तिहरू क्षणिक हुन्छन्। यी बालकको उमेरसितै परिवर्तित हुँदै जाने तथा यसले उसको मनोविकासमा नकारात्मक प्रभाव धेरै पार्ने भएका कारणलाई थापाले उति महत्त्व दिएकी छैन।

# पाँचौं अध्याय

## ५ उपसंहार तथा निष्कर्ष

### ५.१ उपसंहार

'देवकुमारी थापाका कथामा बालजीवनको सन्दर्भ' शीर्षक प्रस्तुत शोधप्रबन्धमा बालक, बालकको संवेग, प्रवृत्ति तथा उसको जीवनमा प्रभाव पार्ने परिवेश आदिको बाल मनोवैज्ञानिक आधारबाट देवकुमारी थापाका कथाहरूमा बालजीवनको सन्दर्भलाई अध्ययन-विश्लेषण गरिएको छ। बालमनोविज्ञानलाई मुख्य आधार बनाएर गरिएको यस शोधकार्यमा कथामा प्रतिविम्बित बालकको परिचय, उसको उपस्थिति साथै उसको जीवनमा देखा पर्ने आन्तरिक र बाह्य परिवेशअनुकूलका पक्षहरूलाई विशेष अध्ययनको विषय बनाएको छ।

बालक, बालकथा र बालजीवन सन्दर्भित कथा एकार्कामा सम्बन्धित रहेकाले नेपाली बालकथा र बालजीवन सन्दर्भित कथाको सैद्धान्तिक आधारलाई पनि यस शोधप्रबन्धमा अध्ययन गरिएको छ। यी दुवै किसिमका कथामा मनोरञ्जन, ज्ञानसंवर्धन, कल्पनासंवर्धन, पारिवारिक सन्दर्भ, सामाजिक सन्दर्भ, मनोवैज्ञानिक सन्दर्भ, बालपात्रको उपस्थिति, बालभाषाको प्रयोग आदिजस्ता पक्षहरू मूलभूत विशेषताका रूपमा राखिएर बालजीवन सन्दर्भको अध्ययन गरिएको छ। यसका साथै देवकुमारी थापाका कथामा प्रतिविम्बित बालपात्रलाई प्रत्यक्ष, परोक्ष तथा संस्मरणात्मक शैलीका आधारमा छुट्ट्याएर ती बालपात्रको जीवनमा देखा पर्ने बाह्य-आन्तरिक परिवेशका आधारमा अध्ययन-विश्लेषण गरिएको छ। अध्ययन सुविधाका निम्नि यस कार्यलाई पाँचौं अध्यायसम्म विभाजित गरिएको छ।

प्रस्तुत शोधप्रबन्धको पहिलो अध्याय 'शोध परिचय' रहेको छ। शोध परिचय उपशीर्षक देवकुमारी थापाका कथायात्रामा देखिएका बालकथा र प्रौढकथा तथा बालजीवन सन्दर्भित कथाको परिचयसँग सम्बन्धित छ। यस शोधकार्य सिक्किम विश्विविद्यालयको नेपाली विभागअन्तर्गत विद्यावारिधि उपाधिको निम्ति गरिएको जानकारी दिइएको छ। प्रस्तुत शोधप्रबन्धको 'समस्याकथन' उपशीर्षकमा रहेका समस्याहरूलाई आधुनिक नेपाली कथा साहित्यमा देखा परेको बालजीवनको सन्दर्भबाट अध्ययन गरिएको छ भने बालजीवनको अवधारणाअनुरूप तथा यसको बाह्य आन्तरिक परिवेशका आधारमा थापाका कथाहरूलाई अध्ययन-विश्लेषण गरिएको छ। 'पूर्वकार्यको समीक्षा' उपशीर्षकमा देवकुमारी थापाका व्यक्तित्व तथा कृतित्वसम्बन्धी प्रकाशित लेखादिको समीक्षात्मक प्रस्तुति दिइएको छ।

प्रस्तुत शोधकार्यमा प्रयुक्त भाषा अनि व्याकरणिक नियमवाली *नेपाली लेखन शैली* (सन् २०१०) तथा हेमङ्गराज अधिकारी र बद्रीविशाल भट्टराईको *प्रयोगात्मक नेपाली शब्दकोश* (वि सं २०६६)-लाई आधार गरी निगमनात्मक शोधविधि र विश्लेषणात्मक पद्धतिलाई अपनाइएको छ। सन्दर्भ लेखन तथा पादटिप्पणीका लागि चूडामणि बन्धुको *अनुसन्धान तथा प्रतिवेदन लेखन* (सन् २०१३)-लाई मुख्य आधार बनाउँदै द्वितीय स्रोत अथवा पुस्ताकालय अध्ययनबाट तथ्य सङ्कलन गरिएको छ।

'शोधकार्यको औचित्य'अन्तर्गत प्राज्ञिक स्तरमा कुनै पनि विश्वविद्यालयबाट आजसम्म यस विषयमा शोधकार्य नगरिएकाले सो शोधप्रबन्ध विद्यार्थी तथा शोधार्थीहरूका निम्ति उपलब्धिमूलक हुनेछ। थापाका प्रकाशित बालकथा र प्रौढकथा सङ्ग्रहमध्ये सातवटा प्रौढकथा सङ्ग्रहलाई अध्ययनको सीमाभित्र राखेर बालजीवन सन्दर्भित कथाहरूको अध्ययन-विश्लेषण गरी थापाको बालजीवनप्रतिको दृष्टिकोणलाई निष्कर्षको रूपमा निकाल्ने कार्य गरिएको छ।

दोस्रो अध्याय 'नेपाली बालकथा र बालजीवनको सन्दर्भ'सित सम्बन्धित यस अध्यायभित्र 'नेपाली बालकथाको परिचय' उपशीर्षकमा बालकथाको अर्थ, परिभाषा, वर्गीकरण, विशेषता आदिको चर्चा गर्दै त्यसको स्थूल र सूक्ष्म पक्षहरूको परिचयात्मक विश्लेषण प्रस्तुत छ। 'बालक र बालपरिवेश' उपशीर्षक यस शोधप्रबन्धको एउटा महत्त्वपूर्ण विषय भएकाले यसमा बालकको अर्थ तथा वर्गीकरणबारे विस्तृत चर्चा गरिएको छ। बालपरिवेशलाई बाह्य-आन्तरिक परिवेशका रूपमा विभाजन गरी त्यसमा प्रेम, घृणा, क्रोध, भय, ईर्ष्या, हर्ष, दुःख, पारिवारिक, सामाजिक तथा आर्थिक स्थिति आदिलाई बुझ्ने विशेष प्रयास गरिएको छ। यस अध्यायको अर्को चाखलाग्दो विषय 'बालजीवनको परिचय' छ। यस उपशीर्षकमा बालजीवनको परिचय प्रस्तुत गर्दै बालकको जीवनलाई उमेरसमूह तथा प्रवृत्तिका आधारमा चिनाउनु, 'उमेरसमूहका आधारमा' शिशुअवस्था, बाल्यावस्था, पूर्व बाल्यावस्था, उत्तर बाल्यावस्था, किशोरावस्था गरी बालकको उमेरको मनोविज्ञानबारे जान्नु तथा 'प्रवृत्तिका आधारमा' अनुकरण, उत्सुकता, रचनात्मक प्रवृत्ति, स्पर्धा, कामवृत्ति, निर्देश आदि पक्षहरूबारे विश्लेषणात्मक चर्चा गर्नु यस अध्यायको मुख्य पक्ष रहेको छ।

तेस्रो अध्याय 'नेपाली कथामा देवकुमारी थापाको आगमनपूर्व बालजीवन सन्दर्भ कथाको विकास परम्परा'मा 'आधुनिक नेपाली कथाको पृष्ठभूमि', 'देवकुमारी थापाको आगमनपूर्व अन्यान्य नेपाली कथामा बालजीवनको प्रयोग स्थिति', 'देवकुमारी थापापूर्वका केही आधुनिक नेपाली कथाको संक्षिप्त विश्लेषण', 'नेपाली कथामा देवकुमारी थापाको आगमन' आदि विषयहरू रहेका छन्। 'आधुनिक नेपाली कथाको पृष्ठभूमि'अन्तर्गत प्राथमिक, माध्यमिक तथा आधुनिक कालमा नेपाली कथा साहित्यले निर्माण गरेको घडेरीको संक्षिप्त परिचय दिइएको छ। 'देवकुमारी थापाको आगमनपूर्व अन्यान्य नेपाली कथामा बालजीवनको प्रयोग स्थिति' जसमा पूर्व आधुनिक कालदेखि आधुनिक कालसम्म नेपाली साहित्यमा देखापरेका सामाजिक यथार्थवादी तथा मनोविश्लेषणवादी प्रवृत्तिका

कथाबाट नै बालजीवन सन्दर्भित कथाको सिर्जना भएको बारे जानकारी दिइएको छ। यसमा नेपाली कथाकारहरूले सचेत-असचेत रूपमा बालजीवनको सन्दर्भलाई विभिन्न दृष्टिकोणबाट उठाएको चर्चा गरिएको छ। बालमनोविज्ञानसँग परिचित-अपरिचित रहेर लेखिएका ती कथाहरूको पृष्ठभूमिबाट नै नेपाली कथामा देवकुमारी थापाको आगमन भएको चर्चा गरिएको छ। देवकुमारी थापाका कथाको परिचय र उनका प्रकाशित कथा सङ्ग्रहको विश्लेषणात्मक अध्ययन गर्दा सातवटा कथा सङ्ग्रह *एकादशी, झझल्को, सेतो बिरालो, टपरी, भोक तृप्ति, प्रलय प्रतीक्षा* र *देवकुमारी थापाका प्रतिनिधि कथा* आदिलाई आधार गरिएको छ।

चौथो अध्याय मूल अध्यायको रूपमा रहेको छ। यस अध्यायअन्तर्गत 'देवकुमारी थापाका कथाहरूमा प्रतिविम्बित बालजीवन' मूल शीर्षक र 'देवकुमारी थापाका कथाहरूको वर्गीकरण' उपशीर्षक रहेको छ। यस उपशीर्षकअन्तर्गत बालकथा, प्रौढकथा र बालजीवन सन्दर्भित कथाको परिचय, बालजीवन सन्दर्भित कथाको स्वरूप (पारिवारिक सन्दर्भ, सामाजिक सन्दर्भ, मनोवैज्ञानिक सन्दर्भ, बालपात्रको उपस्थिति, बालभाषाको प्रयोग) र विशेषता (बालमनोविज्ञान, बालजीवनको चित्रण, समसामयिकता, विषयगत विविधता, पात्रगत विविधता, परिवेशगत विविधता, शैलीगत विविधता)-जस्ता विषयहरूको विश्लेषणात्मक अध्ययन गरिएको छ। 'बालजीवन सन्दर्भित कथाको वर्गीकरण' बालपात्रको प्रत्यक्ष, परोक्ष तथा संस्मरणात्मक शैलीका आधारमा गरिएको छ। थापाका कथामा बालजीवनको सन्दर्भलाई हेरिने प्रमुख पक्षहरू हुन्- अनुकरण, जिज्ञासा वा उत्सुकता, प्रेम, क्रोध, घृणा, ईर्ष्या, भय र लाज, हर्ष, स्पर्धा, दुःख, झुट र आदत, चिन्तन, निर्देश, नैतिक चेतना, कल्पना, भोक, खेल, प्रदर्शनवृत्ति, पलायनवृत्ति, रचनात्मक प्रवृत्ति, बाल अपराध, इच्छाशक्ति, पारिवारिक स्थिति, सामाजिक स्थिति, आर्थिक स्थिति तथा बालभाषा आदि।

पाँचौं अध्यायमा उपसंहार तथा निष्कर्ष रहेको छ। थापाका कथामा बालजीवनको सन्दर्भलाई अध्ययन गर्दा प्राप्त तथ्याङ्कहरूलाई यस अध्यायको निचोड रूपमा प्रस्तुत गरिएको छ।

## ५.२ निष्कर्ष

बालसाहित्यको विधागत वर्गीकरणका आधारमा छुट्ट्याइएका बालकथा श्रुति तथा मौखिक परम्परासित सम्बद्ध छ। यही परम्परामा विद्यमान बालकिस्साहरू नै नेपाली बालकथाको पूर्वधार मान्न सकिन्छ। बालकथाको प्राचीन स्वरूप वैदिक कालदेखि नै रहेको पाइन्छ, त्यसैले यसलाई प्राचीन विधा मानिन्छ। प्राचीनता, लोकप्रियता तथा सम्प्रेषनीयता यसका आङ्गिक विशेषता हुन्। बालसाहित्यका अन्य विधाका तुलनामा बालकथालाई सशक्त विधा मानिन्छ। यसका पूर्वरूप पञ्चतन्त्र, हितोपदेश, सिंहासन बत्तीसी तथा कथासरित्सागर आदिका प्रायः किस्साहरूमा रहेको उल्लेख पाइन्छ। यीमध्ये पञ्चतन्त्रका विषयवस्तु, पात्र, चरित्रबाट नै बालकथाहरू कालन्तरमा प्रायः सबै भाषाहरूमा प्रचार हुँदै आएको विद्वान्हरू स्वीकार्दछन्। नीतिशास्त्र, पौराणिक तथा धार्मिक ग्रन्थहरूका आधारमा लिखित कथाहरूले पनि बालबालिकालाई नीतिवान्, आदर्शवान् एवम् चरित्रवान् बन्नमा सहायता प्रदान गरेको पाइन्छ।[२७६]

नेपाली बालकथाको प्रार्दुभाव धार्मिक, पौराणिक, ऐतिहासिक तथा बौद्ध जातककथाबाट अनूदित-रूपान्तरित हुँदै विकसित भएको पाइन्छ। देवकुमारी थापापूर्व नेपाली बालकथाका स्वरूप, प्रवृत्ति र विशेषता पनि सोही पौराणिक, धार्मिक, ऐतिहासिक तथा लोकआख्यानका पुनर्लेखनकै आधारमा रहेको स्पष्ट देखिन्छ।

---

[२७६] दिपेन तामाङ, सन् २०१०, 'भारतीय नेपाली बालकथाको विकास परम्परा', घनश्याम नेपाल (सम्पा.) *अभिज्ञान*, वर्ष १, अङ्क २, सिलगडी : नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय, पृ. ७०

देवकुमारी थापाको नेपाली साहित्यमा प्रवेश सन् १९४६ सालदेखि सक्रिय रूपमा भएको देखिन्छ। विभिन्न पत्र-पत्रिकातिर प्रकाशित केही रचनाहरूले उनलाई कथाकारका रूपमा परिचित गराइसकेको भए पनि उनी *रामको कथा* (सन् १९५६) प्रकाशनपछि मात्र बालकथाकारका रूपमा चिनिन थालेका हुन्।

देवकुमारी थापाका बालकथा र प्रौढकथा सङ्ग्रह गरी जम्मा बाह्रवटा पुस्तकहरू प्रकाशित छन्। बालकथाको माध्यमबाट उनले बालकलाई आदर्शवान्, नैतिकवान् तथा चरित्रवान् बन्ने प्रेरणा दिनाका साथै बालकको जिज्ञासा, उत्सुकता, मरोरञ्जनात्मकता, कल्पनात्मकता आदि संवेग तथा प्रवृत्तिहरूलाई चिनाउने कार्य गरेकी छन्। उनका बालइतर कथाहरूले सामाजिक तथा मनोवैज्ञानिक विषयवस्तुलाई आधार बनाइएको पाइन्छ। ती कथाहरूमा बालजीवनप्रति देखाइएको सकारात्मक पहलमा उनका पूर्ववर्ती नेपाली कथाकारहरूमा गुरुप्रसाद मैनाली, बालकृष्ण सम, गोविन्दबहादुर गोठाले, रूपनारायण सिंह, अच्छा राई 'रसिक' प्रभृति कथाकारहरूले बसाएको घडेरीको महत्त्वपूर्ण भूमिका देखिन्छ। बालजीवनको सामान्य चित्रण तथा बालकको मनोवैज्ञानिक विश्लेषण दुवै किसिमका लेखन थापाको आगमनभन्दा पूर्व स्पष्ट देखिन्छ। थापाका आगमन अथवा उनको बालजीवनप्रतिको दृष्टिकोण उनको 'भविष्य निर्माण' कथाले प्रष्ट पारेको छ। प्रस्तुत कथा नै उनको पहिलो बाल मनोवैज्ञानिक कथा पनि हो। यसभन्दा अघि भारतबाट भने कसैले यस किसिमको बाल मनोवैज्ञानिक कथाको श्रीगणेश गरेको पाइँदैन। यसकारण भारतीय नेपाली कथा साहित्यको सन्दर्भमा उनको यस प्रवेशले बाल मनोवैज्ञानिक कथालाई नयाँ मोड दिइएको छ।

देवकुमारी थापाका कथाहरू सामाजिक जनजीवनको सूक्ष्म चित्रणका साथै स्थानीय परिवेश सुहाउँदो रूपमा लेखिएका पाइन्छ। तत्कालीन दार्जिलिङे नेपाली जनजीनको सामाजिक स्थिति, पारिवारिक संरचना, त्यहाँको प्राकृतिक दृश्य आदिको वर्णन जीवन्त

देखिन्छ। कथाहरूको परिवेश भारत र नेपाल दुवै देश रहेको पाइन्छ। बालपात्रको प्रयोग पनि परिवेशअनुकूल देखिन्छ। 'भविष्य निर्माण', 'बाबाजस्तै', 'दुई रूप', 'रिट्ठेको प्रश्न', 'देखेका कुरा' आदि कथाहरूको परिवेश दार्जिलिङको सेरोफेरोलाई लिएर लेखिएको छ। त्यस्ता परिवेशमा हुर्केका बालकको जीवनले स्थानीय बालकहरूको जीवन स्थितिलाई प्रतिनिधित्व गरेको छ। 'मोती हुन नसकेको आँसु', 'गति-अगति' तथा 'एउटा अर्को वर्णसङ्कर'जस्ता कथाका बालपात्रहरू नेपालको स्थानीय पात्रहरूको रूपमा देखिन्छन्। 'बाबाजस्तै', 'हाँसको चल्ला' आदि कथाहरूले कुनै निश्चित स्थान विशेषलाई दर्शाइएको पाइँदैन तापनि ती कथाका बालपात्रहरू नेपाली समाजका नै हुन् भन्ने देखिन्छ। तिनीहरूको नामकरणले पनि यसलाई पुष्टि गरेको छ।

देवकुमारी थापा कथामा स्वयम् म पात्रका रूपमा उपस्थित देखिन्छिन्। आफ्नै जीवनसित सम्बन्धित घटना विषयहरूलाई कथात्मक रूप दिनाका साथै उनले आफ्ना जीवनमूलक चिन्तन, सामाजिक प्रतिबद्धता र वस्तुसत्यको यथार्थ स्वरूपलाई पनि कथामा झल्काएकी छन्।[२७७] गर्भे टुहुरी हुनु, आमा वैराग्गिएर काशी जानु र उतै मृत्यु हुनु, हजुरआमाको लालन-पालनमा कथा सुन्नु आदिले उनमा प्रभाव विशेष परेको पाइन्छ।[२७८] यसैको प्रतिछाप उनका 'हाँसको चल्ला' तथा 'कथा' शीर्षक कथाहरूमा प्रष्ट देख्न सकिन्छ।

देवकुमारी थापा आफ्ना देशका बालकहरूको भविष्यप्रति सधैं चिन्तित तथा सम्वेदनशील देखिन्छिन्। बालकको उज्ज्वल भविष्यले नै देशको विकास हुने सङ्कल्पना उनले रोजेका जिन्दगीका मुख्य पाटा हुन्। यसैकारण उनले बालकहरूको जीवनलाई भौतिक, आध्यात्मिक तथा प्राकृत तवरबाट सुस्वास्थ्य र सम्मोन्नत तुल्याउने कार्य गरेकी

---

[२७७] श्रेष्ट, 'नेपाली', पृ. १०४

[२७८] लक्ष्मी उप्रेती, वि सं २०७०, 'बालसाहित्यकार देवकुमारी थापा', नवराज रिजाल (सम्पा.), *नवप्रज्ञापन,* बालसाहित्य विशेषाङ्क, पूर्णाङ्क ६०, पृ. ३५४

छन्। देशका कतिपय बालकहरू सडक सडकमा माग्ने भएर, होटल-होटलमा श्रमिक बनेर, आपराधिक कार्य गरी जेल कोठरीमा थुनिएर, लागूपदार्थ सेवन गरेर तथा शिक्षाको उज्ज्यालोबाट वञ्चित रहेर अँध्यारो भविष्यतिर धकेलिँदै गएको देखेर उनी सदैव संवेदनशील देखिन्छिन्।[२७९] उनको यस किसिमको संवेदनशीलता 'भविष्य निर्माण', 'भोक तृप्ति', 'रिट्ठेको प्रश्न', 'गति-अगति'जस्ता कथाहरूमा प्रत्यक्ष देखिन्छ। यस्ता बालकहरूका उज्ज्वल भविष्यका निम्ति उनी सधैं कार्यशील रहेको देखिन्छ।

मनोविज्ञान तथा बालमनोविज्ञानसँग परिचित थापा एक कुशल अभिभावक पनि हुन्। यिनी स्वयम् भौतिक रूपबाट आमा हुन नसके तापनि मातृत्वको मनोविज्ञान यिनका कथामा चरितार्थ भएको पाइन्छ।[२८०] 'भविष्य निर्माण', 'रहर', 'मोती हुन नसकेको आँसु' आदि यसका ज्वलन्त उदाहरण हुन्। बालकका मनोवृत्ति, मनोदशा तथा मनोसंरचनाका विभिन्न पक्षहरूलाई उनले आफ्ना कथाहरूमा कलात्मक ढङ्गले प्रस्तुत गरेका छन्। उनले बालकथा र बालजीवनीका माध्यमद्वारा नेपाली बालबालिकाको चरित्र निर्माण, राष्ट्रप्रेम, मानव प्रेमलगायतका मानवोचित भावनालाई अघि बढाउने कार्य गरेकी छन्।[२८१]

देवकुमारी थापाले आफ्ना कथाहरूमा बालकहरूको उपस्थिति गराएर तिनीहरूको नैसर्गिक जीवनवृत्तको उद्घाटन गरेकी छन्। बालकप्रति उसको अभिभावकीय उत्तरदायित्व निर्वाह गरेकी छन्। बालजीवनमा प्रभाव पार्ने आन्तरिक तथा बाह्य परिवेशका कारक तत्त्वहरूको मनोवैज्ञानिक विश्लेषण गरेकी छन्। बालकको चरित्र निर्माणमा, उसको शारीरिक, मानसिक तथा बौद्धिक विकासअनुरूप उसका परिवार तथा सामाजिक हिसाबले गरिइनु पर्ने, अपनाइनु पर्ने सचेतता, नैतिकता तथा कर्तव्यबोधका कुराहरूलाई पनि मनोवैज्ञानिक रूपले उठाएकी छन्।

---

[२७९] शर्मा, 'देवकुमारी', पृ. ४

[२८०] http://www.samakalinsahitya.com, २४ मई २०१६, समय : बिहानको ९ बजेर ५१ मिनटमा

[२८१] शर्मा, 'देवकुमारी', पृ. ७

समग्रमा, देवकुमारी थापाका कथामा बालजीवनको सन्दर्भलाई बालकको जीवनमा जन्मदेखि विकसित र परिवर्तित हुँदै जाने मूल प्रवृत्तिहरू, संवेगहरू तथा बाह्य परिवेष्टित उसका पारिवारिक तथा सामाजिक मूल्य-मान्यताहरू, संस्कारहरूलाई बालजीवनको केन्द्रियतामा राखेर प्रस्तुत गरिएको छ। बालकहरूले अर्काको कार्यव्यापार देखेर नक्कल गर्ने, अरूजस्तै हुनामा ईर्ष्या गर्ने, संरक्षण तथा सुरक्षामा तड्पिने, विपरीतगामी स्थितिमा घृणा गर्ने, आफूले चाहेको कुराको प्रतिकूल स्थितिमा क्रोधित हुने र अनुकूल स्थितिमा हर्षित हुने, अनैतिक कार्यव्यापारबाट भयभित हुने, अर्काका कुराहरूलाई चिन्तन-मनन गर्ने र आफ्नो वैचाकिक क्षितिजलाई फराकिलो पार्ने, अरूबाट निर्देशित हुने, आफ्नो उपस्थितिलाई मूल्यवान् सम्झिने र आफ्नो इच्छाशक्तिको प्रदर्शन गर्ने, रचनात्मक शक्तिको प्रयोग गर्ने अन्यथा बिस्तारै घर-परिवारदेखि पलायनतर्फ लाग्ने जस्ता विविध पक्षहरूलाई देवकुमारी थापाले आफ्ना कथाहरूमा प्रस्तुत गरेकी छन्। बालजीवनप्रतिको यस किसिमको दृष्टिकोण तथा बालजीवनका विविध पक्षहरूको विश्लेषणका कारण नेपाली साहित्यमा उनको योगदान विशिष्ट रहेको देखिन्छ। नेपाली सामाजका पात्रहरूका तथा बालजीवनका यस्ता सूक्ष्म पक्षहरूलाई साधारण रूपमा मनोविज्ञानसँग सम्बद्ध गर्न सक्ने सामर्थ्य भएका कारण नै इन्द्रबहादुर राईले उनलाई छैटौं इन्द्रिय भएकी कथाकार भनेर सम्बोधन गरेका छन्।

अनन्तः बालजीवनको सन्दर्भका हिसाबले थापाले बालकको अनुचितभन्दा उचित जीवनको कामना गरेकी छन्। नकारात्मक भन्दा सकारात्मक पक्षको धेरै वकालत गरेकी छन्। बालमनोविज्ञानका दृष्टिले पनि उनका कथाहरू उत्कृष्ट छन्। बालक तथा अभिभावक दुवैलाई उनका कथाहरूले बालमनोविज्ञानतर्फ ध्यान केन्द्रित गर्दछ। अभिभावकलाई आफ्नो बालकको भविष्य निर्माणको लागि सचेत गराउँदछ।

## सन्दर्भसूची


अपतन र अन्य (सम्पा.), सन् १९७६, *सम्मेलन कथा सङ्ग्रह,* (पूर्वार्द्ध), दार्जीलिङ : नेपाली साहित्य सम्मेलन।

आचार्य विजयराज, वि सं २०६६, *प्रतिनिधि बालकथाहरू,* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा लि।

उप्रेती लक्ष्मी, वि सं २०६८, *नेपालका नारी कथाकार : प्रवृत्ति र प्रतिनिधि कथा,* काठमाडौं : वनिता प्रकाशन।

कन्दङ्वा काजीमान, सन् १९५३, *आठ कथा,* घुम : प्रकाशक स्वयम्।

चापागाईं नरेन्द्र, वि सं, २०४३, केही सृष्टि : केही दृष्टि, काठमाडौं : साझा प्रकाशन।

छेत्री हीरा, सन् २०११, *भारतेली नेपाली पत्र-पत्रिकाको शताब्दी,* कालेबुङ : चरित्र प्रकाशन।

जोशी रत्नध्वज, वि सं २०५०, *नेपाली कथाको कथा,* काठमाडौं : साझा प्रकाशन।

जोशी कुमारबहादुर, वि सं २०५०, *विकीर्ण चिन्तन,* काठमाडौं : साझा प्रकाशन।

थापा देवकुमारी, वि सं २०२७, *टपरी,* विराटनगर : हिमाली प्रकाशन, प्रा लि.।

___________, वि सं २०४१, *भोक तृप्ति,* मोरङ : अंगुर मैया कन्दङ्वा।

___________, वि सं २०४४, *प्रलय प्रतीक्षा,* विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान।

___________, र अन्य (सम्पा.), वि सं २०३८, *नेपाली साहित्य : आजको सन्दर्भमा,* विराटनगर : विराट साहित्य संस्थान।

देवकोटा लक्ष्मीप्रसाद, वि सं २०४३, *लक्ष्मी कथा सङ्ग्रह,* पुलचोक : साझा प्रकाशन।

नेपाल घनश्याम, सन् २००९, *नेपाली साहित्यको परिचयात्मक इतिहास,* पश्चिम बङ्गाल : एकता बुक हाउस प्रा लि।

पौड्याल कृष्णविलास, वि सं २०७३, *मनोविज्ञान,* काठमाडौँ : कालिन्चोक पुस्तक प्रकाशन प्रा लि।

प्रधान कुमार र मल्लिकार्जुन भ, सन् २०११, *नेपाली लेखन शैली,* मैसुर : भारतीय भाषा संस्थान।

प्रधान प्रमोद, वि सं २०६५, *नेपाली बालवङ्मय परिचयकोश,* काठमाडौँ : मार्टिन चौतारी।

__________, (सम्पा.), वि सं २०४९, *क्षण विचार र स्मृतिहरू,* विराटनगर : सृष्टि प्रकाशन गृह।

प्रधान भिक्टर, सन् २००७, *नेपाली बालसाहित्यको सय वर्ष,* काठमाडौँ : नेपाल बालसाहित्य समाज।

बन्धु चुडामणि, वि सं २०७०, *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौँ : रत्न पुस्तक भण्डार।

बराल कृष्णहरि, वि सं २०७२, *मनोविश्लेषण र साहित्य,* काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा लि।

भट्टराई विश्वनाथ, वि सं २०४६, *साहित्यिक प्रतिभा र मूल्याङ्कन,* विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान।

मल्ल गोविन्दबहादुर, वि सं २००३, *कथा-सङ्ग्रह,* नेपाल : विश्व नेपाली भाषा-भक्त, पुस्तक भण्डार भोटाहिटी।

राकेश रामदयाल, वि सं २०६०, *नेपाली समालोचना : विभिन्न आयाम,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

राई शिवकुमार, सन् १९९१, *यात्री,* दार्जीलिङ :श्याम ब्रदर्श प्रकाशन।

शान्तदास, वि सं २०५९, *हाम्रा बालबालिका र बालसाहित्य,* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा लि।

शर्मा हरिप्रसाद, वि सं २०६१, *विश्वेश्वरप्रसाद कोइरालाका कथा,* काठमाडौं : साझा प्रकाशन।

सिंह देवकुमारी, सन् १९५४, *एकादशी,* दार्जीलिङ :रामकृष्ण वेदान्त आश्रम।

__________, सन् १९६५, *सेतो बिरालो,* दार्जीलिङ।

__________, सन् १९६८, *झझल्को,* दार्जीलिङ : चौक बजार।

सिंह रूपनारायण, सन् १९५०, *कथा नवरत्न,* प्रकाशक :कथाकार स्वयम्।

सुवेदी दधिराज, वि सं २०६१, *अध्ययन र मूल्याङ्कन,* विराटनगर : प्रतिभा पुरस्कार प्रतिष्ठान।

........वि सं २०२६, *नेपाली गद्य सङ्ग्रह,* (पहिलो भाग), काठमाडौं : साझा प्रकाशन।

**हिन्दी पुस्तक**


अग्रवाल पद्मा, सन् १९५५, *मनोविश्लेषण और मानसिक क्रियाएँ,* वनारस : मनोविज्ञान प्रकाशन।

कालरा शकुन्तला, सन् २००२, *बाल- साहित्य का स्वरूप और रचना संसार,* दिल्ली : भावना प्रकाशन।

धर्मपाल (सम्पा.), सन् १९९९, *बाल साहित्य के आयाम,* दिल्ली : आलोकपर्व प्रकाशन।

सेवक निरंकर देव, सन् १९८३, *बालगीत साहित्य,* लखनऊ : उत्तर प्रदेश हिन्दी सन्थान।


**अङ्ग्रेजी पुस्तक**


कोफी ए अनन, सन् २००१, *ह्वी दि चिल्ड्रेन,* युनाइटेड नेसन : युनिसेफ।

क्लाइन मेलिन, सन् १९६०, *दि साइकोएनालाइसिस अव् चिल्ड्रेन,* न्यू योर्क : ग्रोभ प्रेस, आइ एन सी।

फ्रायड सिग्मन्ड, सन् १९२०, *अ जेनेरल इन्ट्रोडक्सन टू साइकोएनालाइसिस्,* न्यू योर्क : बोनी एन्ड लिभराइट पब्लिसर।

सिन्हा शर्मिला, सन् २००१, *एस्पेक्टस अव् चिल्ड्रेन्स लिटरेचर,* दिल्ली : नेशनल बुक ट्रस्ट।

**शोधप्रबन्ध**

उपाध्याय लक्ष्मीकुमारी, वि सं २०५७, बालकथाकार *बानियाँ कान्छाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,* काठमाडौं : त्रिभुवन विश्वविद्यालय।

बन्धु चुडामणि र अन्य, *नेपाली बालसाहित्यको सर्वेक्षण,* काठमाडौं : त्रिभुवन विश्वविद्यालय।

श्रेष्ठ गायत्री, वि सं २०४६, *देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण,* भरतपुर : वीरेन्द्र बहुमुखी क्याम्पस चितवन।

**नेपाली पत्र-पत्रिका**

उप्रेती लक्ष्मी, वि सं २०६९, *वनिता,* वर्ष १५, पूर्णाङ्क ५०, काठमाडौं।


गोल्छा हुलासचन्द, वि सं २०५५, *देवकुमारी थापा : अभिनन्दित व्यक्तित्व,* (परिचय पुस्तिका), विराटनगर : साहित्यकार देवकुमारी थापा नागरिक अभिनन्दन समारोह समिति।

दीपक सुवास, सन् २००९, *सृजन-समय,* सिक्किम : सिक्किम अकादमी।

प्रधान पारसमणि (सम्पा.), सन् १९५३, *कथा-भारती* (जेठो भाग), दार्जीलिङ : अमरमणि प्रधान, भारती कार्यलय।

_______(सम्पा.), सन् १९५५, *कथा-भारती* (साहिँलो भाग), दार्जीलिङः अमरमणि प्रधान, भारती कार्यलय।

शोधमूलक जर्नलमा प्रकाशित लेख तथा राष्ट्रिय-अन्तरराष्ट्रिय सङ्गोष्ठीको प्रमाण पत्र



शोधमूलक अर्द्धवार्षिक नेपाली जर्नल

# अनुसन्धान

वर्ष २ अङ्क ३

दिसम्बर २०१८

**प्रधान सम्पादक**

देवचन्द्र सुब्बा

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

सातमाइल, सामदुर,

तादोङ, गान्तोक, सिक्किम-७३७१०२

## विषय सूची


| | | | |
|---|---|---|---|
| १. | डा पुष्प शर्मा | लोकवार्ताविज्ञानभित्र गाउँखाने कथाको अध्ययन | १–१६ |
| २. | डा गीता थपलिया त्रिपाठी | उत्तरवर्ती नेपाली कवितामा उत्तरऔपनिवेशिक पर्यावरण | १७–३० |
| ३. | सविता तामाङ | नारीवादी अवधारणाका आधारमा मध्यान्तर उपन्यासको विश्लेषण | ३१–४२ |
| ४. | योगेश खाती | व्यवस्था, साहित्य र अभिव्यक्ति पूर्ण गुरुङ 'निरूपम' कृत 'बन्धकी राखिएको सिन्दूर' नाटक एक परिचर्चा | ४३–५२ |
| ५. | डा सुमन वान्तवा | नेपाली कवितामा लेप्चा मिथकको प्रयोग | ५३–६१ |
| ६. | दिपेन तामाङ | देवकुमारी थापाको अवश्यंभावी कथा : सन्दर्भ सपना सिद्धान्त | ६२–६८ |
| ७. | शारदा छेत्री | द्रोह उपन्यासमा नारी–पुरुष चरित्र : संक्षिप्त अध्ययन | ६९–७४ |
| ८. | सुरज गुरुङ | नेपाली कथामा भौतिक भिन्ना क्षमता | ७५–८७ |
| ९. | कृष्णकुमार सापकोटा | सांस्कृतिक अध्ययनअन्तर्गत मल कल्चर : सन्दर्भ 'विश्व तिम्रा चरणमा' | ८८–९६ |
| १०. | सरस्वती मिश्रा | 'विपना कतिपय' का केही कथाहरूको समाजभाषिक अध्ययन | ९७–१०४ |
| ११. | | लेखक परिचय | १०५ |
| १२. | | *अनुसन्धान* जर्नलको निम्ति नियमावली | १०६ |

दिपेन तामाङ

# देवकुमारी थापाको *अवश्यंभावी* कथा : सन्दर्भ सपना सिद्धान्त

*सार* *नेपाली कथा विधामा देवकुमारी थापाको छुट्टै स्थान छ। नारी मनोविश्लेषणका दृष्टिले उनका कथाहरू सफल छन्। उनी नेपाली कथामा त्यो समय देखा परेकी हुन् जुन समयमा नारी कथाकारहरूको उपस्थिति नेपाली कथामा कम हुने गर्थ्यो। नेपाली साहित्यले जति पुरुष कथाकारहरूबाट राम्रा कथा पाएको छ त्यत्तिकै राम्रा कथाहरू नारी कथाकारहरूले पनि दिएका छन्। ती नारी कथाकारहरू मध्ये देवकुमारी थापाको नाम अग्र पंक्तिमा लिन सकिन्छ। यस लेखमा उनको 'अवश्यंभावी'–कथाको सपना सिद्धान्तका आधारमा विश्लेषण गर्ने प्रयास गरिएको छ।*

*बीज शब्द* *मनोविज्ञान, चेतन, अर्द्धचेतन, अवचेतन, सपना सिद्धान्त।*

## १. देवकुमारी थापाको परिचय

नेपाली कथा साहित्यमा देवकुमारी थापा एकजना परिचित नाम हो। दार्जिलिङको खर्साङमा जन्मिए तापनि उनले आफ्नो कर्मक्षेत्र नेपाल बनाइन्। आधुनिक नेपाली साहित्यमा सुपरिचित देवकुमारी थापा विवाहपूर्व देवकुमारी सिंहका नामले परिचित थिइन्। जीवनभरि साहित्य सेवा र साधनामा समर्पित थापाको साहित्यिक यात्रा त्यस समय सुरु भएको हो, जुन समय नेपाली साहित्यमा नारीकथाकारको स्थिति शून्यप्रायः थियो। विद्यार्थी जीवनदेखि नै साहित्य अध्ययन र लेखनमा जागरूक थापा नेपाली नारी कथाकारहरूका लहरमा अग्र पंक्तिमा उभिन्छिन्। नारीको मनोवैज्ञानिक विश्लेषण गर्ने उनी प्रथम नेपाली नारी कथाकार हुन्। नारी मनोविज्ञान तथा बाल मनोविज्ञानको दृष्टिचेततर्फ सशक्त रूपमा कलम चलाउने उनी पहिलो आधुनिक नेपाली नारी कथाकार हुन्।

'ट्रपेडो'[१] शीर्षक रचनाबाट साहित्य लेखनमा प्रवेश गरेकी थापा विद्यार्थी जीवनदेखि नै साहित्यमा आफ्नो हस्ताक्षर चढाएकी हुन्। विद्यार्थीकालमा उनले 'भविष्य निर्माण' शीर्षकको कथा लेखिन। अन्ततः जीवनभरि त्यही कथाको माध्यमबाट नेपाली साहित्यमा उनी देवकुमारी थापाका रूपमा परिचित पनि छन्। 'गोर्खा' पत्रिकामा प्रकाशित 'पतन' शीर्षक कथाबाट भने उनको औपचारिक कथा लेखनको यात्रा सुरु भएको हो। उनले दार्जिलिङबाट प्रकाशित नेपाली भाषाको प्रथम बालपत्रिका 'हिमाल किशोर'–को सम्पादन पनि गरेको पाइन्छ। बाल साहित्यकारका रूपमा पनि उनी त्यति नै चर्चित छन्। कविता, जीवनी, निबन्ध र समालोचना लेखनमा पनि उनको कलम त्यत्तिकै सशक्त

१ लक्ष्मी उप्रेती (सम्पा), सन् १९९४, *वनिता*, (ध्रुवचन्द्र गौतमले लिइएको अन्तर्वार्ता), काठमाडौँ, पृ.५

देखा परेको छ। बहुप्रतिभाशाली व्यक्तित्वकी धनी थापा मुख्यतः कथाकारका रूपमा परिचित एवम् स्थापित छन्।

कथाकार देवकुमारी थापा मूलतः सामाजिक र मनोवैज्ञानिक प्रवृत्तिकी कथाकार हुन्, तथापि उनका कथाहरूमा बाल मनोविज्ञान, नारी मनोविज्ञान, पुरुष मनोविज्ञान, नारी समस्या, प्रेम-प्रणय, सामाजिक र राष्ट्रिय चेतनाका कुराहरू समेत मुखरित छन्। बाल मनोविज्ञान र नारी मनोविज्ञान उनको आफ्नो कथा लेखनको मुख्य विषयगत आधार हो। उनका कथाको पृष्ठभूमि नेपाली सामाज हो भन्न सकिन्छ, अनि त्यही समाजबाट टिपिएका कथावस्तुलाई छोटो, सरल र सम्प्रेषणीय बनाउनु उनको कथागत विशेषता रहेको छ। जीवनका अनुभवजन्य घटनालाई कथ्य रूपमा ढालेर पात्रको मनोवैज्ञानिक पक्षलाई कलात्मक ढङ्गले केलाउनु उनका कथालेखनको अभीष्ट देखिन्छ। उनका प्रायः कथाहरू समाजका विविध घटना र विषयसँग सम्बन्धित रहेका छन्। समाजका कुसंस्कार, कुरीति तथा विडम्बनाको भत्सर्ना र आदर्श समाजको स्थापनामा थापाका कथाहरू संश्लिष्ट छन्। समाजमा नारी र पुरुषको सहभागिता र दर्जा जीवनका हरेक मोडमा समानान्तर रूपमा परिचालित हुनपर्छ भन्ने नैतिक आग्रह उनका कथामा पाइन्छ।

'भविष्य निर्माण' कथाबाट नेपाली साहित्यमा लोकप्रिय एवम् चर्चित बनेकी थापाका कथाहरूमा फ्रायडीय सिद्धान्तको निक्कै प्रभाव भेटिन्छ। उनले कथामा फ्रायडीय सिद्धान्तानुकूल चेतन, अर्द्धचेतन, अवचेतन अवस्थामा रहेका मानवीय मनको सत्यतालाई खोतल्ने सफल प्रयास गरेकी छन्। मानव मनको प्रकृत मनःस्थितिको सग्लो तस्वीर उतार्ने उनका कथाहरू उच्चीकोटिका छन्। यही विशेषताका कारण इन्द्रबहादुर राईले उनलाई छैटौँ इन्द्रीय भएकी कथाकार[२] पनि भनेका छन्। आधुनिक नेपाली साहित्यमा विश्वेश्वरप्रसाद कोइराला, भवानी भिक्षु, गोविन्दबहादुर गोठाले, विजय मल्ल प्रभृत्तिबाट अवतरित नेपाली मनोविश्लेषणवादी प्रवृत्ति लेखनलाई उनले सकारात्मक रूपमा आत्मसात गरेर कथा सिर्जना गरेकी छन्। पात्रको मनोवैज्ञानिक फाँटबाट विचारको गहन प्रस्तुति दिँदै आफ्ना कथागत शिल्पकारिताको परिचय दिएकी छन्। भाषिक प्रयोग, पात्र चयन, परिवेश संयोजन, सन्दर्भअनुसारको सुन्दर र सौम्य प्रकृति-चित्रण तथा कौतूहलताको समोयजनका दृष्टिले पनि उनी एकजना सफल कथाकार हुन् भन्ने प्रमाणित हुन्छ।

## २. देवकुमारी थापाका कथाको सन्दर्भमा सपना सिद्धान्त

सपना सिद्धान्त मनोवैज्ञानिक पक्षसँग सम्बन्धित विषय हो। सपना सिद्धान्त फ्रायडको मनोविश्लेषण सम्बन्धी एउटा महत्त्वपूर्ण अनुसन्धान कार्यको परिणति हो। फ्रायडले सपनालाई व्यक्तिको मानसिक प्रक्रिया मानेका छन्। शरीर वैज्ञानिकहरू भने सपनालाई मानसिक प्रक्रिया मान्दैनन्। उनीहरू यसलाई 'शारीरिक उद्दीपनको मानसिक अभिव्यक्ति' मान्छन्।[३] त्यसैले शरीर वैज्ञानिक र मनोवैज्ञानिकहरूमा सपनाको व्याख्या-विश्लेषण मान्छेको शारीरिक र मानसिक प्रकृतिसँग सम्बद्ध छ। फ्रायडले दिवास्वप्नको चर्चा गर्दा यसलाई कल्पना जाल भनेका छन्। उनले 'दिवास्वप्न इच्छाहरूको परिपूर्ति हो।...दिवास्वप्न देख्ने व्यक्ति स्वभावतः कि महत्त्वाकांक्षी हुन्छ कि कामुक'[४] हुन्छ भनेका छन्।

सपना विशेषतः मानव जीवनसँग घनिष्ट छ। सपना मान्छेले सामान्यतः रात्रिको समय वा निद्रा अवस्थामा देख्छ। मानिसहरूले सपना देख्छन्। सपना देख्ने र यसको अर्थ अर्थ्याउने परम्परा अनादिकालदेखि विद्यमान छ।

२ लक्ष्मी उप्रेती, पूर्ववत्, (गणेशबहादुर प्रसाई, *श्रीमती देवकुमारी थापा र स्मृतिको गोधुलि!*), पृ.४९

३ पुण्यप्रसाद प्रसाई, सन् २०१२, *फ्रायडको मनोविश्लेषण*, काठमाडौँ : डिकुरा पब्लिकेशन, पृ.७४

४ दुर्गाबदादुर घर्ती, सन् २०१०, *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान*, काठमाडौँ : साझा प्रकाशन, पृ.३१

'प्राचीन समयमा सपना देख्नाको कारण आध्यात्मिक मानिन्थ्यो। त्यस समयका मानिसहरू सपनालाई भविष्यवाणीका रूपमा प्रकट हुने ईश्वरीय समाचारका रूपमा अर्थ्याउने गर्थे।'[५] युनानी रोमनकालमा सपनालाई उच्च नजरले हेरिएको तथ्यगत इतिहास पाइन्छ। भारतीय दर्शन शास्त्रीहरूले सपनालाई आत्मरूप मानेका छन् भने पश्चिमेली दार्शनिकहरू सपनालाई आत्माको अलौकिक शक्तिको परिणाम मान्दछन्। अझ कसैले भने यसलाई दैविक शक्तिका रूपमा स्वीकारेका छन्। पछि आएर यो लोकविश्वासका रूपमा समाजमा व्याप्त हुँदै गएको पाइन्छ। सपनाको अर्थ हुन्छ वा हुँदैन भन्नेबारे फ्रायडले आधिकारिक व्याख्या 'द इन्टरप्रिटेसन अफ ड्रिम' (सन् १९००) मा प्रस्तुत गरेका छन्। उनले व्यक्त (मुक्त) र अव्यक्त (गुप्त) गरी दुई किसिमको विषयका आधारमा सपनाको व्याख्या गरेका छन्। उनको भनाइमा 'सपना निद्राको समयको मस्तिष्कको जीवन हो, यस्तो जीवन जसमा हाम्रो जाग्रत जीवनसँग केही सादृश्य हुन्छ साथै त्यसमा धेरै भिन्नता हुन्छ।[६] यिनले सपनालाई निद्राको अभिभावक'[७] पनि भनेका छन्।

## ३. सपनाका अन्य व्याख्या

सपनाबारे फ्रायडले जुन अवधारणा प्रस्तुत गरेका छन्, त्यसमा असहमति जनाउनेहरूमा अल्फ्रेड एडलर र कार्ल गुस्ताभ युङको नाम अग्रपङ्क्तिमा आउँछ। पहिले फ्रायडकै समूहमा रहेका अल्फ्रेड एडलर पछिबाट फ्रायडका कतिपय मनोविश्लेषण सिद्धान्तबाट असहमति राखेर अलगिएका थिए। एडलरको भनाइमा सपना आक्रामक प्रचालक तथा अतृप्त चाहनाहरू पूरा गर्ने माध्यम हो। उनले 'सपनामा व्यक्तित्वको सोच मात्र नभएर उसको वातावरणीय अवस्था पनि प्रतिबिम्बित' हुन्छ भनेका छन्।[८] फ्रायडकै अनुयायीका रूपमा रहेका तथा विशेष फ्रायडको सपना सिद्धान्तदेखि एडलरझैं छुटिएर सपनालाई अविकसित आद्यबिम्बको रूपमा स्वीकार्ने कार्ल गुस्ताभ युङको पनि सपना सिद्धान्तप्रति विशेष भूमिका रहेको छ। उनले सपनालाई हल्का सपना र गाढा सपना गरी दुई वर्गमा विभाजन गरेका छन्। उनले 'हल्का सपनामा मानिसको पूर्वकार्यको प्रभाव हुने र गाढा सपनामा मनको गहिराइमा रहेका आद्यबिम्बको प्रभाव हुने बताएका छन्।'[९] उनले 'सपनाका पूर्वसूचनाहरूको उपेक्षा गरे, वास्तविक दुर्घटना हुनसक्छ, अर्थात् कुनै स्वप्नले भावी सङ्केत दिएको हुन्छ'[१०] भन्ने धारणा व्यक्त गरेका छन्।

सपनाबारे यी मनोवैज्ञानिकहरूका आआफ्ना धारणा र मान्यता रहेको देखिए तापनि सपना देख्नु आरम्भदेखि वर्तमानसम्म यथावत छँदैछ। सोहीअनुकूल सपनाको अर्थ लगाउने मनोवैज्ञानिक प्रयास पनि समयअनुसार चलिरहेको छ, तथापि सपना वस्तुतः अवधारणागत कुराभन्दा धेरै अनुभूतिजन्य तथा इन्द्रियजन्य कुरातिर मोडिरहेछ।

## ४. सपनाको विषय

फ्रायडले सपनाको व्याख्या गर्दा अचेतनमा रहेका दमित इच्छाहरू छद्म रूपमा प्रकट हुन्छन् भन्ने तथ्यहरू प्रस्तुत

---

५ कृष्णहरि बराल, सन् २०१५ *मनोविश्लेषण र साहित्य*, काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा. लि, पृ.३६-३७

६ पुण्यप्रसाद प्रसाई, सन् २०१२, पूर्ववत्, पृ.७५

७ कृष्णहरि बराल, सन् २०१५ पूर्ववत्, पृ.३९

८ पूर्ववत्, पृ.५९-६०

९ पूर्ववत्, पृ.४१

१० कुमार प्रधान, (सम्पा.), सन् १९७१, *वार्ताहरू*, दार्जिलिङ : नेपाली साहित्य परिषद, पृ.६१

गरेका छन्। सपनाको अर्थ बुझ्नलाई दमित इच्छाहरूका साङ्केतिक अर्थ बुझ्न आवश्यक हुने कुरा फ्रायड बताउँछन्। फ्रायड अनुसार 'अचेतनमा दमित रहेका अतृप्त इच्छाहरू वास्ताविक रूप बदूलेर भिन्न सूक्ष्म वा विस्तृत रूपमा प्रकट हुन्छन् जसलाई विश्लेषणका आधारमा मात्र बुझ्न सकिन्छ।'[११] फ्रायडले विश्लेषणका यस आधारलाई व्यक्त (आफ्नै अनुभवहरूसित सम्बद्ध) र अव्यक्त (छक्कलाग्दा र असम्बन्धित, भ्रान्तिपूर्ण, अर्थहीन) विचार भन्दै आफ्ना विचार यसरी अघि सारेका छन् –

> **व्यक्त विषयमा ती सम्पूर्ण विषय समावेश हुन्छ जुन सपना व्यक्तिले प्रत्यक्ष रूपमा देख्छ र त्यसको वर्णन जाग्रत अवस्थामा निसंदेह गर्न सक्छ अथवा व्यक्त विषयको आधारमा सपनाको अर्थ निकाल्न सकिन्छ। गुप्त विचार (अव्यक्त विषय) सपनाका व्यक्त विषयको विश्लेषण गर्दा अचेतनका जुन इच्छाहरूको जानकारी हुन्छ तिनै सपनाको अव्यक्त विषय हुन्छ।**[१२]

### ५. सपना र निद्रा

फ्रायडले सपना निद्रा र जाग्रत समयबिचको अवस्था र निद्रालाई जैविक समस्या मानेका छन्। 'निद्रा एउटा यस्तो अवस्था हो जसमा बाहिरको दुनियाँसँग कुनै वास्ता हुँदैन।'[१३] यसको उदाहरण प्रस्तुत गर्दै फ्रायड भन्छन्– 'मलाई शान्तिले बस्न देऊ किनकि म सुत्न चाहन्छु।' अतः सुत्न चाहने व्यक्तिसित बाहिरी दुनियाँको कुनै सरोकार रहँदैन, तर बालकको इच्छा यसको विपरीत हुन्छ भन्ने फ्रायड स्वीकार गर्छन्। प्रकारान्तरले बालकको सपना छोटा, स्पष्ट, सुसम्बद्ध र बुझ्नमा सजिलो तथा असंदिग्ध हुन्छ।[१४] व्यक्तिले निद्रावस्थामा सपना नदेखेको नै राम्रो र सपनाविहीन निद्रा नै सबैभन्दा राम्रो र ठीक हो भन्ने मनोवैज्ञानिकहरूको मान्यता पाइन्छ। यस्तो अवस्थामा कुनै मानसिक कार्यव्यापार सम्पन्न हुँदैन। सपना देख्दा मानसिक क्रिया क्रियाशील रहन्छ। त्यसैले सपना निद्रा बिगार्ने उद्दीपनको प्रतिक्रिया हो।...निद्राको समयमा जुन उद्दीपकले प्रभाव पार्छ त्यो सपनामा देखिन्छ।[१५] यसको अनुसन्धान र परीक्षण मोर्ली वोल्डले स्वयम् आफूमाथि गरेका थिए।

### ६. सपनाको सामान्य र प्रतिकात्मक अर्थ

आधुनिक मनोवैज्ञानिकहरू सपनाको अर्थतत्त्वप्रति विशेष जोड दिन्छन्। कुनै पनि व्यक्तिका सपना अर्थहीन तथा महत्त्वहीन हुँदैन भन्ने पक्षमा तिनीहरूले मनःस्नायविक रोगीहरूको सपना विश्लेषणलाई आधार लिन्छन्। त्यसैको आधारस्वरूप आधुनिक मनोवैज्ञानिकहरू सपना निरर्थक मान्ने पक्षमा छैनन्। सपना सपनाद्रष्टाको जीवनानुभूति तथा समस्याहरूसँग घनिष्ट सम्बन्ध रहेकाले व्यक्तिले देखेको सपनाको माध्यमबाट उसको वैयक्तिक जीवनबारे पत्तो लगाउन सकिन्छ भन्ने आधारबाट सपनाको सामान्य तथा प्रतीकात्मक अर्थ निकाल्न सकिन्छ। सपनाद्रष्टाले देखेका सपनाहरूमा

११ भगवानचन्द्र ज्ञवाली, सन् २००६, *असामान्य मनोविज्ञान परिचय*, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, पृ.१४१

१२ पूर्ववत्, पृ.१४२

१३ पुण्यप्रसाद प्रसाई, पूर्ववत्, पृ.७६

१४ उही, पृ.१११

१५ उही, पृ.७९

सामान्यभन्दा प्रतीकात्मक अर्थ नै धेरै रहेको मानिन्छ। फ्रायडले त्यही प्रतीकहरूका आधारमा सपनाको व्याख्या गरेका छन्। उनले प्रतीकात्मकतालाई सपना सिद्धान्तको सबैभन्दा विशिष्ट भाग मानेका छन्। सपनामा आमरूपमा देखिने खालको प्रतीक ज्ञात हुन्छ र सपना देख्ने मानिसको व्यक्तित्वको, उसको रहन सहनको, अवस्थाको र त्यो सपनामा आउनुभन्दा पहिला उसको मनमा परेको प्रभावको बारेमा हामीलाई थाहा भयो भने प्रायः हामी त्यसको अर्थ लगाउन सक्छौँ, मानौँ त्यसलाई देख्ने वित्तिकै त्यसको भाषान्तर वा अनुवाद गर्न सक्छौँ।[१६] यसका विपरीत सामान्य प्रयासले नहुने, धेरैचोटि दोहोरिने र नजिकका जस्ता लागे तापनि अप्रत्यक्ष अर्थतिर सङ्केत गर्ने ती सपनाहरू स्वप्नद्रष्टाका कामुक इच्छाहरू परिपूर्तिका लागि प्रतीकका रूपमा उपस्थित भएका मानिन्छन् र तिनीहरूमा जे-जति कुरा व्यक्त हुन्छ त्यसैमा गुप्त अर्थ लुकेको हुन्छ।[१७] अतः सपनाको सामन्य र प्रतीकात्मक अर्थ जान्नका निम्ति फ्रायडद्वारा वर्गीकृत व्यक्त (मुक्त) र अव्यक्त (गुप्त) विषयको विश्लेषण आवश्यक हुँदछ। सपनामा धेरैजसो प्रतीक लौङ्गिक वा यौन प्रतीक हुन्छ। ती प्रतीक वैयक्तिक अथवा विश्वजनिन दुवै प्रकारका हुन्छन्।[१८]

### ७. *अवश्यंभावी* कथा र सपना सिद्धान्त

देवकुमारी थापाका सातवटा कथा सङ्ग्रहभित्रका कथाहरूमध्ये आलोच्य कथा अलग विषयवस्तुमा केन्द्रित कथा हो। समाजका विभिन्न विसङ्गति, विडम्बना र आदर्शचेतनादेखि पृथक प्रवृत्तिमा उन्मत्त रहेर लेखिएको यो कथा देवकुमारी थापाको एक्लो र नितान्त फरक प्रवृत्तिको कथा हो। फ्रायडीय मनोविज्ञानको प्रभाव उनका अन्य कथाहरूले प्रत्यक्ष दर्शाएको पाइए तापनि सपना सिद्धान्तलाई केन्द्रविन्दुमा राखेर रचिएको कथा भने यो नै हो। मनोविज्ञानमा आधारित थापाका कथाहरू पचास प्रतिशतभन्दा अधिक सङ्ख्यामा छन्।

*सेतो बिरालो* कथा सङ्ग्रहमा सङ्गृहीत प्रस्तुत कथा सन् १९६५ मा प्रकाशित भएको हो र पछि सङ्कलनका रूपमा *टपरी* शीर्षक कथा सङ्ग्रहमा सन् १९७० मा पनि समावेश भएको छ। कथाकार देवकुमारी थापाका प्रायः जसो कथाहरूमा नारी मनोविज्ञानको स्पष्ट प्रतिच्छाँया प्रतिविम्बित भएको छ। उक्त कथाको स्थूल पृष्ठभूमि मनोविज्ञान अनि सूक्ष्म पृष्टभूमि मनोविज्ञानकै एउटा शाखा सपना सिद्धान्तसँग सम्बन्धित छ। फ्रायडीय सिद्धान्तको प्रतिकूल चरित्र यस कथाको मुख्य पात्र (कुमुदिनी) हो। आफूलाई सनातनी घोषित गर्ने कुमु (कथावाचकले सम्बोधन गर्ने नाम)-को वास्तविक जीवनमा आइपरेको वज्रपात नै उसले देखेको सपनाको अर्थको सम्पूरक हो। आफ्नो सपनाको अर्थलाई भविष्यवाणीका रूपमा स्वीकार गर्ने कुमुको सपना एक रातको हुँदैन। डायरीमा टिपिएका टिपोटहरू (तारिख १९, ३, २४, १,१७, २०, २६, ४, १३)-का आधारमा कुमुको सपनासँग भौतिक कुराको पनि सामाञ्जस्यता रहेको पाइन्छ। अतः बारम्बार सोही सपना र सपनासँग मिल्दोजुल्दो वस्तु-रङ्ग (सङ्केत)-ले ऊ एक मनोवैज्ञानिक रोगको शिकार भएकी छ। उसको मनोरोग चेतन अवस्थाको पुञ्जस नभएर अवचेतन मनको कुरा, जो सपनामा छद्म रूपमा प्रकटित हुन्छ, त्यससित घनिष्ट सम्बन्ध देखिन्छ। फ्रायड यसैलाई सपनामा अवचेतनको छद्मरूप मान्छन्। चेतन अवस्थामा विश्लेषण गरिएका सपनाको स्थान र सङ्केतसित कुमुको विरोध छ। कुमुले फ्रायडको अवचेतनको सन्दर्भलाई एक

१६ उही, पृ.१३५

१७ राम पौडेल, सन् २००६, *आधुनिक नेपाली कथामा बालमनोविज्ञान*, काठमाडौँ : लेखक स्वयम्, पृ.७०

१८ भगवानचन्द्र ज्ञवाली, पूर्ववत्, पृ.१३५

प्रकारले विरोध जनाएकी छ। सपनामा देखिएका रङ्ग र आकृति उसको वास्तविक जीवनान्तको सार भएको छ। सपना उसको जीवनको भविष्यवाणीका रूपमा अभिव्यक्त भएको छ। कुमुको विचारमा सपना अवचेतनको छद्मरूप नभएर भविष्यवाणीका रूपमा अर्थिएको छ। फ्रायडको सपना सिद्धान्तले केवल अतीतका अनुभवसँग मात्र नरहेर वर्तमानका घटना र भविष्यका सम्भावित घटना र त्यसका बारेमा पनि प्रतीकात्मक सङ्केत दिन्छ[१९] भन्ने कुराप्रति कुमुको स्विकारोक्ति छ।

कथाकार देवकुमारी थापाको प्रस्तुत कथामा सपनाद्रष्टाले सपनामा देखेका कुराहरू उसको जीवनसित घनिष्ट सम्बन्ध रहेको हुन्छ भन्ने देखाइएको छ। फ्रायडको सपना सिद्धान्तका व्यक्त र अव्यक्त विषयमध्ये यस कथाले व्यक्त विषयप्रति धेरै सामाञ्जस्य कायम राखेको पाइन्छ। सामान्यतः कथामा जुन प्रतीकको प्रयोग गरिएको छ, त्यसको गुप्त अर्थ केलाउन कठीन छैन। वज्र, रङ्ग, फिलुङ्गो, गर्मीजस्ता कुराको प्रतीकात्मक अर्थ कथामा दुर्बोदध्य छैनन्। कथाको पहिलो परिच्छेदमा नै चट्याङले कुमुको मृत्यु भएको स्पष्ट सङ्केत दिइसकेकाले कुमुले सपनामा देखेका जुन थोकहरू छन्, त्यसको अर्थ खोतल्न पाठकलाई बौद्धिकताको भऱ्याङ् उक्लिनु कठीन छैन। सपनाको प्रतीकात्मक अर्थ हुन्छ वा कुनै सपना भविष्यवाणीका रूपमा अवतरित हुनसक्छ भन्ने दृष्टिकोणको पुर्नवाहलीकरण नै प्रस्तुत कथाको मूलोद्देश्य हो।

व्यक्तिको सपनालाई फ्रायड जुन किसिमको मानसिक प्रक्रिया मान्छन् त्यसलाई कुमुको सपनाको व्याख्याले पुष्टि गर्दछ। फ्रायडको मतमा सपना निद्राको समयको मस्तिष्कको जीवन हो, यस्तो जीवन जसमा हाम्रो जाग्रत जीवनसँग केही सादृश्य हुन्छ, जसरी कुमुले देखेका सपनासँग उसको जाग्रत जीवनको सादृश्यता रहेको छ। सपनामा जुन प्रतीक तथा अनुभूतिमा ऊ पिल्सिएकी छ जाग्रत जीवनमा त्यही प्रतीकको प्रतिरूपसँग ऊ लड्नु परेको छ। स्थान, वस्तु, भाव आदि सपना र जाग्रत जीवनसँग सादृश्य छन्। सपनामा व्यक्तिका सोचहरू मात्र नभएर उसको वातावरणीय अवस्थाहरू पनि प्रतिबिम्बित हुन्छन् भन्ने अल्फ्रेड एडलरको जुन तर्क छ त्यो प्रसङ्ग पनि कुमुको सपनासँग मेल खान आइपुग्छ।

कुमुले देखेको सपना व्यक्त रूप हो। कुमुको सपना अर्थहीन छैन।उसको सपनाको सामान्य अर्थले चट्याङको सङ्केत दिएको छ अनि प्रतीकात्मक अर्थ (गुप्त रूप)–ले पनि चट्याङलाई प्रतिनिधित्व गरेको छ। कालो, निलो र सुन्तला रङ, प्रकाश, वज्र, गर्मीजस्ता प्रतीकहरू चट्याङसितै सम्बन्धित विषयहरू हुन्। साधारण रूपमा सपनामा देखिने प्रतीकहरूले, सपनाद्रष्टाको सपनापूर्वको जीवनबारे थाहा पाइनाले सपनाका प्रतीकहरूको व्याख्या गर्न सहज हुन्छ भन्ने फ्रायडको विचारअनुसार कुमुको जीवन र सपनाको प्रतीकबारेको ज्ञान सहज रीतिले प्राप्त हुन्छ, किनभने कुमुको सपनामा यस्तो कुनै गुप्त विषय छैन, लैङ्गिक वा यौनिक प्रतीकहरूको प्रयोग छैन, जसले गर्दा उसको सपनालाई अवचेतन यौनकुण्ठासित गाँसेर हेर्नु पर्ने हुन्छ।

### ८. निष्कर्ष

निष्कर्षमा के भन्न सकिन्छ भने फ्रायडीय सिद्धान्तबाट प्रभावित देवकुमारी थापाले आफ्नो कथाको माध्यमबाट–

---

१९ उही, पृ.१४८

सपनाको प्रतीकात्मक अर्थ हुन्छ अनि त्यो सपना सपनाद्रष्टाको अतीतका जीवनसित मात्र सम्बद्ध नभएर भविष्यसित पनि सम्बन्धित हुन्छ भन्ने कुरालाई देखाउन चाहेका छन्। कथाकी पात्रा कुमुले भविष्यवाणीका रूपमा जुन किसिमको सपना देखेकी छ, सपनामा जुन प्रतीकहरू देखेकी छन् ती उसको जाग्रत जीवनसँग सम्बन्धित छन्। सोझो अर्थमा भन्ने हो भने कुमुले आफ्नो मृत्युको सङ्केत सपनामा देखी सकेकी छ। सपनामा देखिएका स्थान, अवस्था, रङ्ग, अनुभूति आदि भविष्यवाणीका रूपमा निर्दिष्टित छन्। यही पक्ष नै फ्रायडका सिद्धान्तका अपुरो पक्षको पूर्ति हो।[२०]

**सन्दर्भ ग्रन्थ**


उप्रेती, लक्ष्मी (सम्पा), सन् १९९४, *वनिता*, (साहित्यकार देवकुमारी थापा व्यक्तित्व/कृतित्व विशेषाङ्क), काठमाडौँ : वनिता प्रकाशन

घर्ती, दुर्गाबदादुर, सन् २००६, *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान*, काठमाडौँ : साझा प्रकाशन

प्रधान, कुमार (सम्पा.), सन् १९७१, *वार्ताहरू*, दार्जिलिङ : नेपाली साहित्य परिषद

प्रसाई, पुण्यप्रसाद (अनु), सन् २०१२, *फ्रायडको मनोविश्लेषण*, काठमाडौँ : डिकुरा पब्लिकेशन, बागबजार

पौडेल, राम, सन् २००६, *आधुनिक नेपाली कथामा बालमनोविज्ञान*, काठमाडौँ : राम पौड्याल (प्रकाशक)

बराल, कृष्णहरि, सन् २०१५, *मनोविश्लेषण र साहित्य*, काठमाडौँ :अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा. लि

सिंह, देवकुमारी, सन् २०६५, *सेतो बिरालो*, दार्जिलिङ : देवकुमारी थापा (प्रकाशक)

ज्ञवाली, भगवानचन्द्र, सन् २००६, *असामान्य मनोविज्ञान परिचय*, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी


२० उही, पृ.१४८

# UNIVERSITY OF NORTH BENGAL

ENLIGHTENMENT TO PERFECTION

## DEPARTMENT OF NEPALI

UGC Sponsored National Seminar on

## BHARATMA NEPALI BAL SAHITYA : PARAMPARA RA STHITI

Certified that Mr Dipen Tamang of Darjeeling Govt College Darjeeling has attended as Resource Person / chaired a session / contributed a paper / actively participated in the National Seminar on **Bharatma Nepali Bal Sahitya : Parampara Ra Sthiti** under UGC merged scheme organised by Department of Nepali, University of North Bengal held on March 7 and 8, 2017 at Department of Nepali, NBU.

His / Her title of the paper was Bharatiya Nepali Bal Jiwani Lekhan Ra Deo Kumari Thapaka Kriti

| | | |
|---|---|---|
| **Prof. Ghanashyam Nepal**<br>Dean<br>Faculty of Arts, Commerce & Law<br>University of North Bengal | **Rev. Dr. Adon Rongong**<br>Chief Guest<br>National Seminar | 8.3.17<br>**Dr. Pushkar Parajuli**<br>Co-ordinator / Director<br>National Seminar |

INTERNATIONAL SEMINAR

CONTEMPORARY WRITINGS IN EASTERN HIMALAYAS : EMERGING TRENDS

# CERTIFICATE

Certified that

*Dipen Tamang, Research Scholar*

of

*Department of Nepali, Sikkim University*

participated and presented a paper at the two-day International Seminar on Contemporary Writings in Eastern Himalayas : *Emerging Trends* organised by The School of Languages, Nar Bahadur Bhandari Degree College, Tadong, Sikkim and sponsored by RUSA, on the 27th and 28th of February, 2019.

The title of the paper was

समकालीन परिदृश्यमा नेपाली बालकथा र देवकुमारी थापाको बालकथा

Dr. Geeta Nirola
Convenor

Dr. Bina Pradhan
Principal
NBBDC, Tadong